नेकाप २०७८ जेठ/असार अङ्क २/३

# नेपाल कानून पत्रिका

भाग-६३ | २०७८ जेठ - असार | अङ्क-२/३

प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्स: ४२००७४९, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री ऋषिराम घिमिरे, सदस्य, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री चन्द्रमणि चापागाईँ
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरज कुमार ढुंगाना
नायब सुब्बा श्री रुद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खड्का
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा :**
नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर



**प्रकाशित सङ्ख्या : ३५०० प्रति**

**नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*नेकाप, २०७८..., .........महिना, नि.नं. ........., पृष्ठ ...*

**उदाहरणार्थ :** *नेकाप,* २०७८, जेठ / असार, नि.नं.१०६३९, पृष्ठ २०३

**सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*सअ बुलेटिन*, २०७८, ... ... ...- १ वा २, पृष्ठ ...

**उदाहरणार्थ :** *सअ बुलेटिन*, २०७८, जेठ – १ वा २, पृष्ठ १

**सर्वोच्च अदालतको वेभसाइट www.supremecourt.gov.np** मा गई दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गरी २०६५ सालदेखिका **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** मा समाविष्ट निर्णयहरू पढ्न र डाउनलोड गर्न सकिनेछ।

**साथै, नेपाल कानून पत्रिका** मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म) **हेर्न, पढ्न तथा सुरक्षित गर्न** **www.nkp.gov.np** मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा कुनै शब्द **नेपाली युनिकोड फन्ट**मा टाइप गरी खोज्न सक्नुहुन्छ। वेभसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत खोजमा** गई विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**निन्दन्तु नीतिनिपुणा यदि वा स्तुवन्तु**
**लक्ष्मी: समाऽविशतु गच्छतु वा यथेष्टं ।**
**अद्यैव वा मरणं मस्तु युगान्तरे वा**
**न्याय्यात्पथ: प्रविचलन्ति पदं न धीरा: ।।८४।।**

- भर्तृहरि नीतिशतकम्

**<u>अर्थ:</u>** **निन्दा गरून् वा प्रशंसा, लक्ष्मी आउन् वा जाउन्,**
**आजै मर्नुपरोस् वा कालान्तरमा,**
**यी कुनै कुराको कत्ति पनि चिन्ता नराखी**
**न्यायिक मार्गमा लाग्नेहरू कहिल्यै विचलित हुँदैनन् ।**

## सूचना

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं । यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सँगालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ ।

**मूल्य रू.७५।-**

**मुद्रक** : सर्वोच्च अदालत छापाखाना

## विषय सूची


| क्र.स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | १०६३९<br>बृहत् पूर्ण<br>अदालतको अवहेलना | नेत्रबन्धु पौड्यालसमेत विरूद्ध डा.गोविन्द के.सी.समेत | ▪ विचार र अभिव्यक्ति, सूचना तथा सञ्चारसम्बन्धी हकलगायत अन्य मौलिक हकहरूको सम्मान हुने गरी उठेका विषयवस्तुहरूमा सन्तुलितरूपमा प्रयोग गर्नुपर्ने दायित्व अदालतमा रहेको हुन्छ । तर कुनै प्रकाशन वा अभिव्यक्तिले न्यायको प्रवाहलाई अवरूद्ध गर्छ; अवाञ्छित लाञ्छना लगाएर न्यायिक कारबाहीमा भ्रम सिर्जना गर्न खोज्छ वा अदालत र यसमा संलग्न न्यायाधीश वा कर्मचारी, मुद्दाका पक्ष र कानून व्यवसायीलाई न्यायको मार्गबाट विचलित गर्ने मनसायका साथ काम गरेको छ, दूषित मनसायका साथ जनताको नजरमा न्यायपालिकाको प्रतिष्ठा गिराउने कार्य गरेको छ भने सो कुरा सैह्य हुँदैन । त्यस्तो कार्य अवश्य पनि अवहेलनाको विषय बन्दछ र यस्तो काम कारबाही रोक्ने र दोषीउपर सजाय गर्ने अधिकार अदालतले राख्ने । | २०३ |
| २. | १०६४०<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | कपिलमणि पोखरेल विरूद्ध सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ निजामती सेवा नियमावली, २०५० को नियम ३६(३) मा रहेको “पचास वर्ष उमेर पुगेको कर्मचारीलाई निजले मागेमा बाहेक “क” वर्गको भौगोलिक क्षेत्रमा सरूवा गरिने छैन” भन्ने प्रावधान पाको उमेरका राजपत्रअनङ्कित कर्मचारीहरूको हीत संरक्षणका लागि गरिएको विशेष व्यवस्था हो । यसको समुचित पालना सरूवा गर्ने निकाय वा अधिकारीले गर्नु पर्दछ । पचास वर्ष नाघेका कर्मचारी भए पनि केही अपवाद स्वरूपका विशेष अवस्थामा सरूवा गर्न सकिन्छ । यसरी सरूवा गर्दा | २३६ |

| | | | | |
|---|---|---|---|---|
| | | | पनि कानूनद्वारा निर्धारित सर्त र प्रक्रिया पूरा गर्नु नै पर्ने हुन्छ । एउटा मन्त्रालयअन्तर्गतको कर्मचारीलाई अर्को मन्त्रालयअन्तर्गतको कार्यालयमा सरूवा गरिएको जस्ता कारण देखाएर उल्लिखित नियम ३६(३) बमोजिमको सर्त पूरा भएको सम्झन नमिल्ने । | |
| ३. | **१०६४१**<br>संयुक्त<br>लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार<br>विरूद्ध<br>अर्जुन वि.क.समेत | ▪ प्रतिवादीको साथमा यति परिमाणको लागु औषध फेला परे त्यो कारोबारको लागि हुने र यति परिमाणसम्म भए त्यो सेवनका लागि हुने भन्ने कुनै सर्वमान्य सिद्धान्त वा मापदण्ड भएको पाइँदैन । बरामद भएको लागु औषधको दसी प्रतिवादीसँग त्यसबखत कुन प्रयोजनका लागि रहेको थियो भन्ने कुरा तत्क्षण फेला परेको लागु औषधको परिमाणसँग निरपेक्ष रूपमा नभई तत्कालीन वस्तु परिवेशसँगको सापेक्षतामा हेरिनुपर्ने । | २४० |
| ४. | **१०६४२**<br>संयुक्त<br>जालसाज | खोपीराम शर्मा अधिकारीसमेत<br>विरूद्ध<br>निर्मला अधिकारी | ▪ जुन उद्देश्यका साथ सेवाग्राहीलाई अड्डामा बोलाइन्छ त्यस कामको अर्थपूर्ण निकासा दिने कर्तव्य पनि सम्बन्धित अड्डाकै हुन्छ । अड्डाको त्रुटिपूर्ण काम कारबाहीको दायित्व मुद्दाका पक्षलाई बेहोर्न लगाउनु न्यायोचित नहुने । | २४९ |
| ५. | **१०६४३**<br>संयुक्त<br>जबरजस्ती करणी | उपेन्द्र पासवानसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ अदालतमा बकपत्र गर्दा पीडित व्यक्ति साक्षीसरह मात्र भएकोले निजको भनाइ नै अन्तिम प्रमाण होइन । पीडित व्यक्ति मानवीय प्राणी भई उक्त घटना वारदात र अपराधपछि पनि निजले उही समाज र प्रतिवादीको बसोबास रहेको बसेको गाउँ ठाउँमा नै पुनः बस्नुपर्ने भएकोले विभिन्न पक्षहरूबाट प्रभावित हुन सक्छ । पीडितले **hostile** भई बकपत्र गरेको कारणले मात्र प्रतिवादीले उन्मुक्ति पाउन | २५३ |

| | | | | |
|---|---|---|---|---|
| | | | सक्दैन । प्रतिवादीले उन्मुक्ति पाउने कुरा अन्य मिसिल संलग्न प्रमाणहरूबाट प्रमाणित पनि हुनुपर्ने । | |
| ६. | १०६४४<br>संयुक्त<br>लेनदेन | हरेराम यादवसमेत<br>विरूद्ध<br>रामेश्वर ठाकुर बरही | ▪ बैना कागजको लेखक साक्षीको बयान, प्रतिवादीका साक्षीहरूको बकपत्र मौखिक प्रमाण (oral evidence) हुन् । मौखिक प्रमाण आफैँमा conclusive evidence होइन । साक्षीको बयान, प्रतिवादीको साक्षीको बकपत्रलाई अन्य यथेस्ट प्रमाण / अन्य समर्थित प्रमाणले समर्थन (support/corroborate) नगरेको अवस्थामा यी मौखिक प्रमाणहरूलाई मात्र आधार मानेर अदालत निष्कर्षमा पुग्न सक्ने देखिँदैन । अन्य समर्थित प्रमाणको अभावमा यस्ता मौखिक प्रमाणहरूलाई अकाट्य प्रमाण (irrefutable evidence) अथवा एकल निर्णायक प्रमाण (conclusive evidence) को रूपमा अदालतले ग्रहण गर्न नमिल्ने । | २६६ |
| ७. | १०६४५<br>संयुक्त<br>उत्प्रेषण | रविन्द्रनाथ श्रेष्ठ<br>विरूद्ध<br>उच्च अदालत पाटन, ललितपुरसमेत | ▪ मध्यस्थलाई सम्बन्धित विषय विज्ञ मानी आपसी सहमतिमा नियुक्ति गरी उसको क्षेत्राधिकारलाई समेत स्वीकार गरिसकेको कारणले मध्यस्थले गरेको निर्णय नै अन्तिम हुन्छ । अर्को शब्दमा भन्नुपर्दा मध्यस्थ पनि एक प्रकारको अदालत नै हो । उसले अदालतले उपभोग गरेसरहको अधिकार उपभोग गर्छ र उसले गरेको निर्णय अदालतले गरेसरह अन्तिम हुने । | २७२ |
| ८. | १०६४६<br>संयुक्त<br>अंश चलन | अमिल सिलवालसमेत<br>विरूद्ध<br>पदमकुमारी सिलवालसमेत | ▪ कुनै लिखतमा हालैको बकसपत्र भनी उल्लेख गर्दैमा मात्र बकस पाएको सम्पत्ति उक्त बकस प्राप्त गर्ने व्यक्तिले निजी तवरबाट प्राप्त गरेको बकस नै हो भन्न सकिने अवस्था हुँदैन । यस्तो अवस्थामा | २९२ |

| | | | | |
|---|---|---|---|---|
| | | | कसैले निजी तवरबाट बकस प्राप्त गरेको भन्ने तथ्य व्यवहार प्रमाणबाट समेत प्रमाणित नभएसम्म उक्त सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार सगोलको नै मान्नुपर्ने । | |
| ९. | १०६४७<br>संयुक्त<br>अंश चलन | निशान वैद्यसमेत<br>विरूद्ध<br>अनिलकुमार वैद्यसमेत | ▪ कुनै व्यक्तिले आफ्नो मूल अंशियारबाट अंश पाउनु उसको नैसर्गिक अधिकार भए पनि सो अधिकार सम्बन्धित अंशियारले परित्याग गर्न पाउने ।<br>▪ जालसाजी गरेको, वादीहरूलाई ठग्ने, नोक्सान पार्ने अभिप्राय नदेखिएसम्म सक्षम अंशियारहरूबिच भएको व्यवहारको कुरामा त्यसपछिको हाँगाको (दोस्रो तहका) छोरा नातीले गरेको दाबीलाई उचित मान्न नमिल्ने । | २९९ |
| १०. | १०६४८<br>संयुक्त<br>मोही नामसारी | विनोदकुमार साह कानुसमेत<br>विरूद्ध<br>अलाउदिन चुरिहार | ▪ वास्तविक मोहीप्रति बदनियत राखी मिलुवा मोहीसँग हतार हतारमा थोरै जग्गा लिनु दिनु गरी मिलापत्र गरेको जग्गाधनी पुर्जामा मोही उल्लेख भएको कारणले मात्र मोही नामसारी हुन सक्दैन । मोही नामसारी हुन र मोही मिलापत्र हुन वास्तविक मोही को हो र मोहीको हैसियतले कसले कमाएको छ, कसको जोतभोगमा रहेको छ, सोसमेतका सम्पूर्ण प्रमाणहरूको विवेचना गरी निर्णयमा पुग्नुपर्ने । | ३०७ |
| ११. | १०६४९<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>परिवर्तित नाम ०६ जि.प्र.का. CMA | ▪ वारदातमा मनसाय, योजना तयारी, पूर्वरिसइवी र कार्यको परिणामको पूर्वानुमान नभएको अवस्थामा कसैले कुनै कार्य सावधानीपूर्वक गर्दा र सो कार्यको प्रकृति, अवस्था र परिणाम थाहा हुन नसक्ने अवस्थामा भवितव्यको वारदात र कसुर हुने । भवितव्यको निर्धारण वारदातको पृष्ठभूमि, कार्यको प्रकृति, अवस्था, परिस्थिति, मृतक र | ३१४ |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिवादीबिचको पूर्वसम्बन्ध, रिसइवी, योजना तयारी, मनसाय इत्यादिको आधारबाट हुने । | |
| १२. | १०६५०<br>संयुक्त<br>बन्दी प्रत्यक्षीकरण | ओमप्रकाश उपाध्याय<br>विरूद्ध<br>उच्च अदालत पाटनसमेत | ■ जिल्ला अदालतले थुनामा राख्नका लागि ग्रहण गरेका आधार र प्रमाणहरू र सोलाई सदर गर्ने गरी उच्च अदालतबाट भएको आदेश त्रुटिपूर्ण र गैरकानूनी भनी असाधारण अधिकारक्षेत्र ग्रहण गरी बन्दीप्रत्यक्षीकरण जारी गर्नका लागि अदालतहरूले अधिकार क्षेत्रात्मक त्रुटि गरेको, लाग्नै नसक्ने कानूनको आधारमा दायर भएको मुद्दा ग्रहण गरी आदेश गरेको, मिसिलमा हुँदै नभएका प्रमाणहरूलाई ग्रहण गरी आदेश भएको हुनुपर्ने । | ३२९ |
| १३. | १०६५१<br>संयुक्त<br>बन्दी प्रत्यक्षीकरण | अधिवक्ता डिलहरी शर्मा<br>विरूद्ध<br>कारागार कार्यालय, धुन्चे, रसुवासमेत | ■ बन्दीप्रत्यक्षीकरणको रिटबाट अदालत वा मुद्दा हेर्ने कुनै निकायमा विचाराधीन मुद्दाको तथ्यभित्र प्रवेश गरी विवादित विषयमा प्रमाणसमेत बुझी केलाई ती अदालत वा निकायले गर्ने फैसलामा नै प्रभाव पार्ने गरी औचित्यताको खोजी गर्ने कार्य गरिँदैन । बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तरिकाबाट थुनामा राखिएको भएमा बन्दीलाई थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिने । | ३३८ |
| १४. | १०६५२<br>संयुक्त<br>उत्प्रेषण | आकाश गुप्ता<br>विरूद्ध<br>इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत | ■ नागरिकता बन्न नसकेको अवस्थामा नागरिकता पेस गर्न नसकेको कारणबाट उच्च शिक्षा अध्ययन गर्नबाट कोही पनि नेपाली नागरिक वञ्चित हुनु न्यायको दृष्टिमा उचित हुँदैन । शिक्षा प्राप्त गर्ने हकलाई संविधानले मौलिक हकको रूपमा समेत उल्लेख गरेको अवस्थामा नागरिकता नबनेकै कारण भर्ना हुन नपाउने अवस्थाको सिर्जना हुनु | ३४७ |

| | | | | |
|---|---|---|---|---|
| | | | संविधानको मर्म र भावनासमेत विपरीत हुन जाने। | |
| १५. | १०६५३<br>संयुक्त<br>परमादेश | दिनेश चौधरी<br>विरूद्ध<br>विश्व भाषा क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौंसमेत | ▪ परीक्षामा सहभागी सम्पूर्ण परीक्षार्थीहरूको उत्तरपुस्तिका हेर्न दिनु भनी परमादेशको माग गरेको अवस्थामा संविधानप्रदत्त सूचनाको हक आफ्नो वा सार्वजनिक सरोकारको कुनै विषयको सूचना माग्ने र पाउने हक हो। सार्वजनिक महत्त्वको नदेखिएको परीक्षाको उत्तरपुस्तिका जस्तो व्यक्ति सरोकारको विषयमा अन्य परीक्षार्थीको समेत उत्तरपुस्तिका हेर्न पाउनुपर्ने भन्ने माग सूचनाको हकको अवधारणा अनुकूल नदेखिने। | ३५६ |
| १६. | १०६५४<br>संयुक्त<br>उत्प्रेषण | शुष्माकुमारी गुप्तासमेत<br>विरूद्ध<br>नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबारसमेत | ▪ कैफियत टिप्पणी लेखेकै आधारमा त्यस्ता नागरिकहरूलाई राज्यले प्रदान गर्ने सेवा सुविधा वा अवसर आदिमा विभेद गरेको भन्ने देखिन नआए तापनि आत्मसम्मान वा मर्यादाको विषयलाई केवल सेवा, सुविधा वा अवसरको वितरणमा मात्र सीमित गर्न मिल्दैन। यो सम्बन्धित व्यक्ति वा सो समूहका व्यक्तिहरूले महसुस गर्ने भावनात्मक विषय हुने। | ३७० |
| १७. | १०६५५<br>संयुक्त<br>बन्दी प्रत्यक्षीकरण | अधिवक्ता रामचन्द्र पौडेल<br>विरूद्ध<br>काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत | ▪ कसुरको गम्भीरताका दृष्टिले मुद्दा पुर्पक्षका लागि धरौट माग गरिएको मुद्दामा कसुर वा कसुरमा अभियुक्तको संलग्नता कम गम्भीर प्रकृतिको हुने हुँदा त्यस्ता मुद्दामा माग भएको धरौटी तिर्न नसकी थुनामा रहेका व्यक्तिका मुद्दा प्राथमिकतासाथ शीघ्र सुनुवाइ गरिनु आवश्यक हुने। | ३८२ |

## निर्णय नं. १०६३९

सर्वोच्च अदालत, बृहत् पूर्ण इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७६।१०।२३

मुद्दाः अदालतको अवहेलना

०७४-MS-००१३

निवेदक : सर्वोच्च अदालतका शाखा अधिकृत नेत्रबन्धु पौड्याल

विरूद्ध

विपक्षी : त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जमा कार्यरत डा. गोविन्द के.सी.

०७४-CF-०००९

निवेदक : खोटाङ जिल्ला दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका वडा नं. १५ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ११ बस्ने अधिवक्ता तोयानाथ ढुङ्गाना

विरूद्ध

विपक्षी : कान्तिपुर पब्लिकेसन प्रा.ली. सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौंसमेत

- **अदालत सार्वजनिक संस्था हो । यसमा चलेका मुद्दाहरूमा मानिसहरूका विचार हुन सक्छन्; यी विचारहरू विभिन्न किसिमले व्यक्त पनि हुन सक्छन् । न्यायाधीशहरूले कहिलेकाहीँ नमिठा प्रतिक्रिया र टिप्पणीहरू पनि सुन्नु परिरहेको हुन्छ । ती सबैको पछि लागेर साध्य हुँदैन । यस्ता प्रतिक्रिया वा टिप्पणीहरूले न्याय सम्पादनमा प्रतिकूल असर गरेको छैन, वा अदालतको अख्तियारीलाई प्रत्यक्षत: चुनौती दिइएको छैन भने उनीहरूले ती कुराहरूलाई बेवास्ता गरेकै राम्रो हुन्छ । अभिव्यक्ति स्वतन्त्रता र अदालतको अवहेलनामा कारबाही गर्न पाउने अधिकारबिच उचित सन्तुलन र सामञ्जस्यता कायम गर्नु र सहनशील लोकतन्त्रका मान्यताहरूलाई मजबुत बनाउँदै अघि बढ्नु अहिलेको आवश्यकता हो । खुला सुनुवाइ गर्ने अदालतले खुला सञ्चारलाई स्वीकार गर्नुपर्छ । अवहेलनाको अस्त्रको जथाभावी प्रयोग गरी न्यायलाई नै विकृत पारिनु नहुने ।**

(प्रकरण नं.२४)

- **वर्तमान संविधानले सुम्पेको (क) संविधान, कानून र न्यायका मान्य सिद्धान्तअनुसार न्यायिक अधिकारको प्रयोग गर्ने जिम्मेदारी, (ख) अभिलेख अदालतको हैसियतमा आफ्नो र मातहत अदालतको न्यायिक अधिकारलाई अक्षुण्ण राख्नुपर्ने दायित्व, र (ग) न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानूनबमोजिम अवहेलनामा कारबाही चलाउने अख्तियारीलाई संविधानका**

**मूल मान्यता, यसको लोकतान्त्रिक बनोट, स्वच्छ सुनुवाइका सिद्धान्त र खुला इजलासबाट न्याय सम्पादन गर्नुपर्ने प्राथमिक दायित्वसँग सामञ्जस्यता कायम हुने गरी हेरिनुपर्ने ।**

- **विचार र अभिव्यक्ति, सूचना तथा सञ्चारसम्बन्धी हकलगायत अन्य मौलिक हकहरूको सम्मान हुने गरी उठेका विषयवस्तुहरूमा सन्तुलितरूपमा प्रयोग गर्नुपर्ने दायित्व अदालतमा रहेको हुन्छ । तर कुनै प्रकाशन वा अभिव्यक्तिले न्यायको प्रवाहलाई अवरूद्ध गर्छ; अवाञ्छित लाञ्छना लगाएर न्यायिक कारबाहीमा भ्रम सिर्जना गर्न खोज्छ वा अदालत र यसमा संलग्न न्यायाधीश वा कर्मचारी, मुद्दाका पक्ष र कानून व्यवसायीलाई न्यायको मार्गबाट विचलित गर्ने मनसायका साथ काम गरेको छ, दूषित मनसायका साथ जनताको नजरमा न्यायपालिकाको प्रतिष्ठा गिराउने कार्य गरेको छ भने सो कुरा सैह्य हुँदैन । त्यस्तो कार्य अवश्य पनि अवहेलनाको विषय बन्दछ र यस्तो काम कारबाही रोक्ने र दोषीउपर सजाय गर्ने अधिकार अदालतले राख्ने ।**

(प्रकरण नं.२५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू डा. श्री शिवकुमार यादव, श्री तोयानाथ ढुङ्गाना र श्री अरूणकुमार ज्ञवाली

विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, विद्वान् अधिवक्ताहरू श्री ओमप्रकाश अर्याल, श्री टीकाराम भट्टराई र श्री कृष्ण थापा

अवलम्बित नजिर :

- ने.का.प.२०७०, नि.नं.९१०५, पृ.५६
- ने.का.प.२०६८, नि.नं.८७५७, पृ.७७
- ने.का.प.२०६८, नि.नं.८६६०, पृ.१२४३
- ने.का.प.२०६८, नि.नं.८५३९, पृ.८९
- ने.का.प.२०६७, नि.नं.८३४२, पृ.५५६
- ने.का.प.२०६६, नि.नं.८०७६, पृ.२५२
- ने.का.प.२०६४, नि.नं.७८३९
- ने.का.प.२०६३, नि.नं.७८०१
- ने.का.प.२०५७, नि.नं.६९१६, पृ.५२१
- ने.का.प.२०५७, नि.नं.६८७०, पृ.१९७
- ने.का.प.२०५६, नि.नं.६८०८, पृ.७९१
- ने.का.प.२०५५, नि.नं.६६०८, पृ.५९३
- ने.का.प.२०५५, नि.नं.६५५१, पृ.३०२
- ने.का.प.२०५४, नि.नं.६४१२, पृ.४०४
- ने.का.प.२०५२, नि.नं.५०४२, पृ.८३
- ने.का.प.२०४९, नि.नं.४६०४, पृ.४०४९
- ने.का.प.२०४७, नि.नं.४१०४, पृ.२६६
- ने.का.प.२०४७, नि.नं.४०५०, पृ.४९
- ने.का.प.२०४५, नि.नं.३५२४, पृ.७०३
- ने.का.प.२०४२, नि.नं.२४०४, पृ.५८६
- ने.का.प.२०३६, नि.नं.१२६९, पृ.१४९
- ने.का.प.२०३५, नि.नं.११९७, पृ.१६८
- ने.का.प.२०३३, नि.नं.९८१, पृ.१९
- ने.का.प.२०२८, नि.नं.६०२, पृ.१३३
- ने.का.प.२०२५, नि.नं.४१५, पृ.१३४
- ने.का.प.२०२३, नि.नं.३२७, पृ.८२

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी अपराध संहिता, २०७४

- मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५
- अपराध पीडित संरक्षण ऐन, २०७५
- बालबालिकासम्बन्धी ऐन, २०७५

फैसला

**न्या.डा.आनन्दमोहन भट्टराई :** नेपालको संविधानको धारा १२८ को उपधारा (४) र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (४) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

**मुद्दा नं. ०७४-MS-००१३ को तथ्य**

निवेदक प्रा.डा. श्री शशी शर्मा विपक्षी त्रिभुवन विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्रीसमेत भएको ०७०-WO-०५७१ को उत्प्रेषण रिट निवेदनमा यस अदालतबाट मिति २०७४।९।२३ गते भएको आदेशलाई लिएर आज मिति २०७४।९।२४ गते दिउँसो १४:४८ मा प्रकाशित onlinekhabar.com लगायतका समाचारमा "प्रधानन्यायाधीश गोपाल पराजुलीको राजीनामा माग गर्दै त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका प्रा.डा. गोविन्द के.सी. ले आमरण अनसन सुरू गरेका छन् । प्रधानन्यायाधीश गोपाल पराजुलीसमेतको संयुक्त इजलासले शशी शर्मालाई पुनर्बहाली गर्न आदेश दिए लगत्तै डा. गोविन्द के.सी. ले अनसन सुरू गरेका हुन् । त्यसअघि पत्रकार सम्मेलन गरेर डा. गोविन्द के.सी. ले प्रधानन्यायाधीश गोपाल पराजुलीलाई भ्रष्ट र माफियाको आरोप लगाए । उनले हाम्रो न्यायालय न्याय दिने होइन, न्यायको किनबेच गर्ने, भ्रष्ट र अपराधीहरूसँग मिलेमतो गरेर तिनीहरूको संरक्षण गर्ने तथा इमान्दारहरूलाई दण्डित गर्ने गिरोहको नियन्त्रणमा छ भनेका छन् । न्यायालयलाई व्यक्तिगत स्वार्थपूर्ति गर्ने माध्यम र आफ्ना न्यायिक अपराध छोप्ने खोल बनाएको भन्दै उनले भनेका छन्; न्यायालयको मर्यादा बचाउन पनि भ्रष्ट र माफिया प्रधानन्यायाधीश गोपाल पराजुली विरूद्ध लड्नुको अब विकल्प छैन । डा. गोविन्द के.सी. ले ५ बुँदे माग राख्दै गोपाल पराजुलीको राजीनामालाई पहिलो माग बनाएर अनसन बसेका छन् । साथै प्रधानन्यायाधीशमाथि छानबिन गरेर कारबाही गर्नुपर्ने बताएका हुन् । त्यसै क्रममा चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगन्जको डिनमा डा. शशी शर्मालाई बहाली गर्न दिएको आदेश विरूद्ध प्रधानन्यायाधीश गोपाल पराजुलीको राजीनामा माग राखी डा. गोविन्द के.सी. ले पत्रकार सम्मेलन गर्दै अनसनको घोषणा गरेका हुन् । गोपाल पराजुलीले कानून र विधिको शासन पालना नगरी कानूनलाई निकृष्ट व्यक्तिगत स्वार्थ पूर्ति गर्ने माध्यम तथा आफ्ना न्यायिक अपराध छोप्ने खोल बनाएकोले निज विरूद्ध लड्नुको विकल्प छैन" भन्ने प्रकृतिका समाचार सेतोपाटी अनलाइन र अनलाइन खबरमा प्रकाशित गरेकोले निज डा. गोविन्द के.सी. लाई नेपालको संविधानको धारा १२८ को उपधारा (४) र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ बमोजिम अदालतको अवहेलनामा हदैसम्मको सजाय गरिपाउँ भनी यस अदालतका शाखा अधिकृत नेत्रबन्धु पौड्यालले मिति २०७४।९।२४ मा पेस गरेको प्रतिवेदन ।

प्रतिवेदनसाथ पेस भएको विपक्षी गोविन्द के.सी. को नामबाट प्रकाशित प्रेस विज्ञप्ति र विभिन्न अनलाइन समाचारहरूमा प्रकाशित समाचार सामग्री हेर्दा संविधान, कानून, यस अदालत र मातहतका विभिन्न अदालतबाट भएको फैसला विरूद्ध आम जनमानसमा भ्रम पर्ने गरी नेपालको न्याय व्यवस्था, न्यायपालिका र न्यायाधीशहरूका विरूद्ध अमर्यादित, अशिष्ट र अदालतको अवहेलनाजनक अभिव्यक्ति

उल्लेख गरेको देखिँदा निजलाई पक्राउ गरी मिति २०७४।९।२५ गते बिहान ९ बजे यस अदालतमा हाजिर हुन उपस्थित गराउनु भनी नेपाल सरकार, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयको नाममा लेखी पठाउनु भन्ने बेहोराको यस अदालतको मिति २०७४।९।२४ को आदेश।

गोविन्द के.सी.लाई पक्राउ पुर्जी दिई पक्राउ गरी यसै पत्रसाथ सम्मानित अदालतमा उपस्थित गराइएको छ भन्ने बेहोराको महानगरीय प्रहरी परिसर काठमाडौंको मिति २०७४।९।२५ को पत्र।

अनलाइनरसेतोपाटीलगायतकाखबरबारेमा म भन्न सक्दिन। मिति २०७४।९।२४ गतेको प्रेस विज्ञप्ति मैले प्रेषित गरेको हुँ। अदालतको अवहेलना हुने गरी अशिष्ट र अमर्यादित तरिकाले प्रकाशन गरेको होइन। अदालतप्रति सम्मान छ। मैले सम्माननीय प्रधानन्यायाधीश गोपाल पराजुलीले गरेको कतिपय निर्णयले अन्याय भएकोले प्रेस विज्ञप्ति निकालेको हो। त्यसलाई पुष्टि गर्न मिति २०७४।९।२५ को विवरण र अनलाइनबाट प्राप्त प्रधानन्यायाधीशको दुईप्रति नागरिकताको प्रतिलिपि पेस गरेको छु। अदालतको आदेश एवं फैसलाप्रति घृणा सिर्जना गर्ने अभिव्यक्तिले अदालतको अवहेलनामा सजाय हुन्छ भन्ने मलाई थाहा छ। सही न्याय सम्पादन गर्ने न्यायाधीशहरूलाई म सम्मान गर्दछु। गलत निर्णय र काम गर्ने न्यायाधीशको बारेमा बोल्दा अदालतको अवहेलना होइन, सम्मान हुन्छ। मैले भावनामा बोलेको होइन। मेरो यो प्रयासले अदालत र जनमानसमा राम्रै प्रभाव पारोस् भनेर बोलेको हो। मैले मलाई नागरिक समाजको अगुवा भनेको छैन। म सामान्य सचेत नागरिक मात्र हुँ।

न्याय सबैले पाउनु पर्दछ। मैले मेरो पक्षमा मात्र फैसला हुनु पर्दछ भनेको होइन। न्यायमा विकृति भित्रिएको देखेर शुद्धीकरणको लागि बोलेको हुँ। सही फैसला भएको भए आलोचना गर्नु पर्ने थिएन। फैसलाको स्वस्थ आलोचनाले अदालतको अवहेलना हुँदैन। अहिलेको मेरो यो प्रयास भनेको मुलुकमा लोकतन्त्र र विधिको शासन स्थापित गराउनु हो। मेरो अभिव्यक्ति अनर्गल होइन। तीन करोड नेपाली नागरिकको संविधान प्रदत्त बाँच्न पाउने नैसर्गिक अधिकारमा हनन् हुने फैसला भएकोले मैले सबैलाई सचेत गराउन खोजेको हुँ। लोकतन्त्र र विधिको शासन स्थापित गराउन बोलेको हो, न्यायपालिका विरूद्ध बोलेको होइन। मैले डेढ दशकदेखि मेडिकल कलेज सुधार गर्न प्रयास गर्दै आएको छु। मेडिकल कलेज सुधारको लागि मेरो आन्दोलन जारी छ। अहिले पनि म अनसनमा थिएँ। प्रहरीले पक्राउ गरेर यहाँ ल्याएको हो। यस अदालतबाट भएको आदेशले निजी मेडिकल कलेजका माफियाले प्रश्रय पाई गुणस्तरहीन स्वास्थ्यकर्मी उत्पादन हुने र स्वास्थ्य क्षेत्रमा विकृति विसङ्गति आई ३ करोड नेपालीको स्वास्थ्यमा खेलबाड भएकोले त्यस्तो आदेश गर्ने न्यायाधीश विरूद्ध लड्नु मेरो कर्तव्य हो। मेरो आन्दोलन गलत निर्णय गर्ने न्यायाधीश विरूद्ध हो। न्यायालय विरूद्ध होइन। प्रधानन्यायाधीश न्याय सम्पादन र न्याय प्रशासनको नेतृत्व निष्पक्ष ढङ्गले सञ्चालन गर्ने आदर्शवादी, अनुकरणीय व्यक्ति हुनुपर्नेमा उमेर, शैक्षिक योग्यता, राजस्व छली, आयल निगम, एनसेल, भू-माफिया र नातावादलगायतका क्रियाकलाप गरेको कारण प्रधानन्यायाधीशबाट अदालतको अवहेलना भएको छ। मैले अदालतको अवहेलना गरेको छैन। बरू प्रधानन्यायाधीश गोपाल पराजुलीलाई न्यायिक छानबिनको दायरामा ल्याई कारबाही भएमा न्यायपालिका आस्थाको केन्द्र बन्छ भन्नेसमेत बेहोराको विपक्षी डा. गोविन्द के.सी. ले यस अदालतमा गरेको बयान।

डा. गोविन्द के.सी. ले प्रेस विज्ञप्तिमा विभिन्न

कुराहरू लेख्नु भए तापनि अदालतमा बयान गर्दा "न्याय सम्पादन गर्ने न्यायाधीशहरूलाई म सम्मान गर्दछु, अदालतलाई घृणा हुने अभिव्यक्ति दिएको छैन । स्वच्छ आलोचना गरी अदालतलगायत समाजलाई घचघच्याएको हुँ" भनी बयान गरेको देखिन्छ। साथै विपक्षीको स्वास्थ्य अवस्थासमेतलाई विचार गर्दा प्रस्तुत मुद्दामा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने हुँदा हाललाई विपक्षी डा. गोविन्द के.सी. लाई मुलुकी ऐन, अ.बं. ४७ नं. बमोजिम तारेखमा राखी निजको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता डा. श्री सुरेन्द्र भण्डारीको जिम्मामा छोडी बाँकी कारबाही गर्नू।

सम्माननीय प्रधानन्यायाधीश गोपाल पराजुलीले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट लिएका दुवै नागरिकताको प्रतिलिपि, न्याय परिषद्बाट उमेरका सम्बन्धमा भएको निर्णय, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरू र निवेदक प्रा.डा. शशी शर्मा विपक्षी त्रिभुवन विश्वविद्यालयका कुलपति तथा सम्माननीय प्रधानमन्त्रीसमेत भएको ०७०-WO-०५७१ को रिट निवेदनमा मिति २०७४।९।२३ मा भएको आदेशसहितको मिसिल झिकाउनु भन्ने बेहोराको यस अदालतको मिति २०७४।९।२६ को आदेश।

यसमा निवेदक तोयानाथ ढुङ्गाना विपक्षी कान्तिपुर पब्लिकेसन प्रा.लि. सेन्ट्रल पार्क थापाथली काठमाडौंसमेत भएको ०७४-CF-०००९ को अदालतको अवहेलना मुद्दा मिति २०७४।११।२३ को आदेशानुसार मिति २०७४।११।२७ गते बृहत् पूर्ण इजलासमा पेस हुने गरी पेसी तोकिएकोमा निवेदक नेत्रबन्धु पौड्याल विरूद्ध डा. गोविन्द के.सी. भएको प्रस्तुत मुद्दा पनि मिति २०७४।११।२७ गतेको पेसीमा तोकिएकोले उक्त दुवै मुद्दाहरूको विषयवस्तु र प्रकाशन सामग्री एकै रहेको विषयवस्तुसमेत समान भएको र सर्वोच्च अदालत नियमावलीको नियम २२(२)(च) मा मुद्दामा समावेश भएको कानूनी प्रश्नको जटिलता र महत्त्वको विचार गरी प्रधानन्यायाधीशले बृहत् पूर्ण इजलासमा पेस गर्न तोक्न सक्ने व्यवस्था रहेको सन्दर्भमा विषयवस्तुको गाम्भीर्यसमेतलाई मध्यनजर गरी प्रस्तुत मुद्दासमेत निवेदक तोयानाथ ढुङ्गाना विपक्षी कान्तिपुर पब्लिकेसन प्रा.लि. भएको ०७४-CF-०००९ को मुद्दासँग लगाउमा राखी पेसी चढाउन उपयुक्त हुने देखिँदा सम्मानीय प्रधानन्यायाधीशज्यूसमक्ष पेस गरी भएको आदेशबमोजिम गर्न उपयुक्त हुने देखी उचित निकासाको लागि पेस गरेको छु भन्ने बेहोराले पेस भएको टिप्पणीमा सम्माननीय प्रधानन्यायाधीशले ०७४-CF-०००९ को मुद्दासँग लगाउमा राख्नु भन्ने बेहोराको मिति २०७४।११।२३ मा गरेको आदेश।

**मुद्दा नं. ०७४-CF-०००९ को तथ्य**

नेपालको संविधानले प्रत्याभूत गरेको नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, कानूनको शासन, प्रेस स्वतन्त्रता र वालिग मताधिकारलगायतका मौलिक हक अधिकारको संरक्षण सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायपालिकाबाट मात्र सम्भव छ भन्ने कुरा विश्वभर प्रचलनमा रहेको छ । स्वतन्त्र रूपमा न्याय सम्पादन गर्न अवरोध भएमा जनताका मौलिक हक अधिकारहरू कुण्ठित हुन्छन् । अदालतलाई स्वतन्त्र र निष्पक्ष रूपमा न्याय निरूपण गर्नबाट वञ्चित गर्ने नियतले कसैले कुनै न्यायाधीशको बारेमा अनर्गल प्रचार प्रसार गर्दा न्यायाधीशको मनोबल गिरी आदेश वा फैसलामा प्रभाव पर्न सक्ने प्रबल सम्भावना हुन्छ। त्यसो भएमा जनता निष्पक्ष न्याय पाउनबाट वञ्चित हुन सक्छन् । यस्ता अनर्गल प्रचारले अदालतप्रतिको विश्वासमा कमी आउने कुरालाई मनन गरेर विधायिकाले न्याय

प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (४) मा कारबाहीको व्यवस्था गरेको छ। विपक्षी नं. २ देखि ५ सम्मले कान्तिपुर दैनिक पत्रिकामा पटकपटक बहालवाला प्रधानन्यायाधीश गोपाल पराजुलीको बारेमा अनर्गल विवरण राखी प्रचार गरी जनमानसमा भ्रम छर्दै आएकोमा मिति २०७४।१०।२७ गते उक्त पत्रिकाको पहिलो पृष्ठमा प्रधानन्यायाधीशका ४ थरीका जन्ममिति भन्ने शीर्षकमा समाचार प्रकाशन भएको छ।

त्यसैगरी मिति २०७४।१०।२८ गते डा. गोविन्द के.सी. को पत्रकार सम्मेलनको हवला दिई प्रधानन्यायाधीशको जन्ममितिको प्रतिलिपि निवेदनबाट फेरबदल भन्ने र मिति २०७४।१०।२९ मा प्रधानन्यायाधीशका नागरिकतामा तीनवटा जन्ममिति भनेर समाचार प्रकाशन गरी जनमानसमा भ्रम छर्ने दुस्प्रयास गरेका छन् । यथार्थमा पहिले लिएको नागरिकतामा वर्ष मात्र उल्लेख भएकोले पछि जिल्ला प्रशासन कार्यालयबाट संशोधन गरी वा सच्याई स्रेस्ता अद्यावधिक रहेको नागरिकतालाई गलत अर्थ लगाई प्रचार प्रसार गरेको कारण अदालतको अवहेलना भएको छ । फैसला गर्ने न्यायाधीशको मानसपटलमा मानसिक विचलन ल्याई अवरोध गर्न पटक-पटक समाचारहरू प्रकाशन भएका छन् । अनर्गल रूपमा प्रकाशित समाचारले अदालतमा विचाराधीन मुद्दामा प्रतिकूल प्रभाव पर्दछ । त्यसको साथै प्रधानन्यायाधीशले गर्ने न्याय प्रशासन, साप्ताहिक पेसी तोक्ने, इजलास गठन गर्ने, खास प्रकृतिका मुद्दा हेर्ने न्यायाधीशको समूह गठन गर्ने र न्याय परिषद्को अध्यक्षता गर्नेसमेतका काम कारबाहीमा प्रभाव पर्ने छ । अतः न्यायपालिकाको गुम्न लागेको साख बचाउन गलत र भ्रामक समाचार प्रकाशन गरी सर्वोच्च अदालत र सम्मानीय प्रधानन्यायाधीशको न्याय निरूपण गर्ने कार्यमा अवरोध पुऱ्याउने विपक्षीहरूलाई न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को उपदफा (४) बमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्नेसमेत बेहोराको तोयानाथ ढुङ्गानाले यस अदालतमा पेस गरेको निवेदन।

कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित विभिन्न समाचार, टिप्पणी, सम्पादकीयसमेतका सामाग्रीहरू हेर्दा प्रथमदृष्टिमा नै अदालतप्रति अनास्था पैदा गरी अदालत र यसमा कार्यरत न्यायाधीशको बारेमा अनुचित भ्रम सिर्जना गरी समग्र न्यायपालिकालाई कमजोर बनाउने, स्वतन्त्र र सक्षम न्यायपालिकाबाट स्वच्छ न्याय प्राप्त गर्ने सर्वसाधारण नागरिकको हक अधिकारमा बाधा सिर्जना गर्ने, न्यायाधीशको मनोबल कमजोर बनाउने र अन्ततः न्यायिक प्रक्रियामा नै अवरोध पुऱ्याउने कलुषित र दुरासयपूर्ण रहेको भन्ने तथ्य त्यसमा प्रयोग भएको अभिष्ट भाषा, शैली र पटकपटकको कपोलकल्पित तथ्यको श्रृङ्खलाबाट पुष्टि हुन आउँछ । नेपालको संविधानको धारा १७ को उपधारा (२) को देहाय (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं धारा १९ को उपधारा (१) ले सञ्चारको हकको प्रत्याभूति गरेको भए पनि ती हकहरू निरपेक्ष छैनन् । ती हकको प्रयोग गर्दा सार्वजनिक शिष्टाचार एवं नैतिकताको प्रतिकूल र अदालतको अवहेलना नहुने गरी गर्नुपर्ने स्पष्ट सीमा संविधानमा निर्धारण गरिएको छ । साथै छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४ को खण्ड (ग१) तथा (ङ) ले कसैको चरित्र हत्या वा अपमान हुने, सदाचार नैतिकता, सामाजिक मर्यादामा आघात पर्न जाने विषयवस्तु प्रकाशन गर्न निषेध गरेको कानूनी व्यवस्था प्रतिकूल यी विपक्षीहरूले संविधान र कानूनको व्यवस्था लत्याउँदै अदालत, न्यायाधीश र प्रधानन्यायाधीशको मानमर्दन गर्ने गरी अनर्गल,

सत्य र तथ्यमा आधारित नभएका समाचार प्रकाशन गरी संविधान तथा कानून प्रतिकूल कार्य गरेको प्रथमदृष्टिमा नै देखिन आएकोले प्रस्तुत निवेदन दर्ता गरी विपक्षीहरूलाई न्याय प्रशासन ऐन, २०७३ को दफा १७ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५९ बमोजिम अदालतको अवहेलनामा किन कारबाही र सजाय नगर्ने हो ? आफूउपर कारबाही र सजाय गर्नु नपर्ने आधार र कारण भए समाह्वान म्याद प्राप्त भएको मितिले ३ दिनभित्र म्याद थाम्न नपाउने गरी यस अदालतमा बयान गर्न स्वयम् उपस्थित हुनु भनी विपक्षीहरूका नाममा समाह्वान जारी गरी म्याद तामेल गर्नू।

साथै प्रेस काउन्सिल ऐन, २०४८ को दफा ७ को खण्ड (ख) ले स्वस्थ पत्रकारिताको विकास गर्न पत्रपत्रिकासम्बन्धी आचार संहिता तयार गरी लागु गर्ने, असामाजिक, आपत्तिजनक कुराहरूको सम्बन्धमा छानबिन गर्ने र दफा १२ ले पटक-पटक व्यावसायिक आचार संहिता उल्लङ्घन गर्ने पत्रकारलाई निजले नेपाल सरकारबाट पाउने सहुलियत वा सुविधा आंशिक वा पूरै रोक लगाउन सिफारिस गर्नेसमेतको व्यवस्था कानूनले गरेको देखिएको सन्दर्भमा प्रेस काउन्सिलले आफ्नो कानूनबमोजिमको दायित्व पूरा गर्नुपर्ने हुन्छ । यसका लागि विपक्षी कान्तिपुर दैनिकमा विभिन्न मितिमा प्रकाशित उल्लिखित समाचार सामग्रीहरूले पत्रकार आचार संहिता उल्लङ्घन गरे नगरेकोतर्फ तत्काल छानबिन गरी जनमानसमा भ्रम पैदा गर्ने समाचारहरू पुनः प्रकाशन हुन नदिनेलगायतका प्रेस काउन्सिल ऐनले दिएका अधिकारको तत्काल कार्यान्वयन गर्नु भनी प्रेस काउन्सिल नेपालको नाममा अन्तरिम आदेश जारी गरी दिएको छ भन्ने बेहोराको यस अदालतको मिति २०७४।११।१० को आदेश।

म निर्देशक रहेको कान्तिपुर पब्लिकेसनले अदालतको अवहेलना हुने गरी समाचार प्रकाशन गरेको होइन । निवेदकको कान्तिपुर पत्रिकामा मिति २०७४।१०।२७, मिति २०७४।१०।२८ र मिति २०७४।१०।२९ मा प्रकाशित समाचारले अदालतको अवहेलना भएको भन्ने मुख्य निवेदन जिकिर भए पनि मेरो स्वतन्त्र न्यायपालिकाप्रति पूर्ण निष्ठा र आस्था छ। निवेदकले मेरो कुन काम कारबाहीले अदालतको अवहेलना भयो भनेर निवेदनमा उल्लेख गर्न सक्नु भएको छैन। त्यसको अतिरिक्त मिति २०७४।११।१० को आदेशमा पनि मैले अदालतको कुन आदेश वा फैसला पालना नगरेको भन्ने कुरा उल्लेख हुन सकेको नदेखिँदा प्रस्तुत मुद्दा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी स्वस्तिका सिरोहियाले यस अदालतमा पेस गरेको लिखित जवाफ र गरेको बयान।

हामीले सम्मानित अदालतको मान मर्यादा, प्रतिष्ठा र गरिमाको सधैँ सम्मान गर्दै आएका छौँ। भविष्यमा समेत अदालतप्रति हाम्रो आस्था, विश्वास र सम्मान रहने छ भन्ने कुरामा हामी विश्वस्त छौँ। पत्रिका प्रकाशनको अढाई दशकको यात्रामा हामीले विधिको शासन, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता, मानव अधिकारलगायत प्रजातान्त्रिक मूल्य मान्यता र आधारभूत सिद्धान्तहरूको अधीनमा रही निस्पक्ष, स्वतन्त्र र तथ्यपरक समाचार प्रकाशन गरी सर्वसाधारणलाई सुसूचित गर्दै आएका छौँ। न्यायपालिका सक्षम, स्वतन्त्र र विवादरहित भएमा मात्र पत्रकारिता क्षेत्र जीवन्त हुने कुरामा हाम्रो प्रकाशन गृहको मान्यता रही आएको छ । यस प्रकाशन गृहबाट आजसम्म अदालतको मर्यादा, गरिमा र जनआस्थामा कमी आउने तथा न्याय सम्पादनमा अवरोध हुने गरी कुनै पनि समाचार प्रकाशन भएका छैनन्। आजसम्म हामीले प्रकाशन

गरेको समाचारको कारण हाम्रो प्रकाशन गृह र सम्बद्ध कसैलाई अदालतको अवहेलनामा सजाय भएको छैन । अदालतको गरिमामा आँच पुऱ्याउने हाम्रो मनसाय छैन । हाम्रो उद्देश्य अदालतप्रतिको आस्था र विश्वास बढाउने रही आएको छ । भविष्यमा पनि त्यो उद्देश्य रहिरहने छ । त्यसमा प्रतिबद्धता व्यक्त गर्दछौँ। यस अदालतबाट हाम्रो नाममा म्याद थमाउन नपाउने गरी ३ दिनको समाह्वान जारी भएको छ, तर किन म्याद थाम्न नदिने भन्ने सम्बन्धमा कुनै आधार र कारण उल्लेख भएको छैन । यसबाट आदेशकर्ता हाम्रो प्रकाशन गृहप्रति पूर्वाग्रही भई न्यायिक प्रक्रियाभन्दा पृथक् र कठोर भएको महसुस भएको छ। यस अदालतबाट प्रेस काउन्सिलको नाममा जारी भएको अन्तरिम आदेश नेपालको संविधानको धारा १९ (१) ले प्रत्याभूत गरेको मौलिक हकविपरीत छ। विवादित जन्ममितिको विषयमा माननीय न्यायाधीश गोपाल पराजुली मिति २०७४।२।३० मा न्याय परिषद् सचिवालयको बैठकमा आफैँ अध्यक्षको हैसियतले मिति २०७३।९।१ को निर्णय बदर गरेको देखिन्छ।

मिति २०७४।१०।२७ मा प्रकाशित समाचारमा उल्लेख भएको पहिलो जन्ममिति २००९।४।२१ भएको कुरा न्याय परिषद् बुलेटिन, २०७१ को पृष्ठ ३७ बाट समर्थित छ । दोस्रो जन्ममिति मिति २०१०।१।१३ उल्लेख भएको तथ्य पनि ऐ. बुलेटिन, २०५८ को पृष्ठ १४, कर्मचारी सञ्चय कोषको परिचय पत्र र नेपाल सरकार, शिक्षा मन्त्रालय परीक्षा विभागको To Whom It May Concern भन्ने पत्रबाट देखिन्छ । तेस्रो जन्ममिति २०१०।१।१६ भन्ने कुरा नागरिकताको प्रमाणपत्रबाट देखिन्छ । यो तथ्यको आधारमा गोपाल पराजुलीले आफ्नो जन्ममिति २०१०।१।१६ भनेर दिएको अन्तरवार्ता खण्डित भएको छ । कान्तिपुर पत्रिकामा प्रकाशित समाचार गोपाल पराजुलीको जन्ममितिसँग सम्बन्धित छ, न्याय सम्पादनसँग छैन । समाचार र न्याय सम्पादनको विषय फरक-फरक हुन् । गोपाल पराजुलीको उमेरको विषय पूर्वप्रधानन्यायाधीश श्री रामकुमार प्रसाद साह र श्री सुशीला कार्कीबाट नियमित गर्न निर्देशन भएको कुरा सञ्चार माध्यममा यसपूर्व नै प्रकाशित भइसकेको हुँदा हामीले प्रकाशन गरेको समाचार गोपाल पराजुलीप्रति लक्षित र प्रायोजित छ भन्न मिल्दैन । गोपाल पराजुलीको नागरिकता र शैक्षिक प्रमाणपत्र हामीले सिर्जना गरेको होइन। सरकारी अभिलेखबाट देखिएको कुरा प्रकाशन गर्दा अदालतको अवहेलना हुँदैन। न्यायाधीशको पनि राष्ट्र र जनताप्रति जवाफदेहिता हुन्छ । विवादको न्यायिक निरूपण गर्ने न्यायाधीश आफैँ विवादमा पर्नु हुँदैन । कसैले मनोगत रूपमा सोचेको प्रायोजित र लक्षित रूपबाट लेखे, लेखाएको, पूर्वाग्रह, द्वेष र इवी राखी गरेको कार्यबाट अदालतको अवहेलना स्थापित हुँदैन । अवहेलनाको कसुर स्थापित हुन न्याय सम्पादनमा अवरोध गरेको, आदेश वा फैसलाको अवज्ञा गरेको हुनु पर्दछ। हामीले आदेश वा फैसलाको अवज्ञा नगरेको हुँदा प्रस्तुत मुद्दा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कैलास सिरोहिया, सुधिर शर्मा र कृष्ण ज्ञवालीको संयुक्त लिखित जवाफ र बयान।

अदालतको अवहेलनासम्बन्धी विधिशास्त्रीय सिद्धान्त र यसका मान्यता एवं व्यवहारमा यसको प्रयोग सम्बन्धमा यस इजलासलाई बृहत् व्याख्याको महसुस भयो । यसको साथै प्रस्तुत मिसिलमा उठेका प्रश्नहरूको गम्भीरताले सो बारेमा गहनतम छलफल भई निर्णय हुन मनासिब हुने भएकाले विषयको गम्भीरतासमेतलाई विचार गरी प्रस्तुत मुद्दाको सुनुवाइ पूर्ण वा बृहत् पूर्ण इजलासबाट हुनुपर्ने देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(च) र २३(च) बमोजिम सम्माननीय

प्रधानन्यायाधीशज्यूसमक्ष पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासको मिति २०७४।११।२२ को आदेशबमोजिम सम्माननीय प्रधानन्यायाधीशबाट बृहत् पूर्ण इजलासमा पेस गर्नु भन्ने बेहोराको मिति २०७४।११।२३ मा भएको आदेश।

यस अदालतको ठहर

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा यस अदालतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू डा. श्री शिवकुमार यादव र श्री तोयानाथ ढुङ्गानाले विपक्षी डा. गोविन्द के.सी. ले यस अदालतका सम्माननीय प्रधानन्यायाधीश श्री गोपाल पराजुलीसमेतको संयुक्त इजलासले मिति २०७४।९।२३ मा प्रा.डा. शशी शर्मालाई पदमा बहाली गर्ने आदेश गरेपश्चात् मिति २०७४।९।२४ गते विभिन्न अनलाइन समाचारमा निज गोपाल पराजुलीको राजीनामा माग गर्दै अनसन बसेको कुरा प्रतिवेदनमा उल्लेख भएकोमा सो तथ्य निजको बयानसमेतबाट पुष्टि भएको छ। विपक्षी डा. गोविन्द के.सी. ले बयानमा अदालतको अवहेलना हुने अभिव्यक्ति दिएको छैन र त्यस्तो क्रियाकलाप गरेको छैन भने पनि शशी शर्माले दायर गरेको ०७०-WO-०५७१ को रिट निवेदनमा भएको आदेशलाई लिएर नै प्रधानन्यायाधीशको राजीनामा माग गर्दै अनसन बसेका छन्। त्यसैगरी विपक्षी डा. गोविन्द के.सी. ले आफ्नो अनसन प्रधानन्यायाधीश गोपाल पराजुली विरूद्ध हो भनेर बयान गरेको देखिन्छ। विपक्षी आफैँले बयानमा अनसन गोपाल पराजुली विरूद्ध हो भनेको अवस्थामा निजले अदालतको अवहेलना नगरेको भन्न मिल्दैन। शशी शर्माको रिट निवेदनमा भएको आदेशमा कुनै त्रुटि भएको भए न्यायिक तरिकाले त्रुटि सच्याउने बाटो अवलम्बन नगरी प्रधानन्यायाधीशको राजीनामा माग गरी अनसन बसेको कार्य अदालतको अवहेलना हो। न्यायिक तरिकाबाट बाहेक अदालतप्रति जनआस्था घटाउने किसिमबाट टिका टिप्पणी गरी हस्तक्षेप गर्न मिल्दैन। विपक्षी गोविन्द के.सी. को अनसन र प्रेस विज्ञप्तिमा अभिव्यक्त कुराले यस अदालतप्रति अनास्था र अविश्वास उत्पन्न भएको छ। न्याय प्रशासनमा अविश्वास र अनास्था उत्पन्न भएमा अदालतको अवहेलना हुने सम्बन्धमा निरन्जनकुमार थापा विरूद्ध इन्द्रजित सिंह (ने.का.प. २०३६, माघ, निर्णय नं. १३०५) भएको मुद्दा र न्यायाधीशको काम, कर्तव्य एवं आचरणमा आघात पर्ने गरी सार्वजनिक रूपमा बोल्ने लेख्ने गरेमा अदालतको मानहानी हुने सम्बन्धमा गणेशबहादुर सुनार विरूद्ध नेपाल सरकार (ने.का.प. २०४२, असोज, निर्णय नं. २४०४) भएको मुद्दामा र न्यायाधीशको अतिरिक्त कानून व्यवसायीलाई गाली बेइज्जती, अनुचित बाधा वा अवरोध उत्पन्न गरेमा समेत अदालतको अवहेलना हुने सम्बन्धमा नरिश्वर भण्डारीसमेत विरूद्ध नरेन्द्रकुमार के.सी. (ने.का.प. २०५४, फाल्गुण, निर्णय नं. ६८०८) भएको मुद्दामा सिद्धान्त प्रतिपादन भएको अवस्थामा न्याय प्रशासन र प्रधानन्यायाधीशको न्याय सम्पादनमा अवरोध हुने गरी विपक्षी डा. गोविन्द के.सी. ले गरेको कार्यले अदालतको अवहेलना नभएको भन्न मिल्दैन। तसर्थ माथि उल्लेख भएका आधार र कारणबाट समेत विपक्षी डा. गोविन्द के.सी. लाई अदालतको अवहेलनामा सजाय हुनुपर्दछ भन्ने बेहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी डा. गोविन्द के.सी.को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ओमप्रकाश अर्यालले प्रधानन्यायाधीश श्री गोपाल पराजुलीले अस्वाभाविक तरिकाले प्रतिवेदन उठाउन लगाई अनसनमा रहेका डा. गोविन्द के.सी.लाई पक्राउ गर्ने आदेश गरेबाट समेत अदालत डा. गोविन्द के.सी. प्रति पूर्वाग्रही भएको

प्रस्ट देखिन्छ । व्यक्तिगत प्रतिशोधमा अदालतको अवहेलना मुद्दा चलाउन मिल्दैन। गोविन्द के.सी. उपर उठान भएको प्रतिवेदनमा गोविन्द के.सी. ले भनेको भनी अनलाइन समाचारको उदाहरण दिइएकोमा समाचार प्रकाशन गर्ने सम्बन्धित प्रकाशकलाई उपस्थित गराई समाचारको प्रामाणिकता परीक्षण गरिएको छैन । डा. गोविन्द के.सी. को बयानमा उल्लेख भएका कुराहरू निज न्यायाधीश पदमा नियुक्त हुँदाका बखतदेखि नै सार्वजनिक भएका विषय हुन्। प्रतिवेदनमा शशी शर्माको रिट निवेदनमा भएको आदेशलाई लिएर डा. गोविन्द के.सी. अनसनमा बसेको भन्ने उल्लेख भए पनि डा. गोविन्द के.सी. ले गोपाल पराजुलीको फरक-फरक मिति उल्लेख भएका नागरिकता भएकाले अनसन बस्नु भएको हो। डा. गोविन्द के.सी. चिकित्सा क्षेत्र सुधारको लागि पटक-पटक अनसन बस्दै आउनु भएको छ । मिति २०७४।९।२४ को प्रेस विज्ञप्तिमा शशी शर्माको रिट निवेदन बेहोरा मात्र उल्लेख भएको छैन । विभिन्न मेडिकल कलेजको सम्बन्धमा भएका आदेशसमेत उल्लेख भएका छन्। गैरकानूनी तरिकाले सम्बन्धन प्राप्त गरेका र सञ्चालन भएका मेडिकल कलेज विरूद्ध डा. गोविन्द के.सी. पटकपटक अनसन बसेको कुरा सञ्चार माध्यममा प्रकाशन भइसकेका छन्। यसरी चिकित्सा क्षेत्र सुधारको लागि अनसन बस्ने व्यक्तिले गोपाल पराजुलीको विभिन्न मिति उल्लेख भएका नागरिकताको विषयमा अनसन बसेको कार्य अदालतको अवहेलना हुँदैन। विपक्षीको तर्फबाट बहस गर्नु हुने विद्वान् कानून व्यवसायीहरूले उठाउनु भएको तर्क एवं विभिन्न प्रतिपादित सिद्धान्त यस विवादमा सान्दर्भिक छैन । तसर्थ, प्रस्तुत मुद्दा खारेज हुनु पर्दछ भन्नेसमेत बेहोराको गर्नुभएको बहस सुनी निजले पेस गर्नु भएको बहसनोटको पनि अध्ययन गरियो।

निवेदक तोयानाथ ढुङ्गानाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अरूणकुमार ज्ञवाली र निवेदक श्री तोयानाथ ढुङ्गानाले प्रस्तुत विवादमा कान्तिपुर दैनिक पत्रिकासँग सम्बन्धित विपक्षीहरूले मिति २०७४।१०।२७ गते प्रधानन्यायाधीशका ४ थरी जन्ममिति, मिति २०७४।१०।२८ मा प्रधानन्यायाधीशको जन्ममितिको प्रतिलिपि निवेदनबाटै फेरबदल र मिति २०७४।१०।२९ मा प्रधानन्यायाधीशको नागरिकतामा तीनवटा जन्ममिति भन्ने शीर्षकमा आधारहीन एवं तथ्यहीन समाचार प्रकाशन गरेकाले प्रस्तुत मुद्दा दर्ता गरेको हो । विपक्षीहरूले गोपाल पराजुलीको जन्ममिति २००९।४।२१ कायम गर्ने गरी न्याय परिषद्बाट मिति २०७३।९।१ मा निर्णय गरेपश्चात् गोपाल पराजुलीको विभिन्न मिति उल्लेख भएका नागरिकता छन् भनेर समाचार प्रकाशित भइसकेको तथ्य प्रकाशन गरेको हो भन्ने बेहोराको बयान गरेको देखिन्छ। गोपाल पराजुलीले मिति २०३०।४।२१ मा महिना र गते उल्लेख नभएको २१ वर्ष पुगेको भनी वर्ष मात्र उल्लेख भएको नागरिकता लिएका थिए । पछि वर्ष, महिना र गते उल्लेख भएको नागरिकताको प्रतिलिपि लिँदा जन्ममिति २०१०।१।१६ कायम भएको हो । त्यसरी जन्ममिति २०१०।१।१६ कायम भएकोले सो नागरिकताको प्रतिलिपि लिई न्याय परिषद्मा पेस गरेको र न्याय परिषद्बाट मिति २०७४।२।३० मा मिति २०१०।१।१६ कायम गर्ने निर्णय भएको हो । त्यसरी न्याय परिषद्बाट गोपाल पराजुलीको जन्ममिति २०१०।१।१६ कायम गर्ने निर्णय यथावत् रहेको अवस्थामा गोपाल पराजुलीका फरक-फरक मिति उल्लेख भएका नागरिकता छन् भनी समाचार प्रकाशन गरेर कुनै पनि न्यायाधीश वा प्रधानन्यायाधीशको जन्ममिति विवादित बनाउन मिल्दैन । न्यायाधीश वा प्रधानन्यायाधीशको

जन्ममिति वा शैक्षिक योग्यता विवादित बनाउने व्यक्तिलाई अदालतको अवहेलनामा कारबाही नगर्दा भविष्यमा अदालतको काम कारबाही प्रभावित हुने हुँदा अदालतप्रतिको मर्यादा र जनआस्था कायम राख्न यस अदालतबाट यादवराज पोखरेलसमेत विरूद्ध रामकृष्ण डंगोल (ने.का.प. २०६६, जेष्ठ, निर्णय नं. ८०७६) समेत भएको मुद्दामा प्रतिपादित सिद्धान्तअनुसार विपक्षीहरूलाई सजाय हुनुपर्छ । जहाँसम्म न्याय परिषद्का सचिव नृपध्वज निरौलाले प्रधानन्यायाधीशको अवकाश मिति २०७४।४।२१ मा भएको भनी पत्राचार गरेको भन्ने कुरा छ, त्यस सम्बन्धमा न्याय परिषद्को मिति २०७३।९।१ को निर्णय मिति २०७४।२।३० मा परिवर्तन भएर गोपाल पराजुलीको जन्ममिति २०१०।१।१६ कायम भएको छ । उक्त निर्णय हालसम्म कायम छ । गोपाल पराजुलीले मिति २०७४।१२।१ गते राजीनामा दिएर सोही मितिबाट अवकाश भएको भनी निजामती किताबखानाले निवृत्तिभरण पत्र दिएको छ । यसरी प्रधानन्यायाधीशले दिएको मिति २०७४।१२।१ को राजीनामाले वैधानिकता पाएको अवस्थामा सोभन्दा पहिले नै मिति २०७४।१०।२७, २८ र २९ गते कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित समाचार तथ्यहीन र भ्रामक भएको प्रस्ट छ । तसर्थ, कान्तिपुर दैनिक पत्रिकाका प्रधान सम्पादकसमेतका विपक्षीहरूलाई कानूनबमोजिम अदालतको अवहेलनामा सजाय हुनुपर्दछ भन्ने बेहोराको बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी कैलास सिरोहियासमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, अधिवक्ताहरू श्री टीकाराम भट्टराई र श्री कृष्ण थापाले निवेदक तोयनाथ ढुङ्गानाले कान्तिपुर दैनिक पत्रिकामा मिति २०७४।१०।२७, २८ र २९ गते प्रकाशन भएको समाचारले अदालतको अवहेलना भएको भनेर सजायको माग गरी निवेदन दिएको भए पनि उक्त प्रकाशित समाचारले तथ्यगत र वस्तुगत रूपमा अदालतको अवहेलना भएको भन्ने पुष्टि गर्न सकेको देखिँदैन । प्रस्तुत विवादमा न्याय परिषद्को मिति २०७३।९।१ को निर्णयको आधारमा हाम्रो पक्षले समाचार प्रकाशन गरेको हो । प्रधानन्यायाधीश गोपाल पराजुलीको विभिन्न मिति उल्लेख भएका नागरिकता भएको कुरा मिसिल संलग्न प्रमाणबाट देखिएको छ । त्यसैगरी निज गोपाल पराजुलीको जन्ममिति २००९।४।२१ कायम भएकाले निज मिति २०७४।४।२१ मा अवकाश भइसकेको भनेर न्याय परिषद्का सचिवले मिति २०७४।११।३० मा गरेको पत्राचार अन्यथा हुन सकेको छैन । विवादित अवस्थामा रहेर मिति २०७४।१२।१ मा राजीनामा दिएर त्यसैअनुसार निवृत्तिभरण भएको भन्ने आधारले मात्र गोपाल पराजुलीको जन्ममिति संशोधन हुन सक्दैन । अदालतको अवहेलनामा कसैलाई सजाय गर्न निजले न्याय सम्पादनमा अवरोध गरेको वा फैसला वा आदेशको अवज्ञा गरेको देखिनु पर्दछ । हाम्रो पक्षले फैसला वा आदेशको अवज्ञा गरेको भन्ने कुरा निवेदन लेखबाट देखिएको छैन । राम्रो कामको लागि अनसन बस्दा अदालतको अवहेलना हुँदैन । कान्तिपुर पत्रिकामा प्रकाशित समाचारले यस अदालतको न्याय सम्पादनमा अवरोध पुगेको हो कि भन्नलाई गोपाल पराजुलीको नागरिकता र शैक्षिक योग्यताका प्रमाणपत्रमा फरक-फरक मिति देखिएको तथ्यलाई प्रकाशन गर्दा न्याय सम्पादनमा अवरोध पुग्दैन । पत्रिकामा सत्य तथ्यमा आधारित भएर प्रकाशित समाचारले अदालतको अवहेलना भएको अर्थ गर्दा संविधानले नागरिकलाई प्रदान गरेको अभिव्यक्ति र प्रेस स्वतन्त्रता कुण्ठित हुने हुँदा प्रस्तुत मुद्दा खारेज हुनु पर्दछ भन्नेसमेत बेहोराको बहस प्रस्तुत भयो ।

मिसिल हेर्दा प्रस्तुत मुद्दाहरूमा मुलरूपमा दुईवटा विषयहरू उठेका देखिन्छन् : पहिलो, तत्कालीन प्रधानन्यायाधीश श्री गोपाल पराजुलीको उमेरसम्बन्धी विवादको विषयमा कान्तिपुर दैनिकमा मिति २०७४ साल माघ २७, २८ र २९ गते प्रकाशित समाचारलाई लिएर अदालतको अवहेलना भयो भन्ने अधिवक्ता तोयानाथ ढुङ्गानाले दिएको निवेदन र दोस्रो, तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीसहितको संयुक्त इजलासबाट डा. शशी शर्माको रिट निवेदन (०७०-WO-०५७१) मा मिति २०७४।९।२३ मा भएको निर्णय । आदेशको विषयलाई लिएर डा. गोविन्द के.सी. ले प्रकाशित गरेको विज्ञप्तिसहित वहाँका अभिव्यक्ति र onlinekhabar.com सहितका अनलाइन सञ्चारहरूमा आएको विचारलाई लिएर सर्वोच्च अदालतका शाखा अधिकृत नेत्रबन्धु पौड्यालद्वारा दिएको प्रतिवेदनबाट उठेको अवहेलनासम्बन्धी विषय । यी विवादहरू सुरूमा अलग-अलग इजलासबाट हेरिएकोमा तोयानाथ ढुङ्गाना निवेदक रहेको कान्तिपुर दैनिकसँग सम्बन्धित विषय संयुक्त इजलाससमक्ष पेस हुँदा **अदालतको अवहेलनासम्बन्धी विधिशास्त्रीय सिद्धान्त र यसका मान्यता एवं व्यवहारमा यसको प्रयोग सम्बन्धमा इजलासलाई "बृहद् व्याख्याको महसुस" भएको र मिसिलमा उठेका प्रश्नहरूको बारेमा गहनतम छलफल भई निर्णय हुन मनासिब हुने भएको**ले विषयको गम्भीरतासमेतलाई विचार गरी प्रस्तुत विषयको सुनुवाइ पूर्ण इजलास वा बृहत् पूर्ण इजलासबाट हुनुपर्ने देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(२)(च) र २३(२)(च) बमोजिम सम्माननीय प्रधानन्यायाधीशसमक्ष पेस गर्नु भन्ने मिति २०७४।११।२२ मा आदेश भएको र सो आदेश मिति २०७४।११।२३ मा सम्माननीय प्रधानन्यायाधीशसमक्ष पेस भई वहाँबाट बृहत् पूर्ण इजलासमा पेस गर्नु भन्ने आदेश भएको रहेछ । तत्पश्चात् नेत्रबन्धु पौड्याल निवेदक रहेको निवेदनमा पनि विषयवस्तुको गम्भीरतासमेतलाई मध्यनजर गरी ०७४-CF-०००९ को मुद्दासँग लगाउमा राखी पेसी चढाउन उपयुक्त देखिएको भनी अदालत प्रशासनबाट टिप्पणी उठी सम्माननीय प्रधानन्यायाधीशसमक्ष पेस हुँदा मिति २०७४।११।२३ मा लगाउमा राखी पेस गर्नु भनी आदेश भएको रहेछ । यसरी हेर्दा पहिलो निवेदनमा तत्कालीन प्रधानन्यायाधीशको उमेरसम्बन्धी विवाद उठेको र दोस्रो निवेदनमा मूलतः तत्कालीन प्रधानन्यायाधीशसहितको संयुक्त इजलासबाट भएको निर्णयको बारेमा व्यक्त विचारको विषय उठेको भए पनि दुवै विचारहरू सञ्चार क्षेत्रबाट आम जनतामा प्रेषित समाचारको विषय हुँदा दुवैलाई एकैसाथ राखी हेर्न सकिने देखियो।

संयुक्त इजलासबाट आदेश हुँदा अदालतको अवहेलनासम्बन्धी विधिशास्त्रीय सिद्धान्त र यसका मान्यता एवं व्यवहारमा यसको प्रयोग सम्बन्धमा सो इजलासलाई बृहत् व्याख्याको महसुस भएको भन्नेसम्म उल्लेख भएको छ । यसबारेमा के कस्ता प्रश्नहरूको निरूपण हुनुपर्ने हो भन्ने कुरा भने इजलासबाट स्पष्ट गरिएको देखिँदैन । यस स्थितिमा इजलाससमक्ष पेस गरिएको विषयवस्तुलाई हेर्दा नेपालको संविधानको धारा १७(२)(क) द्वारा प्रत्याभूत विचार र अभिव्यक्तिको स्वतन्त्रता, धारा १९ द्वारा प्रत्याभूत सञ्चारको हक, धारा २० द्वारा प्रत्याभूत न्यायसम्बन्धी हक, धारा २७ मा वर्णित सूचनाको हक र धारा १२८ को उपधारा(२) मा वर्णित अभिलेख अदालतको अवधारणा, संविधान र कानूनको अन्तिम व्याख्या गर्ने अधिकार र उपधारा (४) मा वर्णित अदालतको अवहेलनामा सजाय गर्न सक्ने अधिकारसहितका संवैधानिक व्यवस्था, ती

व्यवस्थाबिचको अन्तर-सम्बन्ध, मानव अधिकार कानूनले त्यसमा पारेको प्रभावसमेतका विषयमा चर्चा गरी विवादको निरूपण गर्नुका साथै एउटा विधिशास्त्रीय दृष्टिकोणको निर्माण गरिनु आवश्यक देखिन्छ।

वि.सं. २००७ सालमा स्वतन्त्र न्यायपालिकाको जग हालिएदेखि सर्वोच्च अदालतले अदालतको अवहेलनामा सजाय गर्ने क्षेत्राधिकारको प्रयोग गरिआएको हो[1]। हाल पनि नेपालको संविधानको धारा १२८ को उपधारा (४) र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ मा अवहेलनामा सजाय गर्न पाउने अधिकार यस अदालतलाई प्रदान गरिएको र सर्वोच्च अदालतको हकमा सोसम्बन्धी कार्यविधिवारे सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५९ मा व्यवस्था गरिएको छ । तर अवहेलनाको विषयमा हालसम्म छुट्टै कानून निर्माण भएको अवस्था छैन। यस स्थितिमा एकातर्फ जनताको न्यायसम्बन्धी अधिकारसहित मौलिक अधिकार, विधिको शासन र मानव अधिकार, संविधानवाद र लोकतन्त्रको रक्षाको लागि अदालतको केन्द्रीय भूमिकालाई अक्षुण्ण राख्नु आवश्यक छ भने अर्कोतर्फ उपर्युक्त कार्यको लागि न्यायका आधारभूत मापदण्डसहित स्वच्छ सुनुवाइका सिद्धान्तहरूको सही किसिमले अनुशरण गरिनु र जनताका मौलिक हकहरूको निर्वाध उपभोग हुन सक्ने वातावरण कायम रहनु पनि उत्तिकै आवश्यक छ। यसको अतिरिक्त, अवहेलनाको अधिकारको प्रयोग संविधान र कानूनमा वर्णित उद्देश्यभन्दा बाहेकका अन्य उद्देश्य निम्ति प्रयोग हुन नसकोस्, मुद्दामा भएको बेइन्साफीको कारण सिर्जित आलोचना वा समालोचना नसहने वा न्यायाधीशले व्यक्तिगतरूपमा जवाफ दिनुपर्ने वा व्यक्तिगत तहमा सम्बोधन गर्नुपर्ने विषयलाई पनि अवहेलनाको अस्त्र प्रयोग गरी दबाउन नखोजियोस् भन्ने विषयमा पनि अदालत त्यतिकै सतर्क रहनु आवश्यक छ। तसर्थ संयुक्त इजलासबाट पूर्ण इजलासमा पठाइएको सन्दर्भसमेतलाई दृष्टिगत गर्दा प्रस्तुत विवादमा देहायका प्रश्नहरूको निरूपण हुनु वाञ्छनीय देखिन्छः

१. अदालतको अवहेलनासम्बन्धी विधिशास्त्रीय अवधारणा के हो ?
२. अवहेलनामा सजाय गर्ने शक्तिबारे नेपालमा विकसित मान्यता के कस्तो छ र व्यवहारमा यसको प्रयोग के कसरी भइरहेको छ ?
३. वर्तमान संविधानले प्रत्याभूत गरेका मौलिक हक र स्वतन्त्रताको सन्दर्भमा सञ्चार क्षेत्रले खेल्ने भूमिका र न्याय सम्पादनसम्बन्धी अदालतको शक्तिलाई अक्षुण्ण राख्न के कस्ता सीमा रेखा कोरिनु जरूरी हुन्छ ?
४. प्रस्तुत मुद्दाहरूको प्रकृति र उठाइएका विषयहरूको सन्दर्भमा अदालतको अवहेलना हुन गएको छ वा छैन र प्रतिवादीहरूलाई अवहेलनामा सजाय गरिनुपर्ने हो वा होइन।

**२. निरूपण गरिनुपर्ने पहिलो प्रश्नः अदालतको अवहेलनासम्बन्धी विधिशास्त्रीय अवधारणा के हो ?** अवहेलनामा कारबाही र सजाय गर्ने अदालतको अधिकार न्यायलाई अक्षुण्ण र सदा प्रभावकारी राख्नुपर्ने अदालतको दायित्वसँग सम्बन्धित छ । "चाहे आकासै खसोस् तर न्याय गरिनुपर्छ"[2] भन्ने न्यायको सर्वकालिक मान्यता हो। न्याय प्रदान गर्ने प्रमुख कार्य अदालत र न्यायिक

1 हेर्नुहोस्, नेपालको संविधान, २०१९ धारा ६(२), नेपालको अन्तरिम संविधान, २०६३ धारा १०२(३); नेपालको संविधान धारा १२८(४); त्यसैगरी हेर्नुहोस्, नेपाल प्रधान न्यायालयको ऐन, २००८ दफा ४, सर्वोच्च अदालत ऐन, २०१३ दफा ९, सर्वोच्च अदालत ऐन, २०१९ दफा ६।

2 Let justice be done though heavens fall.

निकायले गर्ने हुँदा न्यायको प्रवाहमा अवाञ्छित हस्तक्षेप गर्ने, अदालत, न्यायिक निकाय र न्यायिक कार्यमा संलग्न व्यक्तिउपर आक्रमण गर्ने, होच्याउने, बेकाइदा बोल्ने, अदालतको फैसला वा आदेश नमान्ने आदि कार्यलाई अस्वीकार गर्ने यो शक्तिलाई अदालतको अन्तरनिहित अधिकार मानिन्छ । कमन ल प्रणालीमा अदालतको अवहेलनामा सजाय गर्ने परिपाटीको सुरूवात बाह्रौं शताब्दीमा भएको देखिन्छ र विभिन्न रूपमा हाल ती प्रणाली अनुशरण गर्ने मुलुकहरूमा यो विद्यमान छ[3] । नेपालमा वि.सं. २००७ बाट अदालतको अवहेलनामा सजाय गर्न पाउने अधिकार अदालतलाई प्रदान गरिएको देखिन्छ । वर्तमान संविधानमा (क) न्याय सम्पादनको कार्यमा अवरोध गर्ने, र (ख) अदालतको आदेश वा फैसलाको अवज्ञा गर्ने कार्यलाई अवहेलना भनी यसको विषयवस्तु निर्धारण गरिएको देखिन्छ ।

३. ऐतिहासिकरूपमा के पनि देखिन्छ भने जबसम्म स्वतन्त्र न्यायपालिकाको अवधारणाको विकास भएको थिएन, न्यायाधीशहरूले राजाको न्यायिक शक्तिको प्रयोग गर्ने हुँदा उनीहरू विरूद्ध कुनै कार्य गर्नु राजा विरूद्धको कार्य मानिन्थ्यो । त्यसैले न्यायाधीश वा न्यायको कार्यमा संलग्न व्यक्तिको कार्यमा अवरोध गर्ने वा उनीहरूको आदेशको अवज्ञा गर्ने व्यक्तिलाई अत्यन्त कडा सजाय दिइने पनि गरिन्थ्यो[4] । तर लोकतान्त्रिक व्यवस्थाको उदयपश्चात् जब न्यायपालिकाले स्वतन्त्र निकायको रूपमा कार्य गर्न थाल्यो तब न्याय शक्तिको आडमा भन्दा पनि न्यायको आफ्नै मूल्यमा स्थापित हुनुपर्ने मान्यता कायम हुन पुग्यो । परिणामत: अवहेलनाबारेको दृष्टिकोण पनि बदलिनुपर्ने, यो कारबाहीमा पनि स्वच्छ सुनुवाइका सिद्धान्तहरूको अनुशरण गरिनुपर्ने एवं सजायमा पनि मानवीय दृष्टिकोण रहनुपर्ने आदि कुराको आवश्यकता महसुस हुन थाल्यो ।

४. अदालतको अवहेलनाको विधिशास्त्रको विकासक्रमलाई हेर्दा प्रारम्भिक चरणमा न्यायाधीश, कर्मचारी, वकिल, जुरी, साक्षीउपरको आक्रमण, उनीहरूले गरेको कार्यमा प्रतिरोध, जथाभावी बोल्ने कार्य आदिलाई अवहेलना मानिन्थ्यो र यसमा सम्बन्धित व्यक्तिको शारीरिक उपस्थिति जरूरी हुन्थ्यो । तर जब प्रेस जगतको उदय र प्रकाशनको कार्यको थालनी हुन थाल्यो, न्यायिक कार्यमा अवरोधको लागि सम्बन्धित व्यक्तिको अदालतमा शारीरिक उपस्थिति जरूरी रहन छाड्यो । अर्थात् अदालतबाहिर भए गरेका अवाञ्छित कार्यहरूले पनि न्यायमा तत्कालमा के कस्तो खतरा उत्पन्न गऱ्यो भनी हेर्ने र बदनियतपूर्वक जनतामा अदालतको प्रतिष्ठा गिराउने प्रत्यक्ष वा परोक्ष कार्य भएमा त्यसलाई अदालतको अवहेलनाको दायराभित्र ल्याइन थालेको देखिन्छ[5] । कालक्रमले अदालतको आदेश नमान्ने वा समाह्वानको उल्लङ्घन गर्ने कार्य,

3 C.J. MILLER, CONTEMPT OF COURT (3rd Ed. Oxford 2000) at p.1-2. सिभिल ल का अनुयायी मुलुकहरूमा अदालतको आदेश मान्न बाध्य पार्ने उपायको रूपमा निषेधाज्ञा, विशेष सम्पादनको आदेश र क्षतिपूर्ति भराउने कुरा बढी लोकप्रिय छ तापनि अदालतका आदेशहरू मान्न बाध्य पार्न केही अन्य प्रकृतिका आदेशहरू दिने पनि चलन छ । उदाहरणको लागि, फ्रान्समा *astreintes* नामको आदेश, जर्मनीमा *Geldstrafen* नामक आदेश र इटालीमा देवानी कार्यविधि कानूनमा सन् २००९ बाट बाध्यकारी आदेश दिने व्यवस्था गरिएको छ । हेर्नुहोस्, Carlo Vittorio Giabardo, *Disobeying Courts' Orders: A Comparative Analysis of the Civil Contempt of Court Doctrine and of the Image of the Common Law Judge*, 10(1) Journal of Civil Law Studies 39-40 (2017)

4 बेलायतमा न्यायाधीशउपर आक्रमण गरिएकोमा आक्रमणकारीको हात काटिएका दृष्टान्तहरू पनि छन् । हेर्नुहोस J.D. KAPOOR, LAW OF CONTEMPT OF COURT (Universal Law Publishing 2004) at p.2.

5 Id at p 3

अदालत र यसको कारबाहीको विरूद्ध मनलागी र बेकाइदा बोल्ने, न्यायाधीश र कर्मचारीहरू बारेमा जनतामा भ्रम फैलाउने कार्य, विचाराधीन मुद्दामा न्याय सम्पादनमा प्रत्यक्ष वा परोक्षरूपमा हस्तक्षेप गर्ने कार्यलाई अवहेलनाको क्षेत्राधिकारभित्र राखिन थाल्यो। अवहेलनासम्बन्धी विधिशास्त्रको विकासको क्रममा अदालत विरूद्ध भए गरेको कार्यको प्रकृतिको आधारमा अवहेलनालाई फौजदारी र देवानी अवहेलना गरी दुई भागमा विभाजन गरिएको[6], तथा यसलाई प्रत्यक्ष, परोक्ष, सम्भावित आदि भनी वर्गीकृत गरिएको पनि पाइन्छ।

५. न्याय सम्पादनको कार्य राज्यको एउटा आधारभूत कार्य हो। आधुनिक सभ्य समाज र राज्य न्यायमा आधारित हुन्छ। हरेक लोकतान्त्रिक मुलुकको संविधानले न्यायपूर्ण समाजको परिकल्पना गरेको हुन्छ । यस्तो समाज तब मात्र सम्भव हुन्छ जब शान्तिपूर्ण एवं सभ्य तरिकाबाट न्याय अन्यायको परीक्षण र अन्याय गर्नेहरूउपर सजाय हुन्छ। राज्यले न्याय दिन सकेन भने व्यक्ति आफैँले कानून हातमा लिन थाल्छ; यस्तो स्थितिमा समाजमा अराजकताको बास हुन थाल्छ।

६. वस्तुतः न्याय प्रदान गर्ने कार्य आधारभूत कार्य हुनुको साथै एउटा बाध्यात्मक कारबाही र प्रक्रिया पनि हो । कानूनले तोकेको न्यायिक प्रक्रिया र कारबाहीमा स्वेच्छाको स्थान कम र बाध्यात्मकताको मात्रा बढी रहन्छ। स्पष्ट शब्दमा भन्दा, जहाँ कानूनले नै व्यक्तिहरूलाई स्वेच्छा प्रयोग गर्ने स्वायत्तता प्रदान गरेको हुँदैन, कानूनी र न्यायिक प्रक्रियाहरू बाध्यात्मक बन्दछन् । यही बाध्यात्मक कार्य गर्ने भएकोले अदालतहरूले न्याय सम्पादनको कार्यमा हुने हस्तक्षेपलाई सहँदैनन् र यस्तो हस्तक्षेप वा अवरोधलाई न्यायिक प्रक्रियाप्रति गरिने हस्तक्षेप अर्थात् अदालतको अवहेलनाको रूपमा लिइन्छ । यसबारेमा Lord Diplock को भनाइ देहायबमोजिम रहेको पाइन्छः

> "...contempt may take variety of forms, they all share a common characteristic: they involve an interference with the due administration of justice, either in a particular case or more generally as a continuing process. It is justice itself that is flouted by contempt of court, not the individual court or judge who is attempting to administer it."[7]

७. तुलनात्मक विधिशास्त्रमा भएका विकासहरूलाई हेर्दा अवहेलनामा (क) न्याय सम्पादनको कार्यमा अवरोध वा हस्तक्षेप र (ख) अदालतका फैसला वा आदेशको अवज्ञा विशेषरूपमा दृष्टिगोचर हुन्छन् । तीमध्ये पहिलो कार्य परिभाषा गर्न वा सीमाङ्कन गर्न कठिन, केही अपरिमित वा आकारहिन (amorphous) प्रकृतिको देखिन्छ । यो प्रत्यक्ष, परोक्ष, वर्तमान वा सम्भावित कुनै पनि

6 Sec.2 Contempt of Court Act, 1971 (India) defines civil contempt as "wilful disobedience to any judgment, decree, direction, order, writ or other process of a court or wilful breach of an undertaking given to a court" and criminal contempt as "publication (whether by words, spoken or written, or by signs, or by visible representation, or otherwise) of any matter or the doing of any other act whatsoever which (i) scandalises or tends to scandalise, or lowers or tends to lower the authority of, any court; or (ii) prejudices, or interferes or tends to interfere with, the due course of any judicial proceeding; or (iii) interferes or tends to interfere with, or obstructs or tends to obstruct, the administration of justice in any other manner.

7 *AG v Leveller Magistrate Ltd.* [1979] AC 440, cited in C.J. MILLER, supra note 3 at p 2.

किसिमको र शब्द, आकार, चित्र, वा व्यङ्ग्यचित्र आदि कुनै पनि रूपमा प्रकट हुन सक्छ । के गर्दा "न्याय सम्पादनमा अवरोध" हुन जान्छ भन्ने कुरा मुद्दाको रूप, विषयवस्तुको संवेदनशीलता, मुद्दामा संलग्न पक्ष वा तेस्रो पक्षको व्यवहार र त्यसले मुद्दामा गरिनुपर्ने स्वच्छ सुनुवाइ र परिणाममा पार्ने प्रभावमा निर्भर रहन्छ । तर अदालतको "आदेश वा फैसलाको अवज्ञा" भयो वा भएन भन्ने कुरा स्पष्ट र परीक्षण गर्न सकिने किसिमको हुन्छ; अर्थात् के आदेश वा फैसला गरिएको छ र के कुराको अवज्ञा गरियो भनी हेर्न जाँच्न वा पुनः परीक्षण गर्न सकिन्छ । आदेश वा फैसलाको भाषा, सार र मर्मको आधारमा हेर्न, बुझ्न र पुनः परीक्षण गर्न सकिने हुँदा यो सापेक्षिक रूपमा स्पष्ट हुने देखिन्छ ।

८. सामान्यतः न्याय सम्पादनको कार्यमा अवरोध गर्नु अवहेलना हुन्छ तर अवरोध मानिएका यस्ता कतिपय कुराहरूलाई मुलुकको फौजदारी कानूनमा "सार्वजनिक न्याय विरूद्धको कसुर" भनी अलग्गै परिभाषित गरी सजायसमेतको व्यवस्था गरेको पनि हुन सक्छ । त्यसो गरिएको अवस्थामा अवहेलनाको मार्गभन्दा फौजदारी कानूनको उल्लङ्घनको विषयको रूपमा हेरी सो घटनालाई सम्बोधन गरिन्छ । उदाहरणको लागि, नेपालको मुलुकी अपराध संहिता, २०७४ मा केही कसुरहरू जस्तो झुट्टा प्रमाण बनाउने, कसुरदारलाई आश्रय दिने, जमानतको सर्तविपरीत अनुपस्थित हुने, पक्राउको बाधा विरोध गर्ने, पक्राउबाट उम्काउने भगाउने आदि कार्य[8] ले अवश्य पनि न्याय सम्पादनमा अवरोध पैदा गर्छन् । सैद्धान्तिकरूपमा ती कार्यमा संलग्नलाई अदालतको अवहेलनामा कारबाही गर्न सकिने हुन्छ । तर फौजदारी कानूनले नै सम्बोधन गरिसकेका विषय भएकोले अवहेलनामा कारबाही गर्नेभन्दा सम्बन्धित फौजदारी कानूनअन्तर्गत कारबाही चलाइनु उपयुक्त ठान्ने गरिएको छ । यस्ता कार्यहरूलाई फौजदारी अपहेलना भनिनु आवश्यक पनि हुँदैन । त्यस्तै स्थिति देवानी अवहेलनाको हकमा पनि पर्न सक्छ । उदाहरणको लागि, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा फैसला कार्यान्वयनमा अवरोध गर्ने व्यक्तिलाई, त्यसैगरी अदालतको कारबाहीमा वा तयार गरेको लिखत रोहवरमा बस्नुपर्ने व्यक्तिले रोहवरमा नबसेमा त्यस्तो व्यक्तिलाई अवहेलनामा कारबाही नगरी सोझै जरिवाना गर्न सक्ने अधिकार अदालतलाई दिइएको छ[9] । त्यसैगरी देवानी कार्यविधि संहिताले तोकेको कार्य सम्पादन गर्नुपर्ने दायित्व भएको कुनै कर्मचारीले तोकिएको अवधिभित्र कार्य सम्पादन नगरेमा त्यस्तो कार्यबाट अदालतको आदेशको अवज्ञा हुन जान्छ । तर यस्तोमा अदालतले अवहेलनामा कारबाही नगरी विभागीय कारबाहीको आदेश पनि दिन सक्छ[10] । सङ्क्षेपमा, फौजदारी तथा देवानी संहितामा रहेका माथि उल्लिखित व्यवस्थाहरू अवहेलनामा हुन सक्ने कारबाहीका विकल्प हुन् । जहाँ विकल्प छ, अवहेलनामा कारबाहीभन्दा अर्को विकल्प अपनाउनु उचित हुन्छ भन्ने दृष्टिकोण पनि तुलनात्मक विधिशास्त्रमा निर्माण हुँदै आएको देखिन्छ[11] । यस मानेमा, कतिपय अवस्थामा अवहेलनाको क्षेत्राधिकार न्यायमा हुने अवरोध हटाउने पूरक क्षेत्राधिकार हो पनि भन्न सकिन्छ ।

8 मुलुकी अपराध संहिता, २०७४ परिच्छेद ४ मा वर्णित कसुरहरू

9 मुलुकी देवानी कार्यविधि संहिता, २०७४ दफा २५२ (२), दफा २७७

10 ऐ.ऐ. दफा २८३

11 उदाहरणको लागि बेलायतमा रकम तिर्नको लागि अदालतले दिएको आदेश नमानेको स्थितिमा अवहेलनामा कारबाही नगरी सम्पत्ति रोक्का र बिक्री गरी रकम भराइन्छ । हेर्नुहोस् C.J. MILLER, supra note 3 at p 5.

९. सङ्क्षेपमा भन्दा, अदालतको अवहेलनामा कारबाही गर्ने कुरा अदालतको अन्तरनिहित शक्ति हो; न्याय सम्पादनमा अवरोध गरिएको अवस्थामा वा अदालतको फैसला वा आदेशको अवज्ञा गरिएमा यसको प्रयोग गरिन्छ; यसको उद्देश्य न्यायरूपी नदीको प्रवाहलाई अकन्टक र अविचलित बनाइराख्ने हो; तुलनात्मक विधिशास्त्रको अध्ययनबाट लोकतन्त्रको उदय र सुदृढीकरणसँगै यो क्षेत्राधिकारको प्रयोग गरी गरिने सजायमा मानवीयताले प्रवेश गरेको छ; न्याय हक हो भने न्याय प्रदान गरिनु दायित्व हो। अदालत सार्वजनिक र सधैँ जनताको निगरानीमा रहने उत्तरदायी संस्था भएको हुँदा पछिल्लो समयमा अवहेलनाको अस्त्रको प्रयोग न्यायिक स्वतन्त्रता तथा स्वच्छता कायम गर्न, न्यायपालिकाप्रतिको भ्रम फैलाउने कार्यबाट रोक्न र यसप्रतिको जनआस्था अभिवृद्धि गर्नका लागि प्रयोग गरिनु पर्छ भन्ने मान्यताको विकास भएको छ । वर्तमान अवस्थामा अवहेलनाको समस्त विषयलाई संवैधानिक कानूनको अतिरिक्त मानव अधिकार कानूनको नजरबाट समेत हेर्न थालिएको हुँदा यसको विधिशास्त्रलाई सोहीअनुरूप थप परिमार्जन गरिनुपर्ने आवश्यकताको समेत महसुस हुन थालेको छ।

**१०. निरूपण गरिनुपर्ने दोस्रो प्रश्नः अवहेलनामा सजाय गर्ने शक्तिबारे नेपालमा विकसित मान्यता के कस्तो छ र व्यवहारमा यसको प्रयोग के कसरी भइरहेको छ ?** नेपालमा “अदालतको अवहेलना” भन्ने शव्दावलीको अझै कानूनद्वारा परिभाषा हुन सकेको छैन। तर सर्वोच्च अदालतबाट भएका विभिन्न फैसलाहरूबाट कस्तो अवस्था वा के कस्तो कार्यबाट अदालतको अपहेलनाजन्य कार्य भएको मानिन्छ भन्ने सम्बन्धमा कार्यको प्रकृति, अवस्था र विषयवस्तुको गाम्भीर्यको आधारमा परिभाषाको एउटा विस्तृत रूपरेखा भने कोरिएको पाइन्छ । प्रतिपादित सिद्धान्तहरूको अध्ययनवाट मुख्य रूपमा “अदालतको आज्ञा आदेश वा फैसलाको अवज्ञा वा निरादर गर्नु वा जनसाधारणमा अदालत वा अदालतबाट हुने न्याय प्रशासनको कार्यप्रति अविश्वास वा अनास्था हुने वा हुन सक्ने कुनै कार्य गर्नु, कुनै प्रकारले अदालतको सम्मान, मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने अन्य कार्य गर्नु वा न्यायाधीशप्रति प्रतिकूल वा न्यायाधीशको निष्पक्षताको र निजको सद्विवेक वा कार्यक्षमतामा कुनै प्रकारको शंका उठाउनु वा अन्य कुनै प्रकारले न्यायाधीशको मर्यादा सम्मान वा प्रतिष्ठामा आघात पर्न सक्ने कुनै कार्य गर्नु वा अदालतमा विचाराधीन रहेको मुद्दा मामिलामा अनुचित प्रभाव पार्न वा पर्न सक्ने गरी कुनै कुरा व्यक्त गर्नु वा कुनै कार्य गर्नु वा न्याय प्रशासनको कार्यमा लागेका अदालतका कर्मचारी वा मुद्दा मामिलाका सम्बन्धमा कुनै कानून व्यवसायीलाई गाली बेइज्जती गर्नु वा अनुचित बाधा वा अवरोध उत्पन्न गराउनु वा डर त्रासमा पार्नु वा अदालतमा इन्साफ माग्न आउने मुद्दाका कुनै पक्षलाई वा कुनै मुद्दामा कुनै साक्षीलाई सो मुद्दामा भए गरेको कुनै कुरालाई लिएर गाली बेइज्जती गर्नु वा त्यस सम्बन्धमा अनुचित बाधा वा अवरोध उत्पन्न गराउनु वा डर, त्रासमा पार्नु”[12] समेतका कार्य गर्नुलाई मोटामोटी रूपमा अदालतको अपहेलनाको रूपमा लिइएको पाइन्छ। त्यसैगरी अदालतभित्र विचाराधीन मुद्दामा प्रभाव पार्ने गरेर कुनै कुरा व्यक्त गर्ने, निर्णय गर्ने वा कुनै कार्य गर्ने जस्ता कार्यहरूलाई पनि

12 नरिस्वर भण्डारी वि. नरेन्द्रकुमार के.सी., ने.का.प. २०५६, नि.नं. ६८०८, पृ. ७९१; अधिवक्ता सन्तोष भट्टराई वि. कनकमणि दिक्षित, ने.का.प. २०६४, नि.नं. ७८३९, फौजदारी कानूनः दुनियाँवादी दोस्रो भाग २०६६, भाग-७ पृ ९०; मनमोहनलाल सिंह वि. मध्यमाञ्चल क्षेत्रीय अदालत, ने.का.प. २०३३, नि.नं. ९८१, पृ. १९।

अवहेलनाभित्र समेटिएको पाइन्छ[13]।

११. अवहेलनाको विषयमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको अध्ययन गर्दा केही पक्षमा अदालतको सदा एउटै किसिमको सोच र दृष्टिकोण रहेको पाइँदैन। तर केही प्रवृत्तिहरू (trends) भने प्रस्ट र निरन्तर रूपमा दृष्टिगोचर हुन्छन्। उदाहरणको लागि, अवहेलनामा कारबाही गर्ने अदालतको शक्तिलाई यसले अन्तरनिहित शक्तिको रूपमा लिएको देखिन्छ[14]; कसैको निवेदन परेमा निवेदनबाट र नपरेमा अदालतका कर्मचारीको प्रतिवेदनबाट नै पनि अवहेलनासम्बन्धी कारबाहीको उठान गरिएको र सो गर्दा निवेदक वा प्रतिवेदकको हैसियत केवल सूचनाकर्ताको रूपमा रहने भनिएको देखिन्छ[15]। दोस्रो, अवहेलनासम्बन्धी कारबाहीमा अदालतले उपयुक्त कारबाही प्रक्रिया तय गर्छ; अवस्थाअनुसार सोझै इजलासमा बयान गराउने, बयानको लागि पक्राउ गर्ने, म्याद सूचना जारी गर्ने, लिखित जवाफ लिने आदि आदि। यी प्रक्रियाहरूमा मोटामोटी रूपमा सक्षिप्त कारबाही हुने गर्छ[16]। तेस्रो, अवहेलनामा मूलरूपमा आरोपित व्यक्तिको कार्य हेरिन्छ, यसमा अन्य फौजदारी मुद्दामा जस्तो मनसाय तत्त्व त्यति महत्त्वपूर्ण नहुन सक्छ[17]। चौथो, अवहेलनाको आरोप लागेको व्यक्तिले आत्मालोचना गर्ने, सर्तरहित र अदालतलाई चित्तबुझ्दो रूपमा माफी माग्ने कार्य गरेमा सजाय नगर्ने वा मुलतबी राख्ने वा साङ्केतिक सजाय गर्ने आदि कार्य हुन सक्छ[18]। पाँचौं, अदालतको आदेश वा फैसला नमान्ने[19], म्याद सूचनामा उपस्थित

---

13 रविराज भण्डारी वि. प्रधान सम्पादक रघु पन्त, ने.का.प. २०५५, नि.नं. ६५५१, पृ. ३०२; मात्रिका निरौला वि. महान्यायाधिवक्ता सर्वज्ञरत्न तुलाधरसमेत, ने.का.प. २०५७, नि.नं.६८७०, पृ १९७; सर्वोच्च अदालत वि. गृह मन्त्रालयसमेत, ने.का.प. २०६८, नि.नं. ८७५७, पृ. ७७ (मुद्दा पुनरावेदनको तहमा विचाराधीन रहदा रहदै कैद मिनाहा दिएको विषय); कृष्णप्रसाद भण्डारीसमेत वि. सुर्यबहादुर थापासमेत, ने.का.प. २०५५, नि.नं. ६६०८, पृ. ५९३ (अदालतमा मुद्दा चल्दा चल्दै अच्युतकृष्ण खरेललाई प्रहरी प्रमुख बनाएको)

14 सर्वोच्च अदालत वि. कुसुम श्रेष्ठ, ने.का.प. २०२३, नि.नं. ३२७, पृ. ८२; सर्वज्ञरत्न तुलाधर वि. अध्यक्ष राष्ट्रिय पञ्चायतसमेत, ने.का.प. २०३५, नि.नं. ११९७, पृ. १६८; थिरप्रसाद पोखरेल वि. हरिहर विरही, ने.का.प. २०४९, नि.नं. ४६०४, पृ. ४०४९ (यी दुवै मुद्दाहरूमा अवहेलनामा सजाय गर्न पाउने अदालतको अधिकारलाई संविधानका अन्य व्यवस्थाको अधीनस्त बनाइएको छैन भन्ने व्याख्या आएको छ)

15 जुगुतलाल यादव वि. सोमन ठाकुर वडही, ने.का.प. २०६३, नि.नं. ७८०१; प्रकाशमणि शर्मासमेत वि. गिरिजाप्रसाद कोइराला, सार्वजनिक सरोकार भाग २ दोस्रो भाग (२०६६) पृ. ३६९।

16 यादवराज पोखरेलसमेत वि. रामकृष्ण डंगोलसमेत ने.का.प. २०६६, नि.नं. ८०७६, पृ. २५२।

17 ईश्वरचन्द्र अग्रवाल वि. जिल्ला पञ्चायत सचिवालय मकवानपुर, ने.का.प. २०४५, नि.नं. ३५२४, पृ. ७०३, यद्यपि सजाय गर्ने सन्दर्भमा मनसाय तत्त्व सान्दर्भिक हुन्छ भनिएको पनि छ। सानुबहादुर श्रेष्ठ वि. उपराष्ट्रपति परमानन्द झा, ने.का.प. २०६८, नि.नं. ८६६०, पृ. १२४३; अधिवक्ता हेमराज अधिकारी वि. सम्बोधन साप्ताहिक २०६२ सालको AP-०१२७, फैसला मिति २०६७।५।१७ (वास्तविकताविहीन, आधारहीन र अस्वाभाविक समाचारको प्रकाशन); टेकबहादुर रावल वि. दृष्टि साप्ताहिकसमेत, २०६४ सालको फौ विविध नं. ०००८ फैसला मिति २०६७।१०।२७ (यसमा मनसाय नभएको भनी सफाइ दिएको)

18 सर्वोच्च अदालत वि. लोकबहादुर विष्ट, ने.का.प. २०२८, नि.नं. ६०२, पृ. १३३; यादवराज पोखरेलसमेत वि. रामकृष्ण डंगोलसमेत, ने.का.प. २०६६, नि.नं. ८०७६, पृ. २५२; बोधबहादुर राउत वि. नेबाए अध्यक्ष शम्भु थापासमेत, ने.का.प. २०६७, नि.नं. ८३४२, पृ. ५५६।

19 देवीबहादुर रावल वि. नेपाल खाद्य संस्थानको सञ्चालक समितिको अध्यक्ष पुरुषोत्तम ओझा, फौजदारी कानूनः दुनियाँवादी दोस्रो भाग-२०६६, भाग ७ पृ. २०९; मिनकुमारी क्षेत्री वि. बुटवल नगर पञ्चायत, ने.का.प. २०४७, नि.नं.

नहुने[20], इजलासमा न्यायाधीशलाई अपशब्द प्रयोग गर्ने वा होच्याउने, झिझ्याउने वा अशिष्ट किसिमले बोल्ने, लाञ्छना लगाउने[21], अदालतका कर्मचारीलाई आक्रमण गर्ने कुराहरूलाई अदालतले सापेक्षिकरूपमा कठोरतापूर्वक व्यवहार गरेको छ[22]। अदालतको आदेश जे जस्तो भए पनि कि त न्यायिक प्रक्रियाबाट पुनरावलोकन गर्नु गराउनुपर्छ अन्यथा आदेश फैसला मान्नुपर्छ भन्ने अदालतको स्पष्ट मत रहेको देखिन्छ[23]। छैठौं, अवहेलनाको कारबाही गर्दा अदालतले संयमित दृष्टिकोण अपनाउनु पर्छ[24]। न्यायाधीशले गरेको न्यायिक कामको सन्दर्भमा बोलिएको कुरा हो वा अन्य प्रशासनिक वा व्यक्तिगत कार्यको आलोचना गरिएको हो, छुट्याएर हेरिनुपर्छ र अवहेलनालाई न्यायिक कार्य वा न्याय सम्पादनमा अवरोध गर्ने, अदालतको इज्जत प्रतिष्ठामा आक्रमण गर्ने वा भ्रम फैलाउने कार्यमा सीमाङ्कन गरिनुपर्छ भन्ने दृष्टिकोण विकास गरेको पाइन्छ[25]। प्रवृत्तिगत रूपमा देख्न सकिने अर्को कुरा आलोचना सुन्न सक्ने क्षमतामा वृद्धि हो। आफ्नो आदेश वा फैसलामा समालोचना वा आलोचना हुँदा अवहेलनामा कारबाही र सजाय गर्नु हुँदैन; अवहेलनामा अदालतले संयमित सोच राख्नुपर्छ भन्ने दृष्टिकोण पछिल्लो समयमा विकास भइरहेको पाइन्छ[26]।

४०५०, पृ. ४९; शङ्करलाल चौधरी वि. मदनकुमार चौधरी, ने.का.प. २०५४, नि.नं. ६४१२, पृ ४०४; यज्ञदेव भट्ट वि. डा. सुधा शर्मा, ने.का.प. २०७०, नि.नं. ९१०५, पृ ५६; सर्वोच्च अदालत वि. गृह मन्त्रालयसमेत, ने.का.प. २०६८, नि.नं. ८७५७, पृ ७७; यादवराज पोखरेलसमेत वि. रामकृष्ण डंगोलसमेत, ने.का.प. २०६६, नि.नं. ८०७६, पृ. २५२; शुसिल चौधरी वि. कार्यालय प्रमुख जि.प्र.का. काठमाडौं फौजदारी कानूनः दुनियाँवादी दोस्रो भाग-२०६६ भाग ७ पृ १८४।

20 अरूण भट्टराई वि. प्रकाशलाल श्रेष्ठ, ने.का.प. २०५२, नि.नं. ५०४२, पृ. ८३, (अदालतबाट दुई-दुई पटक म्याद दिँदा पनि प्रतिवादै नगरी बसेको)।

21 सर्वोच्च अदालत फुलबेन्च वि. अधिवक्ता कृष्णप्रसाद भण्डारी, ने.का.प. २०२५, नि.नं. ४१५, पृ. १३४ (मुद्दा स्थगित नगरेको विषयमा आज एक्स्पर्ट न्यायाधीश हुनु भएको भए मेरो शारीरिक अवस्थामा विचार गरी मुद्दा स्थगीत गरिने थियो भनेको विषय); सर्वोच्च अदालत वि. कुसुम श्रेष्ठ, ने.का.प. २०२३, नि.नं. ३२७, पृ. ८२ (अदालतलाई विपक्षीतर्फका वकिलले डिक्टेट गरेको भनी अंग्रेजीमा बहस सुरू गरेको) कृष्णप्रसाद सिलवाल वि. किसोर श्रेष्ठ २०५३ सालको फौ। विविध न. १७८ फैसला मिति २०५५।८।१४ (सर्वोच्च अदालतमा पनि गिरोह भन्ने समाचार प्रकाशित गरी न्यायाधीशउपर लाञ्छना लगाएको)।, सुरेशकुमार ढुङ्गाना वि. रिसिकेश साह (२०५२ सालको फौ विविध नं. १३० फैसला मिति २०५५।११।१८) र गुणनीधि न्यौपाने वि. मनमोहन अधिकारीसमेत, ने.का.प. २०५७, नि.नं. ६९१६, पृ. ५२१ (२०५२।५।१२ को फैसलाबारे टिप्पणी / प्रतिक्रिया)।

22 गणेशबहादुर सुनार वि. श्री ५ को सरकार, ने.का.प. २०४२, नि.नं. २४०४, पृ. ५८६ (न्यायाधीशका विरूद्ध पम्पलेटिङ); कैलासकुमार हमाल वि. सुपक्षेअ, ने.का.प. २०४७, नि.नं. ४१०४, पृ. २६६ (न्यायाधीशलाई भ्रष्ट न्यायाधीश भनी कैदी पुर्जीमा अपशब्द लेखेको); अधिवक्ता हेमराज अधिकारी वि. सम्बोधन साप्ताहिक २०६२ सालको AP-०१२७, फैसला मिति २०६७।५।१७ (वास्तविकताविहीन, आधारहीन र अस्वाभाविक समाचारको प्रकाशन)।

23 सर्वोच्च अदालत वि. रामलखन चौधरी, ने.का.प. २०३६, नि.नं. १२६९, पृ. १४९।

24 अधिवक्ता हेमाङगकुमार शर्मा वि. सुरूची साप्ताहिक, संवैधानिक कानून पहिलो भाग (२०१५-२०६७) भाग १० (ग) पृ. ३२८।

25 अधिवक्ता सन्तोष भट्टराई वि. कनकमणि दिक्षित, ने.का.प. २०६४, नि.नं. ७८३९, फौजदारी कानूनः दुनियाँवादी दोस्रो भाग २०६६ भाग-७ पृ.९०।

26 अधिवक्ता हेमाङगकुमार शर्मा वि. सुरूचि साप्ताहिक, संवैधानिक कानून पहिलो भाग (२०१५-२०६७) भाग १० (ग) पृ. ३२८; रविराज भण्डारी वि. सभामुख तारानाथ रानाभाटसमेत संवैधानिक कानून पहिलो भाग (२०१५-२०६७) भाग १० (ग) पृ. ३५७; प्रकाशमणि शर्मासमेत वि. गिरिजाप्रसाद कोइराला, सार्वजनिक सरोकार भाग २ दोस्रो भाग (२०६६) पृ. ३६९; राधेश्याम पराजुली वि. वालकृष्ण बस्नेत २०६३ सालको विविध नं. ०००७ फैसला मिति २०६७।११।१;

१२. प्रस्तुत विवादको प्रसङ्ग कान्तिपुर दैनिकमा प्रकाशित समाचार र डा. गोविन्द के.सी. ले दिएको अभिव्यक्तिलाई विभिन्न अनलाइन सञ्चारहरूले स्थान दिएको विषयसमेत हुँदा विचार र अभिव्यक्ति स्वतन्त्रता र अवहेलनामा कारबाही गर्न पाउने अदालतको शक्तिबिचको सीमाङ्कन के हुन सक्छ, यो विषयलाई अदालतले के कसरी हेरेको रहेछ भन्ने पनि स्वाभाविक रूपमा अध्ययनको विषय बन्दछ। अदालतसँग सम्बन्धित विषयवस्तु प्रकाशित गरेकोमा प्रेस तथा सोसँग सम्बन्धित व्यक्तिहरूलाई अवहेलनामा सजाय गरेका र नगरेका दुवै किसिमका दृष्टान्तहरू छन्। तर विचार र अभिव्यक्ति स्वतन्त्रताको विषयमा पछिल्लो समयमा विकसित धारणा भने सापेक्षिक रूपमा सहिष्णु नै देखिन्छ। हाल विकसित सहिष्णु र संयमपूर्ण दृष्टिकोणबाट पुराना मुद्दाहरूको आज पुनरावलोकन गर्ने हो भने कतिपय अवस्थामा फरक परिणाम पनि देखिन सक्छ । अदालतले अपनाएको पछिल्लो उदारवादी नजरबाट हेर्दा कतिपय मुद्दामा यस अदालतले तत्कालमा लिएको धारणा अब कायम रहन नसक्ने सम्भावना देखा पर्दछ । उदाहरणको लागि एउटा अनुसन्धानात्मक लेख वा अदालतको विषयमा छापिएको एउटा कार्टुनको विषयमा अदालतले अवहेलनामा कारबाही गर्ने कुरा वर्तमान अवस्थामा असान्दर्भिक बन्दै गएको छ । यस्ता विषयमा कारबाहीको उठानसम्म पनि हुन सक्छन् भन्ने कुरा आज सायदै सोचिन्छ होला । तसर्थ, अवहेलनामा सजाय गर्ने शक्तिबारे नेपालमा विकसित पछिल्लो धारणा उदार, सहिष्णु, संयमित किसिमको एवं मानव अधिकार र तुलनात्मक विधिशास्त्रमा विकसित मान्यताबाट सुसूचित पनि छ भन्नेबारे हेक्का राख्नु वाञ्छनीय देखिन्छ।

१३. अदालतको अवहेलनामा कारबाही र सजाय गर्न पाउने अदालतको शक्ति तथा विचार र अभिव्यक्ति स्वतन्त्रताबिचको अन्तरसम्बन्धको विषयमा यस अदालतबाट स्थापित मान्यताबारे चर्चा गर्दा *हरिहर विरहीको* मुद्दा तुलनात्मकरूपमा महत्त्वपूर्ण देखिन्छ[27] । *विरहीको* मुद्दा नेपाल अधिराज्यको संविधानमा प्रत्याभूत हक अधिकारको पृष्ठभूमिमा फैसला भएको मुद्दा हो । अवहेलना र विचार र अभिव्यक्ति स्वतन्त्रताबिचको अन्तरसम्बन्धबारेमा सो मुद्दामा यस अदालतले भनेको छः

> **"हाम्रो संविधान निर्माताहरूले वैयक्तिक स्वतन्त्रताको परिसिमन कानूनद्वारा गर्न सकिने व्यवस्था धारा १२(१) मा गरेका छन् भने धारा १२(२)(क) ले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रतामा मुनासिब प्रतिबन्ध लगाउन सकिने कुरालाई संविधानले स्वीकार गरेको देखिन्छ । नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बिचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध**

खड्गबहादुर शाह वि. हेमराज ज्ञवाली २०६२ सालको विविध नं. ११९, फैसला मिति २०६६।१२।१९; कृष्णगोपाल श्रेष्ठ वि. कान्तिपुर एफ.एम. प्रा.लि. २०६२ सालको विविध नं. १२२, फैसला मिति २०६६।१२।१९; हेमराज अधिकारीसमेत वि. सम्बोधन साप्ताहिकसमेत २०६३-AP-०१२७, फैसला मिति २०६७।५।१७; अरूणकुमार ज्ञवाली वि. कनकमणी दीक्षित, ने.का.प. २०६८, नि.नं. ८५३९, पृ. ८९; अधिवक्ता अन्जनीकुमार पोखरेल वि. कैलास सिरोहियासमेत २०७१-MS-०००३, फैसला मिति २०७३।१०।२०।

27 थिरप्रसाद पोखरेल वि. हरिहर विरही ने.का.प. २०४९, नि.नं. ४६०४, पृ. ४०४९।

**लगाउन सक्ने अधिकार धारा १२(२) को प्रतिबन्धात्मक वाक्यांश खण्ड (१) ले व्यवस्थापिकालाई प्रदान गरेको देखिन्छ। प्रतिबन्ध मुनासिव छ छैन सो बनाएको कानून संवैधानिक सीमाभित्र बनेको छ, छैन भन्ने कुराको न्यायिक परीक्षण हुन सक्दछ। यसरी हेर्दा हाम्रो संविधानले स्वतन्त्रता र त्यसमा लगाइने प्रतिबन्ध दुवैलाई न्यायिक परीक्षण र नियन्त्रणभित्र राखेको छ।...जुन कारण र आधारमा विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई संविधानले सीमाबद्ध गरेको छ। त्यही कारण र आधारमा धारा १३(१) को हक (अर्थात् प्रेस र प्रकाशनको हक) लाई संविधानले सीमाबद्ध गरेको छ। *विचार र अभिव्यक्तिको स्वतन्त्रता नागरिकलाई जति मात्रामा संविधानले प्रदान गरेको छ त्यति मात्रामा मात्र प्रेसले पूर्वबन्देजबाट उन्मुक्ति प्राप्त गरेको छ।* दुवै हकहरूको प्रयोग आ-आफ्ना सीमाभित्र रहेर भएको छ छैन भनेर यो अदालतले हेर्न जाँच्न सक्छ। त्यसमा कुनै अड्चन छैन... *विचार र अभिव्यक्तिको स्वतन्त्रताले अदालतको अवहेलना गर्ने छुट प्रदान गर्न सक्दैन*"[28]।**

१४. सो मुद्दामा *"विचार* र अभिव्यक्तिको *स्वतन्त्रता नागरिकलाई जति मात्रामा संविधानले प्रदान गरेको छ त्यति मात्रामा मात्र प्रेसले पूर्वबन्देजबाट उन्मुक्ति प्राप्त गरेको छ"* भन्ने र *"विचार र अभिव्यक्तिको स्वतन्त्रताले अदालतको अवहेलना गर्ने छुट प्रदान गर्न सक्दैन"* भनी गरिएको प्रतिस्थापनामार्फत यस अदालतले प्रेस स्वतन्त्रताको अधिकतम सीमा व्यक्तिगत अभिव्यक्तिको स्वतन्त्रताको सीमासम्म हो, सो सीमाभन्दा बाहिर गएमा अभिव्यक्ति अवहेलनाको विषय बन्न सक्छ; न्याय सम्पादनमा हुने अवरोधलाई रोक्न अवहेलनामा सजाय गर्ने अधिकारको प्रयोग हुन सक्छ; त्यसमा कुनै अड्चन छैन भन्ने दृष्टिकोण अघि सारेको देखिन्छ। न्यायविहीन समाजमा अधिकारको अस्तित्व रहँदैन; न्याय मर्दा सबै कुरा मर्दछ। अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दा न्यायको महत्त्वलाई बिर्सेर जथाभावी गर्न पाइँदैन भन्ने शाश्वत मान्यतालाई सङ्क्षेपमा पुनस्मरण गराउने कार्य पनि उक्त प्रतिपादित सिद्धान्तमार्फत यस अदालतले गरेको देखिन्छ।

१५. माथि उल्लिखित संवैधानिक दृष्टिकोणको अतिरिक्त *हरिहर विरहीको* मुद्दामा भएको फैसला अन्य कैयौं दृष्टिकोणबाट पनि महत्त्वपूर्ण छ। सो मुद्दामा "कुनै लेख वा अभिव्यक्ति वा कार्यलाई हेरेर सो कार्य अवहेलनाजनक छ वा छैन भन्ने सम्बन्धमा सामान्य व्यक्तिको समझ (Man of general prudence) ले निकाल्न सक्ने निष्कर्ष नै अवहेलनासम्बन्धी कार्यको परीक्षणको आधार बन्दछ" भन्दै अदालतले विधिशास्त्रीय नजरबाट अवहेलनाको विषयवस्तुलाई हेर्ने प्रयास गरेको देखिन्छ। त्यसैगरी प्रजातान्त्रिक खुला समाजमा विचारहरूको स्थायी प्रवाहमार्फत सचेत जनमत तयार गर्ने कार्यमा सञ्चार क्षेत्रले खेल्ने भूमिकालाई महसुस गर्ने र त्यसलाई विश्वव्यापी मानव अधिकारसम्बन्धी घोषणा र महासन्धिहरूमा नेपालले जनाएको वचनबद्धतासँग पनि जोडेर हेर्ने र आफ्नै विगतबाट पनि पाठ सिक्नुपर्ने आवश्यकताबारेमा पनि सो फैसलाले उजागर गरेको छ[29]। त्यसैगरी,

28 थिरप्रसाद पोखरेल वि. हरिहर विरही ने.का.प. २०४९, नि.नं. ४६०४, पृ. ४०४९।

29 सो फैसलामा अदालतले "प्रजातान्त्रिक खुला समाजमा

सो मुद्दामा तुलनात्मक विधिशास्त्रको चर्चा गर्ने क्रममा अमेरिकीहरूले वाक र प्रकाशन स्वतन्त्रता (Freedom of speech and press) लाई सीमाबद्ध गर्ने क्रममा विकास गरेको "स्पष्ट र तत्काल खतराको सिद्धान्त (Clear and present danger test)" अर्थात् कुनै लेख वा रचनाले सार्वजनिक हितमा स्पष्ट रूपमा र तत्काल खतरा पुऱ्याउँछ तथा सो कुरा अवश्यम्भावी (Imminent) छ भने त्यसमा प्रतिबन्ध लाग्न सक्छ भन्ने कुरालाई जानकारीमा लिएको छ[30] । अवहेलनाको विषयमा बेलायती र भारतीय दृष्टिकोणलाई पनि सो फैसलामा नियाल्ने कोसिस गरिएको छ । तर सो फैसलाले सूचनाको हक[31] लाई अभिव्यक्ति दिन संवाहकको भूमिका प्रेस वा सञ्चार क्षेत्रले खेल्छ भन्ने र सूचनाको हकको नजरबाट पनि अवहेलनाको विषयलाई हेरिनुपर्छ भन्ने कुराको आँकलन र विश्लेषण भने गर्न सकेको पाइँदैन । वर्तमान संविधानमा विचार र अभिव्यक्तिको स्वतन्त्रताको अतिरिक्त धारा २० मा न्यायसम्बन्धी हक, धारा २१ मा पीडितको हक, धारा २२ मा यातना विरूद्धको हकको साथै नागरिक राजनीतिक, आर्थिक सामाजिक सांस्कृतिक अधिकारहरूको बृहत् खाका प्रस्तुत गरिएको हुँदा संविधान प्रदत्त समस्त हकहरूको सन्दर्भमा समेत अवहेलनामा सजाय गर्ने अदालतको शक्तिको सन्तुलित प्रयोग गरिनु मनासिब हुँदा यो विषयवस्तुलाई संविधान प्रत्याभूत हकहरूको परिप्रेक्ष्यमा समेत हेर्नुपर्ने आवश्यकता परेको छ ।

**१६. निरूपण गरिनुपर्ने तेस्रो प्रश्नः वर्तमान संविधानले प्रत्याभूत गरेका मौलिक हक र स्वतन्त्रताको सन्दर्भमा सञ्चार क्षेत्रले खेल्ने भूमिका र न्याय सम्पादनसम्बन्धी अदालतको शक्तिलाई अक्षुण्ण राख्न के कस्ता सीमा रेखा कोरिनु जरूरी हुन्छ ?** प्रारम्भमा नै प्रस्तुत विवादको निरूपण गर्दा नेपालको संविधानको धारा १७(२)(क) द्वारा प्रत्याभूत विचार र अभिव्यक्तिको स्वतन्त्रता, धारा १९ द्वारा प्रत्याभूत सञ्चारको हक, धारा २० द्वारा प्रत्याभूत न्यायसम्बन्धी हक, धारा २७ मा वर्णित सूचनाको हक, र धारा १२८ को उपधारा (१) मा वर्णित संविधान र कानूनको अन्तिम व्याख्या गर्ने अधिकार र उपधारा (४) मा उल्लेख भएको "न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश फैसलाको अवज्ञा गरेमा" अदालतको अवहेलनामा सजाय गर्न सक्ने अधिकारसहितका संवैधानिक व्यवस्था, ती व्यवस्थाबिचको अन्तरसम्बन्ध, मानव अधिकार कानूनले त्यसमा पारेको प्रभावसमेतका विषयमा चर्चा गरिएको र एउटा दृष्टिकोण निर्माण गर्नु आवश्यक रहेको कुरा उल्लेख भइसकेको छ । नेपालको संविधानको धारा १२६ को उपधारा (१) मा "**नेपालको न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने**

विचारहरूको स्थायी प्रवाहमार्फत सचेत जनमत तयार गर्ने कार्यमा सञ्चार क्षेत्रले खेल्ने भूमिका कम महत्त्वपूर्ण छैन । एकातर्फ विश्वव्यापी मानव अधिकारसम्बन्धी घोषणा र महासन्धिहरूमा नेपालले आफ्नो वचनबद्धता प्रकट गरिसकेको छ भने अर्कोतर्फ विगतमा पत्र-पत्रिका र छापाखानाउपर नियन्त्रण गर्ने सिलसिलामा छापाखाना नै बन्द गर्ने तथा पत्रपत्रिकाको दर्ता खारेज हुने गरेको हाम्रो आफ्नै अनुभव धारा १३ को संवैधानिक प्रत्याभूतिको पछाडि कारक तत्त्व रहेको कुरालाई बिर्सन सकिँदैन" भनेको छ ।

30 सो फैसलामा *Rosenbloom vs Metromedia* 409 US 29 (1971) (public and general interest test); *Dennis v United States* 341 US 494 (1951) आदि मुद्दाहरूको पनि उदारहण दिँदै सामुहिक हितका लागि प्रेसको स्वतन्त्रतामा नियन्त्रण हुन सक्ने कुरा हरू उल्लेख गरिएको र *Schench v United States*, 249 US 47 (1919) मा रहेको न्यायमुर्ति Holmes को प्रसिद्ध भनाइ पनि राखिएको छ ।

31 नेपाल अधिराज्यको संविधान २०४७, धारा १६ मा नै सूचनाको हकबारे व्यवस्था छ ।

**छ**" भन्ने व्यवस्था रहेको छ। न्यायिक अधिकार प्रयोग गर्ने अदालत र न्यायिक निकायहरू "न्याय सम्पादन गर्ने" र समाजमा न्याय सुनिश्चित गर्ने संस्था हुन् । न्यायपालिका सेवा प्रवाह गर्ने संस्था हुँदा यसले आफैँले आफ्नो लागि अधिकारको उपभोग गर्दैन । आफ्नै लागि अधिकारको उपभोग गर्ने यसको कुनै उद्देश्य, प्रयोजन र अभिष्ट पनि हुँदैन । त्यसैले धारा १२६ को उपधारा (१) मा प्रयुक्त "अधिकार" भन्ने शब्दलाई अख्तियारी (Power/Authority) एवं दायित्वको अर्थमा पनि बुझ्न वाञ्छनीय हुन्छ । यसको प्रयोग संविधान, कानून र न्यायका मान्य सिद्धान्तबमोजिम सञ्चालन गरिनुपर्छ भन्ने संविधानको निर्देशन हो। न्याय प्रदान गर्ने राज्यको आधारभूत दायित्वको निर्वाह अदालत तथा न्यायिक निकायबाट गरिने हुँदा यसलाई दायित्वको रूपमा समेत बुझ्नुपर्ने हुन्छ । अदालत तथा न्यायिक निकायबाट निर्वाह गरिने यही अख्तियारी एवं दायित्वको प्रयोगमा अर्थात् "न्याय सम्पादन" गर्ने कार्यमा कसैले अवरोध गरेमा त्यस्तो कार्य अवहेलनाको विषय बन्छ।

१७. नेपालको संविधानको धारा १२६ को उपधारा (१) मा प्रयुक्त "अधिकार" शब्दले यथार्थमा अधिकार नभई न्याय सम्पादन गर्ने अख्तियारी एवं दायित्वलाई जनाउँदछ भन्ने कुरालाई अर्को दृष्टिबाट पनि हेर्न सकिन्छ । उदाहरणको लागि, नेपालको संविधानको धारा २० मा व्यक्तिहरूलाई न्यायसम्बन्धी हक प्रत्याभूत गरिएको छ । त्यसैगरी धारा २१ मा अपराध पीडितको हक र धारा २२ मा यातना विरूद्धको हक प्रत्याभूत गरिएको छ । संविधानमा वर्णित मौलिक हकहरू आफैँ प्रचलन हुँदैनन्; प्रचलन गराइदिने संस्था चाहिन्छ र यस्तो संस्था अरू कोही नभई "स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका" हो भन्ने पनि संविधानको स्पष्ट मान्यता रहेको छ। अर्थात् "स्वतन्त्र, निस्पक्ष र सक्षम अदालतबाट स्वच्छ सुनुवाइ प्राप्त गर्ने" संविधानको धारा २० को उपधारा (९) मा वर्णित प्रत्येक व्यक्तिको अधिकारलाई[32] न्यायपालिकाले सुनिश्चित गर्ने हो । त्यस मानेमा पनि धारा १२६ को उपधारा (१) को व्यवस्थालाई "अख्तियारी" एवं दायित्वको रूपमा समेत हेरिनुपर्छ।

१८. "स्वच्छ सुनुवाइ" व्यक्तिको अधिकार मात्र नभई न्याय सम्पादनको मूल मार्ग पनि हो । अर्थात्, न्याय सम्पादनको हरेक कार्य र कारबाहीमा "स्वच्छ सुनुवाइ" का सिद्धान्तहरूको अनुशरण गरिनुपर्छ। स्वच्छ सुनुवाइको सिद्धान्तले अपवादको अवस्थामा बाहेक खुला सुनुवाइको सिद्धान्तलाई अङ्गीकार गर्छ। खुला अदालत वा इजलास स्वच्छ सुनुवाइको सामान्य नियम (Norm) र परिपाटी हो भने बन्द इजलास (In-camera hearing) अपवाद (Exception) हो । नेपालको संविधान, कानून वा अदालतका फैसलाले नै गोप्य राख्नु भनेको कुरा[33] बाहेक खुला अदालत वा खुला इजलासमा पेस गरिने कागज प्रमाणहरू, अदालतबाट जारी गरिने म्याद सूचना, गरिएका आदेशहरू, इजलासबाट भए

32 धारा २०(९) मा भनिएको छः "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निस्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने छ" । स्वच्छ सुनुवाइको हकलाई मुलुकी अपराध संहिता, २०७४ दफा १० मा पनि फौजदारी न्यायसम्बन्धी हकको रूपमा उल्लेख गरिएको छ।

33 उदाहरणको लागि हेर्नुहोस्, वैयक्तिक गोपनियतासम्बन्धी ऐन, २०७५ को दफा १७; अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ६; बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ११, २५, २६, ३५; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १८३; मुलुकी देवानी कार्यविधि संहिता, २०७४ दफा २७६; सपना प्रधान मल्ल वि. नेपाल सरकार प्रधानमन्त्री तथा म.प.स. ने.का.प. २०६४, नि.नं. ७८८०, (महिला बालबालिका पीडितको रूपमा संलग्न, बालबालिका पक्ष भएका वा एच.आई.भि./एडस संक्रमित व्यक्तिहरूको गोप्यताको विषय)

गरेका आदेशहरू सबैमा सरोकारवालाको सहज पहुँच रहन्छ र रहनुपर्छ। स्वच्छ सुनुवाइ र खुला इजलासमा गरिने कारबाहीले न्यायाधीशलाई हरदम जनताको निगरानीमा राख्दै स्वेच्छाचारी र अनुशासनहीन हुन रोक्न र न्याय व्यवस्थालाई उत्तरदायी एवं विश्वसनीय बनाउन मद्दत गर्दछ[34] । यिनै प्रसङ्गमा पनि सूचनाको हक, सञ्चारको हक र विचार र अभिव्यक्तिको स्वतन्त्रताको अदालतको कारबाहीसँग सम्बन्ध र सरोकार रहन्छ । स्वच्छ सुनुवाइ गर्ने र सुनुवाइ खुला इजलासमा गर्नुपर्ने दायित्व भएको अदालतले यी हकहरूको सम्मान गर्दिन भन्न मिल्दैन। जनतालाई अदालतमा के हुन्छ वा भइरहेको छ भन्ने विषयमा सूचना माग्ने, सञ्चारका साधनहरूलाई सो विषयमा प्राप्त सूचना प्रशारण गर्ने र भए गरेका आदेश र फैसलाहरूबारे टिप्पणी गर्ने हक रहन्छ । त्यसैले पनि अवहेलनामा सजाय गर्ने अधिकारको प्रयोग गर्दा अदालतले निष्पक्षतापूर्वक र स्वच्छ सुनुवाइका सिद्धान्तहरूको अनुशरण गर्नु आवश्यक हुन्छ। व्यक्तिहरूका सूचना, सञ्चार र अभिव्यक्तिका स्वतन्त्रता गोप्यताको हकको समेत सम्मान गरिएको छ वा छैन भन्ने कुरा अवश्य नै सान्दर्भिक बन्दछन् । न्यायको रोहमा यी सबै सर्तहरूको पालना गरिँदा गरिँदै पनि अदालतको अख्तियारीको उल्लङ्घन गरी "न्याय सम्पादनको कार्य" मा अवरोध गरिएको छ भन्ने स्थापित भएमा सो अवहेलनाजन्य विषय बन्न जान्छ।

१९. स्वतन्त्र र सक्षम न्यायपालिकाद्वारा गरिने न्याय सम्पादनको कार्य, विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचना र सञ्चारको हकलाई मानव अधिकारसम्बन्धी कानूनको दृष्टिबाट पनि हेर्न सकिन्छ । नेपालले अनुमोदन गरेको नागरिक र राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा १४ ले अदालत र न्यायाधिकरणको सामुन्ने सबै समान हुने र कसैलाई पनि आफू विरूद्धको कसुरमा वा अदालतमा परेको विवादमा अधिकार र दायित्वको निर्धारण गर्दा **कानूनद्वारा संस्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणद्वारा स्वच्छ र सार्वजनिक सुनुवाइको हक** हुने कुरा प्रत्याभूत गरेको छ[35] । स्वच्छ र सार्वजनिक

34 In *AG v Leveller Magazine Ltd* [1979] AC 440, 450, Lord Diplock states: "If the way that courts behave cannot be hidden from the public ear or eye this provides a safeguard against judicial arbitrariness or idiosyncrasy and maintains public confidence in the administration of justice. The application of this principle of open justice has two aspects: as respects proceedings in the court itself it requires that they should be held in open court to which the press and public are admitted and that, in criminal cases at any rate, all evidence communicated to the court is communicated publically. As respects the publication to a wider public of fair and accurate reports of proceedings that have taken place in court the principle requires that nothing should be done to discourage this. Cited in C.J Miller supra note 3 at p 464.

35 ICCPR Art 14(1) states, "All persons shall be equal before the courts and tribunals. In the determination of any criminal charge against him, or of his rights and obligations in a suit at law, everyone shall be entitled to a fair and public hearing by a competent, independent and impartial tribunal established by law. The press and the public may be excluded from all or part of a trial for reasons of morals, public order (ordre public) or national security in a democratic society, or when the interest of the private lives of the parties so requires, or to the extent strictly necessary in the opinion of the court in special circumstances where publicity would prejudice

सुनुवाइले कारबाहीको निष्पक्षता सुनिश्चित गर्छ । अदालतबाट स्वच्छ र सार्वजनिक सुनुवाइ हुनुपर्छ । सार्वजनिक नैतिकता, शान्ति र सुव्यवस्था वा राष्ट्रिय सुरक्षा वा व्यक्तिको निजी जीवनको रक्षा वा न्यायको निम्ति जरूरत परेको केही सीमित वा अपवादजन्य अवस्थामा प्रेस वा जनसाधारणलाई कारबाहीको कुनै वा सबै अवस्थामा बाहेक गर्न सकिने अवस्था पनि रहन्छ । साधारणतया यस्तो अवस्था बालबालिकाको संरक्षण र अभिभावकत्व, पीडित वा साक्षीको रक्षा, यौनजन्य अपराधहरूको सुनुवाइ, पारिवारिक सम्बन्ध विशेषतः सम्बन्ध विच्छेद, यौन सक्षमता, यौनजन्य हिंसासम्बन्धी विवाद, निजी गोप्यता वा बौद्धिक सम्पत्तिसम्बन्धी विवादहरूमा आइपर्दछ र यस्तोमा न्यायाधीशहरूले बन्द इजलासबाट सुनुवाइ गर्ने आदेश दिन सक्छन् । यस्तो आदेश कानूनको निर्देशनमा वा पक्षको निवेदनमा हुन सक्छ । तर बन्द इजलासबाट सुनुवाइ गर्ने आदेश दिएकोमा पनि फैसला भने सार्वजनिक गरिनु नै पर्छ । **मानव अधिकार कानूनले अनुहारविहीन न्यायाधीश (faceless judge) वा बेनामी न्याय (anonymous justice) को परिकल्पनालाई सहर्ष स्वीकार गर्दैन[36] । यो कानूनको परिकल्पना खुला, पारदर्शी र पूर्ण न्याय हो । त्यसैले खुला इजलासको कारबाही वा फैसलाबारे सूचना माग्ने, सूचना पाउने र मौखिक वा लिखित रूपमा वा छापेर वा कलाको रूपमा अन्य तरिकाले वितरण गर्ने हक सबैलाई हुन्छ[37] । विद्यमान कानूनी सीमाभित्र रहेर त्यस्तो फैसलाबारे समाचार बनाउने वा टिप्पणी गर्न सञ्चार क्षेत्र स्वतन्त्र रहन्छ भन्ने कुरालाई मानव अधिकार कानूनमा स्वीकार गरिन्छ ।**

२०. सूचनाको हक, अभिव्यक्ति एवं प्रेस र सञ्चारको स्वतन्त्रताबारे गम्भीरतापूर्वक हेरिनुपर्ने थप कारण पनि छ । ऐतिहासिक रूपमा स्वच्छ समाचारबारे कमन लअन्तर्गत कसैले गाली बेइज्जतीपूर्ण कार्य दोहोऱ्याएमा दायित्व बेहोर्नुपर्छ भन्ने व्यवस्था छ[38] तर पत्रकारहरूले गाली बेइज्जतीपूर्ण अभिव्यक्ति दोहोऱ्याउँदा भने सजाय नहुने कुरा कमन लमा विस्तारै विकसित हुन आयो । **प्रेसलाई किन यस्तो अपवादजन्य स्थितिमा राखिनुपर्छ भन्नेबारे तीनवटा तर्कहरू अघि सारिन्छ । पहिलो, पत्रकारले जनताको वारिस / एजेन्टको रूपमा अधिकारको प्रयोग गर्दै जनताकै नजरले अदालती कारबाहीलाई हेर्ने कार्य गरिरहेको हुन्छ । भनिन्छ, पत्रकार जनताको आँखा र कान हो । उसले अदालतमा भए गरेका घटनाबारे जनतालाई बताउँछ । दोस्रो, लोकतान्त्रिक मुलुकहरूमा सार्वजनिक संस्थाहरूमा के भइरहेको**

the interests of justice; but any judgment rendered in a criminal case or in a suit at law shall be made public except where the interest of juvenile persons otherwise requires or the proceedings concern matrimonial disputes or the guardianship of children."

36 OHCHR, HUMAN RIGHTS IN ADMINISTRATION OF JUSTICE A Manual on Human Rights for Judges, Prosecutors and Lawyers, (Geneva 2003), pp. 262-67.

37 ICCPR Art 19(2) states, "Everyone shall have the right to freedom of expression; this right shall include freedom to seek, receive and impart information and ideas of all kinds, regardless of frontiers, either orally, in writing or in print, in the form of art, or through any other media of his choice."

38 कमन ल को नियमः" One who repeats or otherwise republishes defamatory matter is subject to liability as if he had originally published it"

**छ, अदालतको हकमा न्यायाधीश वा कर्मचारीहरूले कसरी काम गरिरहेका छन्, न्याय सम्पादन कसरी भइरहेको छ भनी हेर्ने र जान्ने अधिकार जनतालाई हुन्छ । पत्रकारहरूले समाचार र टिप्पणीमार्फत सार्वजनिक संस्थाहरूको लोकतान्त्रिक उत्तरदायित्वको स्थितिलाई जनतासमक्ष प्रस्तुत गर्ने र प्रकारान्तरले लोकतन्त्रलाई सुदृढ बनाउने कार्य गर्छन् । तेस्रो, पत्रकारहरूले अदालतका काम कारबाहीबारे समाचार र टिप्पणीहरू बनाएर जनतालाई उनीहरू अदालतको उपयोग र प्रयोग कसरी आफ्नो हितमा गर्न सक्छन् र ती संस्थाहरूमा के कस्तो सुधार आवश्यक छ भन्नेबारे सुसूचित गर्छन् । यस्तो कार्यले अन्ततः जनताको न्यायमा पहुँच बढाउँछ ।** अमुक कुरा गोप्य राखिनुपर्छ भनी कानूनले वा अदालतले स्पष्ट आदेशमार्फत केही समयको लागि वा स्थायीरूपमा रोक लगाएकोमा बाहेक पत्रकारलाई सार्वजनिक रूपमा उपलब्ध अदालत वा न्यायाधीशको काम कारबाहीसँग सम्बन्धित विषयमा समाचार बनाउने वा टिप्पणी वा समालोचना गर्ने अधिकार हुनुपर्छ भनिन्छ र यस्तो सार्वजनिकरूपमा उपलब्ध सत्य तथ्यको उद्घाटनलाई हानिकारक मानिँदैन । बरू सत्यको उद्घाटन गरिएको हो भन्ने कुरा अवहेलनाको आरोपमा एउटा महत्त्वपूर्ण प्रतिरक्षा बन्दछ[39] । **बदनियतपूर्वक सम्बन्धित व्यक्तिलाई निजीरूपमा हानि पुऱ्याउने नियत नराखी प्रकाशित वा प्रसारित स्वच्छ (Fair), सत्य एवं यथार्थ (Accurate), तटस्थ (Neutral), पूर्ण (Complete) समाचार वा टिप्पणी (Reportage or Comment) लाई लोकतान्त्रिक मुलुकहरूमा स्वीकारयोग्य विषय र सञ्चार क्षेत्रको विशेषाधिकारभित्र समेटिइन्छ[40] । चाहे गाली बेइज्जतीको मुद्दा होस वा अवहेलनाको, सञ्चार क्षेत्रले स्वच्छ, तटस्थ समाचार वा टिप्पणी प्रकाशित वा जनताका चासोका कुराहरू हुलाकीले जस्तै जनतासमक्ष पुऱ्याइदिएको भनी आफ्नो कार्यको प्रतिरक्षा (Wire service defense) गरेको र यी कुराहरूलाई न्यायिक प्रक्रियामा स्वीकार गरिएको पनि पाइन्छ[41] ।** स्वच्छ सुनुवाइ र स्वतन्त्र प्रेस दुई प्रतिस्पर्धी मूल्यहरू हुन् । यिनीहरूका बिच उचित सन्तुलन जरूरी हुन्छ भन्ने पछिल्लो समयमा अदालतहरूले स्वीकार गरेका छन्[42] ।

२१. स्वच्छ सुनुवाइ वा अभिव्यक्ति स्वतन्त्रता कुन कुरालाई महत्त्व दिने, यी दुई मूल्यहरूबिचमा के कस्तो सन्तुलन कायम गर्ने

39 See generally, Jeffrey Todd Burke v. Sparta Newspapers. Inc, 592 S.W.3d 116 (Tenn. 2019); C.J. Miller, supra note 3 at p.465-65; Richard Peltz, *Fifteen Minutes of Infamy: Privileged Reporting and the Problem of Perpetual Reputational Harm*, 34 Ohio Northern Univ. L. Rev.717, (2008), 720. Discussing the agency rationale, public supervision rationale; and the information rationale of fair and accurate and complete media reporting and comment and arguing that media has a fair comment, fair reportage, neutral reportage and wire service privilege.

40 उदाहरणको लागि हेर्नुहोस, भारतीय अदालतको अवहेलना सम्बन्धी ऐन, १९७१ को दफा ४ जहाँ स्वच्छ र यथार्थ रिपोर्टिङ र ५ जहाँ स्वच्छ र यथार्थ टिप्पणीलाई अपहेलनाजन्य मानिएको छैन । त्यसैगरी संयुक्त अधिराज्यको अदालतको अवहेलना सम्बन्धी ऐन,१९८१ को दफा ४ मा "Subject to this section a person is not guilty of contempt of court under the strict liability rule in respect of a fair and accurate report of legal proceedings held in public, published contemporaneously and in good faith." भनिएको छ ।

41 Richard Peltz, supra note 39.

42 *Attorney General v Times Newspaper* [1974] AC 273 cited in Surya Dhungel, Bipin adhikari, BP Bhandari and Chris Murgatryoid, COMMENTARY ON THE NEPALESE CONSTITUTION (1998 DeLF Kathmandu) 466

भन्नेबारेमा विधिको शासनको अवस्था, लोकतन्त्र के कस्तो रूपमा संस्थागत भएको छ, राज्यका संरचनाहरूले के कसरी कार्य गर्दै आएका छन्, न्यायिक संस्कृति के कुन रूपमा विकसित भएको छ भन्ने आदि कुराले पनि प्रभाव पार्दछ र फरक फरक देशमा परिस्थिति केही भिन्न हुन पनि सक्छ । उदाहरणको लागि, सामान्यरूपमा हेर्दा अमेरिकामा अभिव्यक्ति स्वतन्त्रतालाई बढी महत्त्व दिइएको अर्थात् स्वच्छ सुनुवाइमा तत्काल र स्पष्टरूपमा खतरा (clear and present danger) छैन भने अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रित गरिनु हुँदैन भन्ने मत रहेको आभाष मिल्छ । तत्काल र स्पष्ट खतराको सिद्धान्तबारेमा न्यायमूर्ति होम्स (Justice Holmes) ले भनेका छन् :

> The question in every case is whether the words are used in such circumstances and are of such a nature as to create a clear and present danger that they will bring about substantive evils that the congress has a right to prevent.[43]

२२. यदि तत्काल र स्पष्ट खतरा छैन भने संविधानको प्रथम र चौधौं संशोधनद्वारा प्रत्याभूत विचार र अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लगाइनु हुँदैन भन्ने अमेरिकीहरूको धारणा छ । अमेरिकी धारणाको तुलनामा बेलायतमा स्वच्छ सुनुवाइलाई बढी महत्त्व दिइएको पाइन्छ । विचार र अभिव्यक्ति स्वतन्त्रता र स्वच्छ सुनुवाइमध्ये कुन कुरालाई प्राथमिकता दिने भन्ने विषयमा अमेरिकी र बेलायती कानूनमा रहेको भिन्नताबारे विधिशास्त्री सि. जे. मिलर भन्छन् :

> "To a foreign observer of the American legal system it seems that the public interest in freedom of expression has been accorded a clear preference over the public interest in fair trail…. In England, the common law has, at least historically, followed a different path in seeking to reconcile the conflicting interests involved. Indeed, there is strong authority for the view that *pendente lite* the paramount public interest lies in protecting the due administration of justice both in criminal and civil cases and it is only at the conclusion of a trial that the balance shifts to allow full and public debate."[44]

२३. पछिल्लो समयमा बेलायत पनि युरोपेली मानव अधिकारसम्बन्धी कानूनबाट प्रभावित हुन पुगेको देखिन्छ । युरोपमा सूचनाको

43 *Schench v United States*, 249 US 47 (1919)

44 See C.J. MILLER, supra note 3 at p 19-20. See also, *New York Times Co. v. Sullivan*, 376 U.S. 254, 292 (2964) where the court held that the state cannot, under the First and Fourteenth Amendments, award damages to a public official for defamatory falsehood relating to his official conduct unless he proves "actual malice"; and Garrison v. State of Louisiana, 379 U.S. 64, 74-75 (1964), which following Sullivan, asserted that appellant's accusations concerned the judges' official conduct and, did not become private defamation because they might also have reflected on the judges' private character.

हकलाई महत्त्व दिँदै अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउने कुरालाई सतर्कतापूर्वक र सङ्कीर्णतापूर्वक व्याख्या गरिनुपर्छ, बन्देज स्वेच्छाचारी हुनु हुँदैन, तन्काउन नमिल्ने गरी पर्याप्त रूपमा स्पष्ट हुनुपर्छ, यस्तो बन्देज वा नियन्त्रण लोकतान्त्रिक समाजमा आवश्यक छ, वैध उद्देश्यका लागि मात्रात्मक रूपमा मिल्ने किसिमको, असल नियतले गरिएको, अत्यन्त जरूरी सामाजिक आवश्यकतालाई सम्बोधन गर्न गरिएको र अदालतको अख्तियारी वा यसको निस्पक्षता कायम गर्न अत्यन्त आवश्यक हदसम्म मात्र हुनुपर्नेतर्फ अदालतहरू ढल्केको पाइन्छ ।[45] युरोपेली अदालतको यो दृष्टिकोणलाई अधिकारमा बन्देज लगाउँदा हेरिनुपर्ने मानव अधिकारको सामान्य नियमको रूपमा हाल अन्यत्र पनि अनुशरण गरिन्छ ।

**२४. अदालत सार्वजनिक संस्था हो । यसमा चलेका मुद्दाहरूमा मानिसहरूका विचार हुन सक्छन्; यी विचारहरू विभिन्न किसिमले व्यक्त पनि हुन सक्छन । न्यायाधीशहरूले कहिलेकाहीँ नमिठा प्रतिक्रिया र टिप्पणीहरू पनि सुन्नु परिरहेको हुन्छ । ती सबैको पछि लागेर साध्य हुँदैन । यस्ता प्रतिक्रिया वा टिप्पणीहरूले न्याय सम्पादनमा प्रतिकूल असर गरेको छैन, वा अदालतको अख्तियारीलाई प्रत्यक्षत: चुनौती दिइएको छैन भने उनीहरूले ती कुराहरूलाई बेवास्ता गरेकै राम्रो हुन्छ । अभिव्यक्ति स्वतन्त्रता र अदालतको अवहेलनामा कारबाही गर्न पाउने अधिकारबिच उचित सन्तुलन र सामञ्जस्यता कायम गर्नु र सहनशील लोकतन्त्रका मान्यताहरूलाई मजबुत बनाउँदै अघि बढ्नु अहिलेको आवश्यकता हो । खुला सुनुवाइ गर्ने अदालतले खुला सञ्चारलाई स्वीकार गर्नुपर्छ । अवहेलनाको अस्त्रको जथाभावी प्रयोग गरी न्यायलाई नै विकृत पारिनु हुँदैन ।** धेरै पहिले Lord Atkin ले व्यक्त गरेको देहायको उद्गार यस प्रसङ्गमा मननीय छः

> "The path of criticism is a public way: the wrong-headed are permitted to err therein: provided that members of the public abstain from imputing improper motives to those taking part in the administration of justice, and are genuinely exercising a right of criticism and not acting in malice or attempting to impair the administration of justice, they are immune. **Justice is not a cloistered virtue: she must be allowed to suffer the scrutiny and respectful even though outspoken comments of ordinary men**."[46]

२५. सङ्क्षेपमा, **वर्तमान संविधानले सुम्पेको (क) संविधान, कानून र न्यायका मान्य सिद्धान्तअनुसार न्यायिक अधिकारको प्रयोग गर्ने जिम्मेदारी, (ख) अभिलेख अदालतको हैसियतमा आफ्नो र मातहत अदालतको न्यायिक अधिकारलाई अक्षुण्ण राख्नुपर्ने दायित्व, र (ग) न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानूनबमोजिम अवहेलनामा कारबाही चलाउने अख्तियारीलाई संविधानका मूल मान्यता, यसको**

45 *Sunday Times v UK* (No 2 Series A No 217 (1992) 14 EHRR 229)

46 *Andre Paul Terence Ambard v The Attorney General of Trinidad and Tobago*, [1936] 1 All ER 704; [1936] A.C. 322

**लोकतान्त्रिक बनौट, स्वच्छ सुनुवाइका सिद्धान्त र खुला इजलासबाट न्याय सम्पादन गर्नुपर्ने प्राथमिक दायित्वसँग सामञ्जस्यता कायम हुने गरी हेरिनुपर्दछ । साथै विचार र अभिव्यक्ति, सूचना तथा सञ्चारसम्बन्धी हकलगायत अन्य मौलिक हकहरूको सम्मान हुने गरी उठेका विषयवस्तुहरूमा सन्तुलितरूपमा प्रयोग गर्नुपर्ने दायित्व अदालतमा रहेको हुन्छ । तर कुनै प्रकाशन वा अभिव्यक्तिले न्यायको प्रवाहलाई अवरूद्ध गर्छ; अवाञ्छित लाञ्छना लगाएर न्यायिक कारबाहीमा भ्रम सिर्जना गर्न खोज्छ वा अदालत र यसमा संलग्न न्यायाधीश वा कर्मचारी, मुद्दाका पक्ष र कानून व्यवसायीलाई न्यायको मार्गबाट विचलित गर्ने मनसायका साथ काम गरेको छ, दूषित मनसायका साथ जनताको नजरमा न्यायपालिकाको प्रतिष्ठा गिराउने कार्य गरेको छ भने सो कुरा सैह्य हुँदैन । त्यस्तो कार्य अवश्य पनि अवहेलनाको विषय बन्दछ र यस्तो काम कारबाही रोक्ने र दोषीउपर सजाय गर्ने अधिकार अदालतले राख्दछ । यो अधिकारको प्रयोगमा संविधान र कानूनले कुनै सङ्कुचन लगाएको छैन र आवश्यक र उपयुक्त परिस्थितिमा यो अधिकारको प्रयोग हुन सक्छ ।** अदालतसमक्ष पेस भएको विवादलाई विना हस्तक्षेप वा अवरोध यसले निरूपण गर्न पाउनुपर्छ ।

**२६. निरूपण गरिनुपर्ने चौथो प्रश्नः प्रस्तुत मुद्दाहरूको प्रकृति र उठाइएका विषयहरूको सन्दर्भमा अदालतको अवहेलना हुन गएको छ वा छैन र प्रतिवादीहरूलाई अवहेलनामा सजाय गरिनुपर्ने हो वा होइन ?** प्रस्तुत मुद्दाहरूमा मूलरूपमा निरूपण गरिनुपर्ने दुईवटा विषयहरू: पहिलो, कान्तिपुर दैनिक पत्रिकामा मिति २०७४।१०।२७, २८ र २९ गते प्रकाशित समाचारले अदालतको अवहेलना भएको भनेर सजायको माग गरी तोयानाथ ढुङ्गानाले दिएको निवेदन र दोस्रो, प्रा.डा. शशी शर्माले आफूलाई डिन पदबाट अवकाश दिएकोले अवकाश दिने निर्णय बदर गरिपाउँ भन्नेसमेत यस अदालतमा दायर गरेको ०७०-WO-०५७१ को रिट निवेदनमा यस अदालतबाट मिति २०७४।९।२३ गते निर्णय भएपश्चात् डा. गोविन्द के.सी.ले फैसला गर्नेमध्येका एक तत्कालीन प्रधानन्यायाधीश श्री गोपाल पराजुलीको राजीनामा माग गरी मिति २०७४।९।२४ गते जारी गरेको विज्ञप्ति, सो सन्दर्भमा दिएको अभिव्यक्ति र त्यसलाई onlinekhabar.com लगायतका सञ्चार माध्यमहरूले समाचार बनाएको विषयमा यस अदालतका शाखा अधिकृत नेत्रबन्धु पौडेलले दिएको प्रतिवेदनको आधारमा चलेको अवहेलनाको मुद्दा न्यायिक निरूपणको विषय बनेको देखिन्छन् । डा. के.सी. विरूद्धको मुद्दामा वहाँले बयानसाथ पेस गरेका कागजमा उल्लिखित कुराबाहेकका अन्य विषयवस्तुहरू अलगअलग प्रकृतिका भन्ने पनि प्रतीत हुन्छन् । तर दुवै विषयहरू सञ्चार माध्यमद्वारा जनतासमक्ष पुऱ्याइएको अवस्था रहेको र यसबाट न्याय सम्पादन गर्ने कार्यमा अवरोध भयो वा भएन भन्ने विषय रहेको हुँदा दुवै विषयहरूलाई साथसाथै निरूपण गरिनुपर्ने देखिन्छ ।

२७. विवादमा आएका विषयहरूमध्ये कान्तिपुरमा प्रकाशित तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको उमेरसम्बन्धी विषयमा कान्तिपुर दैनिकमा मिति २०७४।१०।२७ गते "प्रधानन्यायाधीशका चारथरि जन्ममिति" भन्ने शिर्षकमा, मिति २०७८।१०।२८ गते "प्रधानन्यायाधीशको जन्ममिति प्रतिलिपि निवेदनबाटै फेरबदल" भन्ने शीर्षकमा र मिति २०७४।१०।२९ गते "प्रधानन्यायाधीशका

नागरिकतामै तीन जन्ममिति" भन्ने शीर्षकमा समाचार प्रकाशित गरिएको, यस्तो अनावश्यक समाचार प्रकाशन गरी जनमानसमा भ्रम छर्ने दुस्प्रयास गरेको, स्रेस्ता अध्यावधिक रहेको नागरिकतालाई गलत अर्थ लगाई प्रचार प्रसार गरी न्यायालयको अवहेलना गरिएको, प्रधानन्यायाधीशको नागरिकता गोविन्द के.सी. विरूद्धको अवहेलना मुद्दामा झिकाई सकिएको र सो मुद्दा विचाराधीन रहेको परिस्थितिमा फैसला गर्ने न्यायाधीशहरूको मानसपटलमा मानसिक विचलन ल्याई अवरोध गर्ने दुराशयले बारम्बार यस्ता समाचारहरू प्रकाशन गराई अदालतबाट हुने निष्पक्ष न्याय सम्पादनलाई प्रभाव पार्ने कार्य गरेको भन्ने आरोप विपक्षीहरूउपर लगाइएको देखियो । यस विषयमा मिसिल संलग्न विपक्षीहरूको लिखित जवाफ एवं बयान हेर्दा स्वतन्त्र न्यायपालिकाप्रति पूर्ण निष्ठा र आस्था रहेको, न्याय सम्पादनमा अवरोध हुने गरी कुनै समाचार प्रकाशित नगरेको, कान्तिपुरमा प्रकाशित समाचार प्रधानन्यायाधीश श्री गोपाल पराजुलीको जन्ममितिसँग सम्बन्धित रही न्याय सम्पादनसँग सम्बन्धित नरहेको, नागरिकता र शैक्षिक प्रमाणपत्र हामीहरूले सिर्जना गरेको विषय होइन, सरकारी अभिलेखबाट देखिएको कुरा प्रकाशन गर्दा अदालतको अवहेलना हुँदैन भन्ने आदि जिकिर विपक्षीहरूले लिएको देखियो। मिसिल संलग्न न्याय परिषद्बाट भएका विभिन्न टिप्पणी र निर्णयहरू हेर्दा २०६४।४।३२ को निर्णयमा परिषद्मा पेस गरेको श्री गोपाल पराजुलीको नागरिकताको आधारमा जन्ममिति २००९।४।२१ कायम गरिएको, २०४८ सालमा पुनरावेदन अदालतको न्यायाधीशमा नियुक्त भएपछि करिब बिस वर्ष सोही जन्ममिति स्वीकार गरेको, मिति २०६७।८।९ मा लिएको नागरिकताको प्रमाणपत्रको आधारमा उमेरसम्बन्धी अभिलेख संशोधन गरी जन्ममिति २०१०।१।१६ कायम गर्न २०७१।८।२९ मा निवेदन पेस गरेकोमा तत्कालीन प्रधानन्यायाधीश श्री रामकुमार प्रसाद शाहबाट भएको तोक आदेशको आधारमा न्याय परिषद्का सचिवले जन्ममिति २०१०।१।१६ कायम गर्न नमिल्ने भन्ने निर्णय गरेको, त्यसपछि पुनः तत्कालीन प्रधानन्यायाधीश श्री सुशीला कार्कीले मिति २०७३।९।१ मा "एउटै मानिसको जन्ममिति फरकफरक सन्दर्भमा फरकफरक कायम हुन सक्दैन" भनी सेवा प्रवेशको अवस्थामा पेस गरेको नागरिकताको प्रमाणपत्रको आधारमा २००९।४।२१ नै कायम गरेको पाइयो । आफू कायम मुकायम प्रधानन्यायाधीश भएपछि श्री गोपाल पराजुलीले न्याय परिषद्को मिति २०७४।२।३० को निर्णयबाट पुनः जन्ममिति २०१०।१।१६ कायम गरेको देखियो। प्रस्तुत मुद्दा परेपछि न्याय परिषद् सचिवालयको पछिल्लो टिप्पणी निर्णय अर्थात् मिति २०७४।११।३० को निर्णयमा वहाँको प्रवेशिकाको प्रमाणपत्र र परीक्षा नियन्त्रण कार्यालयको अभिलेखमा जन्ममिति २०११।१।१३ उल्लेख भएको भन्ने खुल्न आएको पनि मिसिल संलग्न उक्त अभिलेखहरूबाट देखियो।

२८. प्रस्तुत विवादको विषयवस्तु तत्कालीन प्रधानन्यायाधीश श्री गोपाल पराजुलीको जन्ममिति कुन हो भन्ने नभई जन्ममितिबारे प्रकाशित समाचारबाट अदालतको अपहेलना भएको छ वा छैन भन्ने हो । यस दृष्टिबाट हेर्दा तत्कालीन प्रधानन्यायाधीशको जन्ममितिसम्बन्धी विवाद न्याय सम्पादनसँग सम्बन्धित नदेखिई वहाँको व्यक्तिगत जीवनसँग सम्बन्धित विषय देखिन्छ। न्याय सम्पादनसँग सम्बन्धित नभएपछि सो विषयमा प्रकाशित समाचारको कारणबाट न्याय

सम्पादनमा अवरोध पुऱ्याएको भनी आरोप लाग्न सक्ने अवस्था भएन । दोस्रो, नागरिकता प्रदान गर्ने वा त्यसको प्रतिलिपि दिने निकाय अर्थात् जिल्ला प्रशासन कार्यालय र वहाँको जन्ममिति कुन कायम हुन्छ भनी पटकपटक निर्णय गर्ने निकाय अर्थात् न्याय परिषद् दुवै सार्वजनिक निकाय देखिन्छन् । यस्ता सार्वजनिक निकायद्वारा भए गरिएका काम कारबाही र अभिलेखको विषयमा समाचार प्रकाशन हुनु स्वाभाविक कार्य हुन्छ । त्यसैले जन्ममितिहरू हामीले सिर्जना गरेका होइनौं, अभिलेखमा देखिएका कुराहरू प्रकाशित गरेकासम्म हौं भनी विपक्षीहरूले लिखित जवाफमा लिएको जिकिर ग्रहणयोग्य देखिन्छ। वस्तुतः सार्वजनिक निकायको अभिलेखमा उल्लिखित कुनै तथ्यगत कुराहरू प्रकाशित गर्नु संविधानद्वारा प्रत्याभूत व्यक्तिको विचार र अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चार जगतको स्वतन्त्रताको कुरा हो । स्वच्छ र यथार्थ समाचार वा टिप्पणी शिष्ट र मर्यादित भाषामा प्रकाशित गर्नु प्रेस र सञ्चार क्षेत्रको उन्मुक्तिभित्र पर्छ भन्ने कुरा माथि उल्लेख भइसकेको छ। यस दृष्टिबाट हेर्दा कान्तिपुर दैनिकमा मिति २०७४।१०।२७, २८ र २९ गते प्रकाशित समाचारबाट यस अदालतको अवहेलना भयो भन्न मिल्ने देखिएन।

२९. अब विपक्षी प्रा.डा. गोविन्द के.सी. को अभिव्यक्तिको कुरा हेरौं । वहाँको अभिव्यक्ति यस अदालतबाट ०७०-WO-०५७१ को रिट निवेदनमा मिति २०७४।९।२३ मा भएको निर्णय आदेशसँग सम्बन्धित देखिन्छ । सो निर्णयले प्रा. डा. शशी शर्मालाई चिकित्सा शास्त्र अध्ययन संस्थानको डिनको पदबाट वहाँको कार्यकाल पूरा नहुँदै सुनुवाइको मौकासमेत नदिई हटाएकोमा वहाँलाई बाँकी कार्यावधि (अर्थात् चार दिन) को लागि डिनको पदमा पुनर्बहाली गरेको देखिन्छ । सोही डिन पदमा भएको निज डा. शशी शर्माको नियुक्तिका विषयमा पहिले नै विवाद खडा भएको, सत्याग्रहको अवस्था आएको, डा. गोविन्द के.सि. र नेपाल सरकारबिच सहमति भएको पृष्ठभूमिसमेत मिसिलबाट देखिएको छ। यस अवस्थामा विवादको सुनुवाइ गरी केवल बाँकी चार दिन अवधिका लागि डिन पदमा बहाली गर्न भएको अदालतको निर्णयको सन्दर्भमा उक्त स्थिति पैदा भएको समेत देखिएको छ । उक्त फैसला भएको भोलिपल्ट नै विपक्षी प्रा. डा. गोविन्द के.सी.ले "हाम्रो न्यायालय न्याय दिने हैन न्यायको किनबेच गर्ने भ्रष्ट र अपराधीहरूसँग मिलेमतो गरेर तिनिहरूको संरक्षण गर्ने तथा इमान्दारहरूलाई दण्डित गर्ने गिरोहको नियन्त्रणमा छ। कानून र विधिको शासन हावी हुनुपर्नेमा कानूनलाई निकृष्ट व्यक्तिगत स्वार्थ पूर्ति गर्ने माध्यम तथा आफ्ना न्यायिक अपराध छोप्ने खोल बनाइएको यो अवस्थामा हामीसित समस्याको जरोसितै लड्नुको विकल्प छैन । त्यसैले न्यायालयको मर्यादा बचाउन भ्रष्ट र माफिया प्रधानन्यायाधीश गोपाल पराजुली विरूद्ध लड्नुको विकल्प छैन" भन्दै वहाँको राजीनामासमेत माग गरी मिति २०७४।९।२४ गते दिउँसो ४:०० बजेदेखि नै आमरण अनसन सुरू गर्ने कुराको विज्ञप्ति प्रकाशित गरेको र सो विषयको समाचार onlinekhabar.com ले मिति २०७४।९।२४ गते १४:४८ बजे प्रकाशित गरेको भन्ने यस अदालतका शाखा अधिकृत नेत्रबन्धु पौड्यालको प्रतिवेदन र मिसिल संलग्न विज्ञप्तिसहितका कागजहरूबाट देखिन्छ। तत्पश्चात् सोही दिन अर्थात् २०७४।९।२४ गते नै निज प्रा.डा. गोविन्द के.सी. लाई पक्राउ गरी भोलिपल्ट बिहान ९:३० बजे यस अदालतमा उपस्थित गराउने आदेश भएको र सो

आदेशबमोजिम पक्राउ गरी मिति २०७४।९।२५ गते यस अदालतमा उपस्थित गराइएकोसमेत देखिन्छ । यसपछि निजले बयान गर्दा प्रेस विज्ञप्ति आफूले प्रकाशित गरेको, "यो विज्ञप्ति अदालतको अवहेलना हुने गरी अशिष्ट र अमर्यादित तबरले प्रकाशित गरेको होइन, अदालतप्रति मेरो सम्मान छ। अदालतको अवहेलना गरेजस्तो मलाई लाग्दैन"(स.ज. ५) भन्दै "सम्माननीय प्रधानन्यायाधीश श्री गोपाल पराजुलीले गर्नुभएका कतिपय निर्णय र कार्यहरूले न्यायको मान मर्दन भएकोले मैले प्रेस विज्ञप्ति प्रकाशित गरेको हुँ (स.ज. ६) भन्ने उल्लेख गरेको र बयानसाथ २०७४।९।२५ को दस्ताबेजको विवरण पनि पेस गरेको छु भन्ने उल्लेख गरेको पाइन्छ । सो सन्दर्भमा हेर्दा प्रा.डा. गोविन्द के.सी. को प्रतिक्रिया मूलतः यस अदालतबाट मिति २०७४।९।२३ गते भएको फैसलाउपरको आवेशपूर्ण र तत्कालको प्रतिक्रिया (knee jerk reaction) हो भन्ने देखिन्छ । यस अदालतबाट भएको र अदालतको फैसला सबैले मान्नुपर्छ । फैसलामा चित्त नबुझे त्यसको पुनरावलोकनको लागि निवेदन दिन पाउने कानूनी मार्गको अनुशरण गर्न सकिन्छ । तर आदेश वा फैसलाको विषयलाई लिएर न्यायाधीश वा अदालतप्रति जथाभावी बोल्ने छुट कसैलाई पनि हुँदैन । यस दृष्टिबाट प्रा.डा. गोविन्द के.सी.ले जुन कुरा प्रेस विज्ञप्तिमा उल्लेख गर्नुभयो वा बयान र सोसाथ पेस गरेको दस्ताबेजमा उल्लेख गर्नुभयो सो सर्वथा अशोभनीय देखिन्छ। पेसाले चिकित्सक तथा प्राध्यापक जस्तो प्रतिष्ठित पदमा रहेको र सामाजिक अभियन्ताको रूपमा समेत परिचित व्यक्तिबाट विज्ञप्ति प्रकाशित गर्दा प्रयुक्त भाषा, शैली, स्वाभाविक र मर्यादित किसिमको देखिँदैन । तर प्रा.डा. के.सी. ले प्रकाशन गर्नुभएको विज्ञप्तिको विषयलाई लिएर अदालतको अवहेलना भयो भनी जे जसरी र जुन हतारका साथ अनसनस्थलबाट पक्राउ गर्ने, आफ्नो प्रतिरक्षा तयारीको लागि पर्याप्त समयसमेत नदिने, अदालत नखुल्दै उपस्थित गराउने र हतारमा बयान गराउने कार्य भयो सो कार्य स्वच्छ सुनुवाइका सिद्धान्तको अनुकूल छ भनी मान्न सकिने अवस्था देखिँदैन । एउटा व्यक्तिको आवेशपूर्ण अभिव्यक्तिप्रति अदालतबाट संस्थागत रूपमा जनाइने प्रतिक्रिया कदापि आवेशपूर्ण हुनुहुँदैन । यसो गरिनु स्वतन्त्र र निष्पक्ष न्यायको मूलभूत मान्यता विरूद्ध हुन्छ । अवहेलनाको विषयमा अदालतले उपयुक्त देखेको कार्यविधि अवश्य नै अनुशरण गर्दछ । कतिपय अवस्थामा अदालतभित्र वा इजलासमा भएका अभद्र व्यवहार वा अदालतका कर्मचारीहरूउपर आक्रमण वा अदालतको परिसरभित्र भएका फौजदारी प्रकृतिका कार्यहरूलाई अदालतको सामुन्ने भएको अपहेलना (contempt on the face of the court) मानी अवहेलनाको कार्यमा संलग्नलाई तत्काल पक्राउ गर्नुपर्ने पनि हुन सक्छ । यस अदालतले त्यसो गरिआएको पनि छ[47] । तर विपक्षी डा. गोविन्द के.सी. ले गर्नुभएको कार्य अदालत परिसरभन्दा बाहिर गरिएको केही आवेशपूर्ण प्रतिक्रिया हो भन्नेसम्म देखिएको छ । यस प्रकारको विषयमा अदालतले उपस्थितिको लागि म्याद दिई सूचना जारी गर्ने आम प्रचलन रहेको पाइन्छ । यसलाई तत्कालै पक्राउ गर्नुपर्ने अनिवार्यता भएको विषय ठान्न पनि मिल्दैन । एकजना आमरण अनसनमा बसेको

47 यादवराज पोखरेल विरूद्ध रामकृष्ण डंगोल, ने.का.प. २०६६, नि.नं. ८०७६, पृ. २५२; गणेशबहादुर सुनार वि. श्री ५ को सरकार, ने.का.प. २०४२, नि.नं. २४०४, पृ. ५८६ (न्यायाधीशका विरूद्ध पम्पलेटिङ); कैलासकुमार हमाल विरूद्ध सु.प.क्षे.अ., ने.का.प. २०४७, नि.नं. ४१०४, पृ. २६६ (न्यायाधीशलाई भ्रष्ट न्यायाधीश भनी कैदी पुर्जीमा अपशब्द लेखेको)।

सत्याग्रहीलाई विज्ञप्ति प्रकाशित गरेको र सो कुरा सञ्चार माध्यमद्वारा सार्वजनिक भएको केही घन्टाभित्रै कर्मचारीमार्फत प्रतिवेदन लिने, पेसी सूची निकाल्ने र तत्काल इजलास गठन गरी पक्राउ गर्ने आदेश दिने, पक्राउ गरी प्रहरी हिरासतमा राख्ने, प्रतिरक्षाको लागि पर्याप्त समय पनि नदिई भोलिपल्ट अदालत खुल्नुभन्दा अघि नै अर्थात् ९:३० बजे उपस्थित गराउने जस्ता कार्यहरू स्वच्छ सुनुवाइको दृष्टिले उचित देखिँदैन। **स्वच्छ सुनुवाइको हकको सम्मान गर्नु अदालतको प्राथमिक दायित्व हो। यो कसैले माग गरेमा अनुशरण गर्नुपर्ने अन्यथा अनुशरण गर्नु नपर्ने विषय होइन। संविधानले नै व्यक्तिको हक भनी प्रत्याभूत गरेको विषयलाई अदालतले पनि सम्मान गर्नुपर्छ। न्याय गरेर मात्र हुँदैन, न्याय गरेको पनि देखिनुपर्छ भन्ने मान्यतालाई यस अदालतले सदा अनुशरण गरिआएको छ। निष्पक्षताको ऐनामा नै अदालतको गरिमा र प्रतिष्ठा बढ्ने हो।** यी समस्त कुराहरूको रोहमा हेर्दा प्रस्तुत विवादमा स्वच्छ सुनुवाइका सिद्धान्तहरूको अनुशरण गरिएको छ भन्ने कुरामा आश्वस्त हुन सकिएन। यस स्थितिमा विपक्षी डा. गोविन्द के.सी.ले बोलेका, विज्ञप्तिमा उल्लेख गरेका वा सो कुरालाई अनलाइन सञ्चारहरूले प्रसारित गरेका कुराहरू अशोभनीय देखिन्छन्। वहाँ जत्तिको व्यक्तिबाट अपेक्षित दायराभित्र यी अभिव्यक्त कुराहरू पर्ने देखिँदैनन। भविष्यमा वहाँका अभिव्यक्तिहरूले शिष्टता, मर्यादा एवं अदालतको प्रतिष्ठालाई यथोचित दृष्टि पुऱ्याउने र आफूलाई चित्त नबुझेको कुरामा कानूनबमोजिमको मार्ग अनुशरणसमेत वहाँले गर्नुहुने छ भन्ने अपेक्षाका साथ स्वच्छ सुनुवाइको सिद्धान्तको उचित अनुशरण नगरिएको वहाँसँग सम्बन्धित यो विवादमा प्रकाशित गरेको विज्ञप्ति वा दिएको अभिव्यक्तिलाई लिएर निज डा. गोविन्द के.सी. लाई अदालतको अवहेलना ठहर गर्नु न्यायको रोहमा उचित हुने देखिएन।

३०. सङ्क्षेपमा, माथि विभिन्न खण्डमा गरिएको नेपालको संविधान र कानूनको विवेचना, मानव अधिकार कानूनका सिद्धान्त, तुलनात्मक विधिशास्त्रमा विकसित सिद्धान्त र यस अदालतले अनुशरण गरिआएको सामान्य अभ्याससमेतको आधारमा हेर्दा अवहेलना मूलतः न्याय सम्पादनमा अवरोध गर्ने वा अदालतका आदेश वा फैसलाहरूको अवज्ञा गर्ने कार्यलाई रोक्ने अदालतको अन्तरनिहित अधिकारको सन्दर्भमा मुद्दाको उठेको विषयवस्तु र अवहेलना भयो भनी दाबी गरिएको कार्य कति गम्भीर छ, यसले अदालतको निष्पक्षताउपर प्रत्यक्ष आक्रमण गरेको वा सर्वसाधारणको नजरमा न्यायिक कार्यहरूप्रति भ्रम फैलाउने वा न्यायालयको प्रतिष्ठामा आँच पुऱ्याउने कार्य गरेको छ वा छैन भनी हेर्नुपर्ने र त्यस्ता कार्यहरू भए गरेको गरेको देखिएमा अवहेलनामा कारबाही र सजाय गर्न मिल्ने हो। यो शक्तिको प्रयोग गर्दा संविधान प्रदत्त हक र स्वच्छ सुनुवाइका मान्यताहरूबारे समेत गहिरिएर विचार गरी सन्तुलित र सहिष्णु दृष्टिबाट निष्कर्षमा पुग्नुपर्छ। माथि विभिन्न प्रकरणमा गरिएको विश्लेषणसमेतको आधारमा यहाँ अवहेलना भयो भनी उठाइएका विषयहरूमध्ये कान्तिपुर दैनिकद्वारा प्रकाशित समाचारले अदालतको अवहेलना भयो भन्ने आधारको पुष्टि नगरेको र प्रा.डा. गोविन्द के.सी. उपरको कारबाहीको हकमा वहाँद्वारा प्रकाशित विज्ञप्ति र अभिव्यक्ति अशोभनीय देखिए पनि वहाँ विरूद्धको कारबाहीमा स्वच्छ सुनुवाइको सिद्धान्तको सही रूपमा अनुशरण गरिएको नपाइँदा दोषी ठहर गर्न नमिल्ने भएबाट अवहेलनामा सजाय हुनुपर्छ भन्ने दाबी पुग्न नसक्ने भई दुवै दाबी खारेज हुने

ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा हामी सहमत छौँ।
न्या.दीपककुमार कार्की
न्या.मीरा खडका
न्या.हरिकृष्ण कार्की
न्या.विश्वम्भरप्रसाद श्रेष्ठ
न्या.ईश्वरप्रसाद खतिवडा
न्या.प्रकाशमान सिंह

इजलास अधिकृतः भीमबहादुर निरौला
अनुसन्धान सहयोगीः श्रेया संजेल
इति संवत् २०७६ साल माघ २३ गते रोज ५ शुभम्।

## निर्णय नं. १०६४०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
आदेश मिति : २०७४।२।२
०७३-WO-०३०८

विषयः- उत्प्रेषण / परमादेश

निवेदक : सुनसरी जिल्ला इनरूवा नगरपालिका वडा नं. ९ घर भई हाल मालपोत कार्यालय सुनसरी इनरूवामा ना.सु. (रा.प. अनं. प्रथम श्रेणी) पदमा कार्यरत वर्ष ५४ को कपिलमणि पोखरेल

विरूद्ध

विपक्षी : सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **निजामती सेवा नियमावली, २०५० को नियम ३६(३) मा रहेको "पचास वर्ष उमेर पुगेको कर्मचारीलाई निजले मागेमा बाहेक "क" वर्गको भौगोलिक क्षेत्रमा सरूवा गरिने छैन" भन्ने प्रावधान पाको उमेरका राजपत्रअनङ्कित कर्मचारीहरूको हीत संरक्षणका लागि गरिएको विशेष व्यवस्था हो । यसको समुचित पालना सरूवा गर्ने निकाय वा अधिकारीले गर्नु पर्दछ । पचास वर्ष नाघेका कर्मचारी भए पनि केही अपवाद स्वरूपका विशेष अवस्थामा सरूवा गर्न सकिन्छ । यसरी**

**सरूवा गर्दा पनि कानूनद्वारा निर्धारित सर्त र प्रक्रिया पूरा गर्नु नै पर्ने हुन्छ । एउटा मन्त्रालयअन्तर्गतको कर्मचारीलाई अर्को मन्त्रालयअन्तर्गतको कार्यालयमा सरूवा गरिएको जस्ता कारण देखाएर उल्लिखित नियम ३६(३) बमोजिमको सर्त पूरा भएको सम्झन नमिल्ने ।**

(प्रकरण नं.३)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री चुडामणी पोखरेल

विपक्षीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या.ईश्वरप्रसाद खतिवडा :** नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ :-

म मालपोत कार्यालय इनरूवा सुनसरीमा कार्यरत छु । सामान्य प्रशासन मन्त्रालयको मिति २०७३/०५/३१ को निर्णयअनुसार निजामती सेवा ऐन, २०४९ को दफा १८(३) अनुसारको अवधि कायम हुने गरी मालपोत कार्यालय इनरूवा सुनसरीबाट जिल्ला शिक्षा कार्यालय सोलुखुम्बु सरूवा गरिएको भनी सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७३/०७४ च.नं.२४० मिति २०७३/०५/३१ को पत्र बुझाइयो । निजामती सेवा नियमावली, २०५० को अनुसूची १६ को भौगोलिक क्षेत्रको विवरणमा मलाई सरूवा गरिएको सोलुखुम्बु जिल्ला “क” वर्ग को भौगोलिक क्षेत्रमा र हाल म कार्यरत रहेको सुनसरी जिल्ला “घ” वर्गको भौगोलिक क्षेत्रमा पर्ने गरी वर्गीकरण गरिएको छ । पचास वर्ष उमेर पुगेको निजामती कर्मचारीलाई निजले मागेमा बाहेक “क” वर्गको भौगोलिक क्षेत्रमा सरूवा गरिने छैन भनी निजामती सेवा नियमावली, २०५० को नियम ३६ को उपनियम ३ ले व्यवस्था गरेको छ ।

म निवेदक ५४ वर्ष उमेर पुगेको निजामती कर्मचारी हुँ, सो कुरामा कुनै विवाद छैन । मैले मालपोत कार्यालय सुनसरीबाट शिक्षा कार्यालय सोलुखुम्बु सरूवाका लागि मागसमेत गरेको अवस्था छैन । मैले सरूवाको माग नै नगरेको ५० वर्ष नाघेको म निवेदकलाई “घ” वर्गको सुनसरी जिल्लाबाट “क” वर्गको सोलुखुम्बु जिल्लामा सरूवा गर्न नमिल्ने निजामती सेवा नियमावलीको नियम ३६ को उपनियम (३) मा कानूनी व्यवस्था हुँदा सो कानूनी व्यवस्थाको ठाडो उल्लङ्घन गरी सामान्य प्रशासन मन्त्रालयले मेरो सरूवा “क” वर्गको भौगोलिक क्षेत्र सोलुखुम्बु जिल्लामा गर्ने गरी मिति २०७३/०५/३१ मा निर्णय भएको छ । यसबाट नेपालको संविधानको धारा १७ (१) को खण्ड (च) द्वारा प्रदत्त रोजगार गर्ने स्वतन्त्रता धारा १८ द्वारा प्रदत्त समानताको हकसमेत हनन हुन गएको र उक्त हक प्रचलन गराउन अन्य कुनै प्रभावकारी वैकल्पिक कानूनी उपचारको बाटोसमेत नभएकोले उक्त हक प्रचलनका लागि नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यो निवेदन गर्न आएको छु । अतः निजामती सेवा नियमावली, २०५० को नियम ३६ (३) अनुसार ५० वर्षभन्दा बढी उमेर पुगिसकेको निजामती सेवाको राजपत्रअनङ्कित प्रथम श्रेणीको “घ” वर्गको भौगोलिक क्षेत्र मालपोत कार्यालय सुनसरीमा कार्यरत म निवेदकलाई “घ” वर्गको भौगोलिक क्षेत्रबाट “क” वर्गको भौगोलिक क्षेत्र जिल्ला शिक्षा कार्यालय सोलुखुम्बुमा सरूवा गर्ने प्रत्यार्थी सामान्य प्रशासन मन्त्रालयको मिति

२०७३।५।३१ निर्णय र सो निर्णयका आधारमा म निवेदकलाई बुझाइएको च.नं. २४० मिति २०७३।५।३१ को पत्र नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिपाऊँ । उक्त निर्णयबमोजिम कुनै पनि कार्य नगर्नु नगराउनु, कानूनसम्मत तवरबाट मात्र सरूवालगायतका कार्य गर्नु भनी विपक्षीका नाममा परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाऊँ। उक्त गैरकानूनी निर्णयबमोजिम रमाना बुझ्न बाध्य बनाई हाल म कार्यरत रहेको मालपोत कार्यालय सुनसरीमा काम गर्न नदिने, तलब भत्ता नदिने अवस्था रहेको र प्रस्तुत मुद्दा अन्तिम हुन समय लाग्ने भएको र तत्काल अन्तरिम आदेश नभएमा गैरकानूनी सरूवा कार्यान्वयन गर्ने प्रवल सम्भावना भएकोले प्रस्तुत मुद्दा अन्तिम नभएसम्मका लागि म निवेदकलाई यथास्थितिमा मालपोत कार्यालय सुनसरीमा हाजिर गराउनु, काममा लगाउनु, सोही कार्यालयबाट तलब भत्ता खुवाउनु, सामान्य प्रशासन मन्त्रालयको मिति २०७३/०५/३१ को निर्णय कार्यान्वयन नगर्नु, यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन।

निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै अन्तरिम आदेश माग गरेको सम्बन्धमा दुवै पक्ष राखी छलफल गर्नुपर्ने हुँदा मिति २०७३/०७/२८ गते छलफलको लागि उपस्थित हुन र सो मितिसम्म २०७३/०५/३१ को सरूवासम्बन्धी निर्णय कार्यान्वयन नगर्नु भनी विपक्षीहरूलाई सूचित गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७३/७/५ मा भएको आदेश।

रिट निवेदकको सरूवा यस मन्त्रालयको निर्णयबाट भएको होइन। यस मन्त्रालयको के कस्तो निर्णयबाट निवेदकको सरूवा हुन गएको हो भन्ने कुरा निवेदनमा खुलाउन सक्नु भएको छैन। निवेदकको सरूवा यस मन्त्रालयबाट नभएको अवस्थामा यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको यस अदालतमा परेको लिखित जवाफ।

विपक्षी कपिलमणी पोखरेलको नाममा प्राप्त हुन आएको सामान्य प्रशासन मन्त्रालयको च.नं.२४० मिति २०७३/०५/३१ को सरूवा पत्र कार्यालयमा प्राप्त भएपछि निजलाई कार्यालयको कार्यविधिअनुसार बुझाएको हो। यसरी सरूवा गर्ने अधिकारप्राप्त निकायबाट नियमसङ्गत रूपमा सरूवा भई निर्णय भए गरेको कार्यमा विपक्षीले यस कार्यालयलाई विपक्षी बनाई निवेदन दिनुपर्ने कुनै कारण नभएको हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मालपोत कार्यालय सुनसरीका प्रमुख मालपोत अधिकृतको यस अदालतमा परेको लिखित जवाफ।

निवेदन जिकिर हेर्दा यस मन्त्रालयको कुनै पनि निर्णय तथा निर्देशनबाट निवेदकको हक अधिकार हनन भएको भन्ने उल्लेख छैन। निवेदकको कुनै पनि संवैधानिक तथा कानूनी हकमा आघात पुऱ्याउने कार्य यस मन्त्रालयबाट नभएको बेहोरा सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु । निवेदनमा

उल्लिखित विषयका सम्बन्धमा सरूवाको निर्णय गर्ने निकाय सामान्य प्रशासन मन्त्रालयबाट पेस हुने लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको शिक्षा मन्त्रालयको तर्फबाट ऐ. का सचिव शान्तबहादुर श्रेष्ठको लिखित जवाफ।

निवेदनसाथ पेस भएको नागरिकतामा उल्लिखित जन्ममितिबाट निवेदकको उमेर ५० वर्ष नाघेको देखिएकोमा निजामती सेवा नियमावली, २०५० को नियम ३६(३) अनुसार ५० वर्ष उमेर पुगेको कर्मचारीलाई निजले मागेमा बाहेक "क" वर्गको भौगोलिक क्षेत्रमा सरूवा गरिने छैन भन्ने प्रस्ट कानूनी व्यवस्थाको विपरीत निवेदकलाई "क" वर्गको भौगोलिक क्षेत्रअन्तर्गत पर्ने जिल्ला शिक्षा कार्यालय सोलुखुम्बुमा सरूवा गरेको देखिँदा प्रस्तुत निवेदनको अन्तिम किनारा नभएसम्म सामान्य प्रशासन मन्त्रालयको मिति २०७३/०५/३१ को निर्णय निवेदकको हकमा कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीलाई दिई नियमानुसार गर्नु भन्ने यस अदालतबाट भएको अन्तरिम आदेश।

निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (१०) मा "उपदफा (३) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सामान्य प्रशासन मन्त्रालयले सरूवा गर्न सक्ने छ" भनी उल्लेख भएको देखिन्छ । उल्लिखित कानूनी प्रावधानअनुसार एक मन्त्रालय वा अन्तर्गतका कार्यालयबाट अर्को मन्त्रालय वा अन्तर्गतको कार्यालयमा सामान्य प्रशासन मन्त्रालयले सरूवा गर्न सक्ने नै देखिएको हुँदा सामान्य प्रशासन मन्त्रालयबाट भएको उल्लिखित सरूवा नियमसम्मत नै रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ। निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको सामान्य प्रशासन मन्त्रालयको तर्फबाट सचिव पूर्णचन्द्र भट्टराईको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनसँग संलग्न कागज प्रमाणहरू अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री चुडामणी पोखरेलले निवेदक मालपोत कार्यालय सुनसरी इनरूवामा नायव सुब्बा पदमा कार्यरत कर्मचारी हुनुहुन्छ । निज ५४ वर्ष पुगेको कर्मचारी भएकोले निजामती सेवा नियमावली, २०५० को नियम ३६(३) मा पचास वर्ष उमेर पुगेको कर्मचारीलाई निजले मागेमा बाहेक "क" वर्गको भौगोलिक क्षेत्रमा सरूवा गरिने छैन भन्ने कानूनी व्यवस्थाविपरीत हुने गरी विपक्षी सामान्य मन्त्रालयले सरूवा गरेको हुँदा उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

अब यसमा निवेदकको मागबमोजिमको आदेश जारी हुने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, निजामती सेवा नियमावली, २०५० को नियम ३६(३) मा **"पचास वर्ष उमेर पुगेको कर्मचारीलाई निजले मागेमा बाहेक "क" वर्गको भौगोलिक क्षेत्रमा सरूवा गरिने छैन"** भन्ने कानूनी व्यवस्था रहेको देखियो। यसबाट पचास वर्ष उमेर पुगेको कर्मचारीलाई निजले मागेमा बाहेक "क" वर्गको भौगोलिक क्षेत्रमा सरूवा नगरिने कानूनी संरक्षण प्रदान भएको देखिन्छ । निवेदकको स्थायी वतन सुनसरी जिल्लामा भई मालपोत कार्यालय

सुनसरी, इनरूवामा नायव सुब्बा पदमा कार्यरत रहेको र निजको उमेर पचास वर्ष नाघेको अवस्था देखिन्छ । निजले स्वेच्छाले सरूवा माग गरेको देखिँदैन । "क" वर्गको जिल्ला सोलुखुम्बुमा सरूवा गरिएको देखियो ।

३. निजामती सेवा नियमावली, २०५० को नियम ३६(३) मा रहेको प्रावधान पाको उमेरका राजपत्रअनङ्कित कर्मचारीहरूको हित संरक्षणका लागि गरिएको विशेष व्यवस्था हो । यसको समुचित पालना सरूवा गर्ने निकाय वा अधिकारीले गर्नु पर्दछ । पचास वर्ष नाघेका कर्मचारी भए पनि केही अपवाद स्वरूपका विशेष अवस्थामा सरूवा गर्न सकिन्छ । यसरी सरूवा गर्दा पनि कानूनद्वारा निर्धारित सर्त र प्रक्रिया पूरा गर्नु नै पर्ने हुन्छ । एउटा मन्त्रालयअन्तर्गतको कर्मचारीलाई अर्को मन्त्रालयअन्तर्गतको कार्यालयमा सरूवा गरिएको जस्ता कारण देखाएर उल्लिखित नियम ३६(३) बमोजिमको सर्त पूरा भएको सम्झन मिल्दैन । निवेदकलाई "क" वर्गको भौगोलिक क्षेत्रमा सरूवा गर्नुपर्ने कानूनसङ्गत आधार र कारण विपक्षीतर्फबाट प्रस्तुत हुन आएको पाइएन ।

४. निजामती सेवा नियमावली, २०५० को नियम ३६(३) को कानूनी व्यवस्था प्रतिकूल हुने गरी सामान्य प्रशासन मन्त्रालयको मिति २०७३/०५/३१ को निर्णयानुसार पचास वर्ष उमेर पुगेका निवेदक कपिलमणि पोखरेललाई मालपोत कार्यालय सुनसरी, इनरूवाबाट "क" वर्गको जिल्ला सोलुखुम्बुमा सरूवा गरिएको देखिँदा सो निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निज निवेदकलाई मालपोत कार्यालय, सुनसरीमा कामकाज गर्न दिनु, दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत : लोकबहादुर हमाल
इति संवत् २०७४ साल जेष्ठ २ गते रोज ३ शुभम् ।

## निर्णय नं. १०६४१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७६।८।१०
०७४-CR-०८०६

मुद्दाः लागु औषध (ब्राउन सुगर)

पुनरावेदक / वादी : प्रहरी नायब निरीक्षक रामबहादुर अधिकारीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : कास्की जिल्ला, पोखरा लेखनाथ महानगरपालिका वडा नं.१७ बस्ने हाल कारागार कार्यालय कास्कीमा थुनामा रहेका अर्जुन वि.क.समेत

- **प्रतिवादीको साथमा यति परिमाणको लागु औषध फेला परे त्यो कारोबारको लागि हुने र यति परिमाणसम्म भए त्यो सेवनका लागि हुने भन्ने कुनै सर्वमान्य सिद्धान्त वा मापदण्ड भएको पाइँदैन। बरामद भएको लागु औषधको दसी प्रतिवादीसँग त्यसबखत कुन प्रयोजनका लागि रहेको थियो भन्ने कुरा तत्क्षण फेला परेको लागु औषधको परिमाणसँग निरपेक्ष रूपमा नभई तत्कालीन वस्तु परिवेशसँगको सापेक्षतामा हेरिनुपर्ने।**

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री नवराज पराजुली
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :

- ने.का.प.२०६९, अङ्क ११, नि.नं.८९२३

सम्बद्ध कानून :

- लागु औषध (नियन्त्रण) ऐन, २०३३

सुरू तहमा फैसला गर्ने:
मा.जिल्ला न्या.श्री नारायणप्रसाद दाहाल
कास्की जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्ने:
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री अच्युत विष्ट
उच्च अदालत पोखरा

फैसला

**न्या.सपना प्रधान मल्ल :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतको पुनरावेदन दायरीमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :-

मुद्दाको तथ्य

मिति २०७१/०१/२८ गते साँझ १६:३० बजेको समयमा कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.-५ प्रस्याङस्थित धनबहादुर गौतम र सोमबहादुर पुनको डेराकोठा खानतलासी लिने क्रममा सेतो प्लाष्टिकको झोलाभित्र लुकाई राखेको अवस्थामा भिडियो क्यामेरा थान-१, रातो पत्थर भएको पहेलो रङको लेडिज औंठी थान-१, डेल ल्यापटप थान-१, चरेसको थाल थान-३, चरेसको कचौरा थान-३, सेतो पोलिथिनमा पोको पारी राखेको अवस्थामा लागु औषध ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थ-४ ग्राम, सेतो रङको सामसुङ मोबाइल थान-१, कालो रङको सामसुङ मोबाइल थान-१, निलो कालो रङको नोकिया मोबाइल थान-१, कालो रङको नोकिया मोबाइल थान-१, CRUISER लेखिएको घडी थान-१ फेला पारी बरामद गरेको भन्ने बेहोराको **खानतलासी तथा बरामदी मुचुल्का।**

उषा के.सी. समेतको जाहेरीबमोजिमको धनमाल चोरी गरी फरार रहेका सोमबहादुर पुनसमेतलाई खोजतलास गर्दै जाने क्रममा मिति २०७१/०१/२८ गते कास्की जिल्ला, पोखरा-४ सिद्वार्थ चोकमा सोमबहादुर पुन, विमल पाण्डे, जिवन नेपाली, अर्जुन वि.क., धनबहादुर गौतमलाई फेला पारी नियन्त्रणमा लिई सोधपुछ गर्ने गर्दा निजहरूले मिति २०७१/०१/२३ गते यी जाहेरवालीको घरबाट गरगहना, नगद, क्यामेरा, ल्यापटप, मोबाइल, थाल कचौरासमेत चोरी गरी सोपश्चात् सोही राति उक्त घर नजिकै न्यौपाने थरका व्यक्तिको घरबाट समेत नगद, धनमाल, सुनका गरगहना, कपडाहरू चोरी गरेका हौँ। उक्त चोरीको धनमालहरूमध्ये केही सोमबहादुर पुनको डेराकोठामा र केही सन्तुमाया सार्कीको घरमा

राखेका छौँ भनी बताएपश्चात् निजहरूलाई पक्राउ गरी खुलाएबमोजिम घरकोठा खानतलासी गर्ने क्रममा बरामदी मुचुल्कामा उल्लिखित सामान फेला पारी बरामद गरी चोरीको धनमाल राख्ने सन्तुमाया सार्कीलाई समेत पक्राउ गरी आवश्यक कारबाहीको लागि दाखिला गरेको। साथै, मिति २०७१/०१/२८ गते कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.-५ प्रस्याङस्थित सोमबहादुर पुन र धनबहादुर गौतमको डेरा कोठा खानतलासी लिने क्रममा लागु औषध ब्राउनसुगर-४ ग्राम फेला परेको भनी खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन आएको हुँदा लागु औषध ब्राउनसुगर मुद्दामा समेत आवश्यक कारबाही गरिपाउँ भन्ने बेहोराको **प्रहरी प्रतिवेदन।**

बरामदी मुचुल्कासहित दाखिल हुन आएको लागु औषध ब्राउनसुगरको सम्बन्धमा छुट्टै बयान दिनेछौँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू सोमबहादुर पुन, विमल पाण्डे, जिवन नेपाली, अर्जुन बि.क. र धनबहादुर गौतमको **बयान।**

हामी सोमबहादुर पुन र धनबहादुर गौतमलगायत जिवन नेपाली, अर्जुन बि.क. र विमल पाण्डे भई विगतदेखि नै हर्क सुनारसँग एक पटकको रू.३००/४००।– दिई लागु औषध ब्राउनसुगर सेवन गर्नुका साथै निजै हर्क सुनारसँग खरिद गरी पृथ्वीचोकतर्फ बस्ने केटाहरूलाई बिक्री गरी आएको रूपैयाँ सबैजना मिली बाँडी लिने गर्दथ्यौँ। यसै क्रममा मिति २०७१/०१/२२ गते हामी सबैजना भई प्रतिव्यक्ती रू. ३००।– उठाई हर्क सुनारसँग लागु औषध ब्राउनसुगर खरिद गरी एक डोज बनाई पालैपालो सेवन गर्नुका साथै बाँकी रहेको ब्राउनसुगर मौका मिलेका बखत सेवन तथा बिक्री गरौँला भनी हामी सोमबहादुर पुन र धनबहादुर गौतमको डेराकोठामा लुकाई छिपाई राखेको अवस्थामा मिति २०७१/०१/२८ गते प्रहरीले फेला पारी बरामद गरी ल्याएका हुन्। उक्त ब्राउनसुगर तत्काल तौल गर्दा ४ (चार) ग्राम रहेको थियो। पक्राउ पर्दाको अवस्थामा म धनबहादुर गौतमको साथबाट बरामद भएको सामसुङ मोबाइल थान-१, CRUISER लेखिएको घडी थान-१ र म सोमबहादुर पुनको साथबाट बरामद भएको सामसुङ ग्रान्ड मोबाइल थान-१, नोकिया मोबाइल थान-१ लागु औषधको कारोबारबाट आर्जन भएको हो भन्ने बेहोराको **प्रतिवादी धनबहादुर गौतम र सोमबहादुर पुनको एकै मिलानको बयान।**

हामी जिवन नेपाली, अर्जुन वि.क., विमल पाण्डेलगायत सोमबहादुर पुन र धनबहादुर गौतम भई विगतदेखि नै हर्क सुनारसँग एक पटकको रू. ३००/४००।– दिई लागु औषध ब्राउनसुगर सेवन गर्नुका साथै निजै हर्क सुनारसँग खरिद गरी पृथ्वीचोकतर्फ बस्ने केटाहरूलाई बिक्री गरी आएको रूपैयाँ सबैजना मिली बाँडी लिने गर्दथ्यौँ। यसैक्रममा मिति २०७१/०१/२२ गते हामी सबैजना भई प्रति व्यक्ति रू. ३००।– उठाई हर्क सुनारसँग लागु औषध ब्राउनसुगर खरिद गरी एक डोज बनाई पालैपालो सेवन गर्नुका साथै बाँकी रहेको ब्राउनसुगर मौका मिलेका बखत सेवन तथा बिक्री गरौँला भनी सबैजनाको सल्लाहअनुसार सोमबहादुर पुन र धनबहादुर गौतमको डेराकोठामा लुकाई छिपाई राखेको अवस्थामा मिति २०७१/०१/२८ गते प्रहरीले फेला पारी बरामद गरी ल्याएका हुन्। उक्त ब्राउनसुगर तत्काल तौल गर्दा ४ (चार) ग्राम रहेको थियो भन्ने बेहोराको **प्रतिवादी जिवन नेपाली, अर्जुन वि.क. र विमल पाण्डेको एकै मिलानको बयान कागज।**

मिति २०७१/०१/२८ गते कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं.-५ स्थित चोरी मुद्दामा पक्राउ परेका प्रतिवादी धनबहादुर गौतम र सोमबहादुर पुनको डेर कोठा खानतलासी लिने

क्रममा उक्त डेराकोठाबाट लुकाई छिपाई राखेको अवस्थामा लागु औषध ब्राउनसुगर-४ ग्रामसमेत फेला परेको भन्ने सुनी थाहा पायौँ। साथै, निज धनबहादुर गौतम, सोमबहादुर पुनलगायत, अर्जुन वि.क., विमल पाण्डे र जिवन नेपालीले लागु औषध खरिद बिक्री तथा सेवन गर्दै आएको भन्नेसमेत थाहा पायौँ। बरामद ब्राउनसुगरसमेत निजहरूले बिक्रीको लागि राखेको भन्नेसमेत थाहा पाएको हुँदा निजहहरूलाई कानूनबमोजिम कडा कारबाही हुनुपर्छ भन्ने बेहोराको हिमाल बुर्जा मगरसमेतले मिति २०७१/०३/०१ मा गरिदिएको वस्तुस्थिति मुचुल्का।

बरामद भौतिक सबुद परीक्षणको लागि पठाइएकोमा परीक्षणपश्चात् बरामदी वस्तु हिरोइन हो भनी प्राप्त हुन आएको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको मिति २०७१/०३/०६ को परीक्षण प्रतिवेदन।

हाल पक्राउ परेका प्रतिवादी सोमबहादुर पुन र धनबहादुर गौतम विगत ५/६ महिना अघिदेखि मेरो घरमा डेरा गरी बस्दै आएका थिए। मिति २०७१/०१/२८ गते म काम विशेषले केही दिनको लागि घर बाहिर गएको थिएँ। सोही साँझ निज सोमबहादुर पुन र धनबहादुर गौतमको डेराकोठाबाट प्रहरीले चोरीको धनमाल र लागु औषध ४ ग्रामसहित पक्राउ गरी ल्याएको भन्ने कुरा पछि थाहा पाएँ। निजहरूले लागु औषध के-कहाँबाट ल्याई डेराकोठामा राखे सो मलाई थाहा भएन। निजहरूलाई कानूनबमोजिम सजाय होस् भन्ने बेहोराको बुझिएका मानिस गोपाल थापाको कागज।

प्रतिवादीहरू सोमबहादुर पुन, धनबहादुर गौतम, बिमल पाण्डे, जिवन नेपाली, अर्जुन वि.क. र हर्क सुनारले विगतदेखि नै लागु औषध (ब्राउनसुगर) खरिद बिक्री, सञ्चय तथा ओसार पसारसमेत गर्ने गरेको तथ्य बरामदी / खानतलासी मुचुल्का, प्रतिवादीहरूको बयान कागज, बुझिएका मानिसहरूको कागज, बरामद वस्तुको वैज्ञानिक परीक्षणलगायतका आधार प्रमाणहरूबाट पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरू सोमबहादुर पुन, धनबहादुर गौतम, बिमल पाण्डे, जिवन नेपाली, अर्जुन वि.क. र हर्क सुनारको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) बमोजिमको कसुर अपराधको देखिँदा निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १४ को उपदफा (छ) को (१) बमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको अभियोग मागदाबी।

मैले लागु औषध ब्राउन सुगरको सेवन, खरिद बिक्री, सञ्चय तथा ओसारपोसार केही गर्दिन। मैले लागु औषध ब्राउन सुगर देखेकोसम्म छैन। म र साथीहरूले चरेसका थाल र सुनसमेतका सामान चोरी गरेका थियौं। प्रहरीले अब तिमीहरू फस्यौ भनी सेतो प्लाष्टिकमा भएको सेतो पोको देखाए। सो के हो मलाई थाहा भएन। मलाई प्रस्तुत मुद्दामा फसाउनको लागि अभियोग लगाएको हुनुपर्छ। लागु औषध साथीभाइ मिली खरिद गरी सेवन र बिक्री गर्न भनी राखेको भनी मैले जिल्ला सरकारी वकिल कार्यालयमा भनेको होइन। सो बयान मैले भनी लेखाएको पनि होइन। डर, त्रासमा पारी सहीछाप गराएका हुन्। सहप्रतिवादीले मैलेसमेत लागु औषध ब्राउन सुगर सेवन तथा बिक्री गरेको भनी किन लेखाए थाहा भएन। मैले चोरी मात्र गरेको हुँ। लागु औषध ब्राउन सुगर सेवन बिक्री, सञ्चय गरेको नहुँदा मैले सजाय पाउनु पर्ने होइन भन्नेसमेत प्रतिवादी विमल पाण्डेले सुरू अदालतमा गरेको बयान।

बरामदी मुचुल्काको सामान पोखरा-१०, रामघाट बस्ने महिलाको डेराकोठाबाट बरामद भएको हो। हाम्रो कोठाबाट बरामद भएको होइन। मैले लागु औषध ब्राउन सुगर सेवन, खरिद बिक्री,

सञ्चय आदि केही गर्दिन। मौकामा गरेको बयान, मैले भनेबमोजिम लेखिएको होइन । प्रहरीले लेखी डर, धम्की देखाई सहीछाप गराएका हुन् । मैले अभियोग दाबीबमोजिम कसुर गरेको नहुँदा मैले सजाय पाउनु पर्ने होइन भन्नेसमेत प्रतिवादी धनबहादुर गौतमले सुरू अदालतमा गरेको बयान।

मैले लागु औषध ब्राउनसुगरको सेवन खरिद बिक्री सञ्चयसमेत केही गर्दिन । मेराउपरको अभियोग दाबी झुट्टा हो। मौकामा भएको बयान बेहोरा मैले भनेबमोजिम लेखिएको होइन । मलाई प्रहरीले पढिबाची नसुनाई डर, त्रासमा पारी सहीछाप गराएका हुन् । मैले अभियोग दाबीबमोजिम कसुर नगरेकोले सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी अर्जुन वि.क.ले सुरू अदालतमा गरेको बयान।

हाम्रो डेराकोठाबाट कुनै पनि चिज बरामद भएको होइन । उक्त सामान पोखरा रामघाट बस्ने सन्तुमाया सार्कीको घरकोठाबाट बरामद भएका हुन् । किन मेरो कोठाबाट बरामद भएको भनी लेखे मलाई थाहा छैन सो बरामदी मुचुल्का जिल्ला प्रहरी कार्यालय, कास्कीमा जबरजस्ती गराएको हो । मैले लागु औषध खरिद, बिक्री, सञ्चयसमेत केही गर्दिन। मेराउपरको अभियोग दाबी झुट्ठा हो। मौकामा गरेको बयान सुनेँ। सो बयान मैले भनेबमोजिम लेखिएको होइन । डर त्रासमा पारी सहीछाप गराएका हुन् । मैले अभियोग दाबीबमोजिमको कसुर गरेको नहुँदा अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत प्रतिवादी सोमबहादुर पुनले सुरू अदालतमा गरेको बयान।

मैले लागु औषध ब्राउन सुगर खरिद बिक्री सञ्चय तथा ओसारपोसार केही गर्दिन । ब्राउन सुगर भनेको के हो मलाई थाहासमेत छैन । मलाई सोम पुन र धनबहादुरको डेरा कोठामा लगेकोसमेत होइन । पछि पुलिसले तिमी छुट्ने कागज हो भनी ल्याप्चे गर्न लगाएका हुन् । बरामदी मुचुल्का मलाई थाहा छैन । मौकाको बयान मैले भनी लेखिएको होइन । मैले हालसम्म कुनै लागु औषध सेवनसमेत गरेको छैन । म निर्दोष छु भन्नेसमेत बेहोराको प्रतिवादी जिवन नेपालीले सुरू अदालतमा गरेको बयान।

प्रतिवादी हर्क सुनारका नाउँमा जारी भएको म्यादी पुर्जी मिति २०७१/५/१९ गते सार्वजनिक ठाउँमा तामेल भएकोमा निजहरू म्यादभित्र हाजिर हुन नआएको र निजको यकिन वतन सम्बन्धमा अभियोगपत्रमा उल्लिखित वतनबाहेक अन्य वतन खुल्न नआएको भन्ने बेहोरा उल्लेख भई जिल्ला प्रहरी कार्यालय कास्कीको मिति २०७१/०६/०१ को पत्र।

नेपाल सरकार वादी र धनबहादुर गौतमसमेत प्रतिवादी भएको लागु औषध मुद्दा (कास्की जिल्ला अदालत, ०६९-CR-००३३) मा प्रतिवादी धनबहादुर गौतमलाई जिल्ला अदालत कास्कीको मिति २०७०/१२/१८ को फैसलाले दुई वर्ष कैद सजाय हुनेगरी फैसला भएको र सोउपर पुनरावेदन परेको नदेखिएको।

प्रतिवादीहरूबाट लागु औषध ब्राउनसुगर ४ ग्राम बरामद भएको बरामदी मुचुल्काबाट देखिएको, निजहरूले सो बरामदीलाई स्वीकार गरी सहीछाप गरेका, प्रतिवेदकले अदालतमा आई बकपत्र गरेका, प्रतिवादीहरूले अदालतसमक्ष गरेको इन्कारी बयान स्वतन्त्र किसिमबाट पुष्टि हुन नसकेको हुँदा प्रतिवादीहरू धनबहादुर गौतम, सोमबहादुर पुन, अर्जुन वि.क., विमल पाण्डेले अभियोग दाबीबमोजिम कसुर गरेको ठहरेकोले निजहरूलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) को (छ) (१) बमोजिम जनही ५ वर्ष कैद र ५ हजार जरिवाना हुने ठहर्छ। प्रतिवादी धनबहादुर गौतमलाई लागु औषध नियन्त्रण कार्यान्वयन इकाई पोखराको पत्र जाहेरीले

नेपाल सरकार वादी र यिनै धनबहादुर गौतम प्रतिवादी भएको लागु औषध मुद्दामा यस अदालतको मिति २०७०/१२/१८ को फैसलाले सजाय पाइसकेको देखिँदा निजलाई ऐ.ऐनको दफा १६ बमोजिम थप १ वर्ष कैद र रू.५,०००।- जरिवानासमेत हुने ठहर्छ । प्रतिवादी सोमबहादुर पुनले यसअघि लागु औषध मुद्दामा पक्राउ परेको भनी बयान गरेकोले थप सजाय हुन मागदाबी लिएकोतर्फ यस अदालतबाट निज कुन मुद्दामा पक्राउ परी के कस्तो कारबाही भएको छ भनी जिल्ला सरकारी वकिल कार्यालय, कास्कीमा पटकपटक लेखी पठाउँदा पनि सोको कुनै जवाफ प्राप्त नभई निजले सजाय पाएको प्रमाण वादी पक्षबाट पेस हुन नआएकोले निजको हकमा थप सजाय गर्न मिलेन । प्रतिवादी जीवन नेपालीको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम अन्य प्रतिवादीहरूलाई हुने सजायको आधा अर्थात् २ वर्ष ६ महिना कैद र दुई हजार पाँच सय जरिवाना हुने ठहर्छ । प्रतिवादी हर्क सुनारको हकमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क(४) बमोजिम मुद्दा तामेलीमा राखी दिनेसमेत ठहर्छ भन्ने बेहोराको कास्की जिल्ला अदालतको मिति २०७३/०२/१२ को फैसला ।

सुरू अदालतको फैसलामा चित्त नबुझाई प्रतिवादीहरूले पुनरावेदन गरेकोमा प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिमको कसुर गरेको ठहर्‍याएको हदसम्म सुरू जिल्ला अदालतको फैसला नमिलेको मान्न मिलेन । बरामद भएको लागु औषधको परिमाण र प्रतिवादीहरूको संख्यासमेतलाई विचार गर्दा प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) बमोजिमको लागु औषध सेवन गरेकोसम्मको कसुर ठहर्‍याउनु पर्नेमा अभियोग मागदाबीबमोजिमको कसुर ठहर्‍याएको सुरु कास्की जिल्ला अदालतको मिति २०७३।२।१२ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावदेक प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही १ वर्ष कैद र रू.१०,०००।- जरिवाना हुने ठहर्छ । प्रतिवादी धनबहादुर गौतमका हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप एक वर्ष कैद र रू.५,०००।- जरिवाना हुने ठहर्‍याएको सुरू कास्की जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ । अभियोग मागदाबीबाट पुरै सफाइ पाउँ भन्ने पुनरावदेक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने बेहोराको उच्च अदालत पोखराबाट मिति २०७४/०३/०१ मा भएको फैसला ।

प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा लागु औषध बिक्री वितरणमा समेत साबित भएका छन् । उक्त बयानलाई प्रमाणमा नलिई भएको फैसलामा गम्भीर कानूनी त्रुटि हुनुका साथै बरामद भएको लागु औषधको परिमाणलाई आधार लिई लागु औषध कारोबारतर्फ नभई सेवनको कसुर ठहर गर्ने गरी भएको उच्च अदालत पोखराको फैसला ने.का.प. २०६९, अङ्क ११, निर्णय नं. ८९२३ को नजिर सिद्धान्तसमेतको प्रतिकूल छ । बरामद भएका मोबाइल फोनलगायतका सामान लागु औषधकै कारोबार गरी किनेको भनी प्रतिवादीहरूले मौकाको बयानमा उल्लेख गरेका छन् । लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १८(क)(१) मा लागु औषध कारोबारबाट आर्जेको सबै सम्पत्ति जफत हुने कानूनी व्यवस्था भए पनि त्यसतर्फ नबोली भएको उच्च अदालत पाटनको फैसलामा चित्त बुझेन । तसर्थ, उच्च अदालत पोखराबाट मिति २०७४/०३/०१ मा भएको फैसला बदर गरी निज प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरी बरामद भएका

मोबाइल घडीलगायतका सामानहरू जफत गरिपाउँ भन्ने बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन ।

अदालतको ठहर

पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट बहसमा उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री नवराज पराजुलीले बरामद भएको लागु औषधको परिमाणलाई आधार मानी प्रतिवादीहरूलाई लागु औषधका कारोबारी होइनन् भनी भन्न मिल्दैन भनी गर्नुभएको बहस जिकिर सुनियो । मिसिल अध्ययन गर्दा प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) बमोजिमको कसुर अपराधमा ऐ. ऐनको दफा १४ को उपदफा (छ) को (१) बमोजिम सजाय गर्नुपर्ने भन्ने वादी नेपाल सरकारको अभियोग दाबी रहेकोमा सुरू अदालतले फैसला गर्दा प्रतिवादीहरूलाई अभियोग दाबीअनुसारकै सजाय सुनाएको पाइन्छ भने उच्च अदालतले पुनरावेदनको रोहमा सोही मुद्दाको कारबाही गर्दा बरामद भएको लागु औषधको मात्रासमेतलाई विचार गरी प्रतिवादीहरूले लागु औषध कारोबारको कसुर गरेको ठहऱ्याएको सुरूको फैसला केहीहदसम्म उल्टी गरी प्रतिवादीहरूको कसुर लागु औषधको सेवनसम्म सिमित हुने भनी फैसला गरिदिएको देखिन्छ । उच्च अदालतको सो फैसलामा वादी नेपाल सरकारले चित्त नबुझाई प्रतिवादीहरूलाई अभियोग दाबीअनुसारकै सजाय हुनुपर्ने भनी पुनरावेदन जिकिर लिएको अवस्था छ। अब, प्रस्तुत मुद्दामा उच्च अदालत पोखराले मिति २०७४/०३/०१ मा गरेको फैसला मिले नमिलेको र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने नपुग्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा उषा के.सी. को जाहेरी परेको चोरी मुद्दाको सिलसिलामा प्रतिवादीहरूलाई खोजतलास गर्दै जाँदा पोखरा उपमहानगरपालिका वडा नं. ४ स्थित सिद्धार्थ चोकमा सशङ्कित अवस्थामा फेला पारी निजहरूले बताएबमोजिमको डेरा कोठा खानतलासी लिँदा लागु औषध ब्राउन सुगर जस्तो देखिने पदार्थ ४ ग्राम बरामद भएकाले कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको प्रहरी निरीक्षक दिपक खड्कासमेतको प्रतिवेदनपश्चात् अनुसन्धान तहकीकातको कार्य सम्पन्न भई लागु औषध मुद्दाको प्रस्तुत अभियोगपत्र दायर हुन आएको पाइन्छ । बरामद भएको पदार्थ लागु औषध हेरोइन भएको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको च.नं. ४७६९ मिति २०७१।३।६ को पत्रसाथ प्राप्त प्रतिवेदनबाट पुष्टी हुन आएको छ । प्रतिवादीहरूले पुनरावेदनपत्रमा बरामद भएको भनिएको लागु औषध निजहरूको डेरा कोठाबाट बरामद भएकै होइन भन्ने जिकिर लिएको भए पनि निजहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा उक्त बरामदी मुचुल्कालाई अन्यथा भन्न सकेको देखिँदैन । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा भएको कानूनी व्यवस्थाअनुसार कसैबाट लागु औषध बरामद हुन्छ भने त्यस्तो लागु औषध कानूनबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजैले पेस गर्नुपर्ने हुन्छ । त्यसरी प्रमाण पुऱ्याउन नसकेमा निजले सो ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने अवस्था छ । प्रस्तुत मुद्दामा निजहरूले अदालतमा बयान गर्दा बरामदी मुचुल्कालाई अन्यथा भनेको भएपनि आफ्नो दाबीलाई पुष्टी गर्न वस्तुगत प्रमाण पेस गर्न सकेको देखिँदैन ।

३. तसर्थ, बरामद भएको लागु औषध ४ ग्राम मात्र भएको र प्रतिवादीहरू ५ जना भएकोले बरामद भएको लागु औषधको मात्रा र प्रतिवादीहरूको संख्यालाई ध्यानमा राख्दा यी प्रतिवादीहरूले यति

थोरै मात्राको लागु औषध व्यावसायिक रूपमा खरिद बिक्री गर्नका लागि सञ्चय गरे होलान् भन्न सकिने अवस्था नदेखिएकोले सुरू अदालतले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) र (च) बमोजिमको कसुर गरेको ठहऱ्याई प्रतिवादीहरूलाई दफा १४(१) को (छ) (१) बमोजिम सजाय हुने भनी गरेको उक्त फैसला मिलेको नभई बरामदी लागु औषध प्रतिवादीहरूले सेवनका लागि राखेको र सेवन गर्ने गरेको देखिँदा निज प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरसम्म गरेको ठहर्छ भनी उच्च अदालत पोखराले गरेको फैसलालाई अन्यथा भन्नुपर्ने अवस्था देखिएन।

४. लागु औषध बिक्री पनि गर्ने गरेको भनी प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा साबित भएको कुरालाई मुद्दा फैसला गर्दा प्रमाणमा लिइएन भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा आफूहरू लागु औषधको कारोबारी हौं भनेपनि अदालतमा बयान गर्दा सो कुरामा इन्कार रहेको अवस्था छ र निजहरूले कारोबारको लागि सो लागु औषध राखे साँचेका थिए भन्ने कुरा खुल्न आएको अवस्था देखिँदैन । बरामद भएको लागु औषधको परिमाण र प्रतिवादीहरूको संख्यासमेतलाई हेर्दा प्रतिवादीहरूको इन्कारी बयान नै समर्थित हुने अवस्था भएकोले अनुसन्धान अधिकारीसमक्ष साबित भएको कुरालाई मात्र प्रमाणमा लिई फैसला गर्दा न्याय पर्ने देखिएन।

५. बरामद भएको परिमाणलाई आधार मानी सो वारदातबाट लागु औषधको कारोबार नभई प्रतिवादीहरूले लागु औषध सेवनसम्म गरेको कसुर ठहऱ्याउने गरी भएको उच्च अदालत पोखराको फैसला *ने.का.प. २०६९, अङ्क ११, निर्णय नं. ८९२३* को नजिर सिद्धान्तसमेतको प्रतिकूल भएको भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, पुनरावेदकले पुनरावेदन जिकिरमा सन्दर्भ लिएको ने.का.प. २०६९, अङ्क ११, नि.नं. ८९२३ को नजिरमा भएको मुद्धाको तथ्य र परिस्थिति यस मुद्दामा भएको तथ्य र परिस्थितिसँग हुबहु मेल खाने खालको छैन । उक्त मुद्दामा प्रतिवादी रहेका जीतबहादुर खत्रीले लागु औषधको कारोबार गर्छन् भन्ने सूचनाको आधारमा सार्वजनिक स्थलमा बिक्रीकै लागि ग्राहक कुरी बसिरहेको अवस्थामा प्रहरीले खानतलासी गर्दा निजको शरीरबाट विभिन्न थरीका १२८ थान ट्याब्लेट/क्याप्सुल र ७ बोत्तल प्रतिबन्धित लागु औषध बरामद गरेको अवस्था छ भने यस मुद्दामा अर्कै प्रयोजनबाट खानतलासी लिँदाको संयोगले प्रतिवादीको कोठाबाट ४ ग्राम लागु औषध बरामद भएको अवस्था छ । बरामद भएको लागु औषध बेचबिखनको लागि थियो कि त भन्नलाई नापतौल गर्ने ढक तराजु वा खरिद बिक्री गर्ने कुनै कारोबारीहरू भेटिएको अवस्थासमेत छैन । **प्रतिवादीको साथमा यति परिमाणको लागु औषध फेला परे त्यो कारोबारको लागि हुने र यति परिमाणसम्म भए त्यो सेवनका लागि हुने भन्ने कुनै सर्वमान्य सिद्धान्त वा मापदण्ड भएको पाइँदैन । बरामद भएको लागु औषधको दसी प्रतिवादीसँग त्यसबखत कुन प्रयोजनका लागि रहेको थियो भन्ने कुरा तत्क्षण फेला परेको लागु औषधको परिमाणसँग निरपेक्ष रूपमा नभई तत्कालीन वस्तु परिवेशसँगको सापेक्षतामा हेरिनुपर्ने विषय हुन जान्छ ।** उद्धृत नजिरमा *सेवन प्रयोजनको लागि एक दुई डोजसम्मको लागि खरिद हुने हुँदा बरामद लागु औषध अत्यधिक मात्रामा देखिएकोले सेवनसम्मको लागि खरिद गरेको हो भन्न नमिल्ने* भनी सिद्धान्त प्रतिपादन भएको देखिँदा सामान्यतः सेवनको लागि

भन्दा कारोबारको लागि सञ्चय गरिने लागु औषधको मात्रा बढी हुनुपर्ने भनी बुझ्नुपर्ने हुन्छ। पुनरावेदकले यस कारणबाट यस मुद्दामा बरामद भएको ४ ग्रामको हेरोइन कारोबारको लागि योग्य छ भनी भन्न सकेको स्थिति नहुँदा अन्यथा भएकोमा बाहेक प्रस्तुत मुद्दामा बरामद भएको उक्त परिमाणको हेरोइनलाई कारोबारकै लागि सञ्चय गरिराखेको ठुलो परिमाणको लागु औषध भन्न नसकिने हुँदा पुनरावेदकले सन्दर्भ लिएको उल्लिखित नजिर सिद्धान्तबाट निजलाई फाइदा पुग्ने स्थिति देखिएन। तसर्थ, यी प्रतिवादीहरू लागु औषधको कारोबारमा संलग्न रहेको भन्ने वादीको नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादीहरूको कसुर लागु औषधको कारोबारीको रूपमा स्थापित हुन नसकेको अवस्थामा कारोबारबाट आर्जेका मोबाइल घडीलगायतका बरामद सामग्री जफत हुनुपर्ने भन्ने वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर स्वतः नै खण्डित भइरहेको हुँदा यसमा थप विवेचना गरिरहनै परेन। प्रतिवादी धनवहादुर गौतमलाई थप सजाय हुने ठहरेतर्फ निजको र प्रतिवादी सोमबहादुर पुनलाई थप सजाय नभएकोसमेततर्फ वादी नेपाल सरकारको पुनरावेदन पर्न आएको अवस्था नहुँदा त्यसतर्फ बोलिरहन परेन।

६. तसर्थ, लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) बमोजिमको लागु औषध सेवन गरेसम्मको कसुर ठहऱ्याउनु पर्नेमा अभियोग मागदाबीबमोजिमको कसुर ठहऱ्याएको सुरू कास्की जिल्ला अदालतको मिति २०७३।२।१२ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावदेक प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही १ (एक) वर्ष कैद र रू.१०,०००।- (दस हजार रूपैयाँ) जरिवाना हुने, प्रतिवादी धनबहादुर गौतमका हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप एक वर्ष कैद र रू.५,०००।- (पाँच हजार रुपैयाँ) जरिवाना हुनेगरी भएको सुरू ठहर सदर गरेको उच्च अदालत पोखराको मिति २०७४/०३/०१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रस्तुत मुद्दाको पुनरावेदन दायरीको लगत कट्टा गरी मिसिल सम्बन्धित शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.बमकुमार श्रेष्ठ

इजलास अधिकृतः ताराप्रसाद डाँगी
इति संवत् २०७६ साल मङ्सिर १० गते रोज ३ शुभम्।

## निर्णय नं. १०६४२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
फैसला मिति : २०७६।८।११
०७२-CR-११६५

मुद्दाः जालसाज

पुनरावेदक / प्रतिवादी : दिवाकर अधिकारीको छोरा दाङ लालमटिया गा.वि.स. वडा नं.७ बस्ने खोपीराम शर्मा अधिकारीसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : मोहन अधिकारीको पत्नी दाङ देउखुरी लालमटिया गा.वि.स. वडा नं.७ घर भई हाल दाङ सिसहनिया गा.वि.स. वडा नं.७ सिङ्गे बस्ने निर्मला अधिकारी

- **एकै तारिख पर्चामा एकै मितिमा रहेको लगाउको एक मुद्दा (अंश) को मिसिल सामेल रहेको तारिख भरपाईलाई नियमित गरिदिई सोही तारिखको अर्को लगाउको मुद्दा (जालसाज) को मिसिलमा रहेको तारिखमा भरपाई नगराई तथा, सो नगर्नु नगराउनुपर्ने आधार कारणसमेत उल्लेख नगरी बसेको देखिँदा त्यस्तो गल्ती वा त्रुटि तारिख लिने मुद्दाका पक्षको नभई अड्डाकै तर्फबाट भएको मान्नुपर्ने।**
- **जुन उद्देश्यका साथ सेवाग्राहीलाई अड्डामा बोलाइन्छ त्यस कामको अर्थपूर्ण निकासा दिने कर्तव्य पनि सम्बन्धित अड्डाकै हुन्छ। अड्डाको त्रुटिपूर्ण काम कारबाहीको दायित्व मुद्दाका पक्षलाई बेहोर्न लगाउनु न्यायोचित नहुने।**

(प्रकरण नं.२)

- **कुनै कामकारबाही रीतपूर्वक भए नभएको भनी जाँच गर्ने कुरा तथ्यगत आधारमा नभई कानूनी व्यवस्थाको कसीमा परीक्षण हुने विषय हो। मुद्दामा उठेको कानूनी प्रश्न निरूपणका लागि त्यस्तो विषयवस्तु स्वभावैले न्यायिक सरोकार बन्न जाने हुँदा कसैले दाबी लिए पनि नलिए पनि सम्बद्ध कानून र उपलब्ध प्रमाणको परीक्षण गरी कुनै कामकारबाही रीतपूर्वकको हो होइन भनी अदालत स्वयंले जाँच निक्यौंल गर्न नसक्ने भन्ने नहुने।**

(प्रकरण नं.३)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- न्याय प्रशासन ऐन, २०४८

सुरू तहमा फैसला गर्ने :
मा. जिल्ला न्यायाधीश श्री सूर्यबहादुर थापा
दाङ देउखुरी जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री रामकृष्ण खनाल
माननीय न्यायाधीश श्री श्रीमण कुमार गौतम
पुनरावेदन अदालत, तुलसीपुर

फैसला

**न्या.सपना प्रधान मल्ल :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतको पुनरावेदन दायरीमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

तथ्य खण्ड

मेरो पति विपक्षी मोहन अधिकारी, ससुरा खोपीराम शर्मा अधिकारी, सासू शान्तादेवी, जेठाजुहरू मधुसुदन र तिलक अधिकारीसमेतले मिलेमतोमा मेरो अंश हक मार्ने उद्देश्यले कमसल जग्गा र रू.४,९५,०००/- अंशबापत मेरो पतिले बुझेको भनी बनाइएको मिति २०७०/०९/०८ को अंश छोडपत्रको लिखत तथा सो कार्य किर्ते कागजको ३ नं. बमोजिम ठहर गरी ऐजन १० नं. बमोजिम प्रतिवादीहरूलाई सजायसमेत गरिपाउँ भन्ने वादी निर्मला अधिकारीको फिराद दाबी।

उमेर पुगेका वादीका पति म मोहन अधिकारी र हामी जेठाजुहरू सबैले आ-आफ्नो भागमा पर्न आउने अंश लिई मुलुकी ऐन रजिस्ट्रेसनको १ नं. बमोजिम अंश छोडपत्रको लिखत दर्ता गरी कानूनबमोजिम छुट्टिई भिन्न भएका हौँ। वादीले दाबी गरेजस्तो कम सम्पत्ति लिएर छुट्टिने निजको पतिलाई फाइदा हुने तर निजलाई नहुने भन्ने भनाइ तर्कयुक्त छैन। यसर्थ, झुट्टा दाबी खारेज गरिपाउँ भन्ने प्रतिवादीहरू खोपीराम शर्मा अधिकारीसमेतको संयुक्त प्रतिउत्तरपत्र।

निर्मला अधिकारीले अदालतबाट तोकिएको मिति २०७०/१२/२७ गतेको तारिख गुजारी बसेको र कानूनबमोजिम थाम्ने थमाउने अवधिसमेत बाँकी रहेको नदेखिँदा मुलुकी ऐन, अ.बं.१८५क नं. बमोजिम प्रस्तुत मुद्दा डिसमिस गरिदिएको भन्नेसमेत बेहोराको दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७१/३/४ मा भएको फैसला।

दाङ देउखुरी जिल्ला अदालतमा म पुनरावेदकले मिति २०७०/११/२६ मा अंश मुद्दा र ऐ. २७ गते जालसाज मुद्दा दायर गराएकोमा मुद्दा लगाउमा रही मलाई दुवै मुद्दाका लागि एउटै तारिख पर्चा दिएको थियो। मैले दुवै मुद्दाका लागि सोही पर्चाबाट तारिख लिने गरेकी थिएँ। उक्त डिसमिस फैसलामा उल्लेख भएको मिति २०७०/१२/२७ मा म अदालतमा उपस्थित भई तारिखसमेत लिएकी छु। तारिख गुजारी बसेको होइन। जिल्ला अदालतले मेरा उल्लिखित दुई अंश र जालसाज मुद्दा अलग अलग फाँटमा पठाएको रहेछ। सो कुरा म पुनरावेदकलाई जानकारी हुने कुरै भएन। अदालतबाट भएको गल्तीले मेरो अंश जस्तो मुद्दालाई असर पर्ने गरी गरिएको डिसमिस फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर / उल्टी गरी न्याय पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी निर्मला अधिकारीले पुनरावेदन अदालत तुलसीपुरमा मिति २०७१/३/१३ गते पेस गरेको पुनरावेदनपत्र।

यी पुनरावेदिका वादीलाई सुरू जिल्ला अदालतले जालसाजी मुद्दा र अंश मुद्दाको तारिख पर्चा एउटै दिएको र दुवै मुद्दामा एकै मितिको तारिख तोकेको देखिएबाट यी पुनरावेदिकालाई अंश मुद्दाको तारिख भरपाईमा सहीछाप गराई अर्को जालसाजी मुद्दाको तारिख भरपाईमा अड्डाको भुलबाट सहीछाप गराउन छुट हुन गएको भन्ने देखिन आएकोले अड्डाको भुलले गर्दा लगाउको अंश मुद्दामा तारिखमा हाजिर भएकी यी पुनरावेदिकालाई जालसाजी मुद्दामा एकै दिनको तोकिएको तारिखमा हाजिर नभई गुजारेको भन्न मिल्ने नदेखिँदा सुरू दाङ देउखुरी जिल्ला अदालतबाट प्रस्तुत मुद्दा डिसमिस हुने ठहऱ्याई मिति २०७१।३।४ मा भएको फैसला बेरितको देखिँदा उक्त फैसला बदर हुन्छ। अब प्रस्तुत मुद्दामा कानूनबमोजिम जो जे गर्नुपर्ने गरी फैसला

गर्नु भनी प्रस्तुत मुदाको सुरू मिसिल दाङ देउखुरी जिल्ला अदालतमा पठाइदिने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२/०५/०९ मा भएको फैसला।

डिसमिस फैसलामा अन्य फैसलासरह न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) बमोजिम पुनरावेदन लाग्न सक्तैन। दुई छुट्टाछुट्टै मुद्दाको तारिख भरपाई दुई अलग अलग मिसिलमा गर्नुपर्नेमा वादीले सो नगरी एकै मुद्दाको मिसिलमा मात्र तारिख भरपाई गरेको आफैँले स्वीकार गरेको अवस्थामा प्रस्तुत मुद्दामा वादीले तारिख गुजारेको स्वतः प्रमाणित भएको छ। तारिख गुजारेको बेहोरा मिसिलबाट खुलिसकेपछि मुलुकी ऐन, अ.बं.१८५क को व्यवस्थाअनुसार त्यस्तो फैसला डिसमिस नै हुनुपर्दछ। वादीले जिल्ला अदालतबाट भएको डिसमिस फैसलालाई बेरितको भन्न सकेको अवस्था छैन। वादीले नै उक्त डिसमिस फैसलालाई बेरितको भन्न नसकेबाट अदालतले सक्रियता देखाई सो फैसला बेरितको हो भनी भन्न मिल्दैन तसर्थ, पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२/०५/०९ मा भएको फैसला उल्टी गरी जिल्ला अदालतको डिसमिस फैसला सदर गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीले मिति २०७२/१०/१० मा यस अदालतमा दायर गरेको पुनरावेदनपत्र।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो। अदालतले तोकेको तारिख वादीले गुजारेका कारण डिसमिस फैसला भएकोले वादीको पुनरावेदनको हक नै लाग्दैनथ्यो। पुनरावेदन दर्ता भइसकेको अवस्थामा पनि सो डिसमिस फैसलालाई बेरितको भन्ने जिकिर नै पुनरावेदकले नलिएको हुँदा अदालत आफैँले उक्त डिसमिस फैसला बेरितको भनी बदर हुने ठहऱ्याई फैसला गरेकोले पुनरावेदन अदालतको सो फैसला मिलेन, उल्टी हुनुपर्छ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ भने लगाउमा रहेका दुवै मुद्दाको लागि एउटै तारिख पर्चामा एकैदिन तारिख तोकी वादीले अंश मुद्दाको मिसिलको तारिख पर्चामा हाजिर गरिसकेको अवस्थामा अर्को मिसिलमा भरपाई नगराएको अड्डाको गल्तीका कारण वादीले तारिख गुजारेको भन्न नमिल्ने भई डिसमिस फैसला बेरितको हुन गएको भन्ने आधारबाट पुनरावेदन अदालतले सुरू अदालतले गरेको फैसला बदर हुने ठहर गरेको देखिन आयो। यस अवस्थामा, पुनरावेदन अदालतबाट भएको सो फैसला मिले नमिलेको तथा प्रतिवादीको पुनरावेदन जिकिर पुग्ने नपुग्ने सम्बन्धमा नै निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, यी प्रत्यर्थी वादीले यिनै पुनरावेदक प्रतिवादीहरू विरूद्ध दाङ देउखुरी जिल्ला अदालतमा अंश र जालसाज मुद्दा दायर गरी यी दुवै मुद्दा लगाउमा रही मुद्दाको अदालती कारबाही चलिरहेको भन्ने तथ्यमा मुद्दाका पक्षहरूको मुख मिलेकै देखिन्छ भने अंश मुद्दामा अदालतबाट तोकिएको तारिखमा हाजिर भई मुद्दा पुर्पक्ष गर्दै आएको भन्ने वादी दाबीलाई तारिख पर्चामा जनिएको निजको उपस्थितिले पुष्टि गरेको अवस्था छ। दाङ देउखुरी जिल्ला अदालतबाट जारी भएको तारिख पर्चामा मुद्दाका वादी निर्मला अधिकारी र प्रतिवादी खोपीराम शर्मा अधिकारीसमेत उल्लेख गरी संवत् २०७० सालको ७३-०७०-००५८६ को अंश मुद्दा र लगाउको ७२-०७०-०५९७ नं. को जालसाज मुद्दा जनाई मिति २०७०/१२/२७ मा अदालतमा हाजिर हुनका लागि तारिख तोकेको कुरा पुनरावेदन अदालत तुलसीपुर, दाङको मिसिल नं. दु.फौ. रे.पं.नं.१३३४ (०७०-CP-००७०) मा संलग्न तारिख पर्चाको प्रतिलिपिबाट देखिँदा यी दुई मुद्दामा

वादीको लागि तोकिएको तारिख पर्चा र मिति एउटै भएको पाइयो । सुरू जिल्ला अदालतले यी प्रत्यर्थी वादीलाई दिएको तारिख पर्चामा लगाउमा रहेका जालसाज र अंश मुद्दामा मिति २०७०/१२/२७ को तारिख जनाई दुवै मुद्दामा एकै मितिको एकै तारिख एकै पर्चाबाट एकै अदालतमा तोकेको देखियो । अंश मुद्दाको मिसिल संलग्न तारिख भरपाईमा उक्त मितिमा वादी अदालतमा उपस्थित भई तारिख थामेको देखिन्छ तर सोही लगाउको अर्को जालसाज मुद्दामा तारिख भरपाई भए गराएको देखिएन । **एकै तारिख पर्चामा एकै मितिमा रहेको लगाउको एक मुद्दा (अंश) को मिसिल सामेल रहेको तारिख भरपाईलाई नियमित गरिदिई सोही तारिखको अर्को लगाउको मुद्दा (जालसाज) को मिसिलमा रहेको तारिखमा भरपाई नगराई तथा, सो नगर्नु नगराउनुपर्ने आधार कारणसमेत उल्लेख नगरी बसेको देखिँदा त्यस्तो गल्ती वा त्रुटि तारिख लिने मुद्दाका पक्षको नभई अड्डाकै तर्फबाट भएको मान्नुपर्ने हुन्छ । सबै सेवाग्राहीले अड्डाका सबै काम कारबाहीको प्राविधिक पक्ष बुझेका हुन्छन् भन्ने अनुमान गरिनु हुँदैन र अड्डाका मिसिलमा सेवाग्राहीको नियन्त्रण रहने कुरा पनि भएन । जुन उद्देश्यका साथ सेवाग्राहीलाई अड्डामा बोलाइन्छ त्यस कामको अर्थपूर्ण निकासा दिने कर्तव्य पनि सम्बन्धित अड्डाकै हुन्छ । अड्डाको त्रुटिपूर्ण काम कारबाहीको दायित्व मुद्दाका पक्षलाई बेहोर्न लगाउनु न्यायोचित हुँदैन ।** तसर्थ, अंश मुद्दामा तारिखमा हाजिर भएकी यी प्रत्यर्थीले उही तारिख पर्चामा उही दिन उही अदालतमा तारिख तोकिएको लगाउको अर्को जालसाज मुद्दामा हाजिर नभई तारिख गुजारेको भनी गरेको तर्कलाई युक्तिसङ्गत मान्न सकिएन ।

३. डिसमिस फैसलालाई बेरितको भनी वादीले दाबी नलिएको अवस्थामा अदालत आफैँले कुनै अमुक फैसलालाई बेरितको भनी निर्णय गर्न नमिल्ने हुँदा सो डिसमिस फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) बमोजिम पुनरावेदन नै लाग्न सक्नैन भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, अदालती बन्दोबस्तको १८५क (३) नं. मा आंशिक वा पूरै डिसमिस भएको फैसलामा यसै महलको १७९ नं. बमोजिम हुने बेहोरा उल्लेख गरी ऐ. १७९ नं. मा बेरितसँग डिसमिस भएको फैसलामा कानूनको म्यादभित्र पुनरावेदन लाग्न सक्ने भनी उल्लेख भएको पाइन्छ । **कुनै कामकारबाही रीतपूर्वक भएको छ कि छैन भनी हेर्नलाई त्यस्तो काम कारबाहीले कानूनले तोकेको निश्चित कार्यविधि अवलम्बन गरेको छ छैन भनी हेर्नुपर्ने हुन्छ । यी प्रत्यर्थीलाई अदालतले वादीको हैसियतमा दुईवटा मुद्दामा तारिख थाम्न एउटै सूचनाबाट एकैपटक बोलाई एउटा मुद्दामा तारिख भरपाई गराउने र अर्कोमा त्यस्तो भरपाई नगराउने वा त्यसो गर्नु नपर्ने वा गराउनु नपर्ने कारण के थियो भनी उल्लेख पनि नगरेकोलाई रीतपूर्वक भएको कामकारबाही हो भनी मान्न सकिएन । कुनै कामकारबाही रीतपूर्वक भए नभएको भनी जाँच गर्ने कुरा तथ्यगत आधारमा नभई कानूनी व्यवस्थाको कसीमा परीक्षण हुने विषय हो । मुद्दामा उठेको कानूनी प्रश्न निरूपणका लागि त्यस्तो विषयवस्तु स्वभावैले न्यायिक सरोकार बन्न जाने हुँदा कसैले दाबी लिए पनि नलिए पनि सम्बद्ध कानून र उपलब्ध प्रमाणको परीक्षण गरी कुनै कामकारबाही रीतपूर्वकको हो होइन भनी अदालत स्वयंले जाँच निक्यौल गर्न नसक्ने भन्ने हुँदैन ।** तसर्थ, पुनरावेदकको यस प्रकरणमा उल्लिखित पुनरावेदन जिकिरसँग समेत सहमत हुन सकिएन ।

४. अतः माथि विवेचित आधार, कारण

र प्रमाणको समुचित मूल्याङ्कन गरी हेर्दा सुरू दाङ देउखुरी जिल्ला अदालतबाट प्रस्तुत मुद्दा डिसमिस हुने भनी मिति २०७१/०३/०४ मा भएको फैसला बेरितको देखिएकोले सो फैसला बदर हुने ठहर्‍याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२/०५/०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । विवेचित आधार कारणबाट प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रस्तुत मुद्दाको पुनरावेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. सुष्मालता माथेमा

इजलास अधिकृतः ताराप्रसाद डाँगी
इति संवत् २०७६ साल मङ्सिर ११ गते रोज ४ शुभम् ।

## निर्णय नं. १०६४३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७६।८।२४

मुद्दाः- जबरजस्ती करणी

०७४-CR-०८९३

पुनरावेदक / प्रतिवादी : रामनाथ पासवानको छोरा, सिराहा जिल्ला सुखिपुर नगरपालिका वडा नं. ४ घर भई हाल कारागार कार्यालय सिराहामा थुनामा रहेको उपेन्द्र पासवान

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम सिराहा ञ को जाहेरीले नेपाल सरकार

०७५-CR-०४०३

पुनरावेदक / वादी : नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सिराहा सुखिपुर नगरपालिका वडा नं. ४ घर रामेश्वर पासवानको छोरा विरेन्द्र पासवानसमेत

- **अदालतमा बकपत्र गर्दा पीडित व्यक्ति साक्षीसरह मात्र भएकोले निजको भनाइ नै अन्तिम प्रमाण होइन । पीडित व्यक्ति मानवीय प्राणी भई उक्त घटना वारदात र अपराधपछि पनि निजले उही समाज र प्रतिवादीको बसोबास रहेको बसेको**

**गाउँ ठाउँमा नै पुनः बस्नुपर्ने भएकोले विभिन्न पक्षहरूबाट प्रभावित हुन सक्छ । पीडितले hostile भई बकपत्र गरेको कारणले मात्र प्रतिवादीले उन्मुक्ति पाउन सक्दैन । प्रतिवादीले उन्मुक्ति पाउने कुरा अन्य मिसिल संलग्न प्रमाणहरूबाट प्रमाणित पनि हुनुपर्ने ।**

- **वस्तुस्थितिका मानिसले पनि पीडितको भनाइबाट जबरजस्ती करणी भएको भनेको र पीडितको भनाइ पनि जबरजस्ती करणी भएको भन्ने रहेको र स्वास्थ्य परीक्षण प्रतिवेदनहरू र सहअभियुक्तको बयानबाट पनि जबरजस्ती करणी भएको तथ्य नै स्थापित भइरहँदा केवल पीडितको अदालतसमक्षको भनाइलाई मात्र आधार लिएर सफाइ दिन नमिल्ने ।**

(प्रकरण नं.५)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारी

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री उज्ज्वल मैनाली

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

मा. जिल्ला न्यायाधीश श्री राजेन्द्र अधिकारी
सिराहा जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री भिमबहादुर बोहरा
माननीय न्यायाधीश श्री नसरूल्लाह अंसारी
उच्च अदालत जनकपुर, राजविराज इजलास

फैसला

**न्या.प्रकाशमान सिंह राउत** : न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः

म जाहेरवाली परिवर्तित नाम "सिराहा ञ" को मिति २०७२।१०।२६ मंगलबारको व्रत भएकोले अ.१७:०० बजेको समयमा आफ्नै छिमेकी फगुनी भन्ने राम लोचन पासवानको घर आँगनमा रहेको मेवाको रूखमा मेवा टिपिरहेको अवस्थामा विपक्षीहरू उपेन्द्र पासवान र विरेन्द्र पासवान म भएको ठाउँमा आई विपक्षीमध्येका उपेन्द्र पासवानले मलाई अश्लील शब्दमा जिस्काई निज विपक्षीहरूले मेरो हात र कम्मरमा जबरजस्ती समाती मलाई निज फागुनी भन्ने राम लोचन पासवानको घरतर्फ लान खोजेकोले मैले प्रतिकार गरेको हुँदा, सोही बेला विपक्षी रामु पासवान आई निजले र विरेन्द्र पासवानले मलाई जबरजस्ती राम लोचन पासवानको घर कोठाभित्र धकेली दिएको र विपक्षी उपेन्द्र पासवानसमेतले कोठाभित्र ममाथि धकेली दिई निज रामु पासवान र विरेन्द्र पासवानले कोठाको बाहिरबाट ढोकाको चुकुल लगाई दिई निज विपक्षीहरूले अन्य मानिस आउँछन् भनी हेरविचार गरेकोले मैले हो-हल्ला गर्दा विपक्षी उपेन्द्र पासवानले मलाई जबरजस्ती समाती आफूले घाँटीमा बेरेको गम्छाले मेरो मुख बाँधी मलाई बोल्न कराउन नदिई मलाई सोही कोठाको भुइँमा लडाई मेरो संवेदनशील अङ्गहरू समाती खेलाई मैले लगाएको सुरूवाल र कट्टु खोली निजले आफ्नो कपडा खोली आफ्नो उत्तेजित लिङ्ग मेरो योनिमा प्रवेश गराई मलाई जबरजस्ती करणी गरिसकेपश्चात् विपक्षीले मेरो मुखबाट गम्छा खोली दिएकोले मैले ठुलो स्वरमा रून कराउन थालेपछि छिमेकी दुखन पासवानले थाहा पाई हो-हल्ला गर्दै आई

ढोकामा बाहिरबाट लगाएको चुकुल खोल्दा निज विपक्षी उपेन्द्र पासवानले मलाई सोही अवस्थामा छाडी भागी फरार भएकोले दुखन पासवान म नजिक आएपश्चात् मसमेत बाहिर निक्लिँदा बाहिर हेरी बसेका विपक्षीहरू विरेन्द्र पासवान र रामु पासवानसमेत भागी फरार भएका रहेछन्। विपक्षीहरू रामु पासवान र विरेन्द्र पासवानको सहयोगमा निज उपेन्द्र पासवानले मलाई जबरजस्ती करणी गरी निजहरू भागी फरार भएको हुँदा निजहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरी म पीडितलाई पुग्न गएको क्षतिपूर्तिसमेत निज प्रतिवादीहरूबाटै दिलाई भराई पाउँ भन्ने बेहोराको परिवर्तित नाम "सिराहा ञ" को किटानी जाहेरी दरखास्त।

जिल्ला सिराहा कुसाहा लक्ष्मीनिया गा.वि.स. वडा नं.८ साबिक घर भई हाल ऐ.सुखीपुर नगरपालिका वडा नं.४ स्थित पूर्व मोहडा भएको टालीले छाएको एक तले २ कोठे फागुनी भन्ने राम लोचन पासवानको घरअगाडि आँगनमा रहेको मेवाको रूखमा परिवर्तित नाम "सिराहा ञ" मेवा टिपी भुइँमा छरिरहेको अवस्थामा एक्कासी प्रतिवादीहरू उपेन्द्र पासवान र रामु पासवान आई निज पीडितलाई जबरजस्ती समाती पक्री सो घरको कोठातर्फ लगिरहेको अवस्थामा प्रतिवादी विरेन्द्र पासवानसमेत आई तीनैजना प्रतिवादीहरूले पीडितलाई जबरजस्ती उक्त घरको दक्षिणपट्टि कोठाभित्र धकेली लडाई दिई प्रतिवादीमध्येका उपेन्द्र पासवान पीडितमाथि चढ्न साथ बाहिरबाट प्रतिवादीहरू विरेन्द्र पासवान र रामु पासवानले ढोका बन्द गरी बाहिरबाट कोही आउँछन् भनी हेरविचार गरेको र प्रतिवादी उपेन्द्र पासवानले पीडित परिवर्तित नाम "सिराहा ञ" लाई जबरजस्ती करणी गरेको भन्ने बेहोराको चार किल्लासहितको घटनास्थल मुचुल्का।

वारदातपश्चात् फरार रहेका प्रतिवादीहरू जिल्ला सिराहा कुसाहा लक्ष्मीनिया गा.वि.स. वडा नं.८ साबिक घर भई हाल ऐ.सुखीपुर नगरपालिका वडा नं.४ बस्ने वर्ष १९ को उपेन्द्र पासवान, ऐ.ऐ. बस्ने वर्ष १८ को रामु भन्ने राम सागर पासवान र ऐ.ऐ. बस्ने वर्ष १८ को विरेन्द्र पासवानलाई पक्राउ गरी आवश्यक कारबाहीको लागि दाखिला गराएको भन्ने बेहोराको प्रहरी प्रतिवेदन।

पीडितको शरीर तथा योनि वरिपरि चिथोरिएको, कोतरिएको घाउ, चोटपटक देखियो। जबरजस्ती करणी गरेको लक्षण देखियो, पीडितको योनिको हाइमन च्यातिएको थियो र Fresh Bleeding थियो भन्ने बेहोराको पीडित परिवर्तित नाम "सिराहा ञ" को स्वास्थ्य परीक्षण रिपोर्ट।

प्रतिवादी उपेन्द्र पासवानको लिङ्ग वा लिङ्ग वरिपरि चिथोरिएका, कोतरिएका, घाउ चोटपटक देखियो। तर अन्य प्रतिवादीहरूकोमा देखिएन। उपेन्द्र पासवानको लिङ्गमा जबरजस्ती करणी गरेको लक्षण देखियो तर अन्यमा सो देखिएन। उपेन्द्र पासवानको लिङ्गमा पिल्सिएको तथा अन्य प्रतिवादीहरूकोमा सो देखिएन भन्ने प्रतिवादीहरू उपेन्द्र पासवान, विरेन्द्र पासवान र रामु पासवानसमेतको परीक्षण रिपोर्ट।

म र मेरा साथीहरू उपेन्द्र भन्ने ओपेन्द्र पासवान र विरेन्द्र पासवानसमेत भई जाहेरवाली परिवर्तित नाम "सिराहा ञ" लाई यौन सम्पर्क गर्ने भनी योजना बनाएका थियौं, सोही क्रममा वारदात मिति २०७२।१०।२६ को दिउँसो गाउँकै काका नाता पर्ने फागुनी भन्ने राम लोचन पासवानको घरअगाडि म र उपेन्द्र भन्ने ओपेन्द्र पासवान र विरेन्द्र पासवानसमेत हामी तीनैजना गफगाफ गरिरहेको अवस्थामा अ.१६:४५ बजेको समयमा परिवर्तित नाम "सिराहा ञ" आफ्नो घरतर्फबाट फागुनी भन्ने राम लोचन पासवानको घरतिर आइरहेको अवस्थामा

राम लोचन पासवानको बुबा हरफुल पासवान घरबाट बाहिर निस्की आएकोले निजहरूको भेट भई कुराकानी गरी हरफुल पासवान बाहिर गए र निज "सिराहा ञ" राम लोचन पासवानको घर आँगनमा गई सो आगनमा रहेको मेवाको रूखमा मेवा टिप्न लाग्दा साथी उपेन्द्र भन्ने ओपेन्द्र पासवानले मेरो काका राम लोचन पासवानका घर परिवारका सदस्यहरू अहिले घरमा कोही पनि छैनन्, यति बेला पीडित परिवर्तित नाम "सिराहा ञ" लाई यौन सम्पर्क गर्न ठिक हुन्छ, निजलाई हामी तीनै जनाले पालैपालो यौन सम्पर्क गर्नुपर्छ भनेकोले सो कुरामा हामीले सहमति जनाएपश्चात् साथी उपेन्द्र भन्ने ओपेन्द्र पासवानले मलाई तिमी एकछिन बाहिर बस्दै गर भनी निज र विरेन्द्र पासवान दुवैजना परिवर्तित नाम "सिराहा ञ" भएको ठाउँमा गई निजलाई समाती पक्री फागुनी भन्ने राम लोचन पासवानको घर कोठातिर तान्दै ल्याउँदै गर्दा निज पीडितले नमानी प्रतिकार गरेको देखी मसमेत गई हामी तीनै जनाले पीडितलाई जबरजस्ती समाती घरको दक्षिणपट्टिको कोठाभित्र लगी म र विरेन्द्र पासवान कोठाभित्रबाट बाहिर निस्की निज उपेन्द्र भन्ने ओपेन्द्र पासवान र पीडितलाई कोठाभित्र राखी बाहिरबाट ढोकाको चुक्कुल लगाई दिई हामी बाहिर उभिई रहेका थियौं। केही क्षणपछि परिवर्तित नाम "सिराहा ञ" कोठाभित्रबाट ठुलो स्वरमा रोई कराई गरेकोले छिमेकी दुखन पासवान हो-हल्ला गर्दै आएको हुँदा म र विरेन्द्र पासवानले निज पीडितलाई जबरजस्ती करणी गर्न नपाई भागी फरार भएका हौं, पछि प्रहरी टोलीले मलाई पक्राउ गरी ल्याएको हो भन्ने बेहोराको प्रतिवादी रामु भन्ने राम सागर पासवानले अधिकारप्राप्त अधिकारीसमक्ष खुलाई लेखाई दिएको बयान।

म र मेरा साथीहरू विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवानसमेत भई जाहेरवाली परिवर्तित नाम "सिराहा ञ" लाई यौन सम्पर्क गर्ने भनी योजना बनाएका थियौं, सोही क्रममा वारदात मिति २०७२।१०।२६ को दिउँसो मेरो काका फागुनी भन्ने राम लोचन पासवानको घरअगाडि म र साथीहरू विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवानसमेत हामी तीनैजना गफगाफ गरिरहेको अवस्थामा अ.१६:४५ बजेको समयमा परिवर्तित नाम "सिराहा ञ" आफ्नो घरतर्फबाट काकाको घरतिर गइरहेको अवस्थामा हजुरबुबा हरफुल पासवान घरबाट बाहिर निस्किँदा निजहरूको भेट भई कुरा गरी हजुरबुबा बाहिर गएको र परिवर्तित नाम "सिराहा ञ" काका फागुनी भन्ने राम लोचन पासवानको घर आँगनमा गई सो ठाउँमा रहेको मेवाको रूखमा मेवा टिप्न लाग्दा मैले मेरो काका राम लोचन पासवानका घर परिवारका सदस्यहरू अहिले घरमा कोही पनि छैनन्। यति बेला पीडित परिवर्तित नाम "सिराहा ञ" लाई यौन सम्पर्क गर्न ठिक हुन्छ, निजलाई हामी तीनैजनाले पालैपालो यौन सम्पर्क गर्नुपर्छ भनेकोले सो कुरामा साथीहरूले सहमति जनाएपश्चात् मैले रामु भन्ने राम सागर पासवानलाई तिमी एकछिन बाहिर बस्दै गर भनी म र विरेन्द्र पासवान परिवर्तित नाम "सिराहा ञ" भएको ठाउँमा गई जबरजस्ती समाती पक्री काका राम लोचन पासवानको घर कोठातर्फ लान खोज्दा निज पीडितले नमानी प्रतिकार गरेकोले सोही समयमा साथी रामु भन्ने राम सागर पासवानसमेत आई हामी तीनैजनाले पीडितलाई जबरजस्ती समाती घरको दक्षिणपट्टिको कोठाभित्र लगी रामु भन्ने राम सागर पासवान र विरेन्द्र पासवान बाहिर निस्की बाहिरबाट ढोकाको चुक्कुल लगाई दिएकोले निज पीडित कराउन थालेको हुँदा मैले आफ्नो गम्छाले निजको मुख थुनी बाँधी भुइँमा लडाई निजको सुरूवाल र कट्टु खोली दिई आफ्नो कपडासमेत खोली निजमाथि संवेदनशील अङ्गहरू खेलाई जबरजस्ती करणी

गरी म उठेकोले "सिराहा ञ" को मुखबाट गम्छा खुस्कीन गई निजले ठुलो स्वरमा रोई कराई गरेकोले सो आवाज छिमेकी दुखन पासवानले सुनी हो-हल्ला गर्दै आई बाहिरबाट ढोकाको चुकुल खोल्नसाथ मैले दुखन पासवानलाई धकेली बाहिर निस्की भागी फरार भएको हुँ, पछि प्रहरी टोलीले मलाई पक्राउ गरी ल्याएको हो भन्ने बेहोराको प्रतिवादी उपेन्द्र भन्ने ओपेन्द्र पासवानले अधिकारप्राप्त अधिकारीसमक्ष खुलाई लेखाई दिएको बयान।

म र मेरा साथीहरू उपेन्द्र भन्ने ओपेन्द्र पासवान र रामु भन्ने राम सागर पासवानसमेत भई जाहेरवाली परिवर्तित नाम "सिराहा ञ" लाई यौन सम्पर्क गर्ने भनी योजना बनाएका थियौं, सोही क्रममा वारदात मिति २०७२।१०।२६ को दिउँसो गाउँकै काका नाता पर्ने फागुनी भन्ने राम लोचन पासवानको घरअगाडि हामी तीनैजना गफगाफ गरिरहेको अवस्थामा अ.१६:४५ बजेको समयमा परिवर्तित नाम "सिराहा ञ" आफ्नो घरतर्फबाट फागुनी भन्ने राम लोचन पासवानको घरतिर आइरहेको अवस्थामा राम लोचन पासवानको बुबा हरफुल पासवान घरबाट बाहिर निस्की आएकोले निजहरूको भेट भई कुराकानी गरी हरफुल पासवान बाहिर गए र निज "सिराहा ञ" राम लोचन पासवानको घर आँगनमा गई सो आगनमा रहेको मेवाको रूखमा मेवा टिप्न लाग्दा साथी उपेन्द्र भन्ने ओपेन्द्र पासवानले मेरो काका राम लोचन पासवानका घर परिवारका सदस्यहरू अहिले घरमा कोही पनि छैनन्, यति बेला पीडित परिवर्तित नाम "सिराहा ञ" लाई यौन सम्पर्क गर्न ठिक हुन्छ, निजलाई हामी तीनैजनाले पालै पालो यौन सम्पर्क गर्नुपर्छ भनेकोले सो कुरामा हामीले सहमति जनाएपश्चात् साथी उपेन्द्र भन्ने ओपेन्द्र पासवानले रामु भन्ने राम सागर पासवानलाई तिमी एकछिन बाहिर बस्दै गर भनी म र उपेन्द्र भन्ने ओपेन्द्र पासवान परिवर्तित नाम "सिराहा ञ" भएको ठाउँमा गई जबरजस्ती समाती पक्री राम लोचन पासवानको घर कोठातर्फ लान खोज्दा निज पीडितले नमानी प्रतिकार गरेकोले सोही समयमा साथी रामु भन्ने राम सागर पासवानसमेत आई हामी तीनैजनाले पीडितलाई जबरजस्ती समाती घरको दक्षिणपट्टिको कोठाभित्र लगी म र रामु भन्ने राम सागर पासवान कोठाभित्रबाट बाहिर निस्की निज उपेन्द्र भन्ने ओपेन्द्र पासवान र पीडितलाई कोठाभित्र राखी बाहिरबाट ढोकाको चुक्कुल लगाई दिई निजले जबरजस्ती करणी गरी आएपश्चात् हामी पालैपालो गई करणी गर्ने भनी बाहिर उभिई रहेका थियौं । केहीछिनपछि परिवर्तित नाम "सिराहा ञ" कोठाभित्रबाट ठुलो स्वरमा रोई कराई गरेकोले सो आवाज छिमेकी दुखन पासवानले सुनी हो-हल्ला गर्दै आएको हुँदा म र रामु भन्ने राम सागर पासवानले निज पीडितलाई जबरजस्ती करणी गर्न नपाई भागी फरार भएका हौं, पछि प्रहरी टोलीले मलाई पक्राउ गरी ल्याएको हो भन्ने बेहोराको प्रतिवादी विरेन्द्र पासवानले अधिकारप्राप्त अधिकारीसमक्ष खुलाई लेखाई दिएको बयान।

मिति २०७२।१०।२६ मा म इँट्टा भट्टामा मजदुरी काम गरी घर आउँदा मेरो छोरी वर्ष १५ की परिवर्तित नाम "सिराहा ञ" रोई कराई गरेको देखी निज छोरीलाई के भयो ? भनी सोधपुछ गर्दा निज छोरीले म अ.१७:०० बजेको समयमा छिमेकी फगुनी भन्ने राम लोचन पासवानको घरमा गई मेवा टिपिरहेको अवस्थामा उपेन्द्र भन्ने ओपेन्द्र पासवान र विरेन्द्र पासवानसमेत आई मलाई गाली गलौज गरी जबरजस्ती समाती मलाई निज फागुनी भन्ने राम लोचन पासवानको घरतर्फ लान खोजेकोले मैले प्रतिकार गरेको हुँदा सोही बेला विपक्षी रामु पासवान आई निज र विरेन्द्र पासवानले मलाई

जबरजस्ती उक्त घर कोठाभित्र धकेली दिएको र विपक्षी उपेन्द्र पासवानसमेतलाई कोठाभित्र म माथि धकेली दिई निज रामु पासवान र विरेन्द्र पासवानले कोठाको बाहिरबाट ढोकाको चुकुल लगाई दिएकोले मैले हो-हल्ला गर्दा विपक्षी उपेन्द्र पासवानले मलाई जबरजस्ती समाती आफूले घाँटीमा बेरेको गम्छाले मेरो मुख थुनी बाँधी मलाई बोल्न कराउन नदिई सोही कोठाको भुइँमा लडाई मेरो संवेदनशील अङ्गहरू समाती खेलाई मैले लगाएको कपडा खोली निजले आफ्नो कपडासमेत खोली मलाई जबरजस्ती करणी गरिसकेपश्चात् विपक्षीले मेरो मुखबाट गम्छा खोली दिएकोले मैले ठुलो स्वरमा रून कराउन थालेपछि छिमेकी दुखन पासवानले थाहा पाई हो-हल्ला गर्दै आई ढोकामा बाहिरबाट लगाएको चुकुल खोल्दा निज विपक्षी उपेन्द्र पासवानले मलाई सोही अवस्थामा छाडी भागी फरार भएको भनी बताएको हुँदा घटनाको बारेमा थाहा पाएको हुँ, यसरी रामु भन्ने राम सागर पासवान र विरेन्द्र पासवानको सहयोगमा निज उपेन्द्र पासवानले मेरो छोरीलाई जबरजस्ती करणी गरी निजहरू भागी फरार भएको हुँदा निजहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही होस् भन्ने बेहोराको साङ्केतिक नाम मिनाको कागज।

मेरो छोरा फागुनी भन्ने राम लोचन पासवानको मृत्यु भइसकेको र निजको श्रीमती मेरो बुहारीलगायत निजका छोरा छोरीहरू काम विशेषले काठमाडौं गएको हुँदा म एक्लै घरमा बस्दै आएको थिएँ, घरमा दुईवटा कोठाहरूमध्ये दक्षिणपट्टिको कोठामा ताल्चा लगाउने गरेको थिइनँ, सोही क्रममा वारदात मिति २०७२।१०।२६ को अं.१६:४५ बजेको समयमा म काम विशेषले घरबाट बाहिर निस्किँदा घरअगाडि मेरो नाति उप्रेन्द्र भन्ने ओपेन्द्र पासवान, गाउँकै रामु भन्ने राम सागर पासवान र विरेन्द्र पासवान भई तीनजना गफगाफ गर्दै बसेका थिए, सोही बेला परिवर्तित नाम "सिराहा ञ" आफ्नो घरतर्फबाट आइरहेको अवस्थामा हाम्रो भेट भएकोले निजले आज मेरो मंगलबारको व्रत छ तपाइँको आँगनमा रहेको मेवाको रूखबाट फलफुलको लागि मेवा टिपी दिनुभन्दा म काम विशेषले बाहिर हिँडेको तिमी आफैँ टिपेर लैजाउ भनेपश्चात् म बाहिर गई आफ्नो कामकाज सकी बेलुका घर आउँदा निज पीडित परिवर्तित नाम "सिराहा ञ" मेरो घरअगाडि आँगनमा रहेको मेवाको रूखमा मेवा टिप्दै गरेको अवस्थामा हाल पक्राउ प्रतिवादीहरू उपेन्द्र भन्ने ओपेन्द्र पासवान, विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवानसमेतले निज "सिराहा ञ" लाई जबरजस्ती पक्री समाती तानी मेरो घरको दक्षिणपट्टिको घर कोठामा लगी प्रतिवादीहरूमध्ये विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवान कोठाभित्रबाट बाहिर निस्की प्रतिवादी ओपेन्द्र पासवान र पीडितलाई कोठाभित्र राखी ढोकाको बाहिरबाट चुक्कुल लगाई दिएको र प्रतिवादी उपेन्द्र भन्ने ओपेन्द्र पासवानले परिवर्तित नाम "सिराहा ञ" लाई जबरजस्ती करणी गरिसकेपश्चात् निज "सिराहा ञ" ले ठुलो स्वरमा रोई कराई गर्दा सो आवाज छिमेकी दुखन पासवानले सुनी हो-हल्ला गर्दै आएकोले बाहिर बसेका प्रतिवादीहरू विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवान फरार भएको र निज दुखन पासवानले उक्त घरको ढोकाको चुक्कुल खोल्ना साथ कोठाभित्रबाट प्रतिवादी उपेन्द्र भन्ने ओपेन्द्र पासवानले दुखन पासवानलाई धकेली भागी फरार भएको भनी सुनी बुझी थाहा पाएको हुँ, निज प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही होस् भन्ने बेहोराको हरफुल भन्ने हरीफुल पासवानको कागज।

मिति २०७२।१०।२६ को अ.१७:०० बजेको समयमा छिमेकी हरफुल भन्ने राम लोचन पासवानको घरमा छोरी मान्छे रोई कराई गरेको

आवाज सुनी म आफ्नो घरबाट के भयो भनी हो-हल्ला गर्दै जाँदा निजको घर आँगनबाट हाल पक्राउ विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवान दक्षिणतर्फ भागी फरार भएको देखेको हुँ, निज फागुनी भन्ने राम लोचन पासवानको घरमा गई सो घरको दक्षिणपट्टिको कोठाको बाहिरबाट ढोका खोल्दा हाल पक्राउ रहेका प्रतिवादी उपेन्द्र भन्ने ओपेन्द्र पासवानले मलाई धकेली बाहिर भागी फरार भएको र सो कोठाभित्र परिवर्तित नाम "सिराहा ञ" को शरीरको तलको भागको कपडा खोलेको थियो, निज पीडितको कपाल जिङरिङ पछाडिको भागमा माटो लागेको अवस्थामा देखी बाहिर निकाली के भयो भनी सोधपुछ गर्दा निज पीडितले आज मेरो मंगलबारको व्रत भएकोले यहाँ मेवा टिप्न आई मेवा टिपिरहेको अवस्थामा प्रतिवादीहरू उपेन्द्र भन्ने ओपेन्द्र पासवान र विरेन्द्र पासवान म भएको ठाउँमा आई अपशब्दमा जिस्काई मलाई जबरजस्ती समाती पक्री मलाई फागुनी भन्ने राम लोचन पासवानको घरतर्फ लाने क्रममा मैले प्रतिकार गरेकोले अर्का प्रतिवादी रामु भन्ने राम सागर पासवानसमेत आई तीनैजनाले मलाई जबरजस्ती तानी फागुनी भन्ने राम लोचन पासवानको घर कोठाभित्र लगी प्रतिवादीहरू विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवान बाहिर निस्की सो ढोकाको बाहिरबाट चुक्कुल लगाई दिई निजहरू बाहिर बसेको र उपेन्द्र भन्ने ओपेन्द्र पासवानले आफ्नो गम्छाले मेरो मुख थुनी मलाई बोल्न कराउन नदिई मलाई जबरजस्ती भुइँमा लडाई मेरो कपडा खोली दिई निजले पनी आफ्नो कपडा खोली मलाई जबरजस्ती करणी गरी सकेपश्चात् निज उठी आफ्नो कपडा लगाउँदा मेरो मुखबाट गम्छा खुस्किन गई मैले रोई कराई गरेकोले तपाईँले ढोकाको चुक्कुल खोल्ना साथ निज उपेन्द्र भन्ने ओपेन्द्र पासवानले मलाई सोही अवस्थामा छाडी भागी फरार भएको भनी बताएको हुँदा, निज पीडितलाई यसरी जबरजस्ती करणी गरी भागी फरार हुने निजहरूलाई पक्राउ गरी कारबाही होस् भन्ने बेहोराको दुखन पासवानको कागज।

मेरो वास्तविक नाम उपिन्द्र पासवान हो, मलाई गाउँघरमा उपेन्द्र पासवान र ओपेन्द्र पासवान भनी दुवै नामले बोलाउने गर्दछन्, मैले बयानमा आफ्नो वास्तविक नाम ढाँटी उपनाम खुलाई लेखाई दिँदा मलाई यस मुद्दामा सजायबाट छुट हुन्छ भनी वास्तविक नाम नखुलाई उपनाम मात्र खुलाई लेखाई दिएको हुँ भन्ने बेहोराको प्रतिवादी उपेन्द्र, ओपेन्द्र भन्ने उपिन्द्र पासवानले अधिकारप्राप्त अधिकारीसमक्ष खुलाई लेखाई दिएको ततिम्बा बयान।

मिति २०७२।१०।२६ को अ.१७:०० बजेको समयमा फागुनी भन्ने राम लोचन पासवानको घरमा स्थानीय मानिसहरूको भिडभाड भएको देखी उक्त स्थानमा जाँदा परिवर्तित नाम "सिराहा ञ" को कपाल जीगरिङ परेको पछाडि पिठ्युँमा माटो लागेको अवस्थामा देखी के भयो भनी सोधपुछ गर्दा परिवर्तित नाम "सिराहा ञ" ले आज मेरो मंगलबारको व्रत भएकोले फागुनी भन्ने राम लोचन पासवानको घरअगाडि आँगनमा रहेको मेवाको रूखमा मेवा टिपी झारिरहेको अवस्थामा प्रतिवादीहरू उपेन्द्र, ओपेन्द्र भन्ने उपिन्द्र पासवान र विरेन्द्र पासवान म भएको ठाउँमा आई मलाई अश्लील शब्दमा जिस्काउँदै जबरजस्ती समाती पक्री तान्दै फागुनी भन्ने राम लोचन पासवानको घर कोठाभित्र लान खोज्दा मैले प्रतिकार गरेकोले अर्का प्रतिवादी रामु भन्ने राम सागर पासवानसमेत आई तीनैजनाले मलाई जबरजस्ती तानी फागुनी भन्ने राम लोचन पासवानको घर कोठाभित्र लगी प्रतिवादीहरू विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवान बाहिर निस्की सो ढोकाको

बाहिरबाट चुक्कुल लगाई दिई निजहरू बाहिर बसेको र उपेन्द्र, ओपेन्द्र भन्ने उपिन्द्र पासवानले आफ्नो गम्छाले मेरो मुख थुनी मलाई बोल्न कराउन नदिई मलाई जबरजस्ती भुइँमा लडाई मेरो कपडा खोली दिई निजले पनि आफ्नो कपडा खोली मलाई जबरजस्ती करणी गरिसकेपश्चात् निज उठी आफ्नो कपडा लगाउँदा मेरो मुखबाट गम्छा खुस्किन गई मैले रोई कराई गरेकोले सो आवाज छिमेकी दुखन पासवानले सुनी हो-हल्ला गर्दै आई बाहिरबाट ढोकाको चुक्कुल खोल्नसाथ कोठाभित्रबाट प्रतिवादी उपेन्द्र, ओपेन्द्र भन्ने उपिन्द्र पासवानले दुखन पासवानलाई धकेली भागी फरार भएको भनी बताएकोले घटनाको बारेमा सुनी बुझी थाहा पाएका हौं, पछि बुझ्दा प्रतिवादीहरूले निज परिवर्तित नाम "सिराहा ञ" लाई पालैपालो जबरजस्ती करणी गर्ने योजना बनाई पीडितलाई जबरजस्ती समाती पक्री राम लोचन पासवानको घर कोठामा लगी पहिले प्रतिवादी उपेन्द्र, ओपेन्द्र भन्ने उपिन्द्र पासवानले निज "सिराहा ञ" लाई जबरजस्ती करणी गरेकोले निज पीडित रोई कराई गरेको हुँदा सो आवाज दुखन पासवानले सुनी हो-हल्ला गर्दै आएकोले अन्य प्रतिवादीहरू विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवानले जबरजस्ती करणी गर्न नपाई भागी फरार भएको र निज दुखन पासवानले उक्त ढोकाको चुक्कुल खोल्नासाथ प्रतिवादी उपेन्द्र, ओपेन्द्र भन्ने उपिन्द्र पासवान भागी फरार भएको भनी बुझी थाहा पाएका हौं, निज प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही होस् भन्ने बेहोराको जोगिन्द्र पासवान, राम नाथ यादव र शोविन्द्र सिंहसमेतले खुलाई लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

पक्राउ परेका प्रतिवादी उपेन्द्र, ओपेन्द्र भन्ने उपिन्द्र पासवानको घर खानतलासी गर्दा यस मुद्दामा प्रमाण लाग्ने चिजवस्तु केही पनी फेला नपरेको भन्ने बेहोराको चार किल्लासहितको बरामदी खानतलासी मुचुल्का।

मिसिल संलग्न उल्लिखित प्रमाणबाट प्रतिवादीहरूमध्येका विरेन्द्र पासवान र रामु भन्ने रामसागर पासवानले पीडितलाई हुल गरी जबरजस्ती पक्रिएर वारदात स्थल फागुनी भन्ने रामलोचनको तत्काल कोही नभएको घरसम्म पुऱ्याई कोठाभित्र धकेली दिई उपेन्द्र भन्ने उपिन्द्र पासवान र पीडितलाई कोठाभित्र छाडी बाहिरबाट ढोकाको चुकुल लगाई दिएर जबरजस्ती करणी गर्न संयोग पारी बाहिर कोही आउँछन् भनी रूङ्नेसमेतको कार्य गरी जबरजस्ती करणी गर्न मद्दत गरेको र प्रतिवादी उपेन्द्र भन्ने उपिन्द्र पासवानले वर्ष १३ की नाबालिग पीडितलाई बन्द कोठाभित्र लडाई गम्छाले मुख थुनी बाँधी बोल्न चल्नसमेत नदिई जबरजस्ती करणी गरेको कुरा प्रमाणित भएकोले विरूद्ध खण्डमा उल्लिखित प्रतिवादी उपेन्द्र भन्ने उपिन्द्र पासवानले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(२) नं. बमोजिम कसुर गरेको र प्रतिवादीहरू विरेन्द्र पासवान र रामु भन्ने रामसागर पासवानले ऐ.ऐन महलको ४ नं. बमोजिमको कसुर वारदात गरेको कुरा सप्रमाण पुष्टि भएको हुँदा प्रतिवादी उपेन्द्र, ओपेन्द्र भन्ने उपिन्द्र पासवानलाई ऐ.ऐन महलको ३(२) नं. बमोजिम सजाय गरी निजबाट ऐ.को १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउन र प्रतिवादीहरू विरेन्द्र पासवान र रामु भन्ने रामसागर पासवानलाई सोही ऐन महलको ४ नं. बमोजिम जनही ६(छ) वर्षसम्म कैद सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी।

हाम्रो गाउँका शिव दयाल पासवान र मेरो बाजे हरिफुल पासवानबिच कुटपिट मुद्दा परेको कारण मसमेतलाई फसाउन सकिन्छ कि भनी निज शिव दयाल पासवानले उक्साई मसमेत उपर झुठ्ठा

बेहोराको जाहेरी दिन लगाएको हो । शिव दयालको उक्साहटमा प्रस्तुत आरोप लगाएको हो । मैले जाहेरवालीलाई जबरजस्ती करणी गरेको होइन । शिव दयालको आर्थिक प्रलोभनमा परी मसमेतलाई फसाउन खोजिएको हो भन्नेसमेत बेहोराको प्रतिवादी ओपेन्द्र भन्ने उपिन्द्र पासवानले सुरू अदालतमा गरेको बयान ।

उक्त मिति, समयमा म आफ्नो घरमा थिएँ । यी जाहेरवालीलाई मैलेसमेत भई जोर जबरजस्ती समाती जबरजस्ती करणी गराउने कार्य मबाट केही भएको होइन । मउपरको जाहेरी बेहोरा झुट्ठा हो भन्नेसमेत बेहोराको प्रतिवादी विरेन्द्र पासवानले अदालतमा गरेको बयान ।

उक्त मितिमा निज जाहेरवालीले मेवा खाएको विषयमा सामान्य विवाद भएको थियो । अन्य कुनै झै-झगडा थिएन । सोही विवाद र गाउँ समाजको अन्य विवादका कारण मसमेत उपर झुट्ठा आरोप लगाएको हो । गाउँको मानिसको उक्साहटमा परी झुट्ठा जाहेरी दिएको हो भन्नेसमेत बेहोराको प्रतिवादी रामु भन्ने रामसागर पासवानले अदालतमा गरेको बयान ।

उक्त मिति, समयमा मलाई कसैले पनि गम्छाले मुख थुनी / बाँधी जबरजस्ती करणी गरेको होइन । उक्त मितिको जाहेरी दरखास्तको बेहोरा मेरो होइन । जबरजस्ती मलाई छाप लगाउन लगाएको हो भन्नेसमेत बेहोराको पीडित / परिवर्तित नाम "सिराहा ञ" ले अदालतमा गरेको बकपत्र ।

वस्तुस्थिति मुचुल्काको बेहोरा मेरो होइन । प्रतिवादीहरूले जाहेरवालीलाई केही गरेको छैन भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुलकाका मानिस जोगिन्द्र पासवानले अदालतमा गरेको बकपत्र ।

जाहेरवालीलाई को कसले जबरजस्ती करणी गरे भन्ने कुरा मलाई थाहा भएन । वस्तुस्थिति मुचुल्काको बेहोरा मेरो होइन, सहीछाप मेरो हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस शोविन्द्र सिंहले अदालतमा गरेको बकपत्र ।

उक्त मितिमा म बसेको घरमा कसैले कसैलाई जबरजस्ती करणी गरेको छैन भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने मानिस हरिफुल पासवानले अदालतमा गरेको बकपत्र ।

उक्त मितिमा भएको घटना विवरण कागजको बेहोरा मेरो होइन । सोमा भएको सहीछाप चाहीँ मेरो हो । मेरो चिनेको प्रहरी थियो, निजले सहीछाप गर भनेकाले विश्वासमा परी मैले सहीछाप गरेको हो भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने मानिस अनिलकुमार सिंहले अदालतमा गरेको बकपत्र ।

म, प्रतिवादी रामसागर र प्रतिवादी विरेन्द्र गाउँ घरमा क्रिकेट खेलिरहेका थियौं । उक्त मितिमा यी दुवै प्रतिवादीले जबरजस्ती करणी कार्यमा सहयोग गरेको छैन, होइन उक्त कार्यमा प्रतिवादी उपेन्द्र पासवानसमेतको कुनै संलग्नता रहेको छैन भन्नेसमेत बेहोराको प्रतिवादीहरूका साक्षी मिथुन यादवले अदालतमा गरेको बकपत्र ।

प्रतिवादी ओपेन्द्र भन्ने उपेन्द्र पासवानले पीडित "सिराहा ञ" लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएकोले जबरजस्ती करणी महलको ३(२) को कसुरमा निज प्रतिवादी ओपेन्द्र भन्ने उपेन्द्र पासवानलाई ८(आठ) वर्ष कैद हुने ठहर्छ । पीडितलाई प्रतिवादीले रू. ५०,०००।– क्षतिपूर्ति भराइदिने ठहर्छ । पीडित नाबालिग वर्ष १३ को देखिँदा प्रतिवादीहरू रामु भन्ने रामसागर पासवान र विरेन्द्र पासवानलाई जबरजस्ती करणी महलको ४ नं.को कसुरमा सोही महलको दफा ४ बमोजिम जनही कैद ६(छ) वर्ष हुने ठहर्छ भन्नेसमेत बेहोराको सिराहा जिल्ला अदालतको मिति २०७२।०२।२४ को फैसला ।

प्रत्यक्षदर्शी कोही नभएको कथित वारदातमा विपक्षीले मलाई झुट्ठा आरोप लगाएका हुन् । वस्तुस्थिति मुचुल्काका मानिसहरू जोगिन्द्र पासवान, रामनाथ यादव, सोविन्द्र सिंहसमेतले आ-आफ्नो बेहोरा लेखाउँदा सुनी थाहा पाएको भनी लेखाएका छन् । प्रहरीमा भएको बयान मेरो इच्छाविपरीतको बयान हो । म प्रतिवादीले अदालमा बयान गर्दा कसुरमा इन्कारी रही बयान गरेको छु र सोही बयानलाई मेरा साक्षीले बयान गरेका छन् । जबरजस्ती करणीको वारदात नभएको भनी विभिन्न व्यक्तिले बकपत्र गरेकोमा अभियोग दाबीबमोजिम नै मलाई दोषी ठहराएको सुरू सिराहा जिल्ला अदालतको फैसला प्रमाण र इन्साफको रोहमा त्रुटिपूर्ण रहेकोले उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी उपेन्द्र पासवानको मिति २०७३।०५।१४ को पुनरावेदन पत्र ।

प्रत्यक्षदर्शी कोही नभएको कथित वारदातमा विपक्षीले मलाई झुट्ठा आरोप लगाएका हुन् । वस्तुस्थिति मुचुल्काका मानिसहरू जोगिन्द्र पासवान, रामनाथ यादव, सोविन्द्र सिंहसमेतले आ-आफ्नो बेहोरा लेखाउँदा सुनी थाहा पाएको भनी लेखाएका छन् । प्रहरीमा भएको बयान मेरो इच्छाविपरीतको बयान हो । म प्रतिवादीले अदालमा बयान गर्दा कसुरमा इन्कारी रही बयान गरेको छु र सोही बयानलाई मेरा साक्षीले बयान गरेका छन् । जबरजस्ती करणीको वारदात नभएको भनी विभिन्न व्यक्तिले बकपत्र गरेकोमा अभियोग दाबीबमोजिम नै मलाई दोषी ठहराएको सुरू सिराहा जिल्ला अदालतको फैसला प्रमाण र इन्साफको रोहमा त्रुटिपूर्ण रहेकोले उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी विरेन्द्र पासवानको मिति २०७३।०५।१४ को पुनरावेदन पत्र ।

प्रत्यक्षदर्शी कोही नभएको कथित वारदातमा विपक्षीले मलाई झुट्ठा आरोप लगाएका हुन् । वस्तुस्थिति मुचुल्काका मानिसहरू जोगिन्द्र पासवान, रामनाथ यादव, सोविन्द्र सिंहसमेतले आ-आफ्नो बेहोरा लेखाउँदा सुनी थाहा पाएको भनी लेखाएका छन् । प्रहरीमा भएको बयान मेरो इच्छाविपरीतको बयान हो । म प्रतिवादीले अदालमा बयान गर्दा कसुरमा इन्कारी रही बयान गरेको छु र सोही बयानलाई मेरा साक्षीले बयान गरेका छन् । जबरजस्ती करणीको वारदात नभएको भनी विभिन्न व्यक्तिले बकपत्र गरेकोमा अभियोग दाबीबमोजिम नै मलाई दोषी ठहराएको सुरू सिराहा जिल्ला अदालतको फैसला प्रमाण र इन्साफको रोहमा त्रुटिपूर्ण रहेकोले उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने बेहोराको प्रतिवादी रामु भन्ने राम सागर पासवानको मिति २०७३।०५।१४ को पुनरावेदन पत्र ।

पीडित "सिराहा ञ" ले अदालतमा आई बकपत्र गर्दा आफ्नो उमेर १७ वर्ष भएको र प्रतिवादीहरूले आरोपित कसुर नगरेको भनी बेहोरा खुलाएकोसमेतका प्रमाण मूल्याङ्कनको सन्दर्भमा सुरू सिराहा जिल्ला अदालतको  फैसला फरक पर्न सक्ने देखिएकोले मुलुकी ऐन, अ.बं.२०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६४(२) को प्रयोजनार्थ उच्च सरकारी वकिल कार्यालय, राजविराजलाई जानकारी दिनु भन्ने बेहोराको अदालतको मिति २०७३।१०।०५ को प्रत्यर्थी झिकाउने आदेश ।

दर्ता नं.१२५, दर्ता मिति २०६६।११।२४ को पिंकी कुमारी पासवान नाउँको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि कुसाहा लक्ष्मीनियाँ गा.वि.स.को कार्यालयबाट झिकाई मगाउनु भन्ने बेहोराको अदालतको मिति २०७३।१२।०२ को आदेश ।

प्रतिवादी उपेन्द्र पासवानउपर मौकामा यी जाहेरवाली पीडितले किटानी जाहेरी दिई आफूलाई उपेन्द्र पासवानले जबरजस्ती करणी गरेको उल्लेख गरेको पाइन्छ । अदालतको बकपत्रमा जबरजस्ती करणी गरेको छैन भनी बकपत्र गरे पनि निजको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जबरजस्ती करणी गरेको पुष्टि भएको पाइन्छ । स्वास्थ्य परीक्षण प्रतिवेदनमा कन्याजाली च्यातिएको, योनि वरिपरि कोतारिएको, चोटपटक रहेको, Fresh bleeding भई जबरजस्ती करणीको लक्षण देखिएको यी प्रतिवादीले पनि मौकामा कसुर स्वीकार गरेकोले अपराध गरेको पुष्टि हुँदा निजको हकमा ८ वर्ष कैद सजाय र पीडितलाई क्षतिपूर्ति दिलाउने ठहर गरेको फैसला मनासिब देखियो । प्रतिवादीहरू विरेन्द्र पासवान र राम सागर पासवानको हकमा निजहरूले जबरजस्ती करणी वा दुर्व्यवहार नगरेको भनी पीडितले बकपत्र गरेको, जाहेरी दर्खास्तका कुराहरू स्वतन्त्र र शंकारहित तवरले पुष्टि नभएको कारण निजहरूको हकमा ६ वर्ष कैद सजाय ठहर गरेको सुरू सिराहा जिल्ला अदालतको फैसला उल्टी भई यी प्रतिवादी विरेन्द्र पासवान र रामु भन्ने राम सागर पासवानले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७४।४।२५ को फैसला ।

अदालतबाहिर भएको जाहेरीलगायतको कार्य जबरजस्ती भएको भनी जाहेरवालीले अदालतमा बकपत्र गरेको छ । अदालतको बकपत्रमा जबरजस्ती करणी भएको छैन भनी बकपत्र गरेको छ । १७ वर्षको उमेरमा रजस्वलाको कारण पनि हाइमन च्यातिन सक्छ । पीडितले मेवाको रूख चढेको भनेकी थिइन् । रूख चढ्दासमेत हाइमन च्यातिन सक्छ । वस्तुस्थितिका मानिसले पनि अदालतको बकपत्रमा यी प्रतिवादीले जबरजस्ती करणी गरेको होइन लेखाएका छन् । विशेषज्ञले बकपत्र गरेको छैन । पीडितको जबरजस्ती करणी भएको भए भित्री कट्टु, सुरूवाल कुर्थामा त्यस्ता चिह्न वा रगत नभएकोले मलाई ८ वर्ष कैद सजाय हुने गरी उच्च अदालतको फैसला उल्टी गरिपाउँ भन्ने उपेन्द्र पासवानको पुनरावेदन पत्र ।

पीडितले गरेको कागजमा स्पष्ट रूपमा यी प्रतिवादी विरेन्द्र पासवान र रामसागर पासवानले म पीडितलाई फागुनीको घरको कोठाभित्र धकेली घरभित्र पुर्‍याई बाहिरबाट चुक्कुल लगाएर जबरजस्ती करणी गर्न सघाएको भनेको छ । यिनीहरूकै सहयोगले प्र.उपेन्द्रले नाबालिकलाई जबरजस्ती करणी गर्न सकेकोले सहयोग गर्ने प्रतिवादीहरूलाई कसुरबाट पूर्ण सफाइ दिने गरी भएको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसला उल्टी गरी यी प्रतिवादीहरूलाई पनि अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

नियमबमोजिमको साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी हेरियो ।

प्रतिवादी उपेन्द्र पासवानको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री उज्ज्वल मैनालीले प्रतिवादीलाई पीडितले मौकामा जबरजस्ती करणी गरेको आरोप लगाए पनि स्वतन्त्र अदालतमा स्वतन्त्र रूपमा बकपत्र गर्दा मलाई कसैले पनि जबरजस्ती करणी नगरेको भनी स्पष्ट रूपमा लेखाई दिएको छ । पीडित १७ वर्षको भई हाइमन च्यातिने विभिन्न कारण पर्न सकेमा त्यति कारणले मात्र मेरो पक्ष उपेन्द्र पासवानलाई सजाय हुनुपर्ने होइन भन्ने बहस गर्नुभयो ।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुन भएका विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले उच्च अदालत जनकपुर राजविराज

इजलासले फैसला गर्दा उपेन्द्र पासवानलाई उही साक्षी प्रमाणको आधारमा सजाय गरेको तर त्यही साक्षी अन्य प्रतिवादी विरेन्द्र पासवान र राम सागर पासवानको हकमा भनेको कुराहरूलाई कुनै आधार नै नलिई गरेको फैसलामा यी २ प्रतिवादीको हकमा त्रुटि भएकोले विपक्षीलाई झिकाई फैसला उल्टी गरी सुरू फैसलाबमोजिम नै प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने बहस गर्नुभयो।

दुवैतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको उपर्युक्त बहस जिकिर सुनी निम्न प्रश्नहरूमा निर्णय दिनुपर्ने देखिन आयो।

१. उच्च अदालत जनकपुर राजविराज इजलासको फैसला मिलेको छ, छैन ?
२. पुनरावेदन प्रतिवादी उपेन्द्र पासवान र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ?

२. निर्णयतर्फ विचार गर्दाः सर्वप्रथम प्रतिवादीमध्येका उपेन्द्र पासवानको हकमा विचार गर्दा यी प्रतिवादी उपेन्द्र पासवानउपरका साबिक मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. र ३(२) नं. को कसुर गरेकोले ऐजन ३(२) नं. बमोजिम सजाय हुनको लागि अभियोग पत्र दायर भएको देखियो।

३. प्रतिवादी उपेन्द्र पासवानले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा घरमा कोही नभएको मौकामा एकान्त भएको कारण जबरजस्ती करणी गर्ने योजना बनाई दुईजना साथी विरेन्द्र पासवान र राम सागर पासवानले बाहिरबाट ढोका लगाई चुक्कुल लगाइदिएपछि मैले निजलाई भुइँमा लडाई मुखमा गम्छा ठुसी जबरजस्ती करणी गरेको भनी मौकामा नै बयान कागज गरेको पाइन्छ। अदालतसमक्षको बयानमा निज पीडितले शिव दयालको उक्साहटमा मुद्दा दिएको हो। मैले जबरजस्ती करणी गरेको होइन भनी उल्लेख गरेको पाइन्छ। पीडित सिराहा ञ तीन जना प्रतिवादीमध्ये प्र. उपेन्द्र पासवानले मलाई पहिले ढोकाभित्र लगी जबरजस्ती करणी गरेको र प्रतिवादी विरेन्द्र पासवान र रामसागर पासवानले बाहिरबाट मान्छे हेरी बसेको थिए भनी लेखाएको र तीनै जनामाथि किटानी जाहेरी दिएको देखिन्छ। निज पीडित "सिराहा ञ" र जबरजस्ती करणी गरेको प्रतिवादी उपेन्द्र पासवानको पनि मौकामा नै स्वास्थ्य परीक्षण गरिएको छ। निजहरूको स्वास्थ्य परीक्षण प्रतिवेदन सुरू मिसिल सामेल रहेको देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा जिल्ला अस्पताल सिराहाले च.नं. १९५ मिति २०७२।११।३ को पत्रमा पीडित सिराहा ञ को शरीर तथा योनि वरिपरि चिथोरिएको र अन्य घाउ चोटपटक रहेको, जबरजस्ती करणी गरेको लक्षण, देखिएको योनिको हाइमन च्यातिएको, fresh bleeding भएको भन्ने उल्लेख गरेको देखिन्छ। च.नं. १९६ मिति २०६२।११।३ को पत्रमार्फत प्रतिवादी उपेन्द्र पासवानको स्वास्थ्य जाँच गरी प्रतिवेदन दिएको देखिन्छ। जसमा उपेन्द्रको लिङ्ग वरिपरि चिथोरिएको कोतारिएको वा चोट देखिएको, उपेन्द्र पासवानले जबरजस्ती करणी गरेको देखिएको, उपेन्द्र पासवानको लिङ्गमा करणी भएको लक्षण देखिएको, लिङ्ग पिल्सिएको देखियो अन्य प्रतिवादी केही देखिएन भन्ने उल्लेख भएको देखिन्छ।

४. यसबाट एकातिर पीडितको शरीरमा जबरजस्ती करणीको लक्षण चिह्न देखिनु र अर्कोतिर पीडितले आरोपित गरेको प्रतिवादीको शरीरमा पनि जबरजस्ती करणी गरेको लक्षण चिह्न र सबुद प्रमाण देखिई विशेषज्ञ व्यक्ति अधिकारिक सरकारी निकायबाट स्वास्थ्य परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको देखिन्छ। मौकामा देखिएको कुरालाई अन्यथा प्रमाणित नगरी पीडित स्वयम्ले

पनि अदालतमा आफ्नो मौकाको कागजविपरीत गरी मलाई जबरजस्ती करणी भएको छैन भनी बकपत्र गर्दैमा मौकाको कागजलाई प्रमाणमा ग्रहण नगरी अन्यथा भन्न मिल्दैन।

५. भनिन्छ घटना आफैँ बोल्छ। पीडितको मौकाको बखतको भनाइ, घटना र वस्तुस्थितिले देखाएको कुरा मिसिल संलग्न अन्य प्रमाण कागजात र व्यक्तिहरूको भनाइसँग संगतता Relevancy देखाएका अवस्थामा मात्र प्रमाणमा ग्रहण गर्नुपर्छ । अदालतमा बकपत्र गर्दा पीडित व्यक्ति साक्षीसरह मात्र भएकोले निजको भनाइ नै अन्तिम प्रमाण होइन । पीडित व्यक्ति मानवीय प्राणी भई उक्त घटना वारदात र अपराधपछि पनि निजले उही समाज र प्रतिवादीको बसोबास रहेको बसेको गाउँ ठाउँमा नै पुनः बस्नुपर्ने भएकोले विभिन्न पक्षहरूबाट प्रभावित हुन सक्छ। पीडितले hostile भई बकपत्र गरेको कारणले मात्र प्रतिवादीले उन्मुक्ति पाउन सक्दैन । प्रतिवादीले उन्मुक्ति पाउने कुरा अन्य मिसिल संलग्न प्रमाणहरूबाट प्रमाणित पनि हुनुपर्छ । वस्तुस्थितिका मानिसले पनि पीडितको भनाइबाट जबरजस्ती करणी भएको भनेको र पीडितको भनाइ पनि जबरजस्ती करणी भएको भन्ने रहेको र स्वास्थ्य परीक्षण प्रतिवेदनहरू र सहअभियुक्तको बयानबाट पनि जबरजस्ती करणी भएको तथ्य नै स्थापित भइरहँदा केवल पीडितको अदालतसमक्षको भनाइलाई मात्र आधार लिएर सफाइ दिन मिल्दैन। प्रतिवादी उपेन्द्र पासवानले पनि आफ्नो पुनरावेदन जिकिरमा पीडितको बकपत्रबाहेक अन्य कुनै ठोस कुराको आधारमा सफाइ पाउने भनी आधार, कारण र प्रमाण देखाउन वा पेस गर्न सकेको छैन । यी मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी उपेन्द्र पासवानको पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था देखिएन। निजको हकमा उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७४।४।२५ को फैसला मिलेकै देखियो।

६. प्रतिवादी विरेन्द्र पासवान र रामसागर पासवानको हकमा विचार गर्दा निजहरूउपरमा मुलुकी ऐन, जबरजस्ती करणी महलको दफा-४ बमोजिमको कसुरमा सोही ऐनको दफा-४ बमोजिम सजायको माग दाबी लिई अभियोग पत्र दायर भएको देखिन्छ । यी दुवैजना प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा पनि हामीले जबरजस्ती करणी नगरेको उपेन्द्र पासवानले मात्र गरेको हामी बाहिर नै उभिएको भन्ने भनाइ रहेको पाइन्छ।

७. पीडित स्वयम्ले पनि मौकाको जाहेरी कागज र अदालतसमक्षको बकपत्रमा पनि यी दुवैजना प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको छैन भन्ने स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ । पीडित आफूले मौकामा प्रतिवादी उपेन्द्र पासवानले मलाई जबरजस्ती करणी गरेर बाहिर भाग्न लाग्दा र कोठाबाट म बाहिर निस्किँदा यी दुईजनालाई बाहिर उभिएको देखेँ भनी भनेको पाइन्छ। यी दुवैजनाले जबरजस्ती करणी नगरेको भनी प्रस्ट लेखाएको पाइन्छ।

८. प्रतिवादी उपेन्द्र पासवान यी पीडितलाई एक्लै पनि जबरजस्ती करणी गर्न सक्ने अवस्था र हैसियतमा रहेको देखिन्छ। पीडितलाई जबरजस्ती करणी गर्न यी दुईजना प्रतिवादीको सहयोगको आवश्यकता अनिवार्यता रहने परिस्थिति देखिएको छैन। यी दुवै प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पनि निजहरूको शरीरमा उपेन्द्र पासवानको जस्तो लिङ्गमा कुनै जबरजस्ती करणीका चिह्न रहे भएको देखिँदैन भन्ने उक्त प्रतिवेदनमा नै उल्लेख भएको देखिन्छ। यी दुवैले जबरजस्ती करणी गर्नमा सहयोग गरेको कुनै ठोस सबुद प्रमाण मिसिल संलग्न नभई प्रतिवादी उपेन्द्र पासवानको सँग साथमा हिँडेकोसम्म देखिएको छ।

९. यिनीहरूको बयानमा पनि प्र. उपेन्द्रले नै जबरजस्ती करणी गर्ने प्रथम प्रस्ताव राखेको उल्लेख भएको देखिन्छ । त्यसपछि यी प्रतिवादीहरूले जबरजस्ती करणी गर्ने मौका पाउने अवस्था परस्थिति भए पनि जबरजस्ती करणी गर्नमा कुनै प्रयास गरेको देखिँदैन । यिनीहरूले जबरजस्ती करणी गर्नमा मद्दत पुऱ्याएको नभई प्रतिवादी उपेन्द्र पासवान स्वयम्को पनि प्रयासले मात्र उक्त जबरजस्ती करणी गर्ने क्रिया सफल हुने अवस्था परिस्थिति रहे भएको देखिएकोले यी दुवै प्रतिवादीहरूलाई पनि जबरजस्ती करणी गर्नमा सहयोग गरेको कारणले मात्र सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने अवस्था देखिएन ।

१०. निजहरूको हकमा सुरू सिराहा जिल्ला अदालतको मिति २०७३।२।२४ गतेको फैसला केही उल्टी गरी यी २ जना प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७४।४।२५ को फैसला निजहरूको हकमा पनि मिलेकै देखिँदा सदर हुने ठहर्छ । अतः यी दुवै पुनरावेदक वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन । उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसला सदर हुने ठहर्छ । तसर्थ पुनरावेदक दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.कुमार रेग्मी

इजलास अधिकृतः रामाकान्त यादव
इति संवत् २०७६ साल मङ्सिर २४ गते रोज ३ शुभम् ।

## निर्णय नं. १०६४४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
फैसला मिति : २०७६।११।२
०७३-CI-१६३३

मुद्दाः लेनदेन

पुनरावेदक / प्रतिवादी : सिराहा जिल्ला, सीतापुर गा.वि.स. वडा नं.१ हाल मौवाही वडा नं.२ बस्ने विश्वर यादवको छोरा हरेराम यादवसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : सिराहा जिल्ला, सोठीयाइन गा.वि.स. वडा नं.४ बस्ने रामप्रसाद ठाकुर बरहीको छोरा रामेश्वर ठाकुर बरही

- **बैना कागजको लेखक साक्षीको बयान, प्रतिवादीका साक्षीहरूको बकपत्र मौखिक प्रमाण (oral evidence) हुन् । मौखिक प्रमाण आफैँमा conclusive evidence होइन । साक्षीको बयान, प्रतिवादीको साक्षीको बकपत्रलाई अन्य यथेस्ट प्रमाण / अन्य समर्थित प्रमाणले समर्थन (support/ corroborate) नगरेको अवस्थामा यी मौखिक प्रमाणहरूलाई मात्र आधार मानेर अदालत निष्कर्षमा पुग्न सक्ने देखिँदैन । अन्य समर्थित प्रमाणको**

**अभावमा यस्ता मौखिक प्रमाणहरूलाई अकाट्य प्रमाण (irrefutable evidence) अथवा एकल निर्णायक प्रमाण (conclusive evidence) को रूपमा अदालतले ग्रहण गर्न नमिल्ने ।**

(प्रकरण नं.३)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री शशीकुमार लाल कर्ण
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः
मा. जिल्ला न्या. श्री उद्धवप्रसाद भट्टराई
सिराहा जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री राजकुमार वन
माननीय न्यायाधीश श्री विनोदप्रसाद शर्मा
पुनरावेदन अदालत राजविराज

फैसला

**न्या.हरिकृष्ण कार्की :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

विपक्षी प्रतिवादीहरू दाजु भाइ नाताको हो । निज प्रतिवादीहरूको संयुक्त नाम दर्ताको जिल्ला सिराहा, गा.वि.स. सिंगराही मटियर्वा वडा नं. ४(ख) को कि.नं. २८६ को ज.वि. ०-०-५ जग्गा मिति २०७० साल वैशाख मसान्तसम्ममा रू.१९,५०,०००।- मा राजीनामा पारित गरी दिने सहमति भई बैनाबापत प्रतिवादी हरेराम यादवले रू.३,००,०००।- शतिराम यादवले रू.१,००,०००।- र प्रतिवादी धनिराम यादवले रू.२,००,०००।- गरी जम्मा रू.६,००,०००।- लिई प्रतिवादीहरूले संयुक्तरूपमा मेरो नाममा मिति २०६९।१०।२३ मा रू.६००,०००।- को बैनाको कागज गरिदिएकोमा उक्त भाखाभित्र मलाई जग्गा पास नगरी अन्यलाई जग्गा पास गरिदिएको र मेरो सावाँ ब्याजसमेत माग गर्दा नदिएकोले विपक्षीहरूबाट मेरो सावाँ ब्याज र कोर्ट फीसमेत दिलाई भराई पाउँ भन्ने बेहोराको फिराद दाबी ।

म प्रतिवादी हरेराम यादवको छोरीको विवाह २०६९।११।२७ गते हुने निश्चित भएपछि सोही विवाहमा आवश्यक पर्ने खर्च जुटाउनको लागि आफ्नो नाम दर्ताको जग्गा बिक्री गर्ने भनी विपक्षी वादीसँग २ प्रतिबैनाको कागज गरेको थिएँ । तर वादीले बाँकी रकम बुझाई जग्गा पास नगरेको र मेरो छोरीको विवाहको लागि रूपैयाँ आवश्यक परेको हुँदा मैले आफ्नो नाम दर्ताको जग्गा अन्यत्र बिक्री गरी छोरीको विवाहको लागि आवश्यक रकम जुटाई छोरीको विवाह गरेको र विपक्षी वादीको उक्त बैनाबापतको रकम रू.६,००,०००।- समेत लेखक साक्षीको सामुन्नेमा बुझाई निज वादीसँग भएको एकप्रति बैनाको कागज फट्टा गरेको र एकप्रति लेखक साक्षीले राखेकोमा हामी प्रतिवादीहरूको विश्वासघात गरी उक्त बैनाको कागज वादीलाई दिई प्रस्तुत झुटा बेहोराको फिराद दायर गरेकोले फिराद दाबी खारेज गरिपाउँ भन्ने बेहोराको प्रतिवादी हरेराम यादवसमेतको संयुक्त प्रतिउत्तर जिकिर ।

प्रतिवादीहरूले कि.नं.२८६ को ०-०-५ जग्गा राजीनामा पारित गरी दिन्छु भनी हरेराम यादवले रू.३,००,०००।- सतिराम यादवले रू.१,००,०००।- र धनिराम यादवले रू.२,००,०००।- मेरो सामुन्नेमा लिई बैनाको

कागज गरिदिएको हो भनी वादीको साक्षी महन्थी यादव र विरेन्द्र यादवले गरेको बकपत्र तथा यी वादी प्रतिवादीबिच मिति २०६९।१०।२३ गते बैनाबट्टाको कागज २ प्रति भएको थियो । तर भाखाभित्र बाँकी रकम बुझाई यी वादीले जग्गा पास नगराएको र प्रतिवादीलाई छोरीको विवाह गर्नको लागि पैसाको आवश्यकता परेको हुनाले जग्गा अन्यत्र बिक्री गरी वादीबाट बैनाबापत लिएको रकमसमेत वादीलाई फिर्ता दिई वादीसँग भएको बैनाको कागज फट्टा गरेको थियो। लेखक साक्षीलाई राख्न दिएको १ प्रति बैनाको कागज लेखक साक्षीले वादीलाई दिएकोले सोही कागजबाट प्रस्तुत मुद्दा दायर भएको हो भनी प्रतिवादीको साक्षी वेचन यादव र रामचन्द्र यादवले गरेको बकपत्र मिसिल सामेल रहेको देखियो।

बैना बट्टामा उल्लिखित मितिभित्र वादीले बाँकी रहेको रकम बुझाई जग्गा पास नगरी बसेको र प्रतिवादी हरेराम यादवको छोरीको विवाह गर्नको लागि पैसाको आवश्यकता परेको हुनाले उक्त जग्गा अन्यन्त्र बिक्री गरी वादीको रकमसमेत यी प्रतिवादीहरूले बुझाई वादीसँग भएको कागजसमेत फट्टा गरेको थियो । अर्को एकप्रति मसँग भएको र सो कागज मैले वादीलाई दिएकोले सोही बैनाको कागजबाट प्रस्तुत मुद्दा दिएको हो भनी लेखक साक्षी रामनारायण यादवले गरेको बकपत्र मिसिल सामेल रहेको देखियो।

वादी प्रतिवादीबिच भएको लेनदेनको सक्कल लिखत वादीले पेस गरी मिसिल सामेल रहेको देखियो।

प्रतिवादीहरूले बैनाको कागजबमोजिमको रकम वादीलाई फिर्ता गरिदिएको हो भनी जिकिर लिए पनि सोको प्रत्यक्ष प्रमाण पेस गर्न सकेको नदेखिएको, वादीले पेस गरेको लिखतलाई यी प्रतिवादीहरूले किर्ते भनी भन्न नसकेको, उक्त लिखत रीतपूर्वकको भएको र ऐनको हदम्यादभित्र फिराद परेकोसमेत आधार प्रमाणबाट वादी दाबीलाई अन्यथा भन्न मिलेन। तसर्थ, वादी दाबीबमोजिम सावाँ रकम रू.६,००,०००।- (छ लाख) र सोको कानूनबमोजिमको ब्याजसमेत वादीले प्रतिवादीहरूबाट भराई लिन पाउने ठहर्छ भन्ने सुरू सिराहा जिल्ला अदालतको मिति २०७१।३।३ को फैसला।

अ.बं. १३९ नं. बमोजिम झिकाइएका लेखनदासको बयानलाई फैसलामा कुनै मूल्याङ्कन विवेचना नै नगरी, लिखतको व्याख्या गर्दा त्यो कुन अवस्था र परिस्थितिमा तयार भएको हो सोउपर विचार गर्नुपर्नेमा सोतर्फ बेवास्ता गर्नुको साथै लिखतमा ब्याज भराई लिन पाउने कुरा उल्लेख नगरेको अवस्थामा ब्याजसमेत भराई लिन पाउने ठहऱ्याई भएको सुरू फैसला त्रुटिपूर्ण भई बदरभागी हुँदा उक्त फैसला उल्टी गरी इन्साफ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादीको पुनरावेदन अदालत राजविराजमा परेको पुनरावेदन।

मिति २०६९।१०।२३ मा भएको बैनाबट्टाको कागजमा ब्याज नलेखिएको अवस्थामा ब्याजसमेत भराई पाउने गरी भएको सुरूको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. को प्रयोजनको लागि प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत राजविराजको मिति २०७१।१२।२५ को आदेश।

लिखत २ प्रति बनाइएको भन्ने कुरा झुठा हो । यदि लिखत लेख्ने रामनारायण यादवले म प्रतिवादीलाई उपलब्ध गराएको भए जालसाजी मुद्दा दिई आउनुपर्ने हो । उक्त लिखत कर्जा लेनदेनको नभई जग्गा खरिद बिक्रीको भएकोले रजिस्ट्रेसनको ५ नं. आकर्षित भई पूर्ण तवरबाट तयार गरिएको लिखतबाट मैले पैसा लिएको पुष्टि हुन नआएको अवस्थामा सुरू जिल्ला अदालतको फैसला मिलेकै

देखिँदा सदर गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी वादीको लिखित प्रतिवाद।

बैनाको लिखतमा ब्याज लिने दिने कुरा नलेखिएको अवस्थामा पनि वादी दाबीबमोजिम सावाँ र सोको ब्याजसमेत वादीले प्रतिवादीहरूबाट भराई लिन पाउने गरी सिराहा जिल्ला अदालतबाट मिति २०७१।३।३ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई वादीले प्रतिवादीबाट सावाँ रू.६,००,०००।- (छ लाख) रूपैयाँ मात्र भरी पाउने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।१।१४ मा भएको फैसला।

हामीले विपक्षीलाई दुई प्रति बैनाको कागज बनाई दिएको, एउटा कागज वादीसँग रहेको र अर्को प्रति लेखनदास रामनारायण यादवले राखेको थियो । विपक्षीले बाँकी रूपैयाँ नतिरेको र उक्त जग्गासमेत नलिएकोले हामीलाई छोरीको विवाह गर्न रूपैयाँ आवश्यकता परेकोले उक्त जग्गा अन्यलाई बिक्री गरेर वादीको रूपैयाँ चुक्ता गरेर वादीसँग रहेको बैना कागज फिर्ता लिएर फट्टा गरेको तर लेखनदास रामनारायणको जिम्मा रहेको कागज तत्काल फिर्ता लिन नसकेको, मसँग भएको कागज तपाईँ फिर्ता लिएर फट्टा गरिसकेकोले लेखनदाससँग भएको कागजले कुनै फरक पर्दैन भनेर वादीले हामीलाई भनेकाले विश्वासमा परेर लेखनदाससँग उक्त कागज फिर्ता नलिएको, वादीले र लेखनदासले विश्वासघात गरेर लेखनदाससँग उक्त कागज वादीले छल गरेर लिएर सोही कागजको आधारमा कपट गरी मुद्दा दिएको हो। वादीको फिराद दाबीअनुसारको रकम बुझाउनुपर्ने होइन भनेर स्पष्टसाथ, साँचो यथार्थ बेहोराको प्रतिवाद गरेर सोको साथमा उक्त फट्टा गरेको बैना कागजको फोटोकपीसमेत पेस गरेकोमा श्री सिराहा जिल्ला अदालतबाट उक्त बैना कागजको लेखक साक्षी रामनारायण यादवलाई १३९ नं.बमोजिम झिकाउने आदेश भएअनुसार लेखक साक्षी रामनारायण यादव सिराहा जिल्ला अदालतमा हाजिर भएर मिति २०७१।१।१४ मा बयान गर्दा प्रतिवादीले वादीको रकम बुझाएर वादीसँग रहेको बैनाको कागज फिर्ता लिएर फट्टा गरेको हो म लेखनदाससँग रहेको कागज वादीले लिएर सोको आधारमा मुद्दा दिएको हो । प्रतिवादीले सावाँ ब्याज तिर्नुपर्ने होइन भनेर लेखनदासको अदालतको उक्त बयानबाट पनि हाम्रो प्रतिउत्तर जिकिर पुष्टि भइरहेकोमा सोतर्फ कुनै विचारै नगरेर स्वयं सिराहा जिल्ला अदालतको आदेशानुसार झिकाइएको महत्त्वपूर्ण साक्षी लेखक साक्षीको अदालतको बयानलाई फैसलामा कुनै मूल्याङ्कन विवेचना नै नगरेर हामीलाई हराउने गरी भएको सिराहा जिल्ला अदालतले उक्त फैसला तथा सावाँ र कोर्ट फी भराउने हदसम्मको सुरूको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको सो हदसम्मको उक्त फैसला गम्भीर त्रुटिपूर्ण र पक्षपातपूर्ण रहेको हुनाले हामीलाई हराउने गरी भएको सो हदसम्मको उक्त फैसला बदर उल्टी गरेर हाम्रो सुरू प्रतिउत्तर जिकिरअनुसार वादीको झुट्ठा दाबीबाट फुर्सद उन्मुक्ति प्रदान गरी इन्साफ पाऊँ। त्यस्तै हामी प्रतिवादीको साक्षी वेचन यादव र रामचन्द्र यादवसमेतले अदालतमा आएर इमान धर्म सम्झी बकपत्र गर्दा हाम्रो प्रतिउत्तर जिकिर तथा लेखक साक्षीको बयानलाई स्पष्टरूपमा समर्थित गरिदिएको छ। यसरी हाम्रो साक्षीसमेतले अदालतमा आएर बकपत्र गरेर हाम्रो प्रतिउत्तर जिकिरलाई पुष्टि गरिदिएको अवस्थामा हाम्रो साक्षीको बकपत्र, लेखक साक्षी बयान तथा हामीले पेस गरेको उक्त फट्टा बैना कागजलाई मूल्याङ्कन विवेचना नगरेर हामीलाई हराउने गरेको सो हदसम्मको उक्त फैसला गम्भीर त्रुटिपूर्ण र बदरभागी रहेको प्रस्ट छ। अतः हाम्रो यो

पुनरावेदन पत्रउपर विचार गरी बुझ्नुपर्ने आवश्यक प्रमाणसमेत बुझी उपर्युक्त कानून नजिरसमेतलाई मध्यनजर गरी सावाँ र कोर्ट फी भराउने गरी गरेको हदसम्मको पुनरावेदन अदालत राजविराजको मिति २०७३।१।१४ को फैसला बदर उल्टी गरी वादीको झुट्ठा फिराद दाबीबाट हामी प्रतिवादीलाई पूर्णरूपमा सफाइ फुर्सद, उन्मुक्ति प्रदान गरी न्याय इन्साफ गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा पर्न आएको पुनरावेदन।

ठहर खण्ड

नियमानुसार पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्रलगायतका मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरी पुनरावेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शशीकुमार लाल कर्णले प्रतिवादीले छोरीको विवाहका लागि अन्यत्रै जग्गा बिक्री गरी विपक्षीको बैनाबापतको रकम लिखत लेखक साक्षीको सामुन्नेमा बुझाई निज वादीसँग भएको एकप्रति बैनाको कागज फट्टा गरेको र एकप्रति लेखक साक्षीले राखेकोमा हामी प्रतिवादीहरूको विश्वासघात गरी उक्त बैनाको कागज वादीलाई दिई प्रस्तुत झुटा बेहोराको फिराद दायर गरेकोले फिराद दाबी खारेज गरी वादी दाबीबमोजिम सावाँ र सोको ब्याजसमेत वादीले प्रतिवादीहरूबाट भराई लिन पाउने गरी सिराहा जिल्ला अदालतबाट मिति २०७१।३।३ मा भएको फैसला केही उल्टी भई वादीले प्रतिवादीबाट सावाँ रू.६,००,०००।- (छ लाख) रूपैयाँ मात्र भरी पाउने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।१।१४ मा भएको फैसला बदर उल्टी हुने हुँदा प्रत्यर्थी झिकाई वादीको झुट्ठा फिराद दाबीबाट हामी प्रतिवादीलाई पूर्णरूपमा सफाइ फुर्सद दिलाई पाउँ भन्ने बहससमेत सुनियो। उपर्युक्त बहस जिकिर सुनी पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।१।१४ मा भएको फैसला मिलेको छ, छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? सोसम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, विपक्षी प्रतिवादीहरूले रू.६,००,०००।- लिई भाखाभित्र मलाई जग्गा पास नगरी अन्यलाई जग्गा पास गरी मेरो सावाँ ब्याजसमेत नदिएको हुँदा सावाँ र ब्याजसमेत भराई पाउँ भन्ने बेहोराको फिराद दाबी भएको र विवाहका लागि अन्यत्रै जग्गा बिक्री गरी लिखत लेखक साक्षीको सामुन्नेमा बैना रकम फिर्ता गरी सो लिखतको एकप्रति बैनाको कागज फट्टा गरेको र एकप्रति लेखकले राखेकोमा निजले विश्वासघात गरी उक्त बैनाको कागज वादीलाई दिई झुटा बेहोराको फिराद दायर गरेको भन्ने प्रतिउत्तर रहेको प्रस्तुत मुद्दामा वादी दाबीबमोजिम सावाँ र सोको ब्याजसमेत वादीले प्रतिवादीहरूबाट भराई लिन पाउने गरी सिराहा जिल्ला अदालतबाट मिति २०७१।३।३ मा भएको फैसला केही उल्टी भई वादीले प्रतिवादीबाट सावाँ रू.६,००,०००।- (छ लाख) रूपैयाँ मात्र भरी पाउने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।१।१४ मा भएको फैसलामा चित्त नबुझी प्रतिवादीको पुनरावेदन पर्न आएको देखियो।

३. प्रस्तुत मुद्दामा उल्लेख भएको लिखतको आधिकारिकता र रू.६,००,०००।– वादीबाट प्रतिवादीले लिएको तथ्यमा कुनै विवाद रहेको छैन। अपितु वादी र प्रतिवादीका बिचमा २ प्रति लिखत तयार भएको भन्ने सन्दर्भमा उक्त बैना कागजको लेखक साक्षी रामनारायण यादवको बयान, प्रतिवादीको साक्षी बेचन यादव र रामचन्द्र यादवले अदालतमा आएर गरेको बकपत्रबाहेक अन्य प्रमाण प्रतिवादीले अदालतसमक्ष पेस गरेको

देखिँदैन । बैना कागजको लेखक साक्षीको बयान, प्रतिवादीका साक्षीहरूको बकपत्र मौखिक प्रमाण (oral evidence) हुन् । मौखिक प्रमाण आफैँमा conclusive evidence होइन । साक्षीको बयान, प्रतिवादीको साक्षीको बकपत्रलाई अन्य यथेस्ट प्रमाण / अन्य समर्थित प्रमाणले समर्थन (support / corroborate) नगरेको अवस्थामा यी मौखिक प्रमाणहरूलाई मात्र आधार मानेर अदालत निष्कर्षमा पुग्न सक्ने देखिँदैन । अन्य समर्थित प्रमाणको अभावमा यस्ता मौखिक प्रमाणहरूलाई अकाट्य प्रमाण (irrefutable evidence) अथवा एकल निर्णायक प्रमाण (conclusive evidence) को रूपमा अदालतले ग्रहण गर्न मिल्ने देखिँदैन । **दुई प्रति तयार गरी एक प्रति लेखनदासलाई राख्न दिएको भनी प्रतिवादीको जिकिर अन्य कुनै पनि प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रतिवादीको उक्त जिकिरलाई विश्वसनीय मान्न सकिन्न ।**

४. मुलुकी ऐन, २०२० को लेनदेन व्यवहारको महलको ५(१) नं. मा **"साँवा जम्मै बुझाउँदा असामीले सो सम्बन्धमा गरिदिएको लिखत फट्टा गराई वा सोही लिखतमा असुली जनाउन लगाई बुझाउनुपर्छ । कुनै कारणले सो लिखत फेला नपरेमा सोही बेहोरा जनाई साहुबाट भरपाई गराई लिनुपर्छ"** भन्ने व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा, प्रतिवादीहरूले बैनाबापतको रकम फिर्ता बुझाइसकेको भए बैनाको कागज फट्टा गरेको हुनुपर्थ्यो वा बैनाको कागजमै असुल भएको जनाउनु पर्दथ्यो । वादी र प्रतिवादीका बिचमा २ प्रति लिखत नै तयार भएको भए प्रतिवादीले वादीको रूपैयाँ चुक्ता गरेर वादीसँग रहेको बैना कागज र लेखनदास रामनारायणको जिम्मा रहेको अर्को कागज दुवै फिर्ता लिएर दुवै फट्टा गरेको हुनुपर्थ्यो । तर सो पनि भए गरेको देखिँदैन । लेखनदास रामनारायणको जिम्मा रहेको भनिएको कागज तत्काल फिर्ता लिन नसकेको र मसँग भएको कागज तपाइँ फिर्ता लिएर फट्टा गरिसकेकोले लेखनदाससँग भएको कागजले कुनै फरक पर्दैन भनेर वादीले हामीलाई भनेकाले विश्वासमा परेर लेखनदाससँग उक्त कागज फिर्ता नलिएको भन्ने भनाइ प्रतिवादीको रहेको छ । अन्य वस्तुनिष्ठ प्रमाणको अभावमा यस्ता मनोगत भनाइलाई अदालतले प्रमाणमा लिन सक्ने देखिँदैन । यसरी वादी र प्रतिवादीका बिचमा २ प्रति लिखत तयार भएको भन्ने प्रतिवादीको जिकिरलाई प्रतिवादीले वस्तुनिष्ठ रूपमा प्रमाणित गर्न सकेको अवस्था देखिन आएन । अतः वादीसँग बैनाको कागज सुरक्षित रहेको, उक्त कागज फट्टासमेत नभएको र लिखत प्रमाणको विरूद्धमा भएको साक्षीको बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्न नसकिने हुँदा वादी र प्रतिवादीका बिचमा एउटा मात्र आधिकारिक बैनाको लिखत तयार भएको थियो भन्ने कुरालाई अदालतले मान्नुपर्ने अवस्था देखिन आएको हुनाले बैनाको कागजमा उल्लेख भएबमोजिम वादीले प्रतिवादीबाट सावाँ भराई पाउने देखिन्छ ।

५. अतः माथि उल्लिखित विवेचित आधार कारणबाट बैनाको लिखतमा ब्याज लिने दिने कुरा नलेखिएको अवस्थामा पनि वादी दाबीबमोजिम सावाँ र सोको ब्याजसमेत वादीले प्रतिवादीहरूबाट भराई लिन पाउने गरी सिराहा जिल्ला अदालतबाट मिति २०७१।३।३ मा भएको फैसला केही उल्टी भई वादीले प्रतिवादीबाट सावाँ रू.६,००,०००।- (छ लाख) रूपैयाँ मात्र भरी पाउने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।१।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रस्तुत फैसला विद्युतीय प्रणालीमा

अपलोड गरी पुनरावेदन दायरीको लगत कट्टा गरी मिसिल यस अदालतको अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.डम्बरबहादुर शाही

इजलास अधिकृत: नवीनकुमार यादव
इति संवत् २०७६ फाल्गुण २ गते रोज ६ शुभम्।

## निर्णय नं. १०६४५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
आदेश मिति : २०७६।११।१३
०७५-WO-०६००

मुद्दा :- उत्प्रेषण

निवेदक : नेपाल सरकार भौतिक, पूर्वधार तथा यातायात मन्त्रालय, सडक विभाग चाकुपाट ललितपुरका तर्फबाट अधिकार प्राप्त महानिर्देशक रविन्द्रनाथ श्रेष्ठ

विरूद्ध

विपक्षी : उच्च अदालत पाटन, ललितपुरसमेत

- **कुनै विषयमा भएको करारबमोजिम मध्यस्थले पहिले दिएको कुनै निर्णय सो करारको विषयवस्तु, प्रकृति र आधारमा गरिने हुँदा अर्को छुट्टै विषयवस्तु प्रसङ्ग रहेको करारका सम्बन्धमा पनि हुबहु सोहीअनुसार नै हुनपर्ने भन्ने तर्क मनासिब नहुने।**

(प्रकरण नं.१३)

- **विवादको पक्षहरूले नै नियुक्त गरेको मध्यस्थले पक्षहरूको सहमतिमा निर्धारण गरिएको कार्यविधिबमोजिम निर्णय गर्ने भएकोले विवादको सम्बन्धमा सम्बद्ध तथ्य केलाउन र यसको बारेमा निर्णय गर्नको लागि मध्यस्थलाई नै सबैभन्दा सक्षम निर्णयकर्ता मानिने।**
- **मध्यस्थलाई सम्बन्धित विषय विज्ञ मानी आपसी सहमतिमा नियुक्ति गरी उसको क्षेत्राधिकारलाई समेत स्वीकार गरिसकेको कारणले मध्यस्थले गरेको निर्णय नै अन्तिम हुन्छ । अर्को शब्दमा भन्नुपर्दा मध्यस्थ पनि एक प्रकारको अदालत नै हो। उसले अदालतले उपभोग गरेसरहको अधिकार उपभोग गर्छ र उसले गरेको निर्णय अदालतले गरेसरह अन्तिम हुने।**

(प्रकरण नं.१६)

- **मध्यस्थको नियुक्ति सम्बन्धित विवादको विषयको विज्ञको हैसियतमा गरिने भएकाले विवादको तथ्यगत प्रश्न केलाउनमा मध्यस्थ नै सबैभन्दा आधिकारिक व्यक्ति भएको अनुमान गर्नुपर्ने।**
- **अदालतबाट मध्यस्थको निर्णयउपर अनावश्यक रूपमा हस्तक्षेप गर्दै जाने हो भने मध्यस्थता ऐनले परिकल्पना**

**गरेको विवादको छिटो छरितो समाधान गर्ने उद्देश्य पराजित हुन जान्छ जुन मध्यस्ततासम्बन्धी प्रचलित कानूनको उद्धेश्यसमेत नहुने ।**

(प्रकरण नं.१७)

- **मध्यस्थता ऐन, २०५५ को दफा ३० ले केही सीमित आधारमा मात्र उच्च अदालतले मध्यस्थको निर्णयलाई बदर गर्न सक्ने व्यवस्था गरेकोमा तथ्यगत प्रश्नमा अदालत प्रवेश गर्न मिल्ने देखिँदैन । यसरी मध्यस्थता ऐनको व्यवस्था हेर्दासमेत तथ्यगत प्रश्नको सम्बन्धमा मध्यस्थको निर्णय नै अन्तिम हुने र अदालतले ऐनमा व्यवस्था भएबमोजिमको आधारमा मात्र मध्यस्थको निर्णयलाई बदर गर्न सक्ने देखिने ।**

(प्रकरण नं.१८)

- **निवेदककै कारणले मध्यस्थको नियुक्ति हुन नसकी अदालतको आदेशले मध्यस्थ नियुक्ति भएकोमा सोही समयमा नै हदम्यादको सम्बन्धमा चुनौति दिई उपचार नखोजी अदालतको आदेशबमोजिम भएको मध्यस्थ नियुक्तिलाई स्वीकार गरी मध्यस्थताको हरेक प्रक्रियामा सामेलसमेत भएको अवस्थामा अहिले आएर मध्यस्थको निर्णयलाई चुनौति दिन नमिल्ने ।**

(प्रकरण नं.२०)

निवेदकका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली

विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी. तथा अधिवक्ताहरू श्री योगेन्द्र अधिकारी, श्री रामचन्द्र पौड्ल र श्री राजन अधिकारी

अवलम्बित नजिर :

- ने.का.प.२०६६, अङ्क ५, नि.नं. ८१५६
- ने.का.प.२०६७, अङ्क १०, नि.नं.८४७९

सम्बद्ध कानून :

- नेपालको संविधान
- मध्यस्तथा ऐन, २०५५

आदेश

**न्या.विश्वम्भरप्रसाद श्रेष्ठ** : नेपालको संविधानको धारा १३३(२) बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गत दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ ।

तथ्य खण्ड

यस सडक विभाग र विपक्षी वाइवा भैरव कन्सट्रक्सन ज्वाइन्ट भेन्चर सामाखुशी, काठमाडौंबिच सुनकोशी पुल निर्माणको लागि मिति १० जुलाई २००२ मा सम्झौता भएको थियो । काम सुरू भएको ४८ महिनाभित्र सम्पन्न गर्नुपर्ने गरी तोकिएको उक्त सम्झौताबमोजिमको कार्य तोकिएको समयमा सम्पन्न नभए पछि विभिन्न पटक गरी १६ सेप्टेम्बर २०१४ सम्म म्याद थप भएकोमा २३ डिसेम्बर २०१४ मा काम सम्पन्न भएको थियो । यसरी लामो समयसम्म पनि आफ्नो जिम्मेवारीलाई समयमा पूरा नगरेको निर्माण व्यवसायीले करारबमोजिमको दायित्व निर्वाह गर्ने सम्बन्धमा देखाएको लापरवाही र क्षमताको अभावका बाबजुद निज निर्माण व्यवसायी र विभिन्न तेस्रो पक्षहरूलाई यस विभागले गरेको सहयोग एवं प्रतिबद्धता तथा निर्माण व्यवसायीलाई नगद प्रवाहमा समस्या आएकोले विभागले मोबिलाइजेसन पेस्कीबाहेक पनि

अतिरिक्त रकम प्रदान गरेकोमा पुल निर्माण कार्यमा भएको सम्पूर्ण ढिलाई यस विभागको कारणबाट भएको भन्ने झुठा आरोपका साथ विभिन्न दाबीहरूसहित निर्माण व्यवसायीले विवाद समाधानको प्रक्रिया सुरू गरेको र सोका लागि मध्यस्थ ट्राइबुनल पुनरावेदन अदालतको आदेशले गठन भएको थियो । उक्त ट्राइबुनलसमक्ष निर्माण व्यवसायीले देहायबमोजिमका विभिन्न दाबी पेस गरेको थियो ।

- Claim No 1: Claim for prolongation cast due to Extension of time.
- Claim No 2: Claim for associated delay and disruptions cost due standby of equipment and manpower due to delay in issuance of design/drawing.
- Claim No 3: Claim for payment of interest on delayed payment of IPC -3.
- Claim No 4: Claim for idle survey expenses due to delay in issuance of contract drawings and change of location of Bridge Alignment.
- Claim No 5: Claim for payment of cutting edge for well sinking.
- Claim No 6: Claim for payment of coffer dam.
- Claim No 7: Claim for associated cost of price adjustment and interest on delay payment of price adjustment.

विपक्षीको उपर्युक्त दाबीउपर यस विभागले पेस गरेको जवाफका सैद्धान्तिक तथा वस्तुगत आधारहरूलाई अनदेखा गर्दै श्री शारदाप्रसाद शर्मा, श्री सुर्यनाथ उपाध्याय र श्री लेखमान सिंह भण्डारीसमेत भएको मध्यस्थ ट्राइबुनलले बहुमतका आधारमा देहायबमोजिमको निर्णय गरेको ।

- Claim No 1: the Contractor is entitled to a prolongation cost of Rs.2,72,33,034.56 which the Employer has to pay to the Contractor.
- Claim No 2: the Contractor is not entitled to any payment in lieu of standby equipment and manpower.
- Claim No 3: the Contractor is entitled to payment of interest due to delayed payment of IPC – 3 in an amount of Rs.16,60,627.02 This amount has to be paid by the Employer to the Contractor.
- Claim No 4: the Contractor is not entitled to any payment in lieu of idle survey expenses.
- Claim No 5: the Contractor is entitled to payment of cutting edge and well sinking in an amount of Rs.22,05,345.98 this amount has to be paid by the Employer to the Contractor.
- Claim No 6: the Contractor is entitled to payment for the construction of cofferdam in an amount of Rs.84,72,000.00 this amount has to be paid by the Employer to the Contractor.
- Claim No 7: the Contractor is

entitled to price adjustment cost in an amount of Rs.8,35,31,232.898, In addition the Contractor is also entitled to an interest in an amount of Rs.1,32,04,800.38 These amounts have to be paid by the Employer to the Contractor.

प्राविधिक रूपमा कुनै पनि करारमा मध्यस्थबाट विवाद समाधान गर्ने व्यवस्था गरिन्छ र त्यस्तो करारअन्तर्गतको कुनै विवादका सम्बन्धमा मध्यस्थबाट निर्णय भइसकेपछि सो निर्णय अन्तिम हुने गर्दछ। तर मध्यस्थको निर्णय करारको व्यवस्थाभन्दा बाहिर गई भएको छ वा त्यस्तो निर्णय सार्वजनिक नीति एवं हितविपरीत हुन्छ भने त्यस्तो अवस्थामा मध्यस्थता सम्बन्धित ऐन, २०५५ को दफा ३० को व्यवस्थाको अधीनमा रही उच्च अदालतमा निवेदन दिन सक्ने व्यवस्था रहेको पाइन्छ। तर यस प्रकार उच्च अदालतमा निवेदन दिँदा पनि न्याय पर्न नगएको अवस्थामा नेपालको संविधानको धारा १३३ को उपधारा (२) ले "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भन्ने व्यवस्था गरी प्राविधिक कारणले मात्र कुनै पनि व्यक्ति वा संस्थालाई अन्यायपूर्ण अवस्थामा बस्नु पर्ने वा गलत निर्णयको पालना गर्नुपर्ने अवस्थामा सर्वोच्च अदालतबाट उपचार प्राप्त गर्न सक्ने अधिकार सुरक्षित गरेको छ। संविधानको यसै व्यवस्थाअन्तर्गत हदम्यादसम्बन्धी व्यवस्थाको उल्लङ्घन, अधिकारक्षेत्र, करारीय सीमा तथा सार्वजनिक हित र नीतिभन्दा बाहिर गई निर्णय भएको मध्यस्थ ट्राइबुनलको निर्णय बदर गरी पाउन अनुरोध गर्दछु।

करारको सर्त नं. २४ ले कुनै विवाद भएमा १४ दिनभित्र त्यस्तो विवाद समाधानको लागि प्रक्रिया सुरू गर्न पर्ने भनी हदम्याद तोकेकोमा उक्त व्यवस्थाको बारेमा जानकारी हुँदाहुँदै एडजुडिकेटरको नियुक्ति नभएको कारणले हदम्याद सम्बन्धित व्यवस्था लागु नहुने भन्ने आधारमा कार्य कारण परेको लामो समय व्यतित भइसकेपछि करारमा तोकिएको हदम्यादको व्यवस्थालाई अनदेखा गर्दै विपक्षीले पेस गरेको दाबी र उक्त दाबीलाई स्वीकार गर्ने गरी भएको मध्यस्थको निर्णय प्रथमदृष्टिमा नै बदरभागी रहेको बेहोरा अनुरोध गर्दछु। २३ डिसेम्बर २०१४ मा कार्य सम्पन्न भएको उक्त सम्झौताको कार्यान्वयनको क्रममा उठेका विवाद भनी विपक्षी निर्माण व्यवसायीले १० फरवरी २०१५ मा विभिन्न दाबी पेस गरेकोमा सम्बन्धित डिभिजनले (प्रोजेक्ट म्यानेजरले) मिति २०७१।११।१२ मा नै प्रस्ट जवाफ दिएकोमा निर्माण व्यवसायीले २६ मे २०१५ तदानुसार २०७२।२।१३ मा मात्र दाबी पेस गरेको र यो कार्य सम्झौताको सर्त नं. २४ मा उल्लिखित हदम्यादको प्रस्ट उल्लङ्घन भएको छ।

करारको कार्यान्वयन सिलसिलामा कुनै विवाद हुन गएमा सो विवादको समाधान प्रक्रिया र सोका लागि हदम्यादसमेत करारको सर्तमा उल्लेख गरिएको छ । निर्माण व्यवसायीले करारबमोजिमको काममा लापरवाही गरी समयमा सम्पन्न गर्न नसकेका कारणले नियोक्ताले करार भङ्ग गरी नयाँ तरिकाले विकास निर्माणको प्रक्रियालाई अगाडि बढाउने

निर्णय गर्न लागेको समयमा विपक्षीले सम्मानित पुनरावेदन अदालत पाटनबाट अन्तरिम आदेश जारी गराएकाले अदालतको आदेशको सम्मान गर्दै निर्माण व्यवसायीले लापरबाहीपूर्ण तरिकाले काम कारबाहीमा ढिलाई गरी रहेको भए पनि निजको निवेदनअनुसार पटकपटक म्याद थप गरिएको हो । यसरी म्याद थप माग गर्दा कुनै पनि समयमा निजले Prolongation cost / Idle Resource Cost बापतको रकम माग नगरेको र सोका लागि करारको सर्त नं. ३२ अनुसार जानकारीसमेत दिएको थिएन । करारको म्याद थप भएको विषयलाई आफैँमा स्वतः Prolongation Cost को आधारको रूपमा लिन मिल्दैन । मध्यस्थले विपक्षीले दाबी गरेको Prolongation Cost का नाममा विना आधार र कारण सरकारी ढुकुटीबाट करोडौं रकम भुक्तानी दिनुपर्ने गरी निर्णय गर्नुभएको छ । दाबी नं. २ को सम्बन्धमा कुनै पनि जनशक्ति र मेसिनरी आइडल नभएका भन्दै निर्माण व्यवसायीको दाबी खारेज गरेको मध्यस्थको निर्णयसमेतबाट Prolongation Cost दाबी गर्न पाउने सम्बन्धित मध्यस्थको निर्णय आफैँ खण्डित हुने अवस्था छ । त्यसैगरी यिनै मध्यस्थहरू भई गठन भएको निवेदक विभाग र एमआर पप्पु जेभी रहेको नेपालगन्ज कोहलपुर सडक निर्माणसँग सम्बन्धित सम्झौताको विवाद समाधानको क्रममा केबल म्याद थपको कारणले मात्र Prolongation cost दिन नमिल्ने भनी भएको निर्णयसमेतका आधारमा बहुमत मध्यस्थको उपर्युक्तबमोजिमको निर्णय बदरभागी रहेको छ ।

करारको सर्त नं. ४७ ले मुल्यवृद्धिबापतको रकम भुक्तानी दिने व्यवस्था गरेको छ । विल अफ क्वान्टिटिजको प्रस्तावनाको बुँदा नं. १० मा करारको सर्त नं. ४७ र प्रचलित आर्थिक नियमको अधीनमा रही मुल्यवृद्धि प्रदान गर्ने व्यवस्था उल्लेख भएको छ। २०६३ सालमा सार्वजनिक खरिद ऐन आएपश्चात् सार्वजनिक खरिद सम्बन्धित कार्यको क्रममा हुने मुल्यवृद्धिबापतको रकम भुक्तानी गर्ने सम्बन्धमा सो ऐनको दफा ५५ को व्यवस्था र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ (३) मा पनि व्यवस्था गरिएको छ । सार्वजनिक खरिद ऐनको दफा ५५ को उपदफा (३) ले खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइका कारणले सम्झौतामा उल्लिखित अवधिभित्र काम सम्पन्न हुन नसकेमा मुल्यवृद्धि नदिने व्यवस्था प्रस्ट रूपमा उल्लेख गरेको पाइन्छ । यसैगरी सार्वजनिक खरिद नियमावलीको नियम ११९ (३) को व्यवस्थाले मुल्यवृद्धिबापतको रकम प्रदान गर्दा खरिद सम्झौताको २५ प्रतिशतमा नबढने गरी दिनुपर्ने व्यवस्था गरेको छ । यस विभागले कानूनको उक्त व्यवस्थाअनुरूप सम्झौता रकमको २५ प्रतिशतसम्मले हुन आउने रकम विपक्षी निर्माण व्यवसायीलाई उपलब्ध गराइसकेको अवस्थामा खरिद सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको उल्लङ्घन हुने गरी आठ करोडभन्दा बढी रकम र सोको ब्याजसमेत मुल्यवृद्धिबापत यस विभागले विपक्षीलाई भुक्तानी दिनुपर्ने गरी निर्माण व्यवसायीको दाबी नं. ७ को सम्बन्धमा भएको बहुमत मध्यस्थको निर्णयले प्रचलित खरिद सम्बन्धित कानूनी व्यवस्थाको प्रत्यक्ष उल्लङ्घन हुन गई सार्वजनिक हितमा समेत प्रत्यक्ष असर पर्न गएकाले उक्त निर्णय बदरभागी रहेको छ ।

मध्यस्थता ट्राइबुनलको उपर्युक्तबमोजिमको प्रचलित कानून र करारीय व्यवस्थाविपरीत हुनेगरी गरेको निर्णय बदर गरी पुनः निर्णय गर्नु भन्ने आदेश माग गरी सम्मानित उच्च अदालत पाटनसमक्ष मध्यस्थता ऐन, २०५५ को दफा ३० बमोजिम निवेदन दर्ता गरेकोमा उक्त अदालतले समेत करारको व्यवस्था एवं प्रचलित कानूनसमेतलाई अनदेखा गर्दै अधिकारक्षेत्र, सार्वजनिक हित, कानून तथा न्यायका

मान्य सिद्धान्तविपरीत गई भएको मध्यस्थको निर्णयलाई नै सदर गर्ने गरी मिति २०७५।३।३२ मा आदेश गरेको थियो । उक्त आदेशपश्चात् ललितपुर जिल्ला अदालतले मध्यस्थको उक्त निर्णय कार्यान्वयनका लागि भन्दै यस विभागका नाममा मिति २०७५।८।६ मा ३५ दिने म्याद जारी गरेको छ । मध्यस्थको उक्त निर्णय, सो निर्णयलाई सदर गर्ने सम्मानित उच्च अदालतको निर्णय र सो निर्णय कार्यान्वयनका सम्बन्धमा ललितपुर जिल्ला अदालतको म्यादलगायतका कारबाहीहरूबाट सार्वजनिक निकायको रूपमा रहेको यस विभागले विना आधार र कारण निर्माण व्यवसायीको हदम्याद एवं करारीय व्यवस्था एवं प्रचलित खरिद सम्बन्धित कानूनको व्यवस्थाविपरीतका दाबीहरूबापत करोडौं रकम अन्यायपूर्ण तरिकाले भुक्तानी दिनु पर्ने अवस्थाको सिर्जना हुन जाने भएकाले उपर्युक्तबमोजिमका विपक्षीहरूका निर्णय र काम कारबाहीलाई उत्प्रेषणलगायत आवश्यक उपयुक्त आदेशले बदर गरी पूर्ण न्याय दिलाई खरिद सम्बन्धित सार्वजनिक नीतिहरूविपरीत हुनेगरी मध्यस्थको नाममा हुने जवाफदेहिता विनाका निर्णयका आधारमा पर्ने नकारात्मक असर तथा यसबाट राज्यकोषबाट करोडौंको रकम खर्च हुनबाट जोगाई पाउन निवेदन गर्दछु ।

प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलाग्दासम्म विना आधार र कारण हदम्याद तथा अधिकारक्षेत्रभन्दा बाहिर गई खरिद सम्बन्धित प्रचलित कानूनी व्यवस्थासमेत विपरीत भएको मध्यस्थको निर्णय कार्यान्वयनको प्रक्रिया अगाडि बढाउँदा प्रस्तुत निवेदनको प्रयोजन नै समाप्त हुन जाने भएकाले उक्त निर्णयलाई हाल कार्यान्वयन नगर्नु, यथास्थितिमा राख्नु, अगाडि नबढाउनु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदनपत्र ।

**यस अदालतको आदेश**

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ र ४ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् तथा विपक्षी नं. २ र ३ को हकमा आफैँ वा आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु । साथै अन्तरिम आदेश माग गरेको हकमा विपक्षीको जिकिरसमेत सुनी आदेश गर्नु मनासिब हुने भएकोले मिति २०७५।१०।१ लाई छलफलको पेसी तोकी सोको सूचना सम्बन्धित पक्षलाई दिई कानूनबमोजिम गरी पेस गर्नुहोला भन्ने मिति २०७५।०९।२२ को यस अदालतको आदेश ।

**विपक्षी वाइवा-भैरव कन्सट्रक्सन ज्वाइन्ट भेन्चरको लिखित जवाफ**

कानूनबमोजिम मध्यस्थको नियुक्ति भई मध्यस्थले गरेको निर्णयको तथ्यगत सवाल (Question of Fact) मा अदालतमा प्रश्न उठाउन मिल्दैन । तथ्यगत विषयमा मध्यस्थले गरेको निर्णयलाई अन्तिम (Final) मानिन्छ । विपक्षी निवेदकले मध्यस्थले निर्णय गर्दा यो यस्तो कानूनी तथा तथ्यगतरूपमा गल्ती गरी सुम्पिएको विवादभन्दा बाहिर गई निर्णय गरेको छ र निर्णयमा यी कुरा गैरसम्झौतीय रहेको छन् भनी उल्लेख

गर्न सक्नुभएको छैन । मध्यस्थ ऐन, २०५५ र संविधानको धारा १३३(२)(३) समेतको कानूनी व्यवस्था आकर्षित गरी रिट क्षेत्रमा अदालत प्रवेश गर्नु आफैँमा गैरसम्झौतीय रहेको छ । मध्यस्थले आफूमा आएको विवाद वा पक्षहरूले सुम्पिएको विवादमा त्यस्ता विवादसँग सम्बन्धित प्रत्येक प्रश्नको निर्धारण गरी भएको निर्णय बदर गराउने अधिकार विपक्षी निवेदकसँग रहन सक्दैन। पक्षहरूबिच भएको सम्झौताअनुसार मध्यस्थसमक्ष विवाद सुम्पिएपछि यस सम्बन्धमा मध्यस्थबाट भएको निर्णय अन्तिम हुन्छ। सो कुरालाई करार सम्झौता र मध्यस्थ ऐनले स्वतः पुष्टि गर्दछ।

विवादमा करारका पक्षहरूले करार सम्झौताबमोजिम नै निर्धारण गरेको प्रक्रिया अवलम्बन गरी भई निजहरूले नै योग्यता तोकेको र पक्षहरूले विश्वास गरेको private court को private judge बाट विवाद समाधान भएको अवस्था छ। निर्णय गर्दा पक्षहरूबाट दाबी पत्र, प्रतिदाबी पत्र, प्रतियुक्ति लिई सँगसँगै प्रमाण कागज हेरी दुवै पक्षलाई सुनुवाइमा राखी न्यायिक मन (judicial mind) को प्रयोग गरी भएको निर्णयलाई कदापि आत्मनिष्ठ र गैरसम्झौतिय मान्न मिल्दैन। सिद्धान्ततः मध्यस्थले गरेको निर्णय वास्तवमा अदालतको निर्णयभन्दा पनि प्रभावकारी हुन्छ । मध्यस्थको निर्णयमा कानूनी त्रुटि देखिएको अवस्थामा बाहेक यसलाई अदालतले फेरबदल गर्न गराउन हुन्न भन्ने मान्यताको विकास भएको छ । यस सिद्धान्त / मान्यतालाई हाम्रो सम्मानित सर्वोच्च अदालतले पनि अवलम्बन गरेको अवस्था रहेको छ । मध्यस्थले निर्णय (Award) दिएपछि त्यसको तथ्यमा पसी सम्बद्ध तथ्यको विश्लेषण तथा प्रमाणको मूल्याङ्कन गरी निर्णय ठिक बेठिक के छ भनी जाँच्ने अधिकार अदालतमा रहन्न भन्ने न्यायिक मान्यताको विकास भएको छ । मध्यस्थ ट्राइबुनलबाट सम्झौताको दफा २४, २५, ४४, ३२, ४७ को प्रतिकूल गई करारको व्याख्या गरेको अवस्था छैन। विभाग माथि Prolongation Cost थोपरेको हुँदा बदर गरिपाउँ भन्ने दाबी नै गैरसम्झौतीय रहेको छ। आफ्नो निर्णय क्षमता, ढिलासुस्ती, निर्णय गर्ने क्षमतामा ह्रास आदिको कारण Prolongation Cost दिनु परेको कारण पन्छाई ठेकेदारलाई दोष थोपरी रिट क्षेत्र प्रवेश गरेको विषय आफैँमा गैरसम्झौतीय रहेको छ। विवाद मध्यस्थ सम्झौताबमोजिम गएको र मध्यस्थले सम्झौताबमोजिम निर्णय दिएको अवस्थामा मध्यस्थ ऐन र संविधानलाई सिरानी हाली equity principles अन्तर्गत असाधारण अधिकारक्षेत्रअन्तर्गत अदालत प्रवेश गर्न पाउने नहुँदा प्रथमदृष्टि (prima facie) मा नै विपक्षीको रिट निवेदन खारेजभागी छ खारेज गरिपाऊँ।

**विपक्षी ललितपुर जिल्ला अदालतको लिखित जवाफ**

वाइवा भैरव कन्स्ट्रक्सन ज्वाइन्ट भेन्चरको तर्फबाट अख्तियारप्राप्त कृष्णबहादुर लामाको वारेस का.जि.का.म.न.पा.वडा नं. २८ बस्ने लेखनाथ स्वर्णकार र प्रतिवादी नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग चाकुपाट ललितपुरले मध्यस्थताको मिति २०७५/०२/०९ गतेको निर्णय र श्री उच्च अदालत पाटनको मिति २०७५।०३।३२ गतेको फैसलासमेतबमोजिमको बिगो भराई पाउँ भनी वाइवा भैरव कन्स्ट्रक्सन ज्वाइन्ट भेन्चरको तर्फबाट बिगोमा दरखास्त पत्र दर्ता गरी तारेखमा रहेको देखिन्छ । वादीको बिगोबापतको सावाँ रू.१३,६२,०७,०४०।- (तेह्र करोड बैसठ्ठी लाख सात हजार चालिस रूपैयाँ) र सोको कानूनबमोजिमको हुने ब्याज र मूल्य अभिवृद्धि करसमेतको बिगो वादीलाई बुझाउनको लागि तपाइँ

आफैँ वा कानूनबमोजिम वारेस अख्तियारवाला मानिस यस अदालतको तहसिल शाखामा हाजिर हुन आउनु वा पठाउनु होला । म्यादभित्र बिगो दाखिला गर्न नल्याई म्यादै गुजारी बसेमा वादीले निवेदनमा उल्लेख गरेको जेथा जग्गाबाट न्यूनतम मूल्यमा डाँक लिलाम गरी फैसला कार्यान्वयन भई जानेछ । पछि यसै विषयमा तपाइँको कुनै उजुर वाजुर लाग्ने छैन भनी मिति २०७५।०६।१९ गते प्रतिवादीका नाउँ ३५ दिने म्याद जारी गरी पठाइएको मिसिलबाट देखिन्छ । यस अदालतबाट मिति २०७५/०६/१९ मा जारी भएको म्याद म्यादवालाका नाउँमा मिति २०७५।८।६ मा रितपूर्वक तामेल भएको र विपक्षी हाजिर भई कानूनबमोजिम बिगो असुली गर्ने काम कारबाही अगाडि बढेको हुँदा निवेदकको मागबमोजिमको रिट जारी हुनुपर्ने होइन । निवेदकको रिट निवेदन खारेज गरिपाऊँ ।

**विपक्षी शारदाप्रसाद शर्माको लिखित जवाफ**

निवेदकले उठान गरेको सम्पूर्ण विषय गलत र सम्झौताभन्दा बाहिरका हुन् । मध्यस्थले गरेको निर्णयको तथ्यगत सवाल (Question of Fact) मा अदालतमा प्रश्न उठाउन मिल्दैन । तथ्यगत विषयमा मध्यस्थले गरेको निर्णयलाई अन्तिम (Final) मानिन्छ । यसै सिद्धान्तअनुरूप मध्यस्थ ऐन, २०५५ को दफा ३९ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस ऐनद्वारा नियमित भएका विषयमा कुनै अदालतको क्षेत्राधिकार हुने छैन भन्ने कानूनी व्यवस्था रहेको छ । हामी संलग्न मध्यस्थ ट्राइबुनलबाट निर्णय गर्दा सारवान कानून तथा अन्य न्यायका मान्य प्रचलनलाई पराजित गरी पक्ष विपक्षमा लागि मोलाहिजाको आधारमा गरे भएको छैन । सुम्पिएको विषयमा सम्झौता तथा कानूनसम्मत निर्णय भएको छ । मध्यस्थ ऐन, २०५५ को दफा २१ मा भएको मध्यस्थको अधिकार तथा कर्तव्यभित्र रही सुम्पिएको विवादमा विवेचनासहित कानूनबमोजिम निर्णय गरिएको छ । हामी मध्यस्थको योग्यताको सम्बन्धमा कुनै प्रश्न उठेको छैन । विपक्षीले रिट निवेदनमा लेखेको जस्तो मध्यस्थबाट कामकारबाही भएको हो भने आज आएर रिट निवेदन दायर गर्ने नभइकन मध्यस्थ ऐन, २०५५ को दफा १६(२) बमोजिम उच्च अदालतमा पुनरावेदन गर्नुपर्नेमा विपक्षी त्यसतर्फ नलागी उच्च अदालतमा दिएको निवेदन खारेज भएपछि सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन लिई आउनु भएको कार्य नै बदनियतपूर्ण तथा गैरकानूनी रहेको छ । विपक्षीले मध्यस्थको निर्णय मध्यस्थ ऐन, २०५५ को आधारमा बदर हुनुपर्दछ भनी रिट निवेदनमा दाबी लिएको तर उक्त व्यवस्था के कसरी आकर्षित हुन्छ भनी खुलाउन सक्नु भएको छैन । मध्यस्थबाट भएको निर्णय के आधारमा सम्झौताविपरीत भयो, सम्झौताले नदिएको तथा कानूनले नदिएको कुन अधिकार मध्यस्थबाट प्रयोग गरियो ती कुराहरूको विवेचना नगरी हचुवाको भरमा मध्यस्थको निर्णय बदर गरिपाउँ भन्दैमा बदर हुन सक्दैन । पक्षहरूले सुम्पिएको विवाद सम्झौता तथा सारवान् कानून (Substantive Law) मध्यस्थ ऐन, २०५५ करार ऐन, २०५६ समेतको आधारमा भएको निर्णय कानूनसम्मत रहेको हुँदा माथि उल्लिखित आधार कारण, कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा विपक्षीको रिट निवेदन खारेज गरी न्याय इन्साफ गरिपाऊँ ।

**विपक्षी लेखमान सिंह भण्डारीको लिखित जवाफ**

प्रत्यर्थीमध्येको जे.भी. र विपक्षीबिचमा मिति २०५९।३।२४ मा करार सम्झौता भएको

रहेछ। सम्झौतामा विवाद समाधान गर्ने विधि मध्यस्थ रहेको रहेछ । विपक्षीले सम्झौताबमोजिम विवाद समाधान गर्न विवाद समाधान गर्ने forum मध्यस्थ गठन नगरी असहयोग परेपश्चात् प्रत्यर्थीमध्येको जे.भी.को उच्च अदालतमा मध्यस्थ नियुक्त गरिपाउँ भन्ने निवेदन परी उच्च अदालतबाट मध्यस्थ नियुक्त भई मध्यस्थ ट्राइबुलनसमक्ष दाबी प्रतिवाद, प्रतियुक्ति तथा पोष्ट-हेरिङ नोट पेस भई दुवै पक्षको सुनुवाइ गरी मध्यस्थबाट मिति २०७५।३।९ मा निर्णय भएको हो । विपक्षीले उठान गरेको सम्पूर्ण विषय गलत र सम्झौताभन्दा बाहिरका हुन् । मध्यस्थले गरेको निर्णयको तथ्यगत सवाल (Question of Fact) मा अदालतमा प्रश्न उठाउन मिल्दैन । हामी संलग्न मध्यस्थ ट्राइबुनलबाट सुम्पिएको विषयमा सम्झौता तथा कानूनसम्मत निर्णय भएको छ । मध्यस्थ ऐन, २०५५ को दफा २१ मा भएको मध्यस्थको अधिकार तथा कर्तव्यभित्र रही सुम्पिएको विवादमा विवेचनासहित कानूनबमोजिम निर्णय गरिएको छ । हामी मध्यस्थको योग्यताको सम्बन्धमा कुनै प्रश्न उठेको छैन । विपक्षीले रिट निवेदनमा लेखेको जस्तो मध्यस्थबाट कामकारबाही भएको हो भने आज आएर रिट निवेदन दायर गर्ने नभइकन मध्यस्थ ऐन,२०५५ बमोजिम उच्च अदालतमा पुनरावेदन गर्नुपर्नेमा विपक्षी त्यसतर्फ नलागी उच्च अदालतमा दिएको निवेदन खारेज भएपछि सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन लिई आउनु भएको कार्य नै बदनियतपूर्ण तथा गैरकानूनी रहेको छ । करारको सम्बन्धमा कुनै विवाद उठेमा सोको निर्णय मध्यस्थताबाट हुने भन्ने सम्झौतामा उल्लेख गरेकोबाट यस्तो विषयमा करार ऐनको अधिकारक्षेत्रभित्र पर्ने contractual obligation र liabilities को कुरा हो । त्यसलाई कानूनी वा संवैधानिक हकाधिकार भन्न नमिल्ने भनी ने.का.प.२०४८, नि.नं.४४४४, पृ.८९१ मा सिद्धान्त प्रतिपादन भएको छ । मध्यस्थबाट भएको निर्णय तथा मध्यस्थको निर्णयलाई सदर गर्नेगरी उच्च अदालत पाटनबाट भएको निर्णय बदर गराउन संविधानको धारा १३३(२)(३) बमोजिम अदालत प्रवेश गरेको देखिन्छ । मध्यस्थको निर्णयउपर असाधारण अधिकारअन्तर्गत सुनुवाइ गर्दा तथ्यभित्र प्रवेश गर्ने र प्रमाण बुझ्ने काम गर्न नहुने रिट निवेदन सम्बन्धित मान्य सिद्धान्त मात्र होइन करारीय विवादमा संविधानअन्तर्गतको असाधारण अधिकारक्षेत्रअन्तर्गतको public law को उपचार प्राप्त हुन नसक्ने र private law को उपचार मात्र प्राप्त हुन सक्ने मान्य सिद्धान्त, usage र practice विपरीत हुने भनी यसबाट सिद्धान्त प्रतिपादन भएको छ । मध्यस्थ ट्राइबुनलबाट निर्णय (Award) गर्दा सम्झौता सम्बन्धित सर्तहरू तथा समग्र करार सम्झौतालाई हेरी प्रत्येक दाबीलाई issues अनुसार विश्लेषण गरी त्यसको letter of spirit को आधारमा भएको निर्णय करार तथा करार ऐन, २०५६, मध्यस्थ ऐन, २०५५ र नेपालको संविधान प्रतिकूल हुन सक्दैन । विपक्षी सम्झौताभन्दा बाहिर गई हचुवाको भरमा अदालत प्रवेश गर्नुभएको छ । विवाद मध्यस्थमा सम्झौताबमोजिम गएको र मध्यस्थले सम्झौताबमोजिम निर्णय दिएको अवस्थामा मध्यस्थ ऐन तथा संविधानलाई सिरानी हाली equity principles अर्न्तगत असाधारण अधिकारक्षेत्रअर्न्तगत अदालत प्रवेश गर्न पाउने नहुँदा प्रथमदृष्टि (prima facie) मा नै विपक्षीको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ।

**विपक्षी सूर्यनाथ उपाध्यायको लिखित जवाफ**

मध्यस्थहरूको निर्णय चित्त नबुझेमा सोउपर सम्बन्धित उच्च अदालत र सम्मानित सर्वोच्च अदालतमा जान पाउने भए तापनि प्रस्तुत

मुद्दामा निर्णयकर्ताको रूपमा रहेको मलाई विपक्षी बनाई प्रस्तुत मुद्दा दायर गर्नुपर्ने कुनै आधार कारण छैन। मससमेत भएको मध्यस्थता ट्राइबुनलबाट भएको निर्णय जगजाहेर छ। सो निर्णय चित्त नबुझे कानूनी मार्ग अवलम्बन गर्नुको सट्टा निर्णयकर्ता स्वयंलाई विपक्षी बनाई प्रस्तुत मुद्दा दायर हुन सक्दैन। साथै तहतहबाट सदर भई अन्तिम भएको निर्णयलाई अन्यथा हुनेगरी मागदाबी लिई मध्यस्थता ऐन, २०५५ ले अङ्गिकार गरेको छिटो र छरितो न्याय कारबाही, मध्यस्थ कारबाहीको सिद्धान्तको समेत प्रतिकूल दाबीबारे यस सम्बन्धमा समेत मध्यनजर गरी न्यायिक निरूपण हुन तथा म निवेदक मध्यस्थलाई विपक्षी बनाउनै नपर्नेमा विपक्षी बनाइएको कार्यबाट रिट निवेदन खारेज गरिपाऊँ।

## आदेश खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयको लागि यस इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले मध्यस्थताले गरेको निर्णयलाई सदर गरेको उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण छ। उक्त हदम्याद तथा अधिकारक्षेत्रको व्यवस्थाविपरीत हुनुको साथै सार्वजनिक हित तथा कानून र न्यायको मान्य सिद्धान्त प्रतिकूल छ। विपक्षी ठेकेदार कम्पनी आफैँले म्यादभित्र काम नगरेको अवस्थामा पनि निवेदकले Prolongation Cost तिर्नुपर्ने गरी भएको फैसला करारविपरीत रहेको छ जसले गर्दा राज्यकोषबाट करौडौं रकम ठेकेदार कम्पनीलाई दिनुपर्ने भएको छ। जुन आफैँमा सार्वजनिक हित र सरोकारविपरीत समेत छ। अतः मध्यस्थले गरेको निर्णयलाई नै सदर गरेको उच्च अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी. तथा अधिवक्ताहरू श्री योगेन्द्र अधिकारी, श्री रामचन्द्र पौड्ल र श्री राजन अधिकारीले मध्यस्थबाट निर्णय भई उच्च अदालतबाट समेत सदर भइसकेको निर्णयको विरूद्धमा यसरी रिट निवेदन दायर गर्न मिल्दैन। निवेदकले समयमा नै Drawing Design उपलब्ध नगराएको कारणले म्याद थप्नु परेको हो। यस अवस्थामा विपक्षी ठेकेदार कम्पनीलाई क्षति पुगेको हुनाले Prolongation Cost तिर्नुपर्ने गरी भएको निर्णय कानूनबमोजिम नै छ। निवेदक र विपक्षी ठेकेदार कम्पनीको बिचमा भएको करार सम्बन्धित विषय भएकोले यस विषयमा अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गर्न निमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

उपर्युक्तानुसारको बहससमेत सुनी मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत रिट निवेदनमा निवेदकको मुख्य दाबी हेर्दा रिट निवेदक र विपक्षीमध्येको वाइवा-भैरव कन्स्ट्रक्सनबिच सुनकोशी पुल निर्माण गर्न भनी १० जुलाई २००२ मा सम्झौता भई काम सुरू भएको ४८ महिनाभित्रै कार्य सम्पन्न गर्नुपर्नेमा २३ डिसेम्बर २०१४ मा काम सम्पन्न भएको पुल निर्माण कार्यमा भएको सम्पूर्ण ढिलाई रिट निवेदक विभागको भएको भन्ने झुट्ठा आरोपका साथ विभिन्न दाबीसहित विपक्षी निर्माण व्यवसायीले विवाद समाधानको प्रक्रिया सुरू गरी पुनरावेदन अदालतले मध्यस्थता ट्राइबुनल नियुक्त गरेको, उक्त मध्यस्थता ट्राइबुनलले प्रचलित कानून र करारको व्यवस्थाविपरीत हुने गरी निर्णय

गरेकोले सो निर्णय बदर गर्न भनी रिट निवेदक विभागले उच्च अदालत पाटनमा मध्यस्थता ऐन, २०५५ को दफा ३० बमोजिम निवेदन दायर गरेको, उच्च अदालतले समेत करारको व्यवस्था एवम् प्रचलित कानूनसमेतलाई अनदेखा गरी अधिकारक्षेत्र, सार्वजनिक हित, कानून तथा न्यायका मान्य सिद्धान्तविपरीत मध्यस्थको निर्णयलाई नै सदर गरेको, उच्च अदालतको निर्णय करारको व्यवस्था तथा प्रचलित कानूनविपरीत भई विपक्षी निर्माण व्यवसायीको दाबीबमोजिमको करौडौं रकम भुक्तानी दिनुपर्ने अवस्थाको सिर्जना हुने भएकोले उक्त निर्णयसमेतको काम कारबाही उत्प्रेषण आदेशले बदर गरी मध्यस्थको नाममा हुने जवाफदेहिता बिनाका निर्णयका आधारमा पर्ने नकारात्मक असर तथा यसबाट राज्यको करौडौं रकम खर्च हुनबाट जोगाई पाउँ भन्नेसमेत रिट निवेदकको माग दाबी रहेको पाइन्छ।

३. विपक्षी निर्माण व्यवसायी वाइवा भैरव कन्स्ट्रक्सनको लिखित जवाफ हेर्दा मध्यस्थ ऐन, २०५५ बमोजिम मध्यस्थको निर्णयउपर रिटक्षेत्र आकर्षित नै नहुने, मध्यस्थ ट्राइबुनलबाट करारको व्यवस्थाअनुकूल निर्णय गरेकोमा रिट निवेदक विभागको ढिलासुस्ती र निर्णय गर्ने क्षमतामा ह्रास आदि कारणबाट निर्माण व्यवसायीलाई दोष थुपारी करारको व्यवस्थाविपरीत रिट क्षेत्रमा प्रवेश गरी मध्यस्थको निर्णय बदरको माग दाबी गरिएको विषय प्रथमदृष्टिमा खारेजभागी भएकाले खारेज गरिपाउँ भन्नेसमेत जिकिर रहेको पाइन्छ।

४. रिट निवेदनमा विपक्षी बनाइएका मध्यस्थता ट्राइबुनलका मध्यस्थहरू शारदाप्रसाद शर्मा र लेखमान सिंह भण्डारीको लिखित जवाफ हेर्दा मध्यस्थ ट्राइबुनलबाट निर्णय गर्दा सारवान कानून तथा न्यायका मान्य प्रचलनलाई आत्मसात गरी पक्ष विपक्षमा नलागी मोलाहिजामा नलागी करारको व्यवस्था तथा कानूनबमोजिमको निर्णय भएको, रिट निवेदनमा मध्यस्थको निर्णय बदरको माग दाबी लिइएको भए पनि मध्यस्थको निर्णयकै आधारमा सम्झौताविपरीत भयो भन्ने उल्लेख गर्न नसकेकोसमेतका आधारबाट रिट खारेज हुनुपर्छ भन्नेसमेत जिकिर लिइएको पाइन्छ। त्यस्तै विपक्षी सुर्यनाथ उपाध्यायको लिखित जवाफमा मध्यस्थको निर्णय अन्तिम भएकोमा सो निर्णयलाई अन्यथा हुनेगरी मध्यस्थता ऐनले अङ्गिकार गरेको छिटो छरितो न्यायको कारबाहीको सिद्धान्तसमेतको प्रतिकूल दाबी भएकोसमेतका आधारमा रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत जिकिर रहेको पाइन्छ।

५. प्रस्तुत रिट निवेदनमा निवेदकले मुख्य रूपमा सडक विभाग र निर्माण व्यवसायीबिच भएको करारको सर्त नं. २४ मा उल्लेख भएको हदम्यादको व्यवस्थाविपरीत हदम्यादै नभएको विषयमा मध्यस्थ ट्राइबुनले निर्णय गरेको, मध्यस्थ ट्राइबुनलले Prolongation Cost को नाममा बिना कारण करौडौं रकम दिनुपर्ने गरी गरेको निर्णय करारको सर्तविपरीत भएको, करारको सर्त नं. ४७ ले गरेको मुल्यवृद्धिबापतको रकम भुक्तानी गर्ने व्यवस्था तथा खरिद सम्बन्धित प्रचलित कानूनी व्यवस्था उल्लङ्घन गरी आठ करोडभन्दा बढी रकम र सोको ब्याजसमेत मुल्यवृद्धिबापत निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्ने निर्णय सार्वजनिक हितविपरीत भएको भन्नेसमेत दाबी लिई यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रवेश गरेको देखिन्छ। निवेदकले दाबी गरेको विषयमा प्रवेश गर्नुपूर्व सर्वप्रथम प्रस्तुत विवादको विषयवस्तुका संक्षिप्त रूपमा उल्लेखन हुन सान्दर्भिक हुन्छ।

६. यस सम्बन्धमा प्रस्तुत रिट निवेदनसँग सम्बन्धित फायलहरू अध्ययन गरी हेर्दा रिट निवेदक

सडक विभाग र विपक्षी निर्माण व्यवसायी कम्पनीबिच मिति १० जुलाई २००२ मा सुनकोशी पुल निर्माण सम्बन्धमा करार सम्झौता भई २३ डिसेम्बर २०१४ मा पुल तयार भएको भन्ने देखिन्छ । उक्त आयोजना अवधि लम्बिएको समयसमेत सम्बन्धमा करारमा उल्लेख भएबमोजिमको भुक्तानी माग गर्दा सडक विभागले भुक्तानी नदिएको र सम्झौताको दफा २४ बमोजिम एड्जुडिकेचर नियुक्तसमेत नगरेकोले मध्यस्थद्वारा र विवादको समाधान हुनुपर्ने भनी निर्माण कम्पनीको तर्फबाट तत्कालीन पुनरावेदन अदालत पाटनमा निवेदन परी सो अदालतबाट मिति २०७२।१०।२५ को आदेशबाट मध्यस्थ नियुक्ति हुने निर्णय भएको देखियो ।

७. पुनरावेदन अदालत पाटनको आदेशबमोजिम गठन भएको मध्यस्थ ट्राइबुनलमा निर्माण कम्पनीको तर्फबाट देहायबमोजिमको दाबी लिइएको देखिन्छ ।

१. ठेक्काको समयावधि बढाइएको कारणले आयोजना लम्बिन गएकाले खर्च बढ्न गएको हुँदा सो खर्च भुक्तानी पाउनुपर्ने,
२. समयमा नै डिजाइन ड्रइङ उपलब्ध हुन नसकेको र आयोजनाको ढिलाइले गर्दा धेरै समय उपकरण जनशक्तिसमेतलाई Stand by राख्न परेकाले हुन गएको खर्च शोधभर्ना पाउनु पर्ने,
३. IPC-3 को भुक्तानी ढिलो भएकाले त्यसमा लाग्ने ब्याज पाउनु पर्ने,
४. Bridge Alignment को स्थान परिवर्तन गरिएको कारणले काम सुरू भएकै दिनदेखि सर्भे गराउन नपाएकोले हुन गएको खर्चको भुक्तानी पाउनु पर्ने,
५. Variation अनुसार Payment of cutting edge for well sinking को कामबापतको भुक्तानी पाउनु पर्ने,
६. Variation बाट दिइएको थप काम Coffer Dam को भुक्तानी पाउनु पर्ने, र
७. मूल्य समायोजनको भुक्तानी एवम् मूल्य समायोजनको भुक्तानीमा ढिलाई गरेबापतको ब्याजको भुक्तानी पाउनु पर्ने ।

निर्माण कम्पनीको उपर्युक्त दाबीका सम्बन्धमा मध्यस्थ ट्राइबुनलले देहायको निर्णय गरेको देखिन्छ ।

१. दाबी नं. १ का सम्बन्धमा Prolongation Cast बापत दाबीकर्ताले रू.२,४२,३३,०३४।५६ भरी पाउने ।
२. दाबी नं. २ को सम्बन्धमा निर्माण कम्पनीको दाबी नपुग्ने ।
३. दाबी नं. ३ को सम्बन्धमा IPC-3 को भुक्तानीमा ढिलाई गरेबापत ब्याजबापत निर्माण कम्पनीले रू.१६,६०,६२३।०२ भुक्तानी पाउने ।
४. दाबी नं. ४ को सम्बन्धमा निर्माण कम्पनीको दाबी नपुग्ने ।
५. दाबी नं. ५ को सम्बन्धमा Cutting edge and well sinking बापत निर्माण कम्पनीले रू.२२,०५,३४५।९० भुक्तानी पाउने ।
६. दाबी नं. ६ को सम्बन्धमा Cofferdam निर्माणबापत दाबी कर्ताले रू. ८४,७२,०००।– भुक्तानी पाउने ।
७. दाबी नं. ७ को सम्बन्धमा मूल्य समायोजनबापत रू.८,३५,३१,२३२।८९ तथा त्यसको ब्याजबापत रू.१३२, ०४,८००।३८ भुक्तानी पाउने ।

८. मध्यस्थ ट्राइबुनलले गरेको सो निर्णयलाई चुनौति दिँदै सडक विभागले उच्च अदालत पाटनमा

मध्यस्थता ऐन, २०५५ को दफा ३० बमोजिम निवेदन दिएकोमा सो अदालतले निवेदन दाबी पुग्न नसक्ने ठहऱ्याई मिति २०७५।०३।३२ मा निर्णय गरेको देखिन्छ। मध्यस्थ ट्राइबुनलको निर्णय र सोही निर्णयलाई सदर ठहर गरेको उच्च अदालत पाटनको निर्णय उत्प्रेषणको आदेशले बदर हुनुपर्ने माग दाबी लिई सडक विभागको तर्फबाट यस अदालतमा प्रस्तुत रिट दायर भएको अवस्था रहेको छ।

९. अब रिट निवेदकले प्रस्तुत रिट निवेदनमा मध्यस्थको निर्णय करारको व्यवस्था तथा प्रचलित कानूनी व्यवस्थाभन्दा बाहिर भएको भन्ने सम्बन्धमा सर्वप्रथम निवेदकले उठाएको हदम्याद सम्बन्धित प्रश्नतर्फ हेर्दा करारको सर्त नं. २४ ले कुनै विवाद भएमा १४ दिनभित्र त्यस्तो विवाद समाधानको लागि प्रक्रिया सुरू गर्नुपर्ने भनी हदम्याद तोकेकोमा उक्त व्यवस्थाको बारेमा जानकारी हुँदाहुँदै एडजुडिकेटरको नियुक्ति नभएको कारणले हदम्याद सम्बन्धित व्यवस्था लागु नहुने भन्ने आधारमा करारमा तोकिएको हदम्याद सम्बन्धित व्यवस्थालाई अनदेखा गरी मध्यस्थबाट भएको निर्णय करारको सर्त नं. २४ को हदम्यादविपरीत भएको भन्ने रिट निवेदनमा दाबी लिइएको पाइन्छ।

१०. रिट निवेदकले प्रस्तुत रिट निवेदनमा दाबी लिएको उक्त विषयका सम्बन्धमा तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।२५ मा मध्यस्थ नियुक्ति गर्ने ठहऱ्याई भएको आदेशमा नै निरूपण भइसकेको अवस्था देखिन्छ। उक्त आदेशमा सम्झौताको सर्त नं. २४ को विवेचना भई यी विपक्षी निर्माण कम्पनीले सम्झौताका सम्बन्धमा उठेको विवाद समाधानका लागि च.नं. ०६२।६३-१५५ को पत्रमार्फत २०६२ साल पौषमा Adjudicator नियुक्ति लागि सडक कार्यालय नं. ५ लाई अनुरोध गरेको, यसपछि जुन ४, २०१५ र ९ अगस्ट २०१५ मा पनि Adjudicator नियुक्तिको लागि अनुरोध गरेकोमा डिभिजन सडक कार्यालयको मिति २०७२।३।१ को पत्र र सडक विभागको मिति २०७२।४।२७ को पत्रबाट निर्माण कार्य सम्पन्न भइसकेको भन्दै Adjudication Process मा जान पर्ने आवश्यकता नदेखिएको बेहोरा जानकारी गराएको, निवेदक र विपक्षीबिच भएका यी पत्राचारहरूबाट सम्झौताका सर्तबमोजिम Adjudication Process मा जान सम्झौताअनुसारको कार्य सम्पन्न भएपछि मात्र निवेदकले माग गरेको नभई कार्य सम्पन्न हुनुभन्दा अगाडिदेखि नै अनुरोध गरिरहेको, Adjudication प्रक्रिया सुरू भएको भए र Adjudicator को निर्णयमा चित्त नबुझेको भए सम्झौताअनुसार मध्यस्थसमक्ष जाने हो तर प्रस्तुत विवादमा सडक विभागले Adjudication प्रक्रियामा जाने आवश्यक नभएको भन्ने जवाफ दिएको स्थितिमा विवाद समाधानको लागि सम्झौतामा उल्लेख भएबमोजिम Adjudication प्रक्रिया पछिको अर्को प्रक्रिया मध्यस्थसमक्ष जान सकिने भन्नेसमेत आधारमा मध्यस्थता ऐन, २०५५ को दफा ७(३) बमोजिम मध्यस्थ नियुक्ति हुने ठहर भएको देखिन्छ।

११. मूलतः रिट निवेदकले तत्कालीन पुनरावेदन अदालतको आदेशबमोजिम गठन भएको मध्यस्थ ट्राइबुनलमा भाग लिई मध्यस्थको प्रक्रियालाई स्वीकार गरी आफ्नो प्रतिदाबीसमेत पेस गरेकोमा मध्यस्थ ट्राइबुनलले निर्णय गरेपश्चात् मध्यस्थको निर्णय आफ्नो प्रतिदाबीअनुकूल नभएको भन्ने आधारमा मध्यस्थको नियुक्तिलाई चुनौति दिएको भन्ने देखिन आउँछ। माथि उल्लेख भएको पुनरावेदन अदालतको आदेश अध्ययन गर्दा रिट निवेदकले यो रिटमा उठाएको हदम्याद सम्बन्धित प्रश्नलाई पुनरावेदन अदालतको उक्त आदेशमा स्पष्ट रूपमा सम्बोधन गरी मध्यस्थ नियुक्ति प्रक्रिया

करारको सर्तअनुसार भएको भन्ने निर्णय गरी सो निर्णय अन्तिम भई निर्णयको कार्यान्वयनसमेत भई सोही निर्णयको आधारमा मध्यस्थ ट्राइबुनल गठन भई सो ट्राइबुनलले निर्णयसमेत दिइसकेको अवस्थामा अब हदम्याद सम्बन्धित प्रश्न उठाएर प्रस्तुत रिट निवेदन दायर गरेको देखिएकाले निरूपण भइसकेको सो विषयतर्फ थप विवेचना गरिरहनु पर्ने देखिएन।

१२. अब रिट निवेदकले यो रिट निवेदनमा उठाएको अर्को प्रश्न सम्बन्धमा विचार गर्दा मध्यस्थले Prolongation Cost का नाममा बिना आधार कारण भुक्तानी दिने निर्णयबाट सरकारी ढुकुटीबाट करौडौं रकम भुक्तानी दिने निर्णय गरेको यिनै मध्यस्थहरू भई गठन भएको निवेदक विभाग र एम.आर. पप्पु जेभी रहेको नेपालगन्ज कोहलपुर सडक निर्माणसँग सम्बन्धित सम्झौताको विवाद समाधानको क्रममा केबल म्याद थपको कारणले मात्र Prolongation Cost दिन नमिल्ने भनी निर्णय भएको आधारमा यो विवादमा मध्यस्थको निर्णय करारको सर्तविपरीत भई बदरभागी रहेको भन्ने रिट निवेदनमा दाबी रहेको देखिन्छ।

१३. यस सम्बन्धमा निवेदक र विपक्षीबिच भएको पुल निर्माण सम्बन्धित सम्झौताको दफा ४४.२ मा करारबमोजिम काम गर्न नपाएको अवस्थामा ठेकेदारले क्षतिपूर्ति पाउने भन्ने उल्लेख भएको देखिन्छ। विपक्षी निर्माण कम्पनीले मध्यस्थ ट्राइबुनलसमक्ष दाबी पेस गर्दाको अवस्थामा नै ठेक्काको काम सुरू गर्नुपर्ने मिति १७ जुलाई २००२ भएकोमा पुलको डिजाइन र ड्रइङ त्रुटिपूर्ण रहेको भनी ६ नोभेम्बर २००३ मा निवेदकले सूचित गरेकोमा प्रोजेक्ट मेनेजरले संशोधित डिजाइन तथा ड्रइङ ८ जुलाई २००७ मा मात्र उपलब्ध गराएकोसमेतका कारण आयोजना अवधि लम्बिन गएको भन्ने दाबी लिएको सम्बन्धमा रिट निवेदकले उक्त जिकिरको तथ्ययुक्त खण्डन गर्न सकेको देखिँदैन । सोहीबमोजिम मध्यस्थ ट्राइबुनलले डिजाइन परिवर्तन र अन्य कारणले समेत समयावधि बढाइएको देखिएकोसमेतका कारणबाट निर्माण कम्पनीले Prolongation Cost पाउने भनी गरेको निर्णयमा कुनै प्रकारको कानूनी त्रुटि रहेको भन्न मिल्ने देखिएन। अर्कोतर्फ कुनै पनि विषयमा गरिएका छुट्टाछुट्टै करार सम्झौताका आ-आफ्नै छुट्टै विषयवस्तु प्रकृति र क्षेत्र रहने हुन्छ। कुनै विषयमा भएको करारबमोजिम मध्यस्थले पहिले दिएको कुनै निर्णय सो करारको विषयवस्तु, प्रकृति र आधारमा गरिने हुँदा अर्को छुट्टै विषयवस्तु प्रसङ्ग रहेको करारका सम्बन्धमा पनि हुबहु सोहीअनुसार नै हुनपर्ने भन्ने तर्क मनासिब हुँदैन। यस अवस्थामा निवेदक विभाग र अर्को कुनै पक्ष समावेश भएको करार सम्झौताअनुसार गठन भएको मध्यस्थले गरेको निर्णयअनुसार नै यो विवादमा पनि मध्यस्थले निर्णय गर्नुपर्ने भन्ने निवेदकको कथन तर्कसङ्गत देखिँदैन।

१४. अब रिट निवेदनमा निवेदकले करारको सर्त नं. ४७ ले मुल्यवृद्धिबापतको रकम भुक्तानी दिने व्यवस्था गरेकोमा प्रचलित आर्थिक ऐन नियमको अधीनमा रही मुल्यवृद्धिबापतको रकम भुक्तानी हुनुपर्नेमा सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारण सम्झौतामा उल्लिखित अवधिभित्र काम सम्पन्न हुन नसकेमा मुल्यवृद्धि नदिने व्यवस्थासमेतको विपरीत आठ करोडभन्दा बढी रकम र त्यसको ब्याजसमेत विभागले भुक्तानी गर्नुपर्ने मध्यस्थको निर्णय प्रचलित खरिद सम्बन्धित कानूनी व्यवस्थाको विपरीत भएकोले मध्यस्थको निर्णय बदरभागी रहेको भन्ने दाबी सम्बन्धमा विचार गर्दा करारको सर्त नं. ४७ मा मुल्यवृद्धिबापतको रकम भुक्तानी दिने व्यवस्था भएको भन्ने कुरामा विवाद रहेको देखिँदैन । रिट

निवेदकले यो रिट निवेदनमा समेत उक्त तथ्यलाई स्वीकार गरेको अवस्था छ। मध्यस्थको निर्णय हेर्दा मूल्य समायोजन गर्दा ठेकेदारले लिन पाउने नाफा ५ प्रतिशतसमेत समावेश गरी १५ प्रतिशत अप्रत्यक्ष खर्चमा र ८५ प्रतिशत प्रत्यक्ष खर्चमा दिइने मूल्य समायोजनको लागि नेपाल राष्ट्र बैंकले तोकेको मूल्य सूचाङ्कलाई आधार लिने भनी मूल्य समायोजनको सीमा करारले नतोकेको, सार्वजनिक खरिद नियमको २०६८ को नियम ११९ ले ठेक्का रकमको २५ प्रतितभन्दा बढी मूल्य समायोजन दिनु हुँदैन भनी रोकेको भए पनि करार भएको मिति १० जुलाई २००२ (२०५९ असार २६) मा सार्वजनिक खरिद नियमावली जारी नै नभएकोले सो कुरा यो करारको सम्बन्धमा लागु नहुने भन्नेसमेतका आधारमा मूल्य समायोजनबापत भुक्तानी दिने निर्णय भएको देखिन आयो।

१५. मूलतः रिट निवेदक र विपक्षी निर्माण कम्पनीबिच भएको करारको सर्तहरू दुवै पक्षलाई समान रूपले लागु हुनुका अतिरिक्त त्यस्तो करारको व्यवस्था करारको पक्षहरूलाई कानूनसरह बन्धनकारी हुने हुन्छ। मिति १० जुलाई २००२ मा भएको ठेक्का सम्झौतामा सम्झौता अवधि २९८४ दिन म्याद थप भएकोमा त्यसरी सम्झौता अवधि लम्बिनमा निवेदक विभागको समेत भूमिका रहेको तथ्य माथि उल्लेख भइसकेको छ । IPC-२९ सम्म रिट निवेदकले मूल्य समायोजन स्वीकार गरी तत्पश्चात्को मूल्य समायोजन २५ प्रतिशतभन्दा बढी गर्न नमिल्ने भनी मूल्य समायोजन नदिइएको भनी निर्माण कम्पनीले मध्यस्थसमक्षको दाबीमा उल्लेख गरेको देखिएको र सोहीबमोजिम करारमा भएको व्यवस्थाबमोजिम मध्यस्थले सम्पूर्ण करारको अवधिको मूल्य समायोजन निर्माण कम्पनीले पाउने भनी गरेको निर्णय करारको सर्त वा प्रचलित कानूनी व्यवस्थाको विपरीत भएको भन्न मिल्ने देखिएन।

१६. माथि विवेचित आधारहरूबाट मध्यस्थको निर्णय करारको व्यवस्था एवम् प्रचलित कानूनको विपरीत भई बदरभागी भएको भन्ने रिट निवेदकको कथन मनासिब देखिएन । मूतलः मध्यस्थको नियुक्ति गरी माध्यमबाट विवादको निरूपण गर्ने प्रक्रियालाई विवाद समाधानको वैकल्पिक उपाय (Alternative Dispute Resolution) को रूपमा लिइन्छ । अर्को शब्दमा भन्नुपर्दा दुई पक्षहरूको बिचमा उठेको विवादको सम्बन्धमा कानूनद्वारा गठित अदालती प्रक्रियाद्वारा नभई पक्षहरूले आफैँ नियुक्ति गरेको मध्यस्थबाट आफैँले निर्धारण गरेको कार्यविधिबमोजिम विवादको समाधान गर्ने प्रक्रिया नै मध्यस्थताको प्रक्रिया हो । अदालती प्रक्रियाद्वारा विवादको समाधान गर्दा कार्यविधिगत जटिलतासमेतको कारणले लामो समय लाग्ने, खुल्ला इजलासमा सुनुवाइ हुने भएको कारणले पक्षहरूको गोपनियता कायम नहुने तथा कतिपय अवस्थामा कानूनको विज्ञ न्यायाधीशभन्दा सम्बन्धित विषय विज्ञबाट निर्णय गराउन उपयुक्त हुनेलगायतका कारणहरूले गर्दा व्यापार वाणिज्य एवम् आर्थिक कारोबारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका द्विपक्षीय वा बहुपक्षीय सम्झौताअन्तर्गत कुनै विवादमा सम्झौतामा उल्लिखित सर्तका अधीनमा रही शीघ्र, सरल, सहज तथा अन्तिम रूपमा विवादका समाधान गरिने वैकल्पिक उपायका रूपमा मध्यस्थताको प्रक्रिया अवलम्बन गरिन्छ । मध्यस्थताको अवधारणाको विकास हुनु पछाडिको कारण पनि यही हो। यसरी विवादको पक्षहरूलेनै नियुक्त गरेको मध्यस्थले पक्षहरूको सहमतिमा निर्धारण गरिएको कार्यविधिबमोजिम निर्णय गर्ने भएकोले विवादको सम्बन्धमा सम्बद्ध तथ्य केलाउन र यसको बारेमा

निर्णय गर्नको लागि मध्यस्थलाई नै सबैभन्दा सक्षम निर्णयकर्ता मानिन्छ । त्यसैगरी पक्षहरूले आफ्नै ईच्छा र सहमतिमा विवादको समाधान मध्यस्थबाट गर्ने गरी निर्णय गरेकोमा उनीहरूले अदालतको अधिकारक्षेत्रलाई बाहेक (Oust) गरी मध्यस्थको क्षेत्राधिकारलाई स्वीकार गरेको मानिन्छ । यसरी मध्यस्थलाई सम्बन्धित विषयको विज्ञ मानी आपसी सहमतिमा नियुक्ति गरी उसको क्षेत्राधिकारलाई समेत स्वीकार गरिसकेको कारणले मध्यस्थले गरेको निर्णयनै अन्तिम हुन्छ । अर्को शब्दमा भन्नुपर्दा मध्यस्थ पनि एक प्रकारको अदालत नै हो । उसले अदालतले उपभोग गरेसरहको अधिकार उपभोग गर्छ र उसले गरेको निर्णय अदालतले गरेसरह अन्तिम हुन्छ ।

१७. यसरी मध्यस्थले गर्ने निर्णय अन्तिम हुने भए तापनि अदालतले जुनसुकै अवस्थामा पनि उक्त निर्णयको परीक्षण गर्न नपाउने भन्ने होइन । केही निश्चित आधारमा अदालतले मध्यस्थको निर्णयको परीक्षण गर्न सक्छ । तर अदालतले विवादको तथ्यगत प्रश्नको सम्बन्धमा परीक्षण गर्न सक्दैन । मध्यस्थको नियुक्ति सम्बन्धित विवादको विषयको विज्ञको हैसियतमा गरिने भएकाले विवादको तथ्यगत प्रश्न केलाउनमा मध्यस्थनै सबैभन्दा आधिकारिक व्यक्ति भएको अनुमान गर्नुपर्ने हुन्छ । मध्यस्थबाट निर्णय भइसकेको तथ्यगत प्रश्नहरूको समेत अदालतले पुनः परीक्षण गर्दै जाने हो भने मध्यस्थताद्वारा विवादको समाधान गरिने प्रक्रियाको औचित्य समाप्त हुन जान्छ । जुन मध्यस्थतासम्बन्धी कानूनका उद्देश्यसमेत होइन । अदालतबाट मध्यस्थको निर्णयउपर अनावश्यक रूपमा हस्तक्षेप गर्दै जाने हो भने मध्यस्थता ऐनले परिकल्पना गरेको विवादको छिटो छरितो समाधान गर्ने उद्देश्य पराजित हुन जान्छ जुन मध्यस्थतासम्बन्धी प्रचलित कानूनको उद्देश्यसमेत होइन । अदालतबाट मध्यस्थको निर्णयउपर अनावश्यकरूपमा हस्तक्षेप गर्दै जाने हो भने मध्यस्थता ऐनले परिकल्पना गरेको विवादको छिटो छरितो समाधान गर्ने उद्देश्य पराजित हुन जान्छ । मध्यस्थको निर्णय अदालतको फैसलासरह पक्षहरूका लागि बन्धनकारी हुने सन्दर्भमा मध्यस्थको निर्णयउपर अनावश्यक रूपमा अदालतमा चुनौति दिँदै जाने हो भने विवादको कहिल्यै टुङ्गो नलाग्ने अवस्थाको सिर्जना हुन जान्छ । जुन फैसलाको अन्तिमताको सिद्धान्त (Principle of Finality of Decision) को समेत विपरीत हुन जान्छ । हाम्रो सन्दर्भमा हेर्दा मध्यस्थता ऐन, २०५५ को दफा ३९ मा ***प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस ऐनद्वारा नियमित भएको विषयमा कुनै अदालतको क्षेत्राधिकार हुने छैन*** भन्ने व्यवस्था रहेको छ । यसबाट मध्यस्थता ऐनले पनि पक्षहरूले मध्यस्थको नियुक्ति गरी मध्यस्थताको प्रक्रियाद्वारा विवाद समाधान गर्ने निर्णय गरेपछि अदालतको क्षेत्राधिकार कायम नहुने र मध्यस्थको निर्णय नै अन्तिम हुने भनी व्यवस्था गरेको पाइन्छ । यसर्थ, मध्यस्थबाट भएको निर्णयनै सामान्यतः अन्तिम हुन्छ र कानूनले व्यवस्था गरेको अत्यन्त सीमित अवस्था र आधारहरूमा मात्र अदालतले मध्यस्थको निर्णयलाई बदर गर्न सक्छ । यसै सन्दर्भमा मध्यस्थता ऐन, २०५५ को दफा ३०(२) मा देहायको अवस्थामा उच्च अदालतले मध्यस्थको निर्णयलाई बदर गर्न सक्ने व्यवस्था गरेको देखिन्छ ।

*(क)* *सम्झौताका कुनै पक्ष सम्झौता गर्दाका बखत कुनै कारणले सम्झौता गर्न असक्षम रहेको वा पक्षहरू जुन मुलुकको कानूनको अधीनमा रहेका छन् सो कानूनअनुसार वा त्यस्तो कानून स्पष्ट हुन नसकेकोमा नेपाल*

*कानूनबमोजिम सो सम्झौता वैध नरहेको,*

(ख) *निवेदन गर्ने पक्षलाई मध्यस्थ नियुक्त गर्नका लागि वा मध्यस्थताको कारबाहीका सम्बन्धमा समयमा नै रितपूर्वक सूचना नदिएको,*

(ग) *मध्यस्थलाई नसुम्पिएको विवादसँग सम्बन्धित विषयमा वा मध्यस्थलाई सुम्पिएको सर्तविपरीत वा मध्यस्थलाई सुम्पिएको क्षेत्रबाहिर गई निर्णय भएको,*

(घ) *नेपाल कानून प्रतिकूल सम्झौता भएकोमा बाहेक मध्यस्थताको गठन विधि वा त्यसको काम कारबाही पक्षहरूबिच सम्पन्न सम्झौताअनुरूप नभएको वा त्यस्तो सम्झौता नभएकोमा यस ऐनअनुसार नभएको ।*

त्यसैगरी सोही दफाको उपदफा (३) मा उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा उच्च अदालतले मध्यस्थताको निर्णय बदर गर्न सक्ने छ भनी व्यवस्था गरेको देखिन्छ ।

(क) *मध्यस्थले निर्णय गरेको विवाद नेपाल कानूनबमोजिम मध्यस्थद्वारा निरूपण हुन नसक्ने भएमा ।*

(ख) *मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल हुने भएमा ।*

१८. मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा २ र ३ ले उच्च अदालतले मध्यस्थको निर्णयलाई बदर गर्न सक्ने अवस्थाहरूको सम्बन्धमा व्यवस्था गरेकोमा उक्त अवस्थाहरू कानूनी प्रश्नसँग सम्बन्धित देखिन्छ । ऐनले केही सीमित आधारमा मात्र उच्च अदालतले मध्यस्थको निर्णयलाई बदर गर्न सक्ने व्यवस्था गरेकोमा तथ्यगत प्रश्नमा अदालत प्रवेश गर्न मिल्ने देखिँदैन । यसरी मध्यस्थता ऐनको व्यवस्था हेर्दासमेत तथ्यगत प्रश्नको सम्बन्धमा मध्यस्थको निर्णय नै अन्तिम हुने र अदालतले ऐनमा व्यवस्था भएबमोजिमको आधारमा मात्र मध्यस्थको निर्णयलाई बदर गर्न सक्ने देखिन्छ । यसै सम्बन्धमा हाम्रो न्यायिक अभ्यासलाई हेर्दासमेत मध्यस्थले गरेको तथ्यगत निर्णयमा अदालत प्रवेश गर्न नपाउने भनी विभिन्न मुद्दाहरूमा यसै अदालतबाट व्याख्यासमेत भएको देखिन्छ । उदाहरणको लागि **महाकाली सिंचाई परियोजना, महेन्द्रनगरको तर्फबाट सिंचाई विभागका महानिर्देशक उमाकान्त झा** वि. **पुनरावेदन अदालत पाटनसमेत** (ने.का.प.२०६६, अङ्क ५, नि.नं. ८१५६) भएको उत्प्रेषण मिश्रित परमादेश मुद्दामा यस अदालतको संयुक्त इजलासबाट *मध्यस्थसम्बन्धित अन्तर्राष्ट्रिय रूपमा स्वीकारिएका सिद्धान्त तथा मध्यस्थता ऐन, २०५५ अनुसार मध्यस्थबाट विवादको समाधान गराउँदा मध्यस्थले मात्र तथ्यभित्र प्रवेश गरी निर्णय गर्न सक्छ भन्ने कुरामा कुनै द्विविधा छैन । मध्यस्थद्वारा हुने निर्णयउपर केही निश्चित आधारहरूमा मात्र अदालत प्रवेश गर्न सकिने व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा ३० मा गरिएको प्रस्ट छ* भन्ने व्याख्या भएको देखिन्छ । त्यसैगरी **सडक विभाग** वि. **वाइवा कन्स्ट्रक्सन कम्पनी प्रा. लि**. (ने.का.प.२०६७, अङ्क १०, नि.नं.८४७९) भएको उत्प्रेषण मुद्दामा समेत यस अदालतको संयुक्त इजलासबाट *विवादसँग सम्बन्धित तथ्य केलाउने र तथ्यगत रूपमा मध्यस्थको निर्णयको परीक्षण गर्ने अधिकार अदालतलाई हुँदैन । विवादको विषयसँग सम्बन्धित तथ्य केलाउने र उक्त तथ्यको विषयमा निर्णय गर्ने अन्तिम अधिकार मध्यस्थलाई नै हुन्छ । मध्यस्थ नै विवादमा सम्बद्ध तथ्य केलाउने र यसको*

*बारेमा निर्णय गर्ने सबैभन्दा सक्षम निर्णयकर्ता (Last Judge) हो* भनी व्याख्या भएको पाइन्छ ।

१९. माथि उल्लिखित मध्यस्थता प्रक्रियाको सैद्धान्तिक अवधारणा, मध्यस्थता ऐनको व्यवस्था तथा हाम्रो न्यायिक अभ्याससमेतलाई दृष्टिगत गरी हेर्दा मध्यस्थले गरेको निर्णयमा ऐनले व्यवस्था गरेको सीमित कानूनी प्रश्नहरूको सम्बन्धमा मात्र अदालतले परीक्षण गर्न मिल्ने तर मध्यस्थबाट निक्यौंल भइसकेको तथ्यगत प्रश्नमा अदालत प्रवेश गर्न मिल्ने हुँदैन । रिट निवेदकले मध्यस्थको निर्णय मध्यस्थ ऐन, २०५५ को दफा ३० को विपरीत रही सो कानूनी व्यवस्थालाई देखाई बदर हुनुपर्ने भन्ने रिट निवेदनमा दाबी भएको सन्दर्भमा माथि प्रकरणहरूमा उल्लेख भएको प्रस्तुत विवादको विषयवस्तुको अध्ययनबाट त्यसको उल्लेखन भइसकेको छ ।

२०. प्रथमतः निवेदकले करारको सर्त नं.२४ मा विवाद उत्पन्न भएको १४ दिनभित्र विवाद समाधानको प्रक्रिया सुरू गर्नुपर्ने भनी हदम्याद तोकेकोमा उक्त व्यवस्थाविपरीत मध्यस्थताको प्रक्रिया सुरू भएको भनी जिकिर लिएको भए तापनि दुई पक्षको बिचमा विवाद उत्पन्न भएपश्चात् Adjudicator को नियुक्त गरिपाउँ भनी २०७२ पौष, ४ जुन २०१५ र ९ अगष्ट २०१५ मा विपक्षी कन्स्ट्रक्सन कम्पनीले पत्राचार गरेकोमा निवेदकले नै सो सम्बन्धमा चासो नदिएको कारण उक्त अवस्था सिर्जना भएको देखिन्छ । यसरी विपक्षी कन्स्ट्रक्सनले करारीय अवधिभित्र नै विवाद समाधान गर्न माग गरेको भए तापनि निवेदकले बेवास्ता गरेको कारण पछि उच्च अदालतमा मध्यस्थ नियुक्ति गरिपाउँ भनी निवेदन दिई अदालतको आदेशबमोजिम मध्यस्थको नियुक्ति भएको भन्ने कुरा माथि उल्लेख भइसकेको छ । यसरी निवेदककै कारणले मध्यस्थको नियुक्ति हुन नसकी अदालतको आदेशले मध्यस्थ नियुक्ति भएकोमा सोही समयमा नै हदम्यादको सम्बन्धमा चुनौति दिई उपचार नखोजी अदालतको आदेशबमोजिम भएको मध्यस्थ नियुक्तिलाई स्वीकार गरी मध्यस्थताको हरेक प्रक्रियामा सामेलसमेत भएको अवस्थामा अहिले आएर मध्यस्थको निर्णयलाई चुनौति दिन मिल्ने हुँदैन ।

२१. निवेदकले मध्यस्थले अधिकारक्षेत्रभन्दा बाहिर गई निर्णय गरेको भन्नेसमेत प्रश्न उठाएको देखिन्छ तर निवेदकले मध्यस्थको योग्यता नपुगेको भनी योग्यताको सम्बन्धमा कहीँकतै प्रश्न उठाउन सकेको देखिँदैन । निवेदक सडक विभाग सरकारी निकाय भएको भए तापनि निवेदकले विपक्षी कन्स्ट्रक्सन कम्पनीसँग गरेको सम्झौतालाई व्यक्तिगत कानूनको रूपमा लिनुपर्ने हुन्छ । राज्यका विभिन्न निकायहरूले आफ्नो दैनिक कार्य सञ्चालनको सिलसिलामा विभिन्न व्यक्ति वा संस्थासँग सम्झौता गरेको हुन सक्छ । यसरी कुनै कार्य सम्पन्न गर्नको लागि वा कुनै सेवा प्राप्त गर्नको लागि सम्झौता गरिदा राज्यले Sovereign Authority को हैसियतमा गर्ने नभई Statutory Power अन्तर्गत बराबरी हैसियत (Equal Footing) मा गरेको हुन्छ । अर्को शब्दमा भन्नुपर्दा बराबरी हैसियतमा कुनै अर्को व्यक्ति वा संस्थासँग गरेको सम्झौता पनि सामान्य करार नै हो र यसका पक्षहरूले त्यसको इमान्दारिताको साथमा पालना गर्नुपर्ने हुन्छ । यस अर्थमा निवेदक सडक विभाग र विपक्षी वाइवा-भैरव कन्स्ट्रक्सनको बिचमा भएको १० जुलाई २००२ को सम्झौता पनि करार नै भएको र उक्त करारमा कुनै विवाद उठेको अवस्थामा मध्यस्थबाट विवादको समाधान गर्ने भनी व्यवस्था भएकोमा मध्यस्थ Tribunal को गठन भई ८ मे २०१५ मा प्रारम्भिक बैठक बसी दाबी, प्रतिदाबी तथा प्रतियुक्ति पेस गर्ने समय तथा मध्यस्थको पारिश्रमिक तोकिएको देखिन्छ । जसमा

दुवै पक्षको सहीछाप भएको देखिन्छ । त्यसपछिका मध्यस्थताको हरेक प्रक्रियामा दुवै पक्षको संलग्नता रही दुवै पक्षको उपस्थितिमा सुनुवाइ भई Post Hearing Note समेत पेस भएको देखिन्छ । मध्यस्थबाट आफूअनुकूलको निर्णय नआएपछि मध्यस्थ ऐन, २०५५ को दफा ३०(३) बमोजिम निर्णय बदर गरिपाउँ भनी उच्च अदालतमा निवेदन दिएकोमा उच्च अदालतबाट पनि उक्त निर्णयलाई सदर भएको देखिन्छ । यस अवस्थामा विवादका पक्षहरूबिचको सम्झौताको आधारमा मध्यस्थताको प्रक्रिया अवलम्बन गरिएको, मध्यस्थताको हरेक प्रक्रियामा निवेदक संलग्न रहेको तथा मध्यस्थको योग्यताको प्रश्नसमेत नउठेको तथा मध्यस्थको निर्णयलाई उच्च अदालतले समेत सदर गरिसकेको अवस्थामा मध्यस्थले आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई निर्णय गरेको भन्ने जिकिर मनासिब देखिएन।

२२. निवेदक र विपक्षी ठेकेदार कम्पनीको बिचमा भएको करारको दफा ४४.१ मा क्षतिपूर्ति दिनुपर्ने अवस्थाहरू (Compensation Event) को सम्बन्धमा व्यवस्था गरी सोही दफाको देहाय (C) मा Drawing Specification उपलब्ध नगराएको अवस्थालाई Compensation Event को रूपमा उल्लेख गर्दै दफा ४४.२ मा Compensation Event को कारणले थप खर्च हुने अवस्था मा Contract Price बढाइने भन्ने व्यवस्था रहेको देखिन्छ । यसरी उक्त दफाको व्यवस्थाबाट निवेदक सडक विभागले Drawing Specification उपलब्ध नगराएको अवस्थामा त्यसको क्षतिपूर्ति सडक विभागले तिर्नुपर्ने देखिन्छ । प्रस्तुत रिट निवेदनमा निवेदक सडक विभाग र विपक्षी कन्स्ट्रक्सनको बिचमा १० जुलाई २००२ मा करार सम्झौता भएको र उक्त करार सम्झौताबमोजिम १७ जुलाई २००२ बाट काम सुरू गर्नुपर्नेमा ८ जुलाई २००७ मा मात्र Drawing Design उपलब्ध गराएको देखिन्छ । यसरी करार सम्झौता भएको ५ वर्षपछि निवेदकले ठेकेदार कम्पनीलाई Drawing Design उपलब्ध गराएको देखिन्छ । निवेदक सडक विभागले म्याद थप गर्ने क्रममा उठाएको टिप्पणी फाइलहरूको अध्ययन गर्दासमेत सुरू डिजाइन गरिएको Axis मा गहिरो पानीको कारण पिलर निर्माण गर्न अफ्ठ्यारो परेकोले १७५ मि. तल सार्नुपरेको, ४ थान Well Foundation को सट्टा २ थान गर्नुपरेकोलगायतका कारणले Drawing Design संशोधन गर्नुपरेको र संशोधित Drawing Design समयमा नै उपलब्ध गराउन नसकेको कारणले म्याद थप गर्नुपरेको भनी उल्लेख भएको देखिन्छ। सम्झौतामा उल्लेख भएको स्थानमा पुल निर्माण हुन नसक्ने भई १७५ मिटर तल सारिएको भन्ने पनि देखिन्छ। जसबाट आफूले समयमा नै संशोधित Drawing Design उपलब्ध गराउन नसकेको कारणले म्याद थप गर्नुपरेको तथ्यलाई निवेदकले आफ्नो निर्णयहरूमा स्वीकार गरेको देखिन्छ। यस अवस्थामा निवेदक सडक विभाग र ठेकेदार कम्पनीको बिचमा भएको करारको दफा ४४.२ को व्यवस्था र निवेदकले संशोधित Drawing Design समयमा नै उपलब्ध नगराएको कारणले ठेक्का अवधि लम्बिन गएको अवस्थासमेतलाई मध्यनजर गरी हेर्दा निवेदक सडक विभागले विपक्षी ठेकेदार कम्पनीलाई Prolongation Cost तिर्नुपर्ने भनी भएको निर्णय करारको सर्तबमोजिमकै देखिँदा सो निर्णयलाई अन्यथा भन्न मिल्ने अवस्था देखिँदैन।

२३. मध्यस्थको निर्णय सार्वजनिक हित र सरोकार प्रतिकूल रहेको भन्ने पनि निवेदन जिकिर

रहेको देखिन्छ । रिट निवेदनको अध्ययन गरी हेर्दा मध्यस्थको निर्णयको कारण निवेदक सडक विभागले विपक्षी कन्स्ट्रक्सनलाई Prolongation Cost तथा मूल्य समायोजनको भुक्तानी दिनुपर्ने भएकोले यसबाट राज्यकोषको करौडौं रकम खर्च हुने भएको भन्ने आधारमा निवेदकले उक्त जिकिर लिएको देखिन्छ । निवेदकको निवेदन जिकिर हेर्दा आफू सार्वजनिक निकाय भएकोले उक्त रकम तिर्नुपर्दा राज्यकोषमा करौडौं रकम व्यभार पर्ने कारणले उक्त निर्णय सार्वजनिक हितविपरीत हुने भन्ने मनसाय राखेको देखिन्छ । राज्यको कुनै पनि निकायले कुनै सेवा लिन वा कुनै काम गर्दा अर्को व्यक्ति वा संस्थासँग कुनै प्रकारको सम्झौता गर्छ भने सम्झौता गर्ने राज्यको निकायले पनि उक्त सम्झौताको पालना गर्नुपर्छ । पक्षहरूबिचको सम्झौता समान हैसियतमा गरिएको हुन्छ । समान हैसियतमा गरिएको सम्झौताको उल्लङ्घन भएमा उक्त निकाय सार्वजनिक सरकारी निकाय हो वा होइन भन्ने कुराको कुनै सरोकार रहँदैन । मध्यस्थको निर्णय हेर्दा पनि निर्माण कम्पनीले दाबी गरेको सम्पूर्ण विषयमा दाबी पुग्ने ठहर गरेको अवस्था छैन । जब राज्यको एउटा विभागले कानूनी व्यक्तिको हैसियतमा अर्को कानूनी व्यक्तिसँग निर्माणसम्बन्धी कुनै करार सम्झौता गर्दछ भने सो सम्झौताबमोजिमको दायित्व दुवै पक्षले बेहोर्नुपर्ने कुरामा विवाद हुन सक्तैन । केबल सरकारी निकाय भएकै कारण त्यस्तो निकायले दायित्व बेहोर्नुपर्ने अवस्था भएमा सार्वजनिक हितविपरीत हुने होइन । यो विवादमा पनि निवेदक सडक विभागले करारबमोजिम उत्पन्न भएको दायित्व बेहोर्नुपर्ने भनी मध्यस्थले निर्णय गरेकै मात्र आधारमा सो निर्णय सार्वजनिक हितविपरीत भएको भन्ने अर्थ गर्न मिल्ने हुँदैन ।

२४. अर्कोतर्फ निर्माणसम्बन्धी करार गर्दा स्वभाविक रूपमा नियुक्तिकर्ताले समयमा नै Drawing Design उपलब्ध गराउँछ भन्ने मान्यता र अपेक्षा निर्माण व्यवसायीले राखेको हुन्छ र समयमा Drawing Design उपलब्ध गराउनु नियुक्तिकर्ताको दायित्वसमेत हुन आउँछ । तर आफूले समयमा नै Drawing Design उपलब्ध गराउन नसक्ने र सोबापत Prolongation Cost र समायोजन मूल्य तिर्नुपरेकोमा राज्य कोषबाट तिर्नुपर्ने भएकोले उक्त निर्णय सार्वजनिक हितविपरीत रहेको भन्ने जिकिर न्यायसङ्गत हुन सक्दैन । समान हैसियतमा गरिएको करारमा आफूअनुकूलको निर्णय नभएको कारणले मात्र मध्यस्थको निर्णय सार्वजनिक हितविपरीत रहेको भनी भन्न मिल्दैन । दुवै पक्षहरूको बिचमा भएको करारका सर्तहरूअनुसार नै मध्यस्तकर्ताहरूबाट निर्णय भएको देखिन्छ । सम्झौता बाहिर गई मनोगत रूपमा मध्यस्तकर्ताबाट निर्णय भएको भन्ने पनि देखिँदैन । सम्झौता करार दुवै पक्षहरूको मन्जुरीबाट भएको र करारमा उल्लिखित सर्तहरू दुवै पक्षमा लागि आ-आफ्नो दायित्व जिम्मेवारी बहन गर्न पर्ने बाध्यता रहन्छ । यसर्थ, करारमा उल्लिखित सर्त बन्देजको अधीनमा रही मध्यस्थकर्ताले गरेको निर्णय अन्तिम हुने हुन्छ । के कति हानि वा नोक्सानी हुन गएको हो, हानि नोक्सानीबापत मध्यस्थले भराउने ठहर गरेको रकम थोरै हो वा धेरै हो वा के कति रकम मनासिव हो भन्ने जस्ता सबुत प्रमाण बुझी प्रमाणको मूल्याङ्कन विश्लेषण गरी संविधानको धारा १३३(२) बमोजिम दायर भएको प्रस्तुत रिट निवेदनमा बोल्ने अवस्था हुँदैन । प्रचलित कानूनी व्यवस्थाअनुसार गठन भएको मध्यस्थ ट्राइबुनलले तथ्यगत आधार कारण केलाई प्रमाणको मूल्याङ्कन गरी मनासिब माफिकको दायित्व सम्बन्धित पक्षले बेहोर्नुपर्ने भनी तथ्यगत

प्रश्नमा विवेचना गरेका विषयहरू अन्यथा प्रमाणित नभएसम्म मध्यस्तथा ऐन, २०५५ को दफा ३०(२) आकर्षित हुन सक्दैन। अर्थात् मध्यस्तकर्ताले निर्णय गर्दा विवेचना गरिएका कानूनी प्रश्न र तथ्यगत प्रश्न अलगअलग हुने हुन्छ । तथ्यगत प्रश्नमा अदालतले पुनरावेदनको रूपमा विचार गरी प्रवेश गर्न मध्यस्थता ऐनको उक्त कानूनी व्यवस्थाले मिल्ने देखिँदैन । प्रस्तुत विवादमा निवेदकले सर्वप्रथम करारबमोजिम मध्यस्थतामा जान सुरूदेखि नै इन्कार गर्दै आई उच्च अदालतको आदेशानुसार मध्यस्थ नियुक्त भई कारबाही अघि बढेको तथ्यबाट यो करार सम्झौताको दायित्वबाट निवेदक उम्कन खोजिरहेको भन्ने विवादको प्रारम्भदेखि नै देखिन आउँछ । आफ्नो काम कारबाहीले गर्दा हुन गएको ढिलासुस्तीको परिणामलाई सार्वजनिक हित र सरोकारको विषय बनाउन मिल्दैन। माथि विवेचित आधारसमेतबाट मध्यस्थको निर्णय सम्बन्धमा उठाएका प्रश्नहरू करारको व्यवस्था एवम् प्रचलित कानूनको विपरीत रहेको भन्न मिल्ने देखिएन । सोहीबमोजिम मध्यस्थको निर्णय सार्वजनिक हित र सरोकारविपरीत रहेको भन्ने निवेदकको कथनसँग यो इजलास सहमत हुन सकेन।

२५. तसर्थ, माथिल्ला प्रकरणहरूमा विवेचना भएबमोजिम निवेदक र विपक्षी वाइवा-भैरव कन्सट्रक्सन ज्वाइन्ट भेन्चरबिचको विवाद समाधान गर्नको लागि भएको मध्यस्थको नियुक्ति कानूनबमोजिम भई मध्यस्थले गरेको निर्णयमा कुनै कानूनी त्रुटि रहेकोसमेत नदेखिँदा मध्यस्थको निर्णय तथा सो निर्णयलाई सदर गर्ने उच्च अदालतको मिति २०७५।३।३२ को आदेशलाई बदर गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.डम्बरबहादुर शाही

इजलास अधिकृतः- सरोजनिधि वाग्ले
इति संवत् २०७६ साल फागुन १३ गते रोज ३ शुभम्।

## निर्णय नं. १०६४६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७६।११।२१
०७२-CI-१८४०

मुद्दा:- अंश चलन

पुनरावेदक / प्रतिवादी : ललितपुर जिल्ला, लेले गा.वि.स. वडा नं. २ घर भई हाल ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं.१४ बस्ने अमित सिलवालसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : ललितपुर जिल्ला, लेले गा.वि.स. वडा नं. २ बस्ने पदमकुमारी सिलवालसमेत

- **कुनै लिखतमा हालैको बकसपत्र भनी उल्लेख गर्दैमा मात्र बकस पाएको सम्पत्ति उक्त बकस प्राप्त गर्ने व्यक्तिले निजी तवरबाट प्राप्त गरेको बकस नै हो भन्न सकिने अवस्था हुँदैन । यस्तो अवस्थामा कसैले निजी तवरबाट बकस प्राप्त गरेको भन्ने तथ्य व्यवहार प्रमाणबाट समेत प्रमाणित नभएसम्म उक्त सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार सगोलको नै मान्नुपर्ने ।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री विवेकराज ढुङ्गेल

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्ने :

मा. न्यायाधीश श्री अर्जुनप्रसाद कोइराला

जिल्ला अदालत ललितपुर

पुनरावेदन तहमा फैसला गर्ने :

मा. मुख्य न्या.डा.श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री लेखनाथ घिमिरे

पुनरावेदन अदालत पाटन

फैसला

**न्या.डम्बरबहादुर शाही :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन दर्ता भई यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य खण्ड

विपक्षीमध्येका अर्जुनकुमार सिलवाल पति पिता नाता पर्दछन् । म फिरादी पदमकुमारीको विपक्षी पतिसँग २०३२ सालमा विवाह भई एक छोरा अभिषेकको जायजन्म भएको छ । विपक्षी पतिको र मेरो एक छोरा भएपछि पनि सम्बन्ध राम्रो नै थियो । पछि वहाँको व्यवहारमा परिवर्तन आउन थाल्यो । निजले अर्को श्रीमती विवाह गरी हामी फिरादीहरूलाई हेला गर्ने, छोरा र मलाई समेत कुटपिट गर्नु थाल्नुभयो । यसरी घरै बस्न नसक्ने भई छोरा लिई माइतीमा गएर बसेकी थिएँ । विपक्षीहरू गाउँ छोडेर शहर बस्न गएपछि हामी फेरी सोही घरमा बसी छोराको स्याहार सुसार गरी छोराको भविष्य बिगार्न हुँदैन भनी घरमा गाईवस्तु, कुखुरा पाली मेलापात गरी घर व्यवहार चलाई आएको छु । ससुरा रामबहादुर खत्रीको २ छोरा अर्जुनकुमार सिलवाल र सहदेवकुमार के.सी. भएको र निजहरूबिच अंशबन्डा भइसकेको छैन । निज देवर तथा काका सहदेवकुमार के.सी. को आफ्नै कालगतिले मृत्यु भइसकेको हुँदा निजको हकदार श्रीमती छोराहरूलाई अ.बं. १३९ नं. बमोजिम झिकाई बयान गराई पाऊँ । विपक्षीहरू पति पिता, सौता तथा कान्छीआमा शान्ति सिलवालको तर्फबाट १ छोरी र २ छोराको जायजन्म भएको छ । विपक्षीहरू पति पिता, सौता तथा कान्छीआमा शान्ति सिलवाल र काका तथा काकातर्फका अंशियारहरूको नाममा रहेको सम्पूर्ण पैतृक सम्पत्तिको तायदाती विवरण अंशबन्डाको २०, २१, २२, २३ नं. बमोजिम माग गरी देवर तथा काकाका तर्फका अंशियारको अंश हक १ भाग छुट्याई फिराद परेको अघिल्लो दिनलाई मानो छुटिएको मिति कायम गरी पति पिताको अंश भागमा आउने १ भागलाई ७ भाग लगाई हामी फिरादीलाई २

भाग अंश छुट्याई अंशबन्डा गरी चलनसमेत चलाई पाउँ भन्नेसमेत बेहोराको वादीको फिराद पत्र।

वादीहरूले उल्लेख गरेको नाता सम्बन्धका बेहोराहरूबाहेक अन्य सम्पूर्ण कुरा झुट्टा एवं कपोलकल्पित हुन् । २०४५ सालदेखि हामी प्रतिवादीहरू डेरा लिई सहरमा बसेर आफ्नो जीविकोपार्जन गर्दै आएको भए पनि म प्रतिवादी अर्जुनले विपक्षी वादीहरूप्रति पति पिताको रूपमा पूरा गर्नुपर्ने दायित्व पूरा गर्दै आएको छु। मेरो भागमा पर्ने जग्गाको आयस्ता र गाउँको घर सुरूदेखि हालसम्म पनि विपक्षीहरूले नै भोग चलन गरी आएका छन्। विपक्षीहरूलाई आफ्नो इज्जत आमदअनुसार खान, लाउन, शिक्षा, दीक्षा र उचित स्वास्थ्य उपचारको व्यवस्था गर्दै आएको अवस्थामा अंशमा दाबी गर्ने हकदैया फिरादीहरूलाई छैन। म प्रतिवादी शान्ति सिलवालले २०४४ सालमा जनकलाल राजकर्णिकारबाट हालैदेखिको बकसपत्र प्राप्त गरेको मेरो निजी आर्जनको अरू कसैको अंश हक नलाग्ने ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं.१४ को कि.नं. २६४ को क्षेत्रफल ०-४-१-२ को कित्ता जग्गामा घर बनाउने निधो गरी सोहीअनुरूप ललितपुर उपमहानगरपालिकामा नक्सा पासका लागि निवेदन दिई नगरपालिकाबाट नक्सा पास भएपछि विभिन्न व्यक्तिहरूबाट ऋण लिई २०४७ सालदेखि घर निर्माण कार्य सुरू गरी २०५२ सालमा घर निर्माण कार्य सम्पन्न गरी सोही घरमा हामी प्रतिवादीहरू बसोबास गरी आएका छौं। म शान्तिले बकसपत्रका रूपमा प्राप्त गरेको जग्गा र सो जग्गामा मेरो दाइजोका गरगहना बिक्री गरी प्राप्त गरेको रकम, विभिन्न व्यक्तिबाट लिएको ऋण र मैले विभिन्न ठाउँमा काम गरेर प्राप्त गरेको पारिश्रमिकको रकम लगानी गरी घर निर्माण गरेकोले सो घर जग्गा मेरो निजी आर्जनको सम्पत्ति हो। विपक्षीहरूको अंश हक लाग्ने होइन। बन्डा लाग्ने पैतृक सम्पत्तिहरू हालसम्म एकासगोलमा नै रहेको र दुई दाजुभाइको सहमतिले घर जग्गाहरू बाँडफाँट गरी अर्जुनको भाग भनिएको सम्पूर्ण घर जग्गाहरू विपक्षी वादीहरूले नै भोग चलन गरी आएको अवस्था हुनाले विपक्षीहरूलाई फिराद गर्ने हकदैयासमेत नरहेको र मैले विपक्षीहरूलाई अंश दिनुपर्ने होइन । विपक्षी वादीहरूलाई अंशबन्डाको १० नं. विपरीत फिराद गर्ने हकदैया नै नभएकोले अ.बं.८२ नं. विपरीत परेको फिराद दाबी खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर जिकिर।

वादी प्रतिवादीलाई अ.बं.१३३ नं. बमोजिम कागज गराई खुलाउन लगाई ती अंशियारको नाममा अ.बं. १३९ नं. बमोजिम ७ दिने म्याद जारी गरी आएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०६८।१।२८ को सुरू अदालतको आदेश।

मेरो बुबा सहदेवकुमार के.सी. र ठुलोबुबा अर्जुनकुमार सिलवाल मिति २०४८ साल श्रावण महिनामा घरसारमा भिन्न भई छुट्टाछुट्टै व्यवहार चलाई आएको । सोही मिति २०४८ सालदेखि छुट्टाछुट्टै घरबार, कारोबार गरी आएको हो । दर्ता प्रमाणित जग्गाको हकमा हजुरआमा इन्द्रकुमारीको नाममा रहेको लेले वडा नं. ६(घ) कि.नं. ८९ क्षेत्रफल २-९-०-० जग्गा ठुलोबुबाको मन्जुरीले आमा मैया के.सी. को नाममा नामसारी भएको, हाम्रो मन्जुरीले लेले २(क) कि.नं. ३१२, ३१३ को क्षेत्रफल १-२-३-० र ०-१२-०-० जग्गा ठुलोबुबाको नाममा नासारी भएको हो। अन्य जग्गाहरू हजुरआमा इन्द्रकुमारीको नाममा दर्ता बाँकी रही नामसारी हुन बाँकी रहेको दर्ता प्रमाणित भएपछि हामीहरूको नाममा समेत बन्डा हुनुपर्ने जग्गा हो । हजुरआमा इन्द्रकुमारीको नाममा दर्ता बाँकी जग्गाहरू २०४८ सालको मौखिक घरायसी सहमतिअनुसार हाल जोतभोग

गरेअनुसार हाम्रो बुबाको भाग हामीले पाउनु पर्दछ। यी वादीहरूले मेरो बुबा र ठुलोबुबाबिच मिति २०४८ साल श्रावणमा भएको मौखिक सहमति बन्डाअनुसार ठुलोबुबा अर्जुनकुमार सिलवालको भागबाट मात्र अंश पाउनुपर्ने हो भन्नेसमेत बेहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका ब्रविमकुमार के.सी. ले सुरू अदालतमा गरेको बयान।

यसमा वादी प्रतिवादीहरूबिच नातामा विवाद नदेखिएको, अंशियारमा समेत विवाद नदेखिँदा र रीतपूर्वक अंशबन्डा भएको कुनै लिखत प्रमाणसमेत पेस भएको नदेखिँदा २०४८ सालमा मानो छुट्टिएको भने तापनि सोसम्बन्धी कुनै लिखत प्रमाण पेस गर्न नसकेको हुँदा यी वादी प्रतिवादी र अ.बं. १३९ नं. बमोजिम बुझिएका व्यक्तिहरूबिच फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी निजहरूबाट मुलुकी ऐन, अंशबन्डाको २०, २१, २२ र २३ नं. बमोजिम चलअचल सम्पत्तिको फाँटवारी माग गरी पेस भएको फाँटवारी एकआपसमा सुनाई अचल सम्पत्तिको हकको ज.ध. दर्ता स्रेस्तासमेत झिकाई नपुग कोट फी वादीबाट दाखिल गराई प्रक्रिया पूरा गरी नियमानुसार पेस गर्नु भन्ने मिति २०६८।७।३ को सुरू अदालतको आदेश।

दुवै पक्षबाट पेस भएको तायदाती फाँटवारी र मालपोत कार्यालयबाट प्राप्त दर्ता उतार मिसिल संलग्न रहेको।

वादी प्रतिवादीहरूबिच अंशियार नातामा विवाद नदेखिएको र रीतपूर्वकको अंशबन्डा भएको कुनै लिखत प्रमाणसमेत पेस भएको नदेखिएको अवस्था हुँदा कुल बन्डा लाग्ने सम्पत्तिलाई मुल २ अंशियार मानी २ भाग लगाई अर्जुनकुमार सिलवालको भागमा परेको एक भाग सम्पत्तिलाई पुनः ६ भाग लगाई सोमध्यको २ भाग वादीहरूले अंशबापत पाउने ठहराएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७०।१०।२ को फैसला।

बन्डा लाग्ने ठहर गरेको कि.नं. ५३४, ५३५ को जग्गा बकस पत्रको लिखतमार्फत हक गराई सट्टापट्टा गरी कायम भएकोले निजी आर्जनको हुँदा बन्डा नलाग्नेमा लगाएको तथा प्रतिवादी अमित सिलवाल तथा अतित सिलवालको विवाह खर्च पर नसारेको हदसम्म मिलेको छैन उल्टी गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू अमित सिलवाल र शान्ति सिलवालको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र।

यसमा अंशियारहरूमध्ये अविवाहित अंशियारहरूको अंशबन्डाको १७ नं. बमोजिम छुट्याउनुपर्ने विवाह खर्च सम्बन्धमा केही नबोली भएको सुरूको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१।०९।२८ को आदेश।

प्रतिवादीमध्येका अमित सिलवाल तथा अतित सिलवालको विवाह खर्च पर नसारी भएको मिति २०७०।१०।२ को सुरू ललितपुर जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको नदेखिँदा आंशिक उल्टी भई निजहरूको कानूनबमोजिमको विवाह खर्च पर सारी बाँकी तायदातीमा देखाइएको सम्पत्तिबाट २ भाग लगाई प्रतिवादी अर्जुनकुमार सिलवालको १ भागबाट ६ भागको २ भाग अंश वादीले पाउने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनबाट मिति २०७२।९।१९ मा भएको फैसला।

रीतपूर्वक अंशबन्डा नभए तापनि हामी दाजुभाइबिच २०४८ सालदेखि मानो छुट्टी आपसी

सहमतिमा जग्गाहरू आआफ्नो नाउँमा नामसारी भइसकेको अवस्थालाई अनदेखा गरी फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरेकोलाई न्यायसङ्गत मान्न मिल्दैन । त्यसैगरी दाता जनकलाल राजकर्निकारलाई रिझाएबापत मिति २०४४।१२।२१ मा र.नं. ३१८० बाट हालैदेखिको बकसपत्र लिखत पारित गरिदिएको जग्गालाई सुरू जिल्ला अदालत तथा पुनरावेदन अदालतसमेतले निजी आर्जन स्वीकारेको अवस्थामा त्यस्तो जग्गाको आकार नमिलेकोले आकार मिलाउने क्रममा कि.नं.२६५ को जग्गाधनीसँग ०-२-०-३ जग्गा म पुनरावेदिकाले र मेरो कि.नं. २६४ को कुल जग्गामध्ये ०-२-०-३ जग्गा कि.नं.२६५ को जग्गाधनीसँग सट्टापट्टासम्म गरेको अवस्थामा मूल जग्गाको स्वामित्वमा परिवर्तन नभएको अवस्था हुँदा सोही आधारमा मात्र निजी आर्जन होइन भन्न मिल्दैन। उक्त कित्तामा बनेको घर मेरो निजी आर्जन, मेहनत, ज्ञान र सिप, गरगहना, दाइजो, पेवा, स्वआर्जनसमेतबाट मेरै नाउँमा नक्सा पास गरी बनाएको निजी तवरबाट निर्माण गरेको सम्पत्ति भएकोले बन्डा नलाग्ने स्पष्ट देखिँदादेखिँदै मूल्याङ्कन नै नगरी भएको फैसला त्रुटिपूर्ण छ । अत: अंशबन्डाको १८ नं. तथा सम्मानित अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतले बन्डा नलाग्ने मेरो स्वआर्जनको सम्पत्ति र सो सम्पत्तिमा मैले आफ्नो ज्ञान, सिप, मेहनत र श्रम लगाई बनाएको घरसमेतको अंशबन्डा नलाग्ने सम्पत्तिलाई अंशियारबिच बन्डा लगाउने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला उल्टी गरी अंशबन्डा नलाग्ने ठहर गरी न्याय पाउँ भन्नेसमेत बेहोराको यस अदालतमा चढाएको पुनरावेदन पत्र।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्रसहितको सम्पूर्ण मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विवेकराज ढुङ्गेलले मेरो पक्ष शान्ति सिलवालले बकस पाएको जग्गासमेत निजी आर्जनको हुँदा उक्त घर जग्गासमेत बन्डा लाग्ने ठहर गरेको फैसला अंशबन्डाको महलको १८ नं.को कानूनी व्यवस्थाविपरीत छ । बकस पाएको सम्पत्ति सट्टापट्टाको लिखत गर्दैमा त्यसको हैसियतमा परिवर्तन नहुने हुँदा कि.नं. ५३४ तथा ५३५ का जग्गा घर बन्डा गरेको फैसला सो हदसम्म नमिलेको हुँदा प्रत्यर्थी झिकाउने आदेश हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभएको बहससमेत सुनियो।

यसमा उपर्युक्त तथ्य, पुनरावेदन जिकिर तथा बहस जिकिर भएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनको मिति २०७२।९।१९ को फैसला मिलेको छ, छैन पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा विपक्षीमध्येका अर्जुनकुमार सिलवाल पति पिता नाता पर्दछन्। मूल अंशियार विपक्षी पति / पिता अर्जुनकुमार सिलवाल र देवर / काका सहदेवकुमार के.सी.को २ जना भएकोले बन्डा लाग्ने सम्पूर्ण सम्पत्तिलाई २ भाग लगाई विपक्षी पति / पिता को १ भागबाट विपक्षी शान्ति सिलवाल, निजका छोराहरू अमित, अतित र छोरी अन्जनासमेत र फिरादीसमेत गरी सात अंशियार भएकोले ७ भाग लगाई हामी फिरादीको २ भाग अंश छुट्याई चलनसमेत चलाई पाउँ भन्नेसमेत बेहोराको वादीको फिराद दाबी भएकोमा कुल बन्डा लाग्ने सम्पत्तिलाई मूल २ अंशियार मानी २ भाग लगाई अर्जुनकुमार सिलवालको भागमा परेको एक भाग

सम्पत्तिलाई पुनः ६ भाग लगाई सो मध्येको २ भाग वादीहरूले अंशबापत पाउने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७०।१०।२ मा फैसला भएको देखियो। सो फैसलाउपर प्रतिवादीहरू अमित सिलवाल र शान्ति सिलवालको पुनरावेदन परेकोमा पुनरावेदन अदालत पाटनबाट प्रतिवादीमध्येका अमित सिलवाल र अतित सिलवालको हकमा विवाह खर्च पर नसारेको हदसम्म केही उल्टी भई फैसला भएको देखियो। सो फैसलाउपर चित्त नबुझी प्रतिवादीहरू अमित सिलवाल र शान्ति सिलवालको प्रस्तुत पुनरावेदन पर्न आएको रहेछ।

३. पुनरावेदनपत्रमा अंशबन्डाको १८ नं. तथा सम्मानित अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतले बन्डा नलाग्ने मेरो स्वआर्जनको सम्पत्ति कि.नं. ५३४ र ५३५ र सो मा मैले आफ्नो ज्ञान, सिप, मेहनत र श्रम लगाई बनाएको घरसमेतलाई अंशियारबिच बन्डा लाग्ने ठहर्‍याई भएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म उल्टी गरी उल्लिखित कि.नं.हरू को जग्गा सोमा बनेको घरसमेत स्वआर्जनको हुँदा अंशबन्डा नलाग्ने ठहर गरी न्याय पाउँ भन्ने मुख्य पुनरावेदन जिकिर लिएको देखियो।

४. उक्त पुनरावेदन जिकिरतर्फ विचार गर्दा तत्कालीन मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. मा ***"मानो नछुट्टिई सँग बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती उद्योग व्यापार व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको महलको ८ नं. बमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्छ । सोबाहेक आफ्नो ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंशधनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउनेको निजी ठहरी आफूखुसी गर्न पाउँछ । बन्डा गर्न कर लाग्दैन ।......"*** भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त व्यवस्थाअनुसार **निजी तवरले बकस पाएको सम्पत्ति**समेत निजी ठहरी आफूखुस गर्न पाउने देखिन्छ।

५. प्रस्तुत मुद्दामा यी पुनरावेदक शान्ति सिलवालले तायदाती फाँटवारी पेस गर्दा कि.नं. २६४ क्षे.फ. ०-४-१-२ जग्गा आफूले जनकलाल राजकर्णीकारबाट मिति २०४४।१२।२१ मा र.नं.३१८० बाट हालैको बकसपत्र पारित गरी लिएकोमा प्लट मिलान गर्ने क्रममा २०४७ सालमा विष्णुबहादुर विष्टसँग सट्टापट्टा गरी कि.नं. ५३४ र ५३५ कायम भएको हो र सो जग्गामा मेरो नोकरी तथा ऋणसापटीबाट घर बनाएको निजी आर्जनको हो भन्ने उल्लेख गरेको पाइन्छ। मिति २०४४।१२।२१ मा र.नं.३१८० बाट हालैको बकसपत्रको लिखतको कैफियत महलमा "शान्ति सिलवालले परिआएको काम गरी रिझाएबापत" उल्लेख भएको देखिए पनि पुनरावेदकले बकसदातालाई के कसरी रिझाएबापत बकस प्राप्त भएको हो भन्ने कुरा यी पुनरावेदकले पुष्टि गर्न सकेकोसमेत देखिँदैन। साथै बकस दिने दाता यी पुनरावेदकको आफ्नो परिवारभित्रको वा पारिवारिक नाता सम्बन्धभित्रको भन्ने पनि देखिँदैन। **घर जग्गा खरिद गर्दा राजीनामाको लिखत पारित गरी लिनुभन्दा बकसपत्रको लिखत पारित गरी लिँदा लिने व्यक्तिलाई राजस्व सहुलियत हुनेलगायतका विभिन्न कारणले हालैको बकसपत्रद्वारा हक हस्तान्तरण गरी लिनुदिनु गर्ने प्रचलन व्यवहारमा व्याप्त रहेको सन्दर्भमा हक हस्तान्तरण भएको कुनै लिखतमा हालैको बकसपत्र भनी उल्लेख गर्दैमा मात्र बकस पाएको सम्पत्ति उक्त बकस प्राप्त गर्ने**

**व्यक्तिले निजी तवरबाट प्राप्त गरेको बकस नै हो भन्न सकिने अवस्था हुँदैन । यस्तो अवस्थामा कसैले निजी तवरबाट बकस प्राप्त गरेको भन्ने तथ्य व्यवहार प्रमाणबाट समेत प्रमाणित नभएसम्म उक्त सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार सगोलको नै मान्नुपर्ने हुन्छ ।**

६. प्रमाण ऐन, २०३१ को दफा ६(क) मा ***अन्यथा प्रमाणित नभएसम्म एकाघरका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी भनी अदालतले अनुमान गर्ने छ*** *भन्ने व्यवस्था रहेको देखिन्छ ।* उल्लिखित कानूनी व्यवस्थाअनुसार एकाघरका अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भन्ने अनुमान गर्ने हुँदा यदि कसैले निजी वा स्वआर्जनको भनी जिकिर लिन्छ भने त्यसको सबुद पुऱ्याउने भार जिकिर लिने व्यक्तिमा नै रहन्छ । प्रस्तुत मुद्दामा यी पुनरावेदक शान्ति सिलवालले उक्त कि.नं. ५३४ र ५३५ मा बनेको घर यी पुनरावेदकले नोकरी तथा ऋण सापटीसमेतबाट बनाएको भनी जिकिर लिएको भए पनि सो कुरा सबुद प्रमाणद्वारा पुष्टि गराउन सकेकोसमेत नदेखिँदा कि.नं. ५३४ र ५३५ जग्गा र सोमा बनेको घरसमेत बन्डा गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । तसर्थ निजी आर्जनको भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

७. अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट तायदातीमा देखाएको सम्पूर्ण सम्पत्तिलाई २ भाग लगाई प्रतिवादी अर्जुनकुमार सिलवालको १ भागको ६ भागमध्ये २ भाग अंश वादीले पाउने ठहऱ्याई ललितपुर जिल्ला अदालतबाट मिति ०७०।१०।२ मा भएको फैसला प्रतिवादीमध्येका अमित सिलवाल तथा अतित सिलवालको विवाह खर्च पर नसारी भएको हदसम्म केही उल्टी भई निज अविवाहित प्रतिवादीहरूको कानूनबमोजिमको विवाह खर्च पर सारी बाँकी सम्पत्तिलाई २ भाग लगाई प्रतिवादी अर्जुनकुमार सिलवालको १ भागको ६ भागमध्ये २ भाग अंश वादीले पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।९।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.कुमार रेग्मी

इजलास अधिकृत : भगवती शर्मा ढुङ्गाना
इति संवत् २०७६ साल फागुन २१ गते रोज ४ शुभम् ।

## निर्णय नं. १०६४७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
फैसला मिति : २०७६।१२।४
०७२-CI-०७९८

मुद्दाः- अंश चलन

पुनरावेदक / वादी : कान्छाभाइको नाति अनिलकुमारको छोरा काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ७ बस्ने वर्ष ३१ को निशान वैद्यसमेत

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : लालकाजीको नाति कान्छाभाइको छोरा काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ७ बस्ने अनिलकुमार वैद्यसमेत

- **कुनै व्यक्तिले आफ्नो मूल अंशियारबाट अंश पाउनु उसको नैसर्गिक अधिकार भए पनि सो अधिकार सम्बन्धित अंशियारले परित्याग गर्न पाउने ।**
- **जालसाजी गरेको, वादीहरूलाई ठग्ने, नोक्सान पार्ने अभिप्राय नदेखिएसम्म सक्षम अंशियारहरूबिच भएको व्यवहारको कुरामा त्यसपछिको हाँगाको (दोस्रो तहका) छोरा नातीले गरेको दाबीलाई उचित मान्न नमिल्ने ।**

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्तात्रय श्री श्याम प्रसाद खरेल, श्री हरिहर दाहाल, श्री श्याम प्रसाद ढुंगेल तथा अधिवक्ता श्री अभिषेक अधिकारी

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, डा. श्री शंकर कुमार श्रेष्ठ र श्री रमन कुमार श्रेष्ठ, तथा अधिवक्ताहरू श्री राजेश्वर अधिकारी, श्री नवराज वडाल, श्री अन्जन धिताल, श्री जयलाल भण्डारी, श्री सरिता शर्मा, श्री शिवराम तिमिल्सिना

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू फैसला गर्नेः-

माननीय न्यायाधीश श्री दीपेन्द्र अधिकारी
काभ्रेपलाञ्चोक जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री गोपाल पराजुली
मा. न्यायाधीश श्री नारायणप्रसाद धिताल
पुनरावेदन अदालत पाटन

फैसला

**न्या.सुष्मालता माथेमा :** तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्राप्त भई पुनरावेदनको रोहमा पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छः-

हाम्रा बाजे कान्छाभाइ वैद्य तथा बज्यै ज्वाहरीदेवी वैद्यका तर्फबाट दुई छोरा जेठो अनिलकुमार वैद्य र कान्छो सुनिलकुमार वैद्य तथा २ छोरीहरू जेठी अमला देवी र कान्छी रमिला वैद्यसमेत जम्मा ४ सन्तानको जायजन्म भएकोमा मिति

२०६१।११।४ मा बाजे कान्छाभाइ वैद्यको देहावसान भएको तथा फुपूहरूको समेत विवाह भइसकेको छ। बाजेको देहान्तपश्चात् पनि हामी वादी प्रतिवादीहरू एकासगोलमा बसि आएका छौँ। प्रतिवादीहरू अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्यका हामी फिरादीहरू निशान वैद्य तथा गौरव वैद्य २ छोराहरू तथा दुर्गा १ छोरीसमेत ३ मात्र सन्तान भएकोमा म निशान वैद्य र बहिनी दुर्गाको विवाह भइसकेको हुँदा जम्मा ४ अंशियार मात्र विद्यमान रहेको अवस्था छ भने अन्य प्रतिवादीहरूमध्ये ज्वाहरीदेवी वैद्य हजुरआमा, सुनिलकुमार वैद्य काका, सुष्मा अमात्य (वैद्य) काकी तथा आकाश र असीम निज काकाकै छोरा भाइ नाताका हुनुहुन्छ। घरको मुख्य भई सम्पूर्ण कामकाज प्रतिवादी सुनिलकुमार तथा सुष्मा वैद्यले गरी आउनु भएको र हामीले व्यवसायसमेत एकासगोलमा गरी बसिआएकाले पुख्र्यौली चल अचल श्रीसम्पत्ति, घरभाडा, मोटरकारसमेतबाट आम्दानी रहेको अवस्थामा हामी फिरादीले व्यवसाय गर्न नगद वा हाम्रो भाग अंश दिनुहोस् भन्दा प्रतिवादीहरूले कुनै अंश वा खर्च पनि दिँदैनौँ, जानेको गर भनी अन्याय गरेको तथा प्रतिवादीहरू सुष्मा, आकाश र असीम हाम्रा मूल अंशियार नभए तापनि हाम्रोसमेत अंश लाग्ने सम्पत्ति निजहरूका नाममा रहेको तथा रहन सक्ने अवस्था हुँदा निजहरूलाई समेत प्रतिवादी कायम गरी हजुरआमा, हाम्रा पिता, तथा काका सुनिलसमेत मूल तीन अंशियार रहेका हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी सम्पूर्ण चल अचल सम्पत्तिलाई ३ भाग लगाई सोको १ भाग हाम्रा पिताको कायम गरी सोको ४ भाग लगाई हामी फिरादीका नाममा २ भाग अंश दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको वादीहरू निशान वैद्य र गौरव वैद्यको मिति २०६६।५।२९ को संयुक्त फिरादपत्र।

हामीसमेतलाई प्रतिवादी कायम गरी फिराद दायर गरेको भए पनि फिरादीहरू ठुलो बुबाका सन्तान भएकाले एकासगोलका परिवार पनि होइनन्, हामीले अंश दिनुपर्ने अंशियार पनि होइनन्। फिरादीहरूका पिता अनिलकुमारले बाजे कान्छाभाइ वैद्य जीवित छँदै मिति २०४२।६।१६ मा र. नं. ७९० मार्फत आफ्नो चल अचल अंश भाग बुझिलिई भरपाईसमेत गरिदिएका हुँदा अंशियार नै नभएका फिरादीहरूले हामीउपर दिएको फिराद खारेज गरी फुर्सद पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू आकाश वैद्य र असिम वैद्यको संयुक्त प्रतिउत्तरपत्र।

फिरादीहरू हामी एकासगोलका परिवार तथा अंशियारसमेत नभई हाम्रा पति, पिता तथा ससुरा जीवित छँदै निजबाट मिति २०४२।६।१६ मा र.नं. ७९० मार्फत आफनो चल अचल अंश भागबापत रू.२५,०००।– (रूपैयाँ पच्चिस हजार) बुझिलिई भरपाईसमेत गरिदिई भिन्न बसिसकेका प्रतिवादी मध्येका अनिलकुमारसँग एकासगोलमा बसिआएका निजैका छोरा तथा अंशियारसमेत हुन्। सक्षम व्यक्ति अनिलकुमारले रजिस्ट्रेसनको १ नं. बमोजिम गरिदिएको अंश छोडपत्रको लिखतसमेतका आधारमा प्रस्तुत अंश मुद्दा लाग्न नसक्ने हुँदा प्रस्तुत झुट्ठा फिरादबाट फुर्सद पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू ज्वाहरीदेवी वैद्य, सुनिलकुमार वैद्य र सुष्मा वैद्यको संयुक्त प्रतिउत्तरपत्र।

हामी स्वयंले समेत पुख्र्यौली सम्पत्ति रीतपूर्वक अंशबन्डा गरी नलिएको अवस्था हुँदा पहिले आमा ज्वाहरीदेवी, भाइ सुनिलकुमार तथा म अनिलकुमारसमेत ३ अंशियारबिच रीतपूर्वक बन्डा भई भिन्न बेगल बसेपश्चात् म अनिलकुमारको १ अंश भाग कायम भएकोबाट ४ भागको २ भाग अंश फिरादीहरूलाई दिन तयार छौँ भन्नेसमेत बेहोराको प्रतिवादी पुण्यश्वरी र अनिलकुमार वैद्यको संयुक्त

प्रतिउत्तरपत्र।

वादीहरूले प्रतिवादीबाट अंश पाउनुपर्ने हो, एकाघरसगोलका अंशियार हुन् र अहिलेसम्म सगोलमा छन् । विधिवत् रूपमा अलग भएका छैनन् । फिरादीका पिता अनिलकुमारले अंश भाग २०४२ सालमा बुझिलिएको भन्ने थाहा छैन भन्नेसमेत बेहोराको वादी निशान वैद्यका साक्षी किरण कुमार श्रेष्ठले सुरू अदालतमा गरेको बकपत्र।

२०४२।७।१६ गते अनिल वैद्य र सुनिल वैद्यबिच २५/२५ हजार अंश बन्डा भएको हो। दोस्रो पटक अंश पाउने व्यवस्था हुँदैन भन्नेसमेत बेहोराको प्रतिवादी अशिम वैद्य र आकाश वैद्यका साक्षी सूर्यकुमार कायस्थले सुरू अदालतमा गरेको बकपत्र।

पहिले नै अनिल, सुनिल, ज्वाहरी र कान्छा भाइबिच २५/२५ हजार रूपैयाँको बन्डा भइसकेको हो । सुनिल वैद्यले कमाएको स्वआर्जनको सम्पत्ति हो भन्नेसमेत बेहोराको प्रतिवादीको साक्षी सेमन्तक मणि कायस्थले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिउत्तरपत्रको प्रमाण खण्डमा उल्लिखित मिति २०४२।६।१६ र.नं. ७९० बाट अंश छोडपत्रको प्रमाणित प्रतिलिपि सम्बन्धित मालपोत कार्यालयबाट झिकाई नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको सुरू अदालतबाट मिति २०६७।२।२३ मा भएको आदेश।

यसमा आदेशानुसार माग भएको मिति २०४२।६।१६ र.नं. ७९० बाट अंश छोडपत्रको प्रमाणित प्रतिलिपि मालपोत कार्यालय काभ्रेको च.नं. ३०९ मिति ०६७।५।२९ को पत्रबाट प्राप्त भई मिसिल सामेल रहेको।

अंश बुझेको भनिएको भरपाई मिति २०४२।६।१६ मा हुनुभन्दा अगावै कान्छाभाइ वैद्य, ज्वाहरीदेवी वैद्य, अनिलकुमार वैद्य र सुनिलकुमार वैद्यका नाममा के कति जग्गा रहेका थियो ? सोको प्रमाणसहित दाखिल गराउने गरी र हाल सो जग्गाहरू को कसको नाममा रहेको वा हक हस्तान्तरण भएको छ, सोको प्रमाणसमेत दाखिल गराउने गरी वादी प्रतिवादी स्वंयको अ.बं. १३३ नं. बमोजिम कागज गराई पेस दाखिल भएमा प्रमाणित प्रतिलिपि झिकाउनु भन्ने सुरू अदालतको मिति २०६८।५।२० को आदेश।

हामी वादी प्रतिवादीहरू आजका दिनसम्म छुट्टी भिन्न भएका छैनौं, हामी एकासगोलमा नै रही बसी आएका छौं । जहाँसम्म प्रतिवादी अनिलकुमार वैद्यले मिति २०४२।६।१६ मा नगद रूपैयाँ बुझी भिन्न भइसकेको भन्ने सम्बन्धमा सो कुरा थाहा पाई म्यादैभित्र उक्त अंश बुझेको भरपाई बदर र जालसाजीसमेतका मुद्दा दायर गरी सो मुद्दाहरू यसै मुद्दासँग लगाउ रही हाल यसै अदालतमा विचाराधीन रहेको छ भन्नेसमेत बेहोराको वादीहरू निशान वैद्य र गौरव वैद्यले मिति २०६८।६।२ मा मुलुकी ऐन, अ.बं. १३३ नं. बमोजिम गरेको कागज।

कान्छाभाइ वैद्यको नाममा दर्ता कायम रहेका काभ्रेपलाञ्चोक जिल्ला, चण्डेश्वरी वडा नं. ९ख को कि.नं. १५, १७, ऐ. दक्षुटोल वडा नं. ६ को कि.नं. २३, ६३, ५७, ९८, ४९० र ४९१ का जग्गाहरू भएकोमा कि.नं. १७ को जग्गा कान्छाभाइ वैद्यले अनिलकुमार वैद्यलाई हालैदेखिको बकसपत्रको लिखतबाट हक छाडिदिएको र बाँकी अन्य जग्गाहरू कान्छाभाइ वैद्यको मृत्युपश्चात् कि.नं. ६३ को जग्गा अनिलकुमार वैद्यलाई, कि.नं. २३ को जग्गा चन्द्रमणी चौलागाई र रमेश सापकोटालाई, कि.नं. ९८ को जग्गा गीता शर्मालाई, कि.नं. ४९० र ४९१ को जग्गा ज्वाहरीदेवीको नाममा, कि.नं. १५ को जग्गा सुनिल वैद्यलाई हक छाडी लिनु दिनु गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी सुनिलकुमार वैद्यले मिति २०६८।६।२ मा मुलुकी ऐन अ.बं. १३३ नं.

बमोजिम गरेको कागज।

वादीका बाबुले अंश बुझी भरपाई गरेको र सो भरपाईमा निज वादीको आमासमेत साक्षी बसेको अवस्थामा निज वादीहरूको बाबुले अंश नै नपाएको भने पनि सो बेहोरा खण्डित भएको र अंशियारले अंश हक एकपटक मात्र प्राप्त गर्ने हुँदा यसरी अंश लिए पाएको अंशियार पुनः अन्य अंशियारसँग कानूनबमोजिम मानो जोडिएको लिखत गरी अंश मिसाई सगोलमा बसेको अवस्थामा मात्र पुनः अंशको दाबेदार हुने हुँदा सोबमोजिमको अवस्था प्रस्तुत मुद्दाको रोहमा देखिन आएन। साथै यी प्रतिवादी अनिलकुमारले सो अंश भरपाईउपर यथासमयमा सो बदर वातिल नगराएको अवस्थामा कानूनबमोजिम रजिस्ट्रेसन भएको लिखत अन्यथा नभएसम्म सोको कानूनी अस्तित्व कायमै रहेको मान्नुपर्ने हुन्छ। यसका अलावा यी वादीहरू आफ्ना बाबुआमासँग बेग्ला भई हजुरआमा, काका काकीसँग सगोलमा रहेको भन्ने अवस्था पनि देखिँदैन। यसरी वादीहरूको पिता अन्य सहप्रतिवादीहरूसँग छुट्टी भिन्न नै नभएको भन्ने वादी दाबी खम्बिर हुने तथ्ययुक्त आधार प्रमाणको अवस्था निर्विवाद पुष्टि हुन नआएबाट यी वादीहरूको अंशहक निजका बाबुआमासँग मात्र रहने हुँदा स्वयं पिता नै बेगल भएको अवस्थामा अन्य प्रतिवादीहरूसँग सगोलमा रहेको भन्न मिल्ने देखिएन। सगोलको अंशियार नै नरहेका प्रतिवादीहरू ज्वाहरीदेवी, सुनिल, सुष्मा, आकाश, असिमसँग यी वादीहरूले अंश पाउने अवस्था नभएबाट यी प्रतिवादीहरूसँग तायदाती फाँटवारी माग गरिरहनु परेन। यी वादीहरू र प्रतिवादीहरू अनिलकुमार र पुण्यश्वरी वैद्य नातामा बाबुआमा र छोरा रहेको र निजहरू मात्र एकासगोलमा रहेको भन्ने निजहरूबिचमा छुट्टी भिन्न भएको रीतपूर्वकको लिखतको अभावमा र स्वयं वादी र यी प्रतिवादीहरूले सगोलमा र अंशबन्डा निजहरूबिच नभएको भन्ने तथ्यलाई फिराद र प्रतिउत्तरमा स्वीकार गरेबाट निजहरूबिचमा प्रस्तुत फिराद परेको अघिल्लो दिनलाई मानो छुटिएको मिति कायम गरी दिएको छ। सो दिनसम्मको निज वादीहरू र प्रतिवादी अनिलकुमार र पुण्यश्वरी वैद्य जिम्मामा रहेका बन्डा लाग्ने सम्मका सम्पूर्ण चल अचल सम्पत्तिको तायदाती फाँटवारी मुलुकी ऐन, अंशबन्डाको २०, २१, २२, २३ नं.बमोजिम निजहरूबाट दाखिल गराई सो फाँटवारी परस्पर सुनाई सुनी पाएको कागज गराई अचल सम्पत्तिको दर्ता स्रेस्ता सम्बन्धित निकायबाट झिकाई नपुग कोर्ट फी वादीबाट दाखिल गराई कानूनबमोजिमका प्रक्रिया पूरा गरी नियमानुसार पेस गर्नु भन्ने मिति ०६८।११।२२ मा सुरू अदालतबाट भएको आदेश।

वादीहरूले प्रतिवादीहरू ज्वाहरीदेवी वैद्य, सुनिलकुमार वैद्य, सुष्मा अमात्य वैद्य, असीम वैद्य र आकाश वैद्यसँग समेत सगोल भनी लिएको दाबी प्रमाणहरूबाट खण्डित भएबाट वादीहरू र अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्यबाहेकका अन्य प्रतिवादीहरूसँग एकासगोलमा नरही बेगल भएको भन्ने ठहर्छ। निज वादीहरू उल्लिखित प्रतिवादीहरूसँग बेगल रहेको भन्ने खम्बिर भएबाट निजहरूको नामको गोश्वारा सम्पत्तिबाट अंश पाउने भन्ने नहुँदा निजहरूसमेत सगोलमा रहेकोले निजहरूको नामदर्ताको गोश्वारा सम्पत्तिसमेतबाट वादीहरूले अंश पाउँ भनी लिएको दाबी पुग्न सक्दैन तथा वादीहरू र प्रतिवादी अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्यबिचमा माथि विवेचना भएबमोजिम नातामा विवाद नभएको र निजहरू दुवै अंशियार भन्ने दुवै पक्षको स्वीकारोक्ति भई निजहरूबिचमा अंश छुट्टी भिन्न भएको भन्ने रीतपूर्वकको लिखतसमेत नभएकोसमेत परिप्रेक्ष्यबाट यी वादीहरू र प्रतिवादी अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्य गरी निजहरू ४ अंशियार देखिन आएबाट पेस

भएको तायदातीमा उल्लिखित दर्ता स्रेस्ता मिल्न भिड्न आउनेसम्मको सम्पत्तिलाई ४ भाग लगाई ४ भागको २ भाग वादीहरूले अंश पाउने ठहर्छ भन्ने सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६९।१२।२८ मा भएको फैसला।

प्रतिवादी ज्वाहरीदेवी र सुनिलकुमार वैद्यले आफ्नो पति पिता कान्छाभाइ वैद्यको परलोकपश्चात् उहाँको नाममा रहेभएका घरजग्गा जमिन ज्वाहरीदेवीका नाममा ल्याई सगोलमा बसेका भनेका प्रतिवादीमध्येका सुनिलकुमारलाई हा.व. गर्ने शे.व. गर्ने तथा आमाको हक छुट्याई लिई हाल्नुपर्ने कार्य किन गरेका होलान् भन्नेतर्फ विवेचना नगरी आफैँ अदालतबाट मिति २०६८।५।२० मा भएको आदेश र हाम्रो तर्फबाट पेस भएको बहस नोटसमेतका कुनै विवेचना नगरी तथा तत्कालीन अवस्थामा गरिएको भनिएको काल्पनिक अंश भरपाई चार अंशियार भएकोमा चार अंशियारबिचमा समान रूपमा अंशबन्डापत्र गर्ने गराउने कार्य नभई एक पक्षीय रूपमा अंश हक टुटाउने प्रयास गरेको उक्त दूषित मनसायसहितको अंश बुझेको भनिएको भरपाई बदरयोग्य लिखत भएको र त्यस्ता सङ्कुचित एवं असमान नाम मात्रको अंश बुझेको भरपाई लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त प्रतिकूल रहेको फैसला उल्टी गरिपाउँ भन्नेसमेत बेहोराको निशान वैद्यसमेतको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र।

वादीहरूले प्रतिवादीहरू ज्वाहरीदेवी वैद्य, सुनिलकुमार वैद्य, सुष्मा अमात्य वैद्य, असीम वैद्य र आकाश वैद्यसँग समेत सगोल भनी लिएको दाबी नपुग्ने ठहरी वादीहरू र प्रतिवादी अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्य गरी निजहरू ४ अंशियार कायम भई पेस भएको तायदातीमा उल्लिखित दर्ता स्रेस्ता मिल्न भिड्न आउनेसम्मको निजहरूबाट पेस भएको तायदातीमा उल्लिखित सम्पत्तिलाई ४ भाग लगाई ४ भागको २ भाग वादीहरूले अंश पाउने गरी भएको सुरूको फैसला अन्यथा देखिन आएन। सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०६९।१२।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०७०।११।२२ को फैसला।

हामी वादी प्रतिवादीहरू एकासगोलमा बसी आएका छौं। बाजे कान्छाभाइ वैद्य करोडौंको बन्दव्यापार र जग्गा जमिन भएको प्रतिष्ठित व्यक्ति हुनुहुन्थ्यो। उहाँ जीवित रहँदाकै अवस्थामा हाम्रो उमेर पुगेपछि हामीलाई समेत उहाँको व्यापार कार्यमा संलग्न गराई काम गर्न सिकाउनु भएको हो। हाम्रा पिता राजनीतिमा लागेको र तेस्रो महिलासँग सम्बन्ध जोडेकाले हामीहरूकै संरक्षण गर्न र भविष्यमा आउन सक्ने सङ्कटका लागि कवच स्वरूप बाजेले २०४२ सालको नाम मात्रको अंश भरपाई बनाई राख्नु भएको हुनुपर्छ। बाबु र बाजेबिच अंश लिनु दिनु गरी उक्त लिखत भएको हैन। उक्त लिखतबाटै हामीहरूका पिताको अंश भागमा कुनै घर जग्गासमेत नरहेको नभएको प्रस्ट छ। समाजको एउटा प्रतिष्ठित सम्पन्न व्यापारीले आफ्ना ३५ वर्षका नातिलाई सडकमा बस्ने गरी अंशबन्डा गरी दिए होलान् भनी भन्न र सम्झन पनि मिल्दैन। बाजेको सम्पत्तिमा हामीहरूको जन्मले नै अंश हक पुग्ने कुरामा विवाद भएन। जन्मले नै अंश हक सिर्जना भएको हामीहरूको नैसर्गिक हक अधिकारलाई सङ्कुचित पार्ने वा त्यसमा हानि नोक्सानी पुऱ्याउने गरी गरेको वा भएका लिखतहरू स्वत: बदर भागी रहेको बेहोरासहित उल्लेख गरी हामीले दे.पु.नं. ०७०-DP-०९०८ को मुद्दामा

निवेदन गरी सकेकोले यस निवेदनमा पुनरावृत्ति गरेका छैनौं । हामीहरूको पैतृक सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्तिबाट हामीलाई वञ्चित गर्ने गरी भएको फैसलाहरू सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको प्रतिकूल रहेको हुँदा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरी फिराद दाबीबमोजिम अंश दिलाई पाउँ भन्नेसमेत पुनरावेदक वादीहरूको यस अदालतमा पर्न आएको निवेदनपत्र ।

यसमा यसै लगाउको ०७१-RI-१२५३ को अंश भरपाई बदर मुद्दामा आज यसै इजलासबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएको र प्रस्तुत मुद्दा पनि सोही मुद्दासँग अन्तरप्रभावी रहेको देखिँदा अ.बं. १८४क र १८५ नं., प्रमाण ऐन, २०३१ को दफा ३, ५४ को प्रतिकूल भई न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिदिएको छ । विपक्षीहरूलाई सूचना दिई नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०७२।०६।१७ को आदेश ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी निशान वैद्यसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्तात्रय श्री श्यामप्रसाद खरेल, श्री हरिहर दाहाल, श्री श्यामप्रसाद ढुंगेल तथा अधिवक्ता श्री अभिषेक अधिकारीले वादी निशान वैद्यका बाबु प्रतिवादी अनिलकुमार वैद्यले पुर्ख्यौली सम्पत्ति अंशबन्डा गरी नलिएको भनी अंश चलन मुद्दामा प्रतिउत्तर फिराएका छन् । अनिलकुमार वैद्यले र.नं. ७९० मिति २०४२।६।१६ मा अंशबापत रू. २५,०००/- नगद बुझी लिई गरिदिएको अंश बुझेको भरपाई नाम मात्रको हो । त्यो अंश भरपाईको कारणले अनिलकुमार वैद्यका नाबालक छोराहरूको अंश हक समाप्त गर्न मिल्दैन । वादी प्रतिवादीहरू हालसम्म एकासगोलमा नै रहेकोले सुरू तथा पुनरावेदन अदालतको फैसला उल्टी गरी प्रतिवादी ज्वाहरी, सुनिल वैद्यसमेतका नाउँमा रहेको सम्पूर्ण सम्पत्ति फिराद दाबीबमोजिम बन्डा हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो ।

प्रत्यर्थी प्रतिवादीहरू ज्वाहरी देवी वैद्य, सुनिल वैद्यसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, डा. श्री शंकरकुमार श्रेष्ठ र श्री रमनकुमार श्रेष्ठ तथा अधिवक्ताहरू श्री राजेश्वर अधिकारी, श्री नवराज वडाल, श्री अन्जन धिताल, श्री जयलाल भण्डारी, श्री सरिता शर्मा, श्री शिवराम तिमिल्सिनाले पुनरावेदक निशान वैद्यसमेतको बाबु अनिलकुमार वैद्यले आफ्नो बाबु कान्छाभाइ वैद्यबाट मिति २०४२।६।१६ मा र.नं. ७९० बाट अंश बुझेको भरपाई गरी आफ्नो अंश लिइसकेका छन् । २०४२ सालमा कानूनबमोजिम अंश बुझिलिएका अनिलकुमार वैद्य र ज्वाहरी, सुनिललगायतका अन्य प्रतिवादीहरू एकासगोलका अंशियार होइन् । पुनरावेदक वादीहरूले आफ्नो बाबु अनिलकुमार वैद्यसँग आफ्नो अंशहक पाउने नै हुँदा प्रतिवादीहरू ज्वाहरी दैवी वैद्य, सुनिल वैद्यसमेतको प्रतिवादीहरूले पुनरावेदक वादीहरूलाई अंश दिनुपर्ने होइन । सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला सदर गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

अब पुनरावेदन अदालत पाटनबाट मिति २०७०।११।२२ मा भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्य हामी फिरादीका बाबु आमा, प्रतिवादीमध्येका ज्वाहरीदेवी हजुर

आमा, सुनिलकुमार वैद्य र सुष्मा अमात्य वैद्य काका काकी नाताका भई घरको मुख्य भई सम्पूर्ण कामकाज प्रतिवादी सुनिलकुमार वैद्यले गरी आउनु भएको, हामीहरू एकासगोलमा रही प्रतिवादीहरूले लाए अह्राएको काम गरी आएकोमा हामी फिरादीले व्यापार व्यवसाय गर्न नगद वा हाम्रो अंश भाग दिनुहोस् भन्दा प्रतिवादीहरूले कुनै अंश वा खर्च दिँदैनौं, जानेको गर भनी अंश दिन इन्कार गरेकोले सम्पूर्ण सम्पत्तिलाई ३ भाग लगाई सोको १ भाग हाम्रो बाबुको कायम गरी सोको ४ भाग लगाई हामी फिरादीका नाउँमा २ भाग अंश दिलाई पाउँ भन्ने फिराद दाबी तथा फिरादीका पिता अनिलकुमार वैद्यले कान्छा भाइ वैद्य जीवित छँदैका अवस्थामा र.नं. ७९० मिति २०४२।६।१६ मा आफ्नो चल अचल अंशभागबापत रू. २५,०००/- नगद बुझिलिई अंश भरपाई गरी दिई छुट्टी भिन्न बसेकाले अंश दिनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी ज्वाहरी देवी, सुनिलकुमार र सुष्मा अमात्य वैद्यको संयुक्त प्रतिउत्तर, सोही बेहोराको प्रतिवादी आकाश र असिमको प्रतिउत्तर तथा हामी स्वयम्ले समेत पुर्ख्यौली सम्पत्ति रीतपूर्वक अंशबन्डा गरी नलिएको अवस्था हुँदा ज्वाहरी देवी, सुनिलकुमार वैद्यसमेतबाट अंश लिएपछि मात्र फिराद दाबीबमोजिम अंश दिने छौँ भनी प्रतिवादीमध्येका अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्यको संयुक्त प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा वादीहरू प्रतिवादीहरू अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्यबाहेकका अन्य प्रतिवादीहरू एकासगोलमा नरहेको तथा प्रतिवादी अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्यबाट वादीहरूले ४ भागको २ भाग अंश पाउने भनी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।११।२२ मा भएको फैसलाउपर वादीहरू निशान वैद्य र गौरव वैद्यको तर्फबाट यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउन संयुक्त निवेदन परेकोमा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भई पुनरावेदनको रोहमा प्रस्तुत मुद्दा पेस हुन आएको पाइयो।

३. सर्वप्रथम प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरूका पुस्तेवारीतर्फ दृष्टिगत गर्दा मूल पुरुष कान्छाभाइ वैद्य, निजका श्रीमती ज्वाहरी देवी वैद्य, निजहरूबाट जन्मेका २ भाइ छोरामा जेठा छोरा अनिलकुमार वैद्य र कान्छा छोरा सुनिलकुमार वैद्य तथा दुई बहिनी छोरी अमलादेवी वैद्य र रमिला वैद्यको जायजन्म भएकोमा अमलादेवी र रमिला वैद्यको विवाह भइसकेको देखिन्छ । अनिलकुमार वैद्य र निजकी पत्नी पुण्यश्वरी वैद्यबाट जन्मेका २ छोरामध्ये जेठा छोरा निशान वैद्य र कान्छा छोरा गौरव वैद्य तथा छोरी दुर्गा वैद्य भएकोमा दुर्गा वैद्यको विवाह भइसकेको देखिन्छ । त्यसैगरी प्रतिवादी सुनिलकुमार वैद्य र निजकी पत्नी शुष्मा अमात्य (वैद्य) बाट २ छोरामध्ये जेठा आकाश वैद्य र कान्छा असीम वैद्यको जायजन्म भएको पाइयो। पुस्तावारी र नातातर्फ वादी प्रतिवादीबिच मुख मिलेको हुँदा कुनै विवाद रहेको देखिँदैन । वादी प्रतिवादी हालसम्म एकासगोलमा रही आएकोले प्रतिवादीहरूका नाउँमा रहेको सम्पूर्ण चल अचल सम्पत्तिको बन्डा गरिपाउँ भन्ने वादी दाबी तथा प्रतिवादीहरूमध्ये ज्वाहरी देवी, सुनिल वैद्य, आकास वैद्यसमेतले वादीका बाबु प्रतिवादी अनिलकुमार वैद्यले र.नं. ७९० मिति २०४२।६।१६ मा अंश बुझिसकेकोले ज्वाहरी देवी, सुनिलकुमार वैद्यसमेतको सम्पत्ति बन्डा गर्नुपर्ने होइन भन्ने जिकिर लिएबाट निजहरू मूल अंशियारबिच अंशबन्डा हुन बाँकी छ, छैन भन्ने तथ्यमा विवाद कायम हुन आएको हुँदा सर्वप्रथम यही प्रश्नको निरूपण गर्नुपर्ने देखियो।

४. मूल अंशियारमध्येका पुनरावेदक वादीहरूका पिता अनिलकुमार वैद्यले निजका बाबु

कान्छाभाइ वैद्य जीवित छँदैको अवस्थामा मिति २०४२।६।१६ मा र.नं. ७९० बाट आफूले पाउने अंशबापत रू. २५,०००/- नगदै बुझिलिएको हुँदा वादीहरूलाई आफूहरूले अंश दिनुपर्ने होइन भनी सो अंश बुझिलिएको अंश भरपाईको प्रतिलिपिसमेत दाखिल गरेको देखिन्छ । उक्त अंश भरपाईको लिखत हेर्दा यी वादीका बाबुले आफ्नो अंशबापत अंश बुझेको भरपाई गरेको र सो लिखतमा वादीहरूका आमा पुण्यश्वरी वैद्यसमेत साक्षी बसेको देखिन्छ । २०४२ सालमा अंश भरपाई लिखत हुँदा यी वादीहरूको उमेर ५ वर्ष र ३ वर्ष रहेको देखिन्छ । नाबालक छोराहरूको हक मेट्न आमा साक्षी बसी बाबुले अंश भरपाईको लिखत गर्नुपर्ने कुनै कारण देखिँदैन । मिसिल संलग्न कागजात हेर्दा प्रतिवादीमध्येका अनिलकुमार वैद्यले २०४२ सालमा अंश बुझेको भरपाई गरेपश्चात् बाबु कान्छाभाइ वैद्यबाट मिति २०५१।९।२४ गते र.नं.३०३५ बाट काभ्रेपलाञ्चोक जिल्ला, चण्डेश्वरी - ९ ख कि.नं. १७ को क्षेत्रफल ०-१-०-३ मा बनेको घरसमेत हालैदेखिको बकसपत्र गरी लिएको देखिन्छ । बाबु कान्छाभाइ वैद्यको मिति २०६१।११।४ मा मृत्यु भएपश्चात् निजको नाउँको सम्पत्ति मिति २०६२।८।१२ गते ज्वाहरीदेवी वैद्यको नाउँमा नामसारी भई काभ्रेपलाञ्चोक जिल्ला, साबिक दक्षुटोल वडा नं. ६ हाल बनेपा न.पा. को कि.नं. ६३ क्षेत्रफल १-०-२-३, ऐ.ऐ. कि.नं. ५७ को क्षेत्रफल ०-१२-३-० जग्गा मिति २०६३।६।२९ मा र.नं. १७७३ बाट ज्वाहरी देवी वैद्यले अनिलकुमार वैद्यलाई हालैदेखिको बकसपत्र गरिदिएको देखिन्छ । यसरी वादीका बाबु अनिलकुमार वैद्यले आफ्नो बाबु कान्छाभाइ वैद्यबाट कानूनबमोजिम आफ्नो अंश बुझिलिइसकेपश्चात् पनि पटक पटक आफ्नो बाबु तथा आमा ज्वाहरीदेवी वैद्यसमेतबाट विभिन्न कित्ता जग्गाहरू हालैदेखिको बकसपत्रको रोहबाट सम्पत्ति लिनु दिनु गरेको पाइयो। ज्वाहरीदेवीले आफ्ना छोरालाई उक्त बकसपत्र लिखत गरी दिँदा एकासगोलको छोरा भनी नलेखी सहोदर छोरा भन्ने मात्र उल्लेख गरेबाट समेत पुनरावेदक वादीहरूका बाबु अनिलकुमार वैद्य निजको आमा ज्वाहरी देवी र भाइ सुनिलकुमार वैद्यसमेतसँग एकासगोलमा रहेको भन्ने देखिएन।

५. वादीहरूले आफ्नो बाबु आमालाई मात्र प्रतिवादी कायम गरी आफ्नो अंश हकको दाबी गर्नुपर्नेमा आफ्ना हजुरआमा ज्वाहरी देवी तथा काका सुनिलकुमार वैद्यसमेतलाई प्रतिवादी कायम गरी अंशको दाबी गरेको पाइयो । वादीहरूका बाबु अनिलकुमार वैद्यसमेत प्रतिवादी रहेको अंश मुद्दामा अनिलकुमार वैद्यले प्रतिउत्तर दिँदा पुर्ख्यौली सम्पत्ति अंशबन्डा हुन बाँकी छ भन्ने अभिप्रायको जिकिर लिएको देखिए पनि अंशलगायत अन्य कुनै दाबी गरेको र पुनरावेदन सुनुवाइ प्रक्रियामा आएको र प्रतिवाद गरेकोसमेत देखिँदैन । कुनै व्यक्तिले आफ्नो मूल अंशियारबाट अंश पाउनु उसको नैसर्गिक अधिकार भए पनि अंश लिनै पर्छ भन्ने छैन । यो अधिकार सम्बन्धित अंशियारले परित्याग गर्नसमेत पाउने हुन्छ। जालसाजी गरेको, वादीहरूलाई ठग्ने, नोक्सान पार्ने अभिप्राय नदेखिएसम्म सक्षम अंशियारहरूबिच भएको व्यवहारको कुरामा त्यसपछिको हाँगाको (दोस्रो तहका) छोरा नातिले गरेको दाबीलाई उचित मान्न मिल्दैन।

६. पुनरावेदक वादी निशान र गौरव वैद्यका प्राकृतिक संरक्षक निजहरूका बाबु आमा अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्य भएको कुरामा विवाद छैन । वादीहरूको प्राकृतिक संरक्षक नै बाबुआमा भएको

अवस्थामा छोराहरूको हकहितमा अन्यथा गरे भनी अनुमान गर्न मिल्दैन। वादीहरूले दायर गरेको अंश भरपाई बदर मुद्दामा बदर नहुने ठहरी भएको पुनरावेदन अदालत पाटनको फैसला आज यसै इजलासबाट लगाउको ०७२-CI-०७९९ को अंश भरपाई बदर मुद्दा सदर हुने ठहरी फैसला भएको हुँदा सोमा लिइएका आधार प्रमाणहरूसमेतका आधारमा यी वादीहरूले आफ्ना बाबु आमा अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्यबाहेकबाट अंश पाउने भन्ने देखिएन। तसर्थ, वादीहरूले प्रतिवादीहरू ज्वाहरीदेवी वैद्य, सुनिलकुमार वैद्य, सुष्मा वैद्य, आकास वैद्य र असीम वैद्यसमेत एकासगोलको भनी लिएको दाबी नपुग्ने र प्रतिवादी अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्यका छोराहरू यी वादीसमेत ४(चार) अंशियार देखिएकोले प्रतिवादी अनिलकुमार वैद्यको कुल सम्पत्तिलाई ४ भाग लगाई ४ भागको २ भाग वादीहरूले अंश पाउने ठहराई भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा देखिएन।

७. अत: माथि विवेचित आधार प्रमाणसमेतबाट प्रतिवादीहरू ज्वाहरीदेवी वैद्य, सुनिलकुमार वैद्य, सुष्मा अमात्य वैद्य, आकाश वैद्य र असीम वैद्यसमेत एकासगोलको भनी लिएको दाबी नपुग्ने र प्रतिवादी अनिलकुमार वैद्य र पुण्यश्वरी वैद्यको सम्पत्तिलाई ४ भागको २ भाग वादीहरूले पाउने ठहऱ्याएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०६९।१२।२९ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।११।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति कम्प्युटर प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृत : डल्लुराम चौधरी
इति संवत् २०७६ साल चैत्र ४ गते रोज ३ शुभम्।

## निर्णय नं. १०६४८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
फैसला मिति : २०७६।१२।४
०६७-CI-१२८४

मुद्दा : मोही नामसारी

पुनरावेदक / प्रतिवादी : बारा जिल्ला, वरियापुर गाउँ विकास समिति वडा नं. २ बस्ने विनोदकुमार साह कानुसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : बारा जिल्ला, वरियापुर गाउँ विकास समिति वडा नं. १ बस्ने अलाउदिन चुरिहार

- **वास्तविक मोहीप्रति बदनियत राखी मिलुवा मोहीसँग हतार हतारमा थोरै जग्गा लिनु दिनु गरी मिलापत्र गरेको**

**जग्गाधनी पुर्जामा मोही उल्लेख भएको कारणले मात्र मोही नामसारी हुन सक्दैन । मोही नामसारी हुन र मोही मिलापत्र हुन वास्तविक मोही को हो र मोहीको हैसियतले कसले कमाएको छ, कसको जोतभोगमा रहेको छ, सोसमेतका सम्पूर्ण प्रमाणहरूको विवेचना गरी निर्णयमा पुग्नुपर्ने ।**

(प्रकरण नं.११)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री सुरेश महतो

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री महादेवप्रसाद यादव

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा निर्णय गर्नेः

भूमिसुधार अधिकारी श्री राजाराम थापा
भूमिसुधार कार्यालय, बारा

पुनरावेदन तहमा फैसला गर्नेः

मा. मुख्य न्यायाधीश श्री केशरीराज पण्डित
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
पुनरावेदन अदालत हेटौंडा

फैसला

**न्या.पुरूषोत्तम भण्डारी :** न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य खण्ड

साबिक जग्गाधनी मौलेश्वरी कनुईनको नाममा दर्ता कायम रहेको जिल्ला बारा गा.वि.स. बरियारपुर वडा नं.२ कि.नं.१ को ज.वि.०-५-८ को दर्तावाला मोही मेरो पिता अजिज मियाँ चुरिहार भई जोती कमाई मोही अजिज मियाँ मिति २०५८।१०।१० मा प्रलोक भई हकवाला छोरा ४ मध्ये जग्गाधनीले मलाई नै मोहीमा पत्याई खलैबाट बाली बुझाई आएकोमा मौलेश्वरी कनुईनको मृत्यु भई विनोदकुमार साह कानूको नाममा दर्ता भई निज विनोद साह र विपक्षीहरूबिच बन्डा हुँदै कि.नं.१ कि.का.भई कि.नं. ३८३ को ज.वि.०-१-१६ विनोदकुमार साह, कि नं. ३८४ को ०-१-१६ बैजनाथ साह र कि.नं. ३८५ को ०-१-१६ हृदयनारायण साह कानुको नाममा कायम भई आफ्नो मोही हकको जग्गा जोत आवाद गरी आएकोमा उक्त जग्गा पिता अजिज मियाँ चुरिहारको नामबाट मेरो नाममा मोही नामसारी गरिपाउँ भन्ने फिरादपत्र ।

वादी दाबी झुट्ठा हो, दाबी जग्गाको पुर्जामा अजिम राय भाट र मोही १ नं. लगतमा अजिज मियाँ चुरिहार भएकोमा २०५६ सालमा अजिम राय भाटको छोरा उसमान राय भाटले बाली नदिँदा २०५६ सालको कुतबाली मुद्दा कार्यबाहीमा नै रहेको र मोही लगत अजिज मियाँ चुरिहारको नाममा नै रही निजको मृत्युपश्चात् छोराले २०५७, २०५८, २०५९, २०६० र २०६१ सालसमेतको कुतबाली नदिँदा निजउपर कुतबाली मुद्दा यसै कार्यालयमा चली नै रहेकोले उक्त मुद्दाहरूबाट मोही निष्काशन हुने नै हुँदा वादी दाबीअनुसार मोही नामसारी हुनुपर्ने होइन, छैन खारेज गरिपाउँ भन्ने प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर पत्र ।

यिनै वादी प्रतिवादी भएको निर्णय बदर मुद्दामा आजका मितिमा वादी दाबी खारेज हुने गरी निर्णय भएको तथा दाबी जग्गाको मोही लगत कट्टा हुने गरी मिलापत्र भइसकेकोले वादी दाबी खारेज हुने ठहर्छ भन्ने सुरू भूमिसुधार कार्यालय बाराको मिति

२०६६।४।१५ को फैसला।

प्रस्तुत मुद्दामा सबैभन्दा पहिला दर्तावाला मोही को हो ? भन्ने यकिन गर्नुपर्ने अवस्था छ, मोहीको १ नं. लगतमा मेरो पिताको नाम छ, प्रतिवादी उसमान राय भाटका पिता अजिम राय भाटको नाम फिल्डबुक र जग्गाधनी प्रमाण पुर्जामा मात्र उल्लेख छ, उक्त तथ्य सुरू फैसलाले स्वीकार गरेको छ, नापीमा मोही लेखिएको आधारमा मात्र मोही नहुने कानूनी प्रक्रिया पुगेको मोहीको लगत भएको व्यक्ति नै दर्तावाला मोही हुने भनी सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादित भएको छ, मोही लगत नै नभएको अवस्थामा २०५६ सालको कुतबाली मुद्दा निज अजिम राय भाटका छोरा उसमान राय भाटमाथि पर्दैमा वा निज उसमान र जग्गाधनीबिच मिति २०५७।२।१० मा संयुक्त मोही छोडपत्र निवेदन पर्दैमा अजिम नै दर्तावाला मोही हुन् भनी भन्न मिल्दैन, यस्तो अवस्थामा अजिम राय भाटलाई नै मोही मानी मेरो दाबी खारेज हुने ठहऱ्याई भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरी मेरो फिराद दाबीबमोजिम दाबीका जग्गामा मोही नामसारी हुने गरी इन्साफ गरिपाउँ भन्नेसमेत बेहोराको वादी अलाउदिन चुरिहारको मिति २०६६।१।१५ को पुनरावेदनपत्र।

पुनरावेदक वादीलाई मोही स्वीकार गरी कुतबाली दिलाई मोही निष्काशन गरिपाउँ भनी प्रत्यर्थी प्रतिवादी विनोदकुमार साह कानूले फिराद दिएको देखिएको अवस्थामा दाबी पुग्न नसक्ने गरी सुरूले गरेको इन्साफ प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने हुँदा प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०६७।४।१९।४ को आदेश।

यसै लगाउको दे.पु.नं.१५५६ को मिलापत्र बदर मुद्दामा सम्पूर्ण बेहोरा खुलाई लिखित प्रतिवादी पेस गरेका छौं, प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तर प्रभावी भएकोले उक्त मुद्दामा उल्लेख गरेका बुँदाहरूलाई प्रस्तुत मुद्दामा समेत प्रमाणमा लिई वादी दाबी खारेज गर्ने गरेको सुरूको फैसला कायम राखी पाउँ भन्ने बेहोराको प्रत्यर्थी प्रतिवादीहरूको मिति २०६७।६।२० को लिखित प्रतिवाद।

प्रत्यर्थी प्रतिवादी जग्गाधनीले समेत अजिम मियाँको छोरा उसमान राय र अजिज मियाँको छोरा अलाउदिन मियाँ दुवैजनालाई मोही भनी कारबाही चलाएको अवस्थामा आधिकारिक रूपमा कानूनबमोजिमको मोही को हुने ? भन्ने सम्बन्धमा हेर्दा मोही हुनको लागि १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भई ३ नं. लगत कायम हुनुपर्ने कानूनी व्यवस्था र मान्यता रहेको छ। सोबमोजिम पुनरावेदक वादीका पिता अजिज मियाँले १ नं. लगत भरेकोमा विवाद छैन। उक्त जग्गाको २ नं. अनुसूची र ३ नं. लगत नभएको भन्ने सम्बन्धमा सो अनुसूची प्रकाशित गर्ने र लगत राख्ने जिम्मेवारी भूमिसुधार कार्यालयको भई उक्त कार्यालयबाट आफ्नो दायित्व पूरा गरेको देखिएन। मोहीका तर्फबाट पूरा गर्नुपर्ने दायित्व १ नं. लगत भर्ने कार्य भएको देखिएको र जग्गाधनीका तर्फबाट पनि निजलाई मोही मानी कुतबाली मुद्दा दिएबाट मोही पत्याएकै मान्नुपर्ने स्थितिमा पुनरावेदक वादीका पिता अजिज मियाँको १ नं. लगत भई जग्गाधनीले पनि मोही स्वीकार गरेको अवस्थामा वादी दाबी खारेज हुने ठहयाई भएको सुरू भूमिसुधार कार्यालय, बाराको मिति २०६६।४।१५ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक वादीको दाबी जिकिरबमोजिम निजका नाममा मोही नामसारी हुने ठहर्छ भन्ने मिति २०६७।८।५ मा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला।

पुनरावेदन अदालत हेटौंडाबाट फैसला हुँदा मुख्यत: २ कुराको आधारमा हामीलाई हराउने गरी

फैसला भएको अवस्था स्थिति छ । पहिलो, मोहीको १ नं.लगत विपक्षीको पिता अजिम मियाँले भरेको र दोस्रो वर्षेपिच्छे जग्गाधनीले निज विपक्षी अलादिन मियाँ चुरिहारका उपर कुतबालीको मुद्दाहरू दिई मोही पत्याएको भन्ने । यी दुई कुराहरूको आधारमा मोही हुन जाने हो कि होइन ? भन्ने कुराहरूको मुख्य सेरोफेरोमा रही यस सम्मानित अदालतबाट फैसला गर्नुपर्ने अवस्था हुन आएको छ ।

अजिज मियाँ चुरिहार र अजिम मियाँ राय भाट दुई बेग्लाबेग्लै व्यक्ति हुन् । प्रत्यर्थी वादीको पिताको नाउँमा मोही भई जग्गा जोतकोड गरे दर्तावाल मोही नभई केवल १ नं. लगतमा निजको पिता अजिज मियाँ भन्न लेख्न नसकेको र उसमान मियाँको पिता अजिम मियाँले १ नं.लगतमा कर्मचारीद्वारा भराउँदा अजिमको ठाउँमा अजिज भन्ने जनिएको रहेछ तापनि फिल्डबुकमा मोही उसमान राय भाटको पिताको अजिम मियाँको नाउँ फिल्डबुक मोठ स्रेस्ता र लालपुर्जामा पनि उल्लिखित भई निज मोही भएको र हामी जग्गाधनीलाई निज उसमानको पिताले जग्गा जोतकोड गरी जग्गा जोतेको हकभोग प्रमाणसमेत देखाई कायम भएको थियो। विपक्षीको पिता र उसमान मियाँको पिताको नाउँ एक जस्तो देखिने र वरियारपुर गा.वि.स. वार्ड नं.१ बाराका निवासी हुँदा विवादित दर्तावाल उसमान मियाँको स्व.पिता अजिम राय भाट भएको र कर्मचारीले भुलगल्तीबाट अजिम भन्ने ठाउँमा अजिज मियाँ भन्न लेखिन गएकोसम्म रहेछ। विपक्षीको पिताको नाउँमा १ नं.लगत भुलवश लेखिन गएपनि २ र ३ नं.लगतको प्रक्रिया पूरा भई नसकी सो आफूले भरी सोसमेत र भरपाई एकसालको पनि कागजी प्रमाण खण्डमा उल्लेख गर्न नसकी विवाद पर्दा भरपाई हामी ज.ध.को नामको एकसालको पनि पेस गर्न नसकिएकोबाट नै विपक्षीको पिताको नाउँमा २, ३ नं.अनुसूची प्रकाशित नभएको भन्दै फैसलामा स्वीकार गरिएको छ।

विपक्षीले विवादित जग्गा मोहीको हैसियतले आफ्नो पिता वा विपक्षीले कमाएको प्रमाणित हुने कुनै आधार प्रमाण पेस गर्न सकिएको छैन। भूमिसम्बन्धी नियम, २०२१ को नियम ३(२) नं. मा सर्वप्रथम अरूको जग्गा कमाउने मोहीले अनुसूची १ भर्नुपर्ने, नियम ६ मा अनुसूची २ को लगत प्रकाशन गर्नुपर्ने, नियम ७ मा सो प्रकाशित लगतमा चित्त नबुझ्नेले उजुर गर्न सक्ने, नियम ९ मा मोहीहरूलाई मोहियानीको प्रमाण पत्र दिने भनी व्यवस्था भएको पाइन्छ। अर्थात् कानूननः कुनै जग्गाको मोही हुन १, २, ३ नं. लगत हुनुपर्ने अनिवार्यता गरेको छ। सो लगतहरू नभईकन कुनै जग्गाको मोही हुन सक्तैन।

पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०६७/८/५ गते भएको फैसला बिल्कुलै नमिलेकोले उक्त फैसला बदर, उल्टी गरी सुरू भूमि सुधार कार्यालय, बाराको मिति २०६६/४/१५ गतेको फैसला सदर मनासिब ठहर गरी फैसला गरिपाउँ भन्ने विनोद कुमार साह कानु, हृदयानारायण साह कानु र बैजनाथ साह कानुको संयुक्त पुनरावेदन पत्र।

यसमा वादी अलाउद्दिन चुरिहारले दाबीको जग्गाको मोही हक पिता अजिज मियाँ चुरिहारको नाउँबाट आफ्नो नाउँमा नामसारी गरिपाउँ भनी दाबी गरेको देखिए पनि सुरू मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि तथा मालपोत कार्यालय बाराको मिति २०६५।७।७ को दर्ता उतार पत्रबाट उक्त जग्गाको मोही अजिम रायभाट देखिन्छ। मोहीको १ नं.मा सम्म जग्गा कमाउनेको नाम, थर, वतनमा अजिज मियाँ चुरिहार उल्लेख भएको देखिन्छ । दाबीकै जग्गा सम्बन्धमा अजिम राय भाटका छोरा उस्मान राय भाटलाई मोहीमा पत्याई मोही स्वीकार गरी २०६५।११।११ मा मिलापत्रसमेत भएको देखिन्छ । यसरी दाबीको जग्गाको साबिक मोही

अजिज मियाँ चुरिहार हो वा अजिम राय भाट हो भन्ने तथ्यमा विवाद रहेको अवस्थामा सो यकिन नगरी सुरू भूमि सुधार कार्यालयको फैसला उल्टी गरी दाबीबमोजिम वादीको नाउँमा मोही नामसारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई वा अवधि नाघेपछि नियमानुसार पेस गर्ने भन्ने मिति २०७०।१०।२४ मा यस अदालतबाट भएको आदेश।

ठहर खण्ड

नियमबमोजिम आफ्नो मुद्दा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी हेरियो।

पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुरेश महतोले मेरो पक्षले वास्तविक मोही अजिम रायको छोरा उसमान मियाँलाई मात्र मोहीमा पत्याएर मिलापत्र गरेको छ । मिति २०६५।११।११ को मिलापत्र जायज छ। विपक्षीले १ नं. मोही लगत भरेको छैन ? भुलवश उस्तैउस्तै नाम भएकोले १ नं. लगतमा उल्लेख भयो निजले २०२२।३।१८ को नापीमा मोही महलमा किन नाम लेखाउन सकेन। १ नं. लगत मात्र मोहीको प्रमाण होइन ? २ र ३ नं. प्रमाण पत्र बनाउन नसकेको कारण त्यही हो। भोग पनि हालसम्म उस्मान मियाँको छ। भोग अनन्त प्रमाण हो। सो फिल्डबुक र जग्गाधनी पुर्जाको प्रमाणमा मोही हुनु बलियो प्रमाण हो। अजिम राय लेखिनुपर्नेमा अजिम मियाँ भुलवश लेखियो । पुनरावेदन अदालतको फैसला उल्टी हुनुपर्छ भन्न बहस गर्नुभयो।

प्रत्यर्थी अलाहदिन चुरिहारको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री महादेवप्रसाद यादवले मिति २०५७।२।१० मा नै मोही छोडपत्रको निवेदन दिएपछि मिति २०६५।११।११ मा मात्र मिलापत्र हुनु शंकास्पद छ। जम्मा ०-५-८ जग्गाको मोही रहेकोमा आधाको हक पाउने व्यक्ति केवल ०-०-८ जग्गा लिएर मिलापत्र गर्नु नै बदनियत देखिन्छ। फैसला सदर हुनुपर्छ भन्ने बहस गर्नुभयो।

दुवैतर्फका कानून व्यवसायीहरूको उपर्युक्त बहस जिकिर सुनी पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको छ, छैन ? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा यसमा जिल्ला बारा गाउँ विकास समिति वरियापुर वा.नं. २ कि.नं.१ को ०-५-८ जग्गाको दर्तावाला मोही मेरो पिता आजिम मियाँ चुरिहार हो । पिताले आफ्नो जीवनकालमा मोहीमा कमाई २०५८।१०।१० मा परलोक भएपछि म वहाँको छोरा अलाहदिन चुरिहार भएकोले मोही मेरो नाममा नामसारी हुनुपर्छ भन्ने वादीको दाबी रहेको देखिन्छ । जग्गाधनीले तपाइँ मेरो मोही होइन। मेरो जग्गाको मोही अजिम राय भाटको छोरा उसमान मियाँ हो। निजसँग हामीले मोही छोडपत्रको निवेदन संयुक्त रूपमा गरी मिति २०६५।११।११ मा मिलापत्र भएकोले मोही नामसारी हुने होइन भन्ने मुख्य प्रतिवादी रहेको देखिन्छ।

३. यसरी कि.नं. १ को ०-५-८ जग्गाको मोही २ जनाले दाबी गरेको देखिन्छ। एउटा अजिम राय भाटको छोरा उसमान मियाँले र अर्को अजिज मियाँ चुरिहारको छोरा अलाहदिन मियाँ चुरिहारले। अजिज मियाँको नामबाट १ नं. लगत भरेको देखिन्छ भने २ नं. र ३ नं. अनुसूची भरेको देखिएन । यो कुरामा दुवै पक्षको मुख मिलेको देखिन्छ। अजिम राय भाटको नाम जग्गाको फिल्डबुक महलमा र जग्गाधनी प्रमाण पुर्जामा नाम उल्लेख छ । जग्गाधनीले २०५६ सालमा अजिम रायको छोरा उसमान राय भाटउपरमा कुतबाली दिलाउने निवेदन गरेको

देखिन्छ । त्यसपछि मिति २०५७।२।१० मा निज उसमान राय भाटले जग्गाधनीमाथि मोही छोडपत्रका लागि निवेदन गरेको देखियो तर लगत भिडाउँदा १ नं. मोही लगतमा अजिम राय भाटको नाम नभई यी वादीका पिता अजिज मियाँ उल्लेख भएकोले उक्त कार्य रोकिएको देखिन्छ।

४. तत्पश्चात् २०५७ सालमा यिनी जग्गाधनीले २०५७ सालको कुतबाली भराउन अजिज मियाँउपर निवेदन दिई निजको मृत्युपश्चात् अजिज मियाँको छोरा यो वादी अलाहदिन मियाँ चुरिहारउपरमा २०५८, २०५९, २०६० र २०६२ सालको कुतबाली मुद्दा दिएको पाइन्छ।

५. यसरी निज जग्गाधनीले २०५७ सालदेखि नै यिनै वादी अजिज मियाँको छोरा यो वादी अलाहदिन मियाँ चुरिहारउपरमा कुत दिलाई मोही निष्काशनको दाबी लिइएपछि अजिम मियाँ चुरिहारको छोरा यी वादीले २०६४।३।१४ मा मोही नामसारीको लागि पनि निवेदन दिएको दखिन्छ । तर त्यसमा कुनै निर्णय हुन नसकिरहेको अवस्था देखिन्छ।

६. यता मिति २०६५।८।१२ मा अजिम रायको छोरा उसमानले पनि मोही नामसारीको निवेदन दिएकोमा मिति २०६५।११।१ मा मिलापत्र गरेको देखियो । त्योभन्दा अगाडि अजिज मियाँ चुरिहारको छोरा यी वादीले २०६४।३।१४ मा मोही नामसारीको लागि दिएको निवेदनमा कुनै निर्णय नगरी पछि परेको अजिम मियाँको २०६५ सालको मेलुवा निवेदनमा मेलुवा प्रतिउत्तर लगाई मिति २०६५।११।१ मा मिलापत्र गरेकोले वादीले मिलापत्र बदरको माग गरेको देखियो। उही जग्गा र जग्गाधनी उही व्यक्ति रहेकोमा विवाद देखिएको छैन।

७. यसरी पछि मिति २०६५।८।१२ मा परेको मोही नामसारी निवेदनमा मिति २०६५।११।११ मा नै मिलापत्र गरिसकेपछि मिति २०६४।३।१४ मा परेको मोही नामसारी निवेदनमा यी वादीका नाममा नामसारी गर्न नमिल्ने भनी मिति २०६६।४।१५ मा मात्र निवेदन खारेज हुने निर्णय गरेको देखिन्छ।

८. उही कित्ता नं. का एउटै जग्गाको बारेमा २ जना मोहीले मोही नामसारीको अलग अलग दाबी गरी निवेदन परेकोमा एकै पटक निर्णय गर्नुपर्नेमा भूमि सुधार कार्यालयले निर्णयमा प्रवृत्त भावना राखी अघि परेको निवेदनमा नामसारी हुने नहुने कुनै निर्णय नै नगरी पछि परेको उही कित्ताको जग्गाको मोही नामसारी निवेदनमा ०-५-८ मोही जग्गामा ०-०-८ जग्गा मात्र मोहीलाई बाँडफाँट हुने गरी हतारमा मिलापत्र गराएको देखिन्छ र अघिदेखि परेको मोही नामसारीको निवेदनमा यसअघि नै अरू नै मोहीसँग मिलापत्र भइसकेको भन्ने आधार लिई खारेज गरेको देखिन्छ । जुन निर्णय स्वच्छ सफा भावनाले कुनै प्रवृत्त भावना नराखी भएको निर्णय भन्न मिल्ने देखिएन।

९. यी वादीको पिता अजिम मियाँको नामबाट १ नं. मोही लगत मोहीले भरी आफ्नो जिम्मेवारी पूरा गरिसकेपछि २ नं. ३ नं. लगत भर्ने ४ नं. अनुसूची प्रकाशित गर्ने कार्य भूमिसुधार कार्यालयको थियो । उक्त कार्यालयले आफ्नो कानूनबमोजिमको जिम्मेवारी पूरा गरेको देखिएन। उही विषयमा परेको निवेदनमा एकै पटक निर्णय नगरी न्यायिक निष्पक्षता कायम राखी मोही नामसारीको निर्णय भएको नदेखिँदा त्यस्तो निर्णयले कानूनी मान्यता प्राप्त गर्न सकिने देखिएन।

१०. यी वादीसँग मोहीको १ नं. लगतको प्रमाण मात्र रहेको १ नं. को लगतको फाराम मात्र भरेको र मोहीको अन्य प्रमाणहरू नभएकोले मोही कायम नहुनेभन्दा पनि मोहीको प्रमाण र लगतहरू तयार गर्दा उचित प्रक्रियापूर्वक फिल्डबुक र

जग्गाधनी प्रमाण पुर्जा तयार गरेका छन् छैनन् । सो पनि महत्त्वपूर्ण हुन्छ ।

११. वास्तविक मोहीप्रति बदनियत राखी मेलुवा मोहीसँग हतार हतारमा थोरै जग्गा लिनु दिनु गरी मिलापत्र गरेको जग्गाधनी पुर्जामा मोही उल्लेख भएको कारणले मात्र मोही नामसारी हुन सक्दैन । मोही नामसारी हुन र मोही मिलापत्र हुन वास्तविक मोही को हो र मोहीको हैसियतले कसले कमाएको छ । कसको जोतभोगमा रहेको छ । सोसमेतका सम्पूर्ण प्रमाणहरूको विवेचना गरी निर्णयमा पुग्नुपर्ने हुन्छ । वास्तविक मोहीले आफूले प्राप्त गर्न सक्ने हकप्रति सजग रहेको हुन्छ तर जुन व्यक्ति मोही नै होइन उसले जग्गाधनीसँग मिली मोहीको हैसियतले प्राप्त हुने जग्गाभन्दा पनि थोरै प्राप्त गरेर र विना परिश्रम कसैलाई सहयोग गरिदिएबापत थोरै प्राप्त गरेर पनि चित्त बुझाए जस्तो गरी हक छोडिदिएको नाटक मञ्चन गर्न सक्ने नै हुन्छ । स्वयं जग्गाधनीले नै २०५८, २०५९, २०६०, २०६२ सालको कुतबाली मुद्दा प्रत्यर्थी वादीका उपर दिएको देखिएबाट समेत वादीको हक अजिज मियाँ नै विवादित जग्गाको वास्तविक मोही रहेको र मोहीको मृत्युपछि मोही हक निजको छोरामा आउने कुरामा कुनै विवाद देखिएन ।

१२. तसर्थ, पुनरावेदक वादीका पिता अजिज मियाँको १ नं. लगत भई जग्गाधनीले पनि मोही स्वीकार गरी २०५८, २०५९, २०६०, २०६२ को कुतबालीतर्फ मुद्दा गरेबाट समेत वास्तविक मोही प्रत्यर्थी वादी अलाउदिन चुरिहार भएको कुरामा कुनै विवाद नरहेबाट निजको नाममा मोही नामसारी गरिदिने गरी ठहर गर्नुपर्नेमा वादी दाबी खारेज हुने ठहराई भएको सुरू भूमि सुधार कार्यालय, बाराको मिति २०६६।४।१५ गतेको फैसला मिलेको नदेखिई उल्टी गरी पुनरावेदक वादीको दाबीबमोजिम निजका नाउँमा मोही नामसारी हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०६७/८/५ को फैसला सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

१३. सरोकारवालाले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू । मुद्दाको दायरीको लगत कट्टा गरी सुरू तथा पुनरावेदन एवं प्रमाण मिसिल तत् तत् अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.डा.मनोजकुमार शर्मा

इजलास अधिकृत : रामाकान्त यादव
इति संवत् २०७६ साल चैत्र ४ गते रोज ३ शुभम् ।

## निर्णय नं. १०६४९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७७।३।१
०७५-CR-१४५५

मुद्दा:- कर्तव्य ज्यान

पुनरावेदक / वादी : बलबहादुर बुढाथोकीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : परिवर्तित नाम ०६ जि.प्र.का. CMA

- **वारदातमा मनसाय, योजना तयारी, पूर्वरिसइवी र कार्यको परिणामको पूर्वानुमान नभएको अवस्थामा कसैले कुनै कार्य सावधानीपूर्वक गर्दा र सो कार्यको प्रकृति, अवस्था र परिणाम थाहा हुन नसक्ने अवस्थामा भवितव्यको वारदात र कसुर हुने । भवितव्यको निर्धारण वारदातको पृष्ठभूमि, कार्यको प्रकृति, अवस्था, परिस्थिति, मृतक र प्रतिवादीबिचको पूर्वसम्बन्ध, रिसइवी, योजना तयारी, मनसाय इत्यादिको आधारबाट हुने ।**

(प्रकरण नं.१०)

पुनरावेदक/वादीका तर्फबाट: विद्वान् उपन्यायाधिवक्ता श्री गोविन्दप्रसाद उपाध्याय

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प.२०७६, अङ्क ४, नि.नं.१०२४८

सम्बद्ध कानून :

- बालबालिकासम्बन्धी ऐन, २०४८

सुरू तहमा फैसला गर्नेः-
मा. जिल्ला न्या. श्री नारायणप्रसाद पराजुली
तेह्रथुम जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-
माननीय न्यायाधीश श्री विनोद शर्मा
माननीय न्यायाधीश श्री सुभाष पौडेल
उच्च अदालत विराटनगर, धनकुटा इजलास

फैसला

**न्या.तेजबहादुर के.सी.:** न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ग) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

मिति २०७४।०३।१०५ मा मेरो छोरा दुर्गाबहादुर बुढाथोकी र विपक्षी ०६ जि.प्र.का. CMA बिच जिरी खिम्ती बजारस्थित लाक्चाम टोलमा घरायसी सामग्री नाम्लोको विषयलाई लिई सामान्य भनाभन भई ठेलाठेल हुँदा निज विपक्षले लात्ती मुड्की गरी ठेली मेरो छोराको टाउकोमा गम्भीर चोट लागी मरणासन्न अवस्थामा विराटनगर गोल्डेन अस्पतालमा उपचार भइरहेको छ । निज विपक्षीलाई कानूनबमोजिम होस् भन्नेसमेत बेहोराको बलबहादुर बुढाथोकीको जाहेरी दरखास्त ।

जिल्ला तेह्रथुम म्याङलुङ नगरपालिका वडा नं. ७ स्थित पूर्वमा धनमाया गुरूङको मकैबारी, पश्चिममा मोराहाङ आवतजावत गर्ने कच्ची सडक

बाटो, उत्तरमा शिवकुमार लिम्बुको घडेरी र दक्षिणमा टिकाराम गुरूङको घर यति चार किल्लाभित्र अवस्थित भीमबहादुर तामाङको दोकान पसल घरको सिकुवामा मिति २०७४।०३।१५ मा ०६ जि.प्र.का. CMA ले दुर्गाबहादुर बुढाथोकीलाई कुटपिट गरी घाइते बनाएको भन्ने चारकिल्लासहितको घटनास्थल मुचुल्का।

वारदातका दिन म काम विशेषले जिरी खिम्ती बजार गई घर फर्कने क्रममा वारदात स्थानमा आइपुग्दा जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकी मादक पदार्थ सेवन गरी अनियन्त्रित अवस्थामा थिए । निजले मलाई समाई तानी लगी नाम्लो चोर लगाई गालमुखाल कुटपिट गर्न थालेकाले म आवेशमा आई निजको संवेदनशील अङ्ग टाउकोमा एक मुक्का हानेपछि निज दुर्गाबहादुर बुढाथोकी भुइँमा ढलेका हुन्। त्यसरी मुक्काले हान्नु मेरो कमी कमजोरी हुन पुग्यो भन्ने बेहोराको अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA ले संरक्षक बाबु परिवर्तित नाम ०६ जि.प्र.का. CMAF को रोहवरमा गरेको बयान।

An alleged history of physical assault (hit by rod) Patient is getting treatment in golden hospital (MICU). According to report of golden hospital, CT head -Lt FTP contusion and hematoma operation name -Lt. FTP decompressive hemicraniectomy (2074/3/17) GCS: at time of presentation: E V M Pupil: sluggish RT- 2mm LT 3mm, Fatal or not: cannot say fatal or not because patient is in MICU भन्ने बेहोराको घाइते दुर्गाबहादुर बुढाथोकीको कोशी अञ्चल अस्पताल विराटनगरको घाउ जाँच केस फाराम।

वारदात मिति समयमा म आफ्नै डेरा पसल घरमा भएकाले मैले प्रत्यक्ष आँखाले देखेको हुँ। यस मुद्दाका पीडित दुर्गाबहादुर बुढाथोकी के कहाँबाट मादक पदार्थ सेवन गरी मातेर मेरो पसलअगाडि आँगनमा आई बसेको समयमा प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA जिरी खिम्ती बजारबाट आफ्नो घरतर्फ जाँदै गर्दा पीडित दुर्गाबहादुर बुढाथोकीले जबरजस्ती निज प्रतिवादीलाई तानी मेरो पसल घरको ढलानमा ल्याई नाम्लोको विषयमा निहुँ खोजी लडाएकाले प्रतिवादी ०६ जि.प्र.का. CMA उठी आवेशमा आई पीडित दुर्गाबहादुर बुढाथोकीलाई गालामा एक मुक्का हान्दा निज दुर्गाबहादुर लडी सख्त घाइते भएका हुन् भन्ने बेहोराको भीमबहादुर तामाङले गरेको घटना विवरण कागज।

वारदात मिति समयमा म घटनास्थल भीमबहादुर तामाङको पसलमा खाजा खाइरहेको समयमा जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकी आई सोही पसलमा बसिरहेका थिए। सोही समयमा ०६ जि.प्र.का. CMA आफ्नो घरतर्फ गइरहेको अवस्थामा जाहेरवालाको छोराले निजलाई बोलाई तानी ल्याई नाम्लोको विषयमा विवाद गरी ठेलेकाले ०६ जि.प्र.का. CMA आवेशमा आई जाहेरवालाको छोरालाई गालामा एक मुक्का हान्दा निज लडी घाइते भएकाले मसमेतले दुर्गाबहादुर बुढाथोकीलाई तानी उठायौं त्यसपछि निजको मुखबाट निस्केको रगत निजले आफैँ पखाली मुख धोई घर गएका हुन् भन्नेसमेत बेहोराको तोर्णबहादुर कार्कीले गरेको घटना विवरण कागज।

प्रतिवादी ०६ जि.प्र.का. CMA ले मेरो दाजु दुर्गाबहादुर बुढाथोकीलाई कुटपिट गरी रगतपच्छे घाइते बनाई बेहोस भएपछि गोल्डेन अस्पताल विराटनगरमा उपचार भइरहेको हुँदा मरणासन्न हुने गरी कुटपिट गरी घाइते बनाउने प्रतिवादीलाई

कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको प्रकाश बुढाथोकीको घटना विवरण कागज।

मिति २०७४।०३।१७ गतेदेखि जिल्ला तेह्रथुम म्याङलुङ नगरपालिका ७ बस्ने घाइते दुर्गाबहादुर बुढाथोकीको टाउकोमा चोट लागी यस अस्पतालमा भर्ना भई टाउकोको अप्रेसन भई हाल यसै अस्पतालमा स्पष्टरूपमा बोल्न नसक्ने अवस्थामा रहेका छन् भन्ने बेहोराको गोल्डेन अस्पताल विराटनगरको पत्र।

वारदात भएको मैले प्रत्यक्ष आँखाले देखेको होइन । छिमेकी भीमबहादुर तामाङको पसलमा जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकी र प्रतिवादी ०६ जि.प्र.का. CMA नाम्लोको विषयमा वादविवाद गरी ठेलाठेल हुँदा जाहेरवालाको छोरा लड्न पुगी सख्त घाइते भएको कुरा घर गाउँमा होहल्ला हुँदा सुनी थाहा पाएको हो। निज पीडितको स्वास्थ्य उपचार हामी स्थानीय मानिसहरूले सहयोग गरिरहेका छौं भनी श्रीप्रसाद कार्की, दिपक खत्री र छत्रबहादुर खड्कासमेतले एकै मिलान हुने गरी गरेको वस्तुस्थिति मुचुल्का।

प्रतिवादी ०६ जि.प्र.का. CMA ले वारदात मिति समयमा जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकीलाई मरणासन्न हुने गरी कुटपिट गरी लडाई सख्त घाइते बनाएकाले निज प्रतिवादी ०६ जि.प्र.का. CMA लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ तथा १५ नं. बमोजिमको कसुर अपराधमा सोही महलको १५ नं. बमोजिम सजाय हुनेमा निज प्रतिवादी वारदात मितिमा १५ वर्ष ०२ महिना २० दिन मात्र पुगेकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) को कानूनी व्यवस्थाबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम हुने सजायको आधा सजाय गरिपाउँ भन्नेसमेत अभियोगपत्र।

मिति २०७४।०३।१५ का दिन अन्दाजी बिहानको ११:३० बजेको समयमा जिरी खिम्ती बजारमा गई लुगा कपडा किनी घरतर्फ जाँदै गर्दा जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकीले मलाई बोलाई नाम्लो चोर भनी तान्दै नजिकै रहेको होटलमा लगी लछारपछार गरी कुट्न थालेपछि मैले निजको (भुँडी) पेटमा ठेली बाहिर निस्किएपछि लडेको आवाज आएकाले गई हेर्दा निज दुर्गाबहादुर बुढाथोकी लडेका रहेछन्। मैले निजलाई मरणासन्न हुने गरी कुटपिट गरेको होइन। निजले अत्यधिक मादक पदार्थ सेवन गरेका थिए। मैले अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा प्रहरीको डरले अनुहारमा एक मुक्का हानी निज दुर्गाबहादुर बुढाथोकी ढलेपछि म आफ्नो घर गएको हुँ भनी लेखाएको हो। मलाई अभियोग दाबीबमोजिम सजाय हुने होइन भनी प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA ले सुरू अदालतमा आई गरेको बयान।

प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान, पीडितको घा जाँच केस फाराम, घटना विवरण कागज गर्ने मानिसहरूको भनाइ, वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसहरूले लेखाएको बेहोरा, गोल्डेन हस्पिटल विराटनगरको पत्र, प्रतिवादीले अदालतमा गरेको बयान तथा अभियोग पत्रसमेतका आधारमा प्रतिवादीले आरोपित कसुर गरेका रहेनछन् भनी विश्वास गर्ने कुनै मनासिब आधार नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल मुद्दा पुर्पक्षका लागि बालबालिका सुधार गृह विराटनगरमा राख्ने गरी यस अदालतका स्रेस्तेदारबाट मिति २०७४।०४।०८ मा भएको थुनछेक आदेश मिलेकै देखिँदा केही गरिरहनु परेन भन्नेसमेत बेहोराको मिति २०७४।०५।०१ गते सुरू अदालतबाट भएको आदेश।

दुर्गाबहादुर बुढाथोकी र परिवर्तित नाम CMA बिच झगडा भई दुर्गाबहादुर लडी उपचार गर्न घोपा लगेको भन्ने घटना भएको भोलिपल्ट गाउँघरमा हल्ला हुँदा थाहा पाएको हुँ भनी वस्तुस्थिति मुचुल्का कागज गर्ने छत्रबहादुर खड्काले यस अदालतमा गरेको बकपत्र।

दुर्गाबहादुरले परिवर्तित नाम ०६ जि.प्र.का. CMA लाई मेरो नाम्लो लुकाइस् नाम्लो दे भनी गलहत्याउँदै एक मुक्का हानी भागेकाले निजलाई समाउन खोज्दा दुर्गाबहादुर आफैँ पछारियो भन्ने सुनेको हुँ भनी प्रतिवादीका साक्षी जमुना सुवेदीले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०७४।०४।१५ का दिन छोरा दुर्गाबहादुरले प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का.CMA को घरमा नाम्लो राखेकामा उक्त नाम्लो खोजी गर्दा परिवर्तित नाम CMA ले म जान्दिन भनेपछि भनाभन, ठेलाठेल, हानाहान गर्दा दुर्गाबहादुर लडी भुइँमा बजारिँदा टाउकोमा खुन जमेछ। त्यसपछि निज घर गई सुतेकामा घरमा मानिसले बोलाउँदा नबोलेपछि गाउँकै क्लिनिकमा उपचार गर्दा ठिक नभएपछि गोल्डेन अस्पताल विराटनगरमा थप उपचारमा लगी घरमा ल्याएको अवस्थामा मृत्यु भएको हुँदा प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA लाई कानूनबमोजिम सजाय गरिपाउँ भनी जाहेरवाला बलबहादुर बुढाथोकीले सुरू अदालतमा गरेको बकपत्र।

वारदातका दिन म घरनजिकैको होटलमा नास्ता बनाउन लगाउँदै गर्दा दुर्गाबहादुर बुढाथोकी माती लरखरिँदै हातमा लठ्ठी बोकी कुकुर डोऱ्याउँदै सोही ठाउँमा आए। केही समयपछि प्रतिवादी CMA पनि उक्त होटल भएको ठाउँमा आए। त्यसपछि दुर्गाबहादुर बुढाथोकीले प्रतिवादीलाई मेरो नाम्लो खोई भनी ठेली पर पुऱ्याएकाले प्रतिवादी भाग्न खोज्दा निजको हातले पीडितको टाउकोमा ठोक्कीएर सिमेन्ट ढलाई गरेको भइँमा लडे। त्यसपछि मसमेतले निजलाई उठायौं। उक्त घटना भएको ४१/४२ दिनपछाडि निज पीडितको मृत्यु भएको सुनेको हुँ। के कसरी पीडितको मृत्यु भयो मलाई थाहा भएन। मैले देखेअनुसार प्रतिवादी आफू बच्ने क्रममा भाग्न खोज्दा ठोक्किएर लडेको हुँदा प्रतिवादीलाई सजाय हुनुपर्ने होइन भनी घटना विवरण कागज गर्ने तोर्णबहादुर कार्कीले सुरू अदालतमा गरेको बकपत्र।

वारदातका दिन निज पीडित दुर्गाबहादुर बुढाथोकी मादक पदार्थ सेवन गरी राम्ररी हिँड्डुल गर्न नसक्ने अवस्थामा वीरबहादुर तामाङको पसल घरमा लडी बिना साहारा एक्लै कुकुरको बच्चा बोकी घर गएकामा भोलिपल्ट निजलाई उपचार गर्न घोपा क्याम्प धरान पठाएको भनी सुनेको १/२ दिनपछि परिवर्तित नाम ०६ जि.प्र.का. CMA ले ठेली लडेको भन्ने सुनेको हुँ। तर निज परिवर्तित नाम ०६ जि.प्र.का. CMA सानो बच्चाले ठेलेको कुरामा मलाई विश्वास लाग्दैन। निजको मृत्युको कारण अन्य हुनसक्छ भनी प्रतिवादीका साक्षी नारायणप्रसाद आचार्यले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०७४।०४।१५ मा मेरो छोरा दुर्गाबहादुर बुढाथोकीलाई प्रतिवादी ०६ जि.प्र.का. CMA ले कुटपिट गरी सख्त घाइते बनाई सुविधा सम्पन्न अस्पतालमा लगी उपचार गराउँदा राम्रो उपचार हुन नसकी घरमा ल्याई राखेकामा मिति २०७४।०४।२५ का दिन मेरो छोराको मृत्यु भएकाले निज प्रतिवादीकै कुटाइको चोटपिरको कारणले मेरो छोरा थलिएर मृत्यु भएको हुँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलअन्तर्गत हदैसम्म कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको बलबहादुर बुढाथोकीको जाहेरी दरखास्त।

जिल्ला तेह्रथुम म्याङलुङ नगरपालिका

वडा नं. ७ स्थित पूर्वमा आफ्नै मकैबारी, पश्चिममा चन्द्रबहादुर कार्कीको पाखोबारी, उत्तरमा चन्द्रबहादुर कार्कीको पाखोबारी र दक्षिणमा जिरी खिम्ती साब्ला आवतजावत गर्ने गोरेटो बाटो यति चार किल्लाभित्र रहेको बलबहादुर बुढाथोकीको घर कोठामा उत्तर टाउको दक्षिण गोडा भई उत्तानो अवस्थामा रहेको, दुवै आँखा खुल्ला भएको, टाउकोमा अप्रेसन गरी डाक्टरले सिलाएको डाम देखिएको बायाँपट्टि टाउको कुच्चिएको खाल्डो देखिने, दुवै हात खुम्चिएको अवस्थामा मृतक दुर्गाबहादुर बुढाथोकीको लास रहेको भन्ने चार किल्लासहितको घटनास्थल लास जाँच प्रकृति मुचुल्का।

मृत्युको कारण निमोनिया हो, जुन पहिलाको टाउकोको चोट र तत्पश्चात्को घटनाक्रमको consequence हुनसक्छ भन्नेसमेत बेहोराको मृतक दुर्गाबहादुर बुढाथोकीको शव परीक्षण प्रतिवेदन।

वारदात मिति समयमा म घटनास्थल भीमबहादुर तामाङको पसलमा खाजा खाइरहेको समयमा जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकी आई सोही पसलमा बसिरहेका थिए। सोही समयमा ०६ जि.प्र.का. CMA आफ्नो घरतर्फ गइरहेको अवस्थामा जाहेरवालाको छोराले निजलाई बोलाई तानी ल्याई नाम्लोको विषयमा विवाद गरी ठेलेकाले प्रतिवादी ०६ जि.प्र.का.CMA आवेशमा आई जाहेरवालाको छोरालाई गालामा एक मुक्का हान्दा निज लडी घाइते भएका हुँदा मसमेतले दुर्गाबहादुर बुढाथोकीलाई तानी उठायौं त्यसपछि निजको मुखबाट निस्केको रगत निजले आफैँ पखाली मुख धोई घर गएका हुन् र निजलाई उपचारका लागि अस्पताल लगेकामा उपचार हुन नसकी घरमा ल्याई राखेकामा मिति २०७४।४।२५ मा घरैमा मृत्यु भएको हो भन्नेसमेत बेहोराको तोर्णबहादुर कार्कीले गरेको घटना विवरण कागज।

मिति २०७४।०३।१५ मा प्रतिवादी ०६ जि.प्र.का. CMA ले जाहेरवालाको छोरालाई कुटपिट गरी घाइते बनाएको भन्ने कुरा सुनी थाहा पाएको हो । निजलाई उपचारमा लगी उपचार हुन नसकी घरमा ल्याई राखेकामा मिति २०७४।४।२५ मा मृत्यु भएको कुरा सुनी थाहा पाएको हो भन्नेसमेत हरि नेपाली तथा टंकप्रसाद बुढाथोकीले एकै मिलान हुने गरी गरेको घटना विवरण कागज।

मिति २०७४।०३।१५ मा वारदात स्थानमा जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकी मादक पदार्थ सेवन गरी माती बसेका रहेछन् । मलाई देख्नासाथ निजले मलाई नाम्लो चोर लगाई तानी लछारपछार कुटपिट गर्न थालेकाले मैले निजलाई भुँडी (पेट) मा ठेली भागेको हुँ। सोपश्चात् ढ्वाङ्ग आवाज आयो फर्की हेर्दा निज उत्तानो अवस्थामा लडेका थिए। गई हेर्दा निजको तल्लो ओठबाट रगत आएको थियो। निज मादक पदार्थ सेवन गरी लडेका हुन् भन्नेसमेत प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र. का. CMA ले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

प्रतिवादी ०६ जि.प्र.का. CMA ले जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकीलाई मरणासन्न हुने गरी कुटपिट गरी लडाई सख्त घाइते बनाई उपचारको क्रममा सोही चोट पिरका कारणले थलिएर मृत्यु भएकाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ८ नं. को कानूनी व्यवस्थाबमोजिम निज प्रतिवादी ०६ जि.प्र.का. CMA लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ तथा १३(३) नं. बमोजिमको कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सजाय हुनेमा निज प्रतिवादी वारदात मितिमा १५ वर्ष ०२ महिना २० दिनको मात्र पुगेकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को

दफा ११(३) को कानूनी व्यवस्थाबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम हुने सजायको आधा सजाय गरिपाउँ भन्नेसमेत अभियोगपत्र।

मिति २०७४।०३।१५ का दिन जिरी खिम्ती बजार गई फर्की भीमबहादुर तामाङको घरमा पुग्दा मृतक दुर्गाबहादुर बुढाथोकीले मलाई लछारपछार गर्दै भीमबहादुर तामाङको किचनभित्र लगी नाम्लो चोर लगाई कुट्न थालेपछि म फुत्किएर घर जान भागी बाहिर पुग्दा डङ्ग गरेको आवाज आयो। म फर्किएर गई हेर्दा मृतक भुइँमा लडेका रहेछन्। निजको ओठको बाहिर काटी रगत आएको थियो। निज जाँड रक्सी खाई खुट्टा नै टेक्न नसक्ने अवस्थामा भएकाले मलाई समाउन कुद्न खोज्दा भुइँमा लडेका हुन्। निजको मृत्यु मैले कुटपिट गरी लडाएर भएको होइन। निज अत्यधिक जाँड रक्सी खाने भएको हुँदा उसकै भित्री रोगका कारणले मृत्यु भएको हो। मलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA ले बाबु CMAF को रोहबरमा सुरू अदालतमा गरेको बयान।

प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको बयान, प्रतिवादीउपर ज्यान मार्ने उद्योगमा दर्ता भएको अभियोगपत्र, प्रतिवादीउपर कर्तव्य ज्यान मुद्दामा परेको जाहेरी दर्खास्त, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज गर्ने मानिसहरूको भनाइ, घटनास्थल लास जाँच मुचुल्का, प्रतिवादीले यस अदालतमा गरेको इन्कारी बयान तथा कर्तव्य ज्यानसम्बन्धी अभियोगपत्रसमेतका तत्काल प्राप्त प्रमाण कागजातहरूका आधारमा यी प्रतिवादीले आरोपित कसुर गरेका रहेनछन् भनी निश्चयात्मक रूपले भन्न नसकिने देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हाल प्रतिवादी परिवर्तित नाम जि.प्र.का. CMA लाई पुर्पक्षका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० (१) बमोजिम बालसुधार गृह विराटनगरमा पठाइदिनु भन्नेसमेत बेहोराको थुनछेक आदेश।

मैले सुनेअनुसार मृतकले प्रतिवादीलाई हातले धकेलेपछि प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA भाग्न खोज्दा निजको जिउमा ठोक्किएर मृतक भुइँमा लडेका र उठी २० मिनेटजतिको बाटो आफैँ हिँडी घर गएको भन्ने सुनेको हो। प्रतिवादीले ठेलेर मृतकको मृत्यु भएको हो भन्न सक्तिन। मृतक मादक पदार्थ धेरै सेवन गर्ने मानिस हुँदा के कारणले निजको मृत्यु भयो मलाई थाहा भएन भनी घटना विवरण कागज गर्ने हरि नेपालीले अदालतमा गरेको बकपत्र।

मैले सुनेअनुसार परिवर्तित नाम ०६ जि.प्र.का. CMA लाई मृतक दुर्गाबहादुरले नाम्लो चोर लगाई धकेल्ने क्रममा निज प्रतिवादी भाग्ने हुँदा दुर्गाबहादुर बुढाथोकी आफैँ लडी सिमेन्टमा बजारिएको हो। दुर्गाबहादुर मादक पदार्थ सेवन गरी हिँड्ने भएकाले आफैँ लडेको पनि हुनसक्छ। प्रतिवादीको कारणबाट दुर्गाबहादुरको मृत्यु भएको कुरामा मलाई विश्वास लाग्दैन भनी प्रतिवादीका साक्षी जमुना सुवेदीले सुरू अदालतमा आई गरेको बकपत्र।

म होटलमा बसिरहेको समयमा मृतक दुर्गाबहादुर बुढाथोकी एक हातमा लट्ठी र अर्को हातले कुकुर डोऱ्याई होटलमा आएको २/४ मिनेटपछि प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA आइपुगेपछि दुर्गाबहादुर बुढाथोकीले प्रतिवादीलाई नाडीमा समाई होटलभित्र ल्याई मेरो नाम्लो खोई भन्दा प्रतिवादीले मैले देखिन भनेपछि दुर्गाबहादुरले प्रतिवादीलाई ला देखिनस् भनी ठेलिदिएकाले प्रतिवादीले दुर्गाबहादुरको गालातिर हातले ठेली भागी गए। दुर्गाबहादुर मातेर अडिन बढ्न नसक्ने

अवस्थामा भएकाले सिमेन्ट ढलान गरेको भुइँमा उत्तानो परी लडेपछि मसमेत भई उठायौँ। निजको दाँतको छेउबाट रगत आएको थियो। अन्य चोटपटक थिएन। त्यसपछि दुर्गाबहादुर कुकुर डोऱ्याउँदै घर लगेका हुन्। वारदात भएको ४० दिनपछाडि के कुन कारणले निजको मृत्यु भयो मलाई थाहा भएन भनी घटना विवरण कागज गर्ने तोर्णबहादुर कार्कीले सुरू अदालतमा गरेको बकपत्र।

मैले सुनेअनुसार मृतकले नै प्रतिवादी CMA लाई कुटपिट गरेको कारण प्रतिवादीले मृतकलाई धकेली भाग्ने हुँदा मृतक लडिसकेपछि १ किलोमिटरको भिरालो अप्ठ्यारो बाटो हिँडी घर गएको हुँदा प्रतिवादीको कुटपिटको कारणले थला परी मृतकको मृत्यु नभई अन्य कारणले हुन सक्छ। प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुने होइन भनी प्रतिवादीका साक्षी नारायणप्रसाद आचार्यले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०७४।०४।२६ को जाहेरी बेहोरा र सोमा भएको सहीछाप मेरो नै हो बेहोरा ठिकै लाग्यो भनी जाहेरी बेहोरा सनाखत गरी मृतकका बाबु जाहेरवाला बलबहादुर बुढाथोकीले सुरू अदालतमा गरेको बकपत्र।

मृतक व्यक्तिको टाउकोमा चोट लागेर अप्रेसन गरेको कुरा कोशी अञ्चल अस्पताल विराटनगरको रिपोर्टबाट देखिएकाले सोही चोट र अप्रेसनको कारण निजको भित्री अङ्गहरू कमजोर हुँदै रोगसँग लड्ने क्षमता न्यून भएकाले टाउकोमा भएको सोही चोटका कारण निमोनिया भई निजको मृत्यु भएको हुन सक्छ भनी शव परीक्षण गर्ने डाक्टर सन्जयकुमार यादवले सुरू अदालतमा गरेको बकपत्र।

मृतकको शव परीक्षण गर्दा टाउकोमा चोट लागी अप्रेसन भएकोबाहेक अन्य चोटपटक थिएन। श्वासनलीको भित्तामा सेतो तरल पदार्थ थियो, देब्रे फोक्सोको माथिल्लो भागको रङ नर्मलभन्दा फरक थियो। फोक्सोबाट पीप जस्तो पदार्थ आई सुन्निएको हुँदा मृतकको मृत्युको कारण निमोनिया भेटियो। जुन पहिलेको टाउकोको चोट र तत्पश्चात्को घटनाक्रमको परिणाम हुनसक्छ चोट र अप्रेसनको कारण शरीर कमजोर भई निमोनिया भई मृत्यु भएको हुनसक्छ भनी शव परीक्षण गर्ने डाक्टर रोहितकुमार झाले सुरू अदालतमा गरेको बकपत्र।

प्रस्तुत ज्यान मार्ने उद्योग मुद्दामा घाइते भएका व्यक्तिलाई कुटपिट गरी ज्यान मार्ने उद्योगको कसुर गरेको भनी प्रस्तुत ज्यान मार्ने उद्योग मुद्दा दायर भएपश्चात् सो ज्यान मार्ने उद्योग मुद्दामा घाइतेको उपचारको क्रममा घरमै बसेको अवस्थामा मृत्यु भएकाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सजाय गरिपाउँ भनी छुट्टै जाहेरी परी सोही घटना वारदातका सम्बन्धमा यिनै प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसारको कसुरमा सोही नं. बमोजिम सजाय माग गरी छुट्टै अभियोग पेस भएकामा निज प्रतिवादीलाई सोही घटना वारदातमा यसै मुद्दाका घाइतेको मृत्यु भएउपर मृतकलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसारको कसुर ठहर नभई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अनुसारको कसुर गरेको ठहऱ्याई सो १४ नं. बमोजिम हुने सजायको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम आधा ५ (पाँच) वर्ष कैद हुने ठहऱ्याई फैसला भएको हुँदा निजलाई पुनः प्रस्तुत मुद्दामा सोही घटना वारदातमा ज्यान मार्ने उद्योगतर्फ समेत छुट्टै कसुर कायम गरी ठहर गरी निर्णय गर्न मनासिब नहुने हुँदा ज्यान मार्ने उद्योगतर्फ समेत सजाय गरिपाउँ भन्नेसमेत अभियोग दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत बेहोराको सुरू

तेह्रथुम जिल्ला अदालतको मिति २०७४।१०।२८ को फैसला।

जाहेरवालाको छोराले मादक पदार्थ सेवन गरी मातेको अवस्थामा मलाई देख्नसाथ समाती तानी नाम्लो चोर लगाई कुटपिट गर्न थालेकाले आवेशमा आई टाउकोमा मुक्काले हानेको हो र निज लडेपछि भागेको हुँ भनी प्रतिवादीले अनुसन्धानको क्रममा बयान कागज गरेको पाइन्छ। घाउ जाँच प्रतिवेदनमा physical assault भन्ने उल्लेख छ भने घटना विवरण कागज गर्ने भीमबहादुर तामाङ, तोर्णबहादुर कार्कीले दुर्गाबहादुर बुढाथोकीले प्रतिवादीसँग नाम्लोको विषयमा निहुँ खोजी विवाद हुँदा गालामा मुक्का हानेका हुन् भनी सुनेको र प्रकाश बुढाथोकीले समेत सोही कुरा लेखाएको पाइन्छ । वस्तुस्थिति मुचुल्कामा बस्ने छत्रबहादुर खड्कासमेतले प्रतिवादी र मृतकबिच विवाद भई ठेलाठेल भएको सुनेको भनी लेखाएको पाइन्छ। मृतकको लासमा अनुसन्धानको क्रममा सिलाएको घाउ देखिएको भन्ने लास जाँच मुचुल्कामा उल्लेख भएको पाइन्छ भने मृत्युको कारण निमोनिया हो जुन पहिलेको टाउकोको चोटको कारण हुन सक्छ भन्ने उल्लेख छ अदालतमा बयान गर्दासमेत यी प्रतिवादीले मृतकले मलाई नाम्लो चोर लगाई लछारपछार गरी कुट्न थालेपछि फुत्किएर घर जान हिँड्दा हातले भुँडी पन्छाएर भागेको हुँ भनी र लडेको देखेको हो मैले लडाएको होइन भनी उल्लेख गरेको पाइन्छ। जाहेरी दरखास्त, घटना विवरणमा कागज गर्ने मानिसको भनाइ, निजहरूको बकपत्र, लास परीक्षण प्रतिवेदन, प्रतिवादीको बयानसमेतका विवेचित तथ्यलाई हेर्दा मृतक र प्रतिवादीबिच विवाद भएको र भनाभन भएको तथा मृतकले प्रतिवादीलाई र प्रतिवादीले समेत मृतकलाई बक्सिङले प्रहार गरेको देखिन्छ तर घटनाको प्रकृति हेर्दा प्रतिवादीले धारिलो हतियार प्रहार गरेको देखिँदैन। मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी पनि प्रतिवादीमा देखिँदैन, बरू मृतकले नै प्रतिवादीलाई समेत पहिले लछारपछार गरी नाम्लो चोरेको आरोप लगाई उत्तेजित बनाएपछि प्रतिवादीले समेत आवेशमा आई मुक्काले हानी भागेको भन्ने तथ्य देखिएको अवस्थामा वारदातको प्रकृति स्वरूप एवं अवस्थासमेतलाई हेर्दा अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम मृतकलाई मार्ने मनसायले कुटपिट गरी मृतकलाई मारी आरोपित कसुर गरेको पुष्टि एवं प्रमाणित हुन आएन। मृतकले नै उत्तेजित बनाएको कारण तत्काल रिस थाम्न नसकी मृतकको कब्जाबाट उम्कन निजलाई बक्सिङले प्रहार गरी सोही कारण मृतकको टाउकोमा चोट लागी निमोनिया भएको पुष्टि भएको कारण मृत्यु भएको भन्ने उपर्युक्त उल्लिखित विवेचित आधार, कारण र प्रमाणबाट देखिँदा र त्यस्तो कसुर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को परिभाषाभित्र पर्ने देखिँदा यी प्रतिवादीले सोही ज्यानसम्बन्धी महलको १४ नं. को कसुर गरेको पुष्टि एवं प्रमाणित हुन आयो। सजायतर्फ विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार दश (१०) वर्ष कैद हुनेमा यी प्रतिवादी १६ वर्ष पूरा नभएको नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) अनुसार आधा सजाय गरी पाउन अभियोग माग दाबी लिएको पाइँदा निजलाई उक्त १४ नं. बमोजिम हुने १० (दश) वर्षको आधा ५ (पाँच) वर्ष कैद सजायसमेत हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०७४।१०।२८ को सुरू अदालतको फैसला।

प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA ले अनुसन्धानको क्रममा बयान गर्दा मृतकको भुँडी पेटमा ठेल्दा लडेका रहेछन् भनी लेखाएको बेहोराबाट प्रतिवादीको कुटपिटको कारण मृतक सिमेन्टमा ढली घाइते भएकामा उठाएर उपचार

नगरी प्रतिवादी भागी गएको भन्ने तथ्य पुष्टि भएको छ। मौकामा परेको किटानी जाहेरीलाई समर्थन गरी जाहेरवालाले अदालतमा बकपत्र गरिदिएको अवस्था छ । पीडितको टाउकोमा एकपटक प्रहार गरेको हो भनी प्रतिवादीले मौकाको बयानमा लेखाएको भए तापनि मृतकको घाउ जाँच केस फाराम हेर्दा टाउकोसमेतमा पटकपटक प्रहार गरेको गम्भीर प्रकृतिको चोट देखिएको र प्रतिवादीको घाइतेउपरको चोट प्रहार गम्भीर भएकै कारण कानूनको म्यादभित्र मृतकको मृत्यु हुन गएको भन्ने तथ्य पुष्टि हुँदाहुँदै प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA लाई अभियोग मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा सोभन्दा कम सजाय हुने गरी पृथक् कसुरमा सजाय गरेको सुरू फैसला त्रुटिपूर्ण भएकाले उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट उच्च अदालत विराटनगर, धनकुटा इजलासमा पेस भएको पुनरावेदनपत्र।

फैसलामाउल्लेखभएकोघटनापुनरावेदकले घटाएको होइन भन्ने कुरा मुद्दाको तथ्यबाट प्रस्ट हुन्छ। मृतक मादक पदार्थ सेवन गरी चरम शारीरिक अस्थिरताको अवस्थामा रहेको र मलाई नाम्लो चोर लगाई कुटपिट गर्न लाग्दा आफ्नो सुरक्षाको निमित्त भाग्न बाध्य भएको भन्ने कुरा मेरो बयानबाट प्रस्ट हुन्छ । मृतकलाई मैले मुक्का हानेको होइन भनी सुरू अदालतमा गरेको बयान बेहोराबाट प्रस्ट हुन्छ । अधिकारप्राप्त अधिकारसमक्षको बयान डर त्रास र दबाबमा भएको उक्त बयान बेहोरा पढेर नसुनाई सहीछाप गर्न लगाएको भन्ने कुरा मेरो अदालतसमक्षको बयानबाट देखिरहेको अवस्था छ । प्रस्तुत मुद्दा ज्यानसम्बन्धीको महलको १४ नं. ले परिभाषित गरेबमोजिमको होइन । आफू उम्कन प्रयास गर्दा मर्ला जस्तो नदेखिने कार्य गर्दा मृतक लडेको अवस्था हो । पूर्वरिसइवी नभएको वारदातमा हातहतियार प्रयोग नभएको र मृतकलाई मार्नुपर्नेसम्मको कुनै पूर्वतयारीसमेत मैले नगरेको अवस्थामा अभियोग दाबी निराधार देखिइरहेको छ । मृतकको कब्जाबाट उम्कन प्रयास गर्दा रक्सी सेवन गरेका मृतक उभिन सक्ने अवस्थामा नभएको र अडिन नसकी लडेकाले टाउकोमा ठोक्किन पुगी मृतक घाइते भई निजको मृत्युसमेत भएको कुरा पुष्टि भएकाले मलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू फैसला उल्टी गरी कैदमुक्त गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA को तर्फबाट उच्च अदालत विराटनगर, धनकुटा इजलासमा पेस भएको पुनरावेदनपत्र।

यसमा, प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३ (३) नं. बमोजिमको कसुरमा ऐ. १३(३) नं. को दाबी लिई निज प्रतिवादी १६ वर्षमुनिको भएकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) नं. बमोजिम सोको आधा सजाय गरिपाउँ भनी अभियोग माग दाबी रहेकामा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा ऐ. बमोजिम १०(दश) वर्ष कैद हुने भई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम सोको आधार ५ (पाँच) वर्ष सजाय भएकामा प्रतिवादीउपरको किटानी जाहेरी मृतकको शव परीक्षण प्रतिवेदनबाट समेत प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको देखिएको अवस्थासमेतका आधारमा अभियोग मागदाबीबमोजिम नै सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारको र मृतकको मृत्यु प्रतिवादीको चोटबाट मात्र नभई निमोनियाबाट समेत हुन सक्छ भन्ने मृतकको स्वास्थ्य परीक्षण प्रतिवादीबाट

देखिएको र वादीका साक्षीसमेतले अदालतमा गरेको बकपत्रमा मृतकको मृत्यु प्रतिवादीको कुटपिटबाट नभई आफ्नै कारणले नै भएको हो भनी लेखाई दिएको पुनरावेदनपत्रमा देखिएको अवस्थामा सुरू तेह्रथुम जिल्ला अदालतको मिति २०७४।१०।२८ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्नसक्ने देखिँदा प्रस्तुत दोहोरो पुनरावेदनपत्र मुलुकी ऐन, अ.बं. २०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६४ र ११२ को प्रयोजनार्थ पुनरावेदक प्रतिवादीको पुनरावेदनपत्रको प्रतिलिपि वादी नेपाल सरकारलाई र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदनपत्रको प्रतिलिपि पुनरावेदक प्रतिवादीलाई दिई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७५।०१।२७ को आदेश।

यसमा वारदातस्थल भनिएको घरपसल धनी प्रत्यक्षदर्शी, घटना विवरण कागज गर्ने भीमबहादुर तामाङलाई बुझ्नुपर्ने देखिँदा निजको नाउँमा मुलुकी ऐन, अ.बं. ११५ नं. बमोजिम समाह्वान जारी गरी आएपछि वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७५।०२।१० को आदेश।

वारदातको समयमा मृतक कुकुर डोहोऱ्याई मेरो पसलनिर आयो सो समयमा प्रतिवादी पनि त्यहीँ आइपुगेमृतकलेनाम्लोकोविषयनिकालीप्रतिवादीलाई कराई ठेलेर प्रतिवादी लडे । निज प्रतिवादीलाई हातमा तानी ल्याएर ठेलेका थिए । प्रतिवादी लडेर चित्रामा सारोसँग ठोकिन पुगे र त्यसपछि प्रतिवादी उठी मृतकलाई पन्छाएर त्यहाँबाट हिँडे। मृतक भुइँमा लडे, भुइँ सिमेन्टको थियो । चोट के थियो थाहा भएन । वारदातमा कुनै हातहतियार प्रयोग भएको थिएन। मृतकलाई कहाँ चोट लाग्यो मैले देखिन। धेरै मादक पदार्थ सेवन गरेको कारण मृतक जिउ थाम्ने अवस्थामा थिएनन् । प्रतिवादीले भाग्न उम्कनको लागि ठेलेको हो भन्नेसमेत बेहोराको मुलुकी ऐन, अ.बं. ११५ नं. बमोजिम बुझिएका भीमबहादुर तामाङले उच्च अदालत विराटनगर, धनकुटा इजलासमा गरेको बकपत्र।

प्रतिवादीको मृतक दुर्गाबहादुर बुढाथोकीको ज्यान लिनेसम्मको इविलाग वा मनसाय केही देखिन नआई मृतकले नै मादक पदार्थ सेवन गरी प्रतिवादीलाई नाम्लो चोरीको विषयमा तानी लगी गालमुखाल कुटपिट गर्न लागेको अवस्थामा निजबाट उम्कन धकेलाधकेल हुँदा मृतक लड्न गई टाउकोमा चोट लागेकोसमेतको कारणबाट उपचारको क्रममा मृत्यु भएको भन्ने देखिन आई उक्त वारदात ज्यानसम्बन्धी महलको ५ नं. ले परिभाषा गरेबमोजिम भवितव्य देखिन आएकाले सोही कसुरमा सजाय गर्नुपर्नेमा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कसुर सजाय ठहर गरेको सुरू फैसला सो हदसम्म मिलेको नदेखिँदा आंशिक बदर भई प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA लाई ज्यानसम्बन्धीको महलको ५ नं. को कसुरमा ऐ. ६ (२) नं. बमोजिम २(दुई) वर्ष कैद सजाय हुनेमा निज प्रतिवादी वारदात हुँदाका बखत १६ वर्ष पूरा नभएको नाबालिग हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) अनुसार आधा सजायको अभियोग दाबी लिएको पाइँदा निजलाई हुने कैद वर्ष २(दुई) को आधा १(एक) वर्ष कैद हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७५।०३।०५ गते भएको फैसला।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा मलाई मृतकले नाम्लो

चोर भन्यो एकपल्ट हान्दा ऊ पनि अनियन्त्रित भई भुइँमा लडी सिमेन्टमा परी चोट लागी घाइते भएको हो । अदालतमा बयान गर्दा मृतकलाई भुडीमा ठेलेर बाहिर आउँदा लडेछन् भन्ने आफैँमा विरोधाभाषपूर्ण बेहोरा लेखाएका छन् । प्रतिवादीको कुटपिटका कारण मृतक सिमेन्टमा ढली गम्भीर घाइते भई सोही चोटका कारणबाट निजको मृत्यु भएको हो भन्ने जाहेरी बेहोरा भएको र सोही जाहेरी बेहोरालाई समर्थन नगरी जाहेरवालाले गरेको बकपत्रलाई समेत नजर अन्दाज गरी भवितव्य ठहर गरी प्रतिवादीलाई कम सजाय हुने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेको छ । प्रतिवादीले कुटपिट गरी ठेली सिमेन्टमा सख्त घाइते तुल्याएपश्चात् मरोस् भन्ने उद्देश्य राखी घरतर्फ गएबाट मृतकलाई मार्ने मनसाय रहेको कुरा पुष्टि भएको छ । एक पटक टाउकोमा प्रहार गरेको हुँ भन्ने प्रतिवादीको बयान भए तापनि मिसिल संलग्न घाउ जाँच केस फारामबाट पटकपटक प्रहार गरेका गम्भीर प्रकृतिको चोटहरू मृतकको जिउ शरीरमा भई घाइते अवस्थामा अस्पतालमा नै गई कागज गराउन खोज्दा घाइते बोल्न नसकेको भन्ने अस्पताल कार्यकारी प्रमुखको रोहवरमा भएको कागज मिसिल संलग्न भई मृतकउपर प्रतिवादीले गरेको प्रहार गम्भीर प्रकृतिको भई मार्ने मनसायपूर्वकको प्रहार थियो भन्ने तथ्य पुष्टि भइरहेकामा इविलाग मनसाय नभएको भन्ने आधार ग्रहण गरी मिसिल संलग्न कागजातको उचित विवेचना र मूल्याङ्न नै नगरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भवितव्य ठहर गरी प्रतिवादीलाई कम सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएकाले सो फैसला बदर गरी प्रत्यर्थी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदनपत्र ।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गोविन्दप्रसाद उपाध्यायले प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा मलाई मृतकले नाम्लो चोर भनेकाले एकपल्ट हान्दा भुइँमा लडी सिमेन्टमा परी चोट लागेकोमा प्रतिवादीको कुटपिटका कारण मृतक दुर्गाबहादुर बुढाथोकी सिमेन्टमा ढली गम्भीर घाइते भई सोही चोटका कारण निजको मृत्यु भएको हो भन्ने जाहेरी बेहोरा रहेको अवस्था छ । जाहेरवालाले गरेको बकपत्रलाई समेत नजर अन्दाज गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट प्रतिवादीको सो कार्यलाई भवितव्य ठहर गरी निजलाई कम सजाय गरेको फैसला मिलेको अवस्था तथ्य पुष्टि भइरहेकामा इविलाग मनसाय नभएको भन्ने आधार ग्रहण गरी मिसिल संलग्न कागजातको उचित विवेचना र मूल्याङ्कन नै नगरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भवितव्य ठहर गरी प्रतिवादीलाई कम सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएकाले सो फैसला बदर गरी प्रत्यर्थी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने बहस सुनियो ।

प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले आफ्नो पक्षको तर्फबाट प्रस्तुत गर्नुभएको उल्लिखित बहस सुनी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७५।०३।०५ मा भएको फैसला मिले नमिलेको के हो ? पुनरावेदन जिकिरबमोजिम हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन

आयो।

२. निर्णयतर्फ विचार गर्दा, मृतक दुर्गाबहादुर बुढाथोकीलाई प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA ले कुटपिट गरी ठेली सिमेन्टमा सख्त घाइते बनाएपश्चात् मरोस् भन्ने उद्देश्य राखी घरतर्फ गएबाट मृतकलाई मार्ने मनसाय रहेको कुरा पुष्टि भएको अवस्था छ। एकपटक टाउकोमा प्रहार गरेको हुँ भन्ने प्रतिवादीको बयान भए तापनि मिसिल संलग्न घाउ जाँच केस फारामबाट पटकपटक प्रहार गरेका गम्भीर प्रकृतिको चोटहरू मृतकको जिउ शरीरमा भई घाइते अवस्थामा अस्पतालमा नै गई कागज गराउन खोज्दा घाइते बोल्न नसकेको भन्ने अस्पताल कार्यकारी प्रमुखको रोहवरमा भएको कागज मिसिल संलग्न भई मृतकउपर प्रतिवादीले गरेको प्रहार गम्भीर प्रकृतिको भई मार्ने मनसायपूर्वकको प्रहार थियो भन्ने तथ्य पुष्टि भइरहेकामा इविलाग मनसाय नभएको भन्ने आधार ग्रहण गरी मिसिल संलग्न कागजातको उचित विवेचना र मूल्याङ्कन नै नगरी उच्च अदालत विराटनगर धनकुटा इजलासबाट भवितव्य ठहर गरी प्रतिवादीलाई कम सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएकाले बदर गरी प्रत्यर्थी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

३. अब, नेपाल सरकारको उल्लिखित पुनरावेदन जिकिर रहेतर्फ हेर्दा, प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA ले अदालतमा बयान गर्दा मृतक दुर्गाबहादुर बुढाथोकीलाई आफूले कुटपिट गरेको होइन, निज आफैँ लडी भुइँमा टाउको ठोक्किएर घाइते भएको हो भनी कसुरमा इन्कार रहे पनि वारदातको समयमा प्रतिवादी आफू जिरी खिम्ती बजार गई फर्की भीमबहादुर तामाङको घरमा पुग्दा मृतक दुर्गाबहादुर बुढाथोकीले भेटी नाम्लो चोरको आरोप लगाई लछारपछार गरेकाले फुत्किएर घरबाहिर निस्कँदा डङ्ग गरेको आवाज आएको र फर्की गई हेर्दा मृतक भुइँमा लडेको तथा निजको ओठ काटी रगत आएको देखेको भनी वारदात स्थलमा आफ्नो उपस्थिति रहेको र मृतकसँग नाम्लोको विषयमा विवाद परेको भन्ने तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ।

४. घटना विवरण कागज र अदालतमा आई बकपत्र गर्ने वारदातका प्रत्यक्षदर्शीका रूपमा रहेका भनिएका भीमबहादुर तामाङ, तोर्णबहादुर कार्की तथा प्रतिवादीकै साक्षी नारायणप्रसाद आचार्यसमेतको बकपत्र बेहोराबाट पनि मृतक र प्रतिवादीका बिच नाम्लोको विषयमा झगडा हुँदा प्रतिवादीले मृतकलाई ठेलिदिएको कारण लडी चोट लागेको भन्ने मिसिल कागजबाट देखिन्छ।

५. प्रस्तुत वारदातमा घटना विवरणमा कागज गर्ने प्रत्यक्षदर्शीका रूपमा रहेका तोर्णबहादुर कार्कीले प्रतिवादी CMA लाई जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकीले बोलाई तानी आफ्नो नाम्लो खोई भनी सोधेको अवस्थामा निजले प्रतिवादीलाई ठेली धकेलेपश्चात् प्रतिवादीले जाहेरवालाको छोरालाई गालातिर हातले ठेली भागी गएकोमा जाहेरवालाका छोरा दुर्गाबहादुर बुढाथोकी सिमेन्टको ढलानमा ठोक्किएर दाँतबाट रगत निस्केको हुँदा पखाली मुख धोई निज घाइते आफ्नो घरमा गएकामा निजलाई पछि उपचारका लागि अस्पताल लगी घरमा ल्याई औषधी खुवाई राखेकोमा निज प्रतिवादीले कुटपिट गरेको चोटका कारण मिति २०७४।०४।२५ मा निज दुर्गाबहादुरको मृत्यु भएको भनी मौकामा र अदालतको आफ्नो बकपत्रमा लेखाएको पाइन्छ।

६. मृतक र प्रतिवादीका बिच जुन होटल घरमा झगडा भएको भनिएको हो उक्त घरका घरधनी प्रत्यक्षदर्शी घटना विवरण कागज गर्ने भीमबहादुर

तामाङलाई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट अ.बं. ११५ नं. बमोजिम बुझ्दा निजले आफ्नो बेहोरामा पनि मृतकले प्रतिवादीलाई नाम्लोको विषय निकाली समातेर ल्याएको र प्रतिवादी मृतकलाई पन्छाई हिँडेका, प्रतिवादीले भाग्न उम्कनका लागि ठेलेको हो भन्ने बेहोरा लेखाई दिएको पाइन्छ।

७. त्यसैगरी मृतक दुर्गाबहादुर बुढाथोकीको लास पोष्टमार्टम गर्ने डाक्टरहरू रोहितकुमार झा र सन्जयकुमार यादवले मृतकको टाउकोमा चोट लागी पहिले अप्रेसन भएको थियो। भित्री दिमागमा अप्रेसनबाहेक अरू चोटपटक नभएको र नसा फुटेको र रगत जमेको अवस्था थिएन, निजको फोक्सोको माथिल्लो भागको रङ नर्मलभन्दा फरक रही त्यहाँबाट पिप जस्तो पदार्थ दाहिने र देब्रे फोक्सोबाट आई सुन्निएको थियो । यी सबै कुराको आँकलन गर्दा मृतकको मृत्युको कारण निमोनिया नै हो, जुन पहिलाको टाउकाको चोट र तत्पश्चातको घटनाक्रमको परिणाम हुनसक्छ भनी चिकित्सकहरूले अदालतमा आई आफ्नो बकपत्रमा लेखाएका पाइयो।

८. वारदातको पृष्ठभूमि र प्रकृतिको सम्बन्धमा चश्मदिद व्यक्ति र प्रतिवादीको मौकाको बयानलाई हेर्दा, प्रतिवादीलाई मृतकले नाम्लो चोर भनी समातेका र मृतकले आफूलाई गाली गर्दै समातेको अवस्थाबाट फुत्कन मृतकलाई पन्छाउँदा घचेटेको वा ठेलेको कारणले मृतक भुइँमा लडी ठोक्किएको स्थिति रहेको छ भने मृतक निमोनियाको रोगले भएको शारीरिक अशक्ततामा चोट थपिएर उपचार गराउँदा पनि ठिक नभएकाले घरमा ल्याई राख्दाको अवस्थामा ४०/४२ दिनको लामो समयपछि मृतक दुर्गाबहादुर बुढाथोकीको मृत्यु हुन गएको देखिन्छ। यसरी मृतक दुर्गाबहादुर बुढाथोकीको मृत्यु हुन गएको वारदातमा प्रतिवादीले मृतकको ज्यान लिनुपर्नेसम्मको पूर्वरिसइवी, लेनदेन आदि मिसिल कागज प्रमाणहरूबाट देखिँदैन । मार्ने नियतबाट कुटपिट गरेको भन्ने पनि कहीँकतैबाट खुल्न आएको पाइँदैन । प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA ले मृतकलाई कुनै वस्तुले प्रहार गरेको भन्ने पनि प्रत्यक्षदर्शी तथा मिसिल संलग्न प्रमाणबाट समेत देखिन आउँदैन भने शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्युको कारण निमोनियाबाट हुन गएको भन्ने देखिन्छ । मृतकको मृत्यु प्रतिवादीले घचेट्दा पर्न गएको चोटको कारणबाट नै भएको नदेखिई निजको मृत्युको कारण निमोनियाको रोगको कारण भएको र यी प्रतिवादी र मृतकका बिच सामान्य विवाद भई धकेलाधकेल हुँदाको अवस्थामा मृतक लड्न गई केही चोट लागेको भए तापनि सो चोट मरणासन्न अवस्थाको भएको र सोही चोटको कारणबाट मृतक दुर्गाबहादुर बुढाथोकीको मृत्यु भएको देखिन आउँदैन । मृतकलाई लाग्न गएको चोट मरणासन्न अवस्थाको नभए पनि निज निमोनियाको रोगी भई मृतकको शरीर अशक्तसमेत भएको कारणले सोमा निजलाई प्रतिवादीले धकेलेको क्रियाबाट निज लडी परेको चोटको असरले मृतकको मृत्यु हुन गएको हुँदा धकेला धकेलको कारणबाट लडी मृतकलाई पर्न गएको चोट नै प्रमुख कारण भएको पुष्टि हुन आउँदैन।

९. मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा रहेको कानूनी व्यवस्थालाई हेर्दा, **"ज्यान लिई इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ"** भन्ने प्रस्ट कानूनी व्यवस्था रहेको पाइन्छ। जसअनुसार (क) ज्यान लिनेसम्मको इविलाग (पूर्व रिसइवी) नभएको, (ख) ज्यान मार्ने नै मनसाय नभएको, (ग) गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको तर कुनै कार्य गर्दा त्यसैद्वारा

मानिस मर्न गएको अवस्थामा भवितव्य ठहर्न जान्छ। यसरी प्रस्तुत मुद्दामा यी प्रतिवादीको मृतकलाई मार्नु नै पर्ने कुनै इविलाग वा पूर्वरिसइवी रहेको देखिँदैन।

१०. भवितव्यको उक्त परिभाषाबाट न्यायिक अभ्यासमा रक्षाशिक्षा वा मृतकको हित गर्ने सम्बन्धमा गुरू / शिक्षकले विद्यार्थीलाई र घरको अभिभावकले परिवारका अन्य सदस्यलाई मनसायरहित तरिकाले सम्झाउने बुझाउने क्रममा केही कार्य गर्दा कोही मर्न गएमा भवितव्यको वारदात हुने गर्दछ। यसरी नै अन्य व्यक्तिहरूबाट कुनै कार्य गर्दा मानिस मर्ला जस्तो नदेखिएको तर सोही कार्यबाट कसैको ज्यान मर्न गएमा पनि भवितव्य हुने गर्दछ । यस्तो वारदातमा मनसाय, योजना तयारी, पूर्वरिसइवी र कार्यको परिणामको पूर्वानुमान नभएको अवस्थामा कसैले कुनै कार्य सावधानीपूर्वक गर्दा र सो कार्यको प्रकृति, अवस्था र परिणाम थाहा हुन नसक्ने अवस्थामा पनि भवितव्यको वारदात र कसुर हुने गर्दछ। यसको निर्धारण वारदातको पृष्ठभूमि, कार्यको प्रकृति, अवस्था, परिस्थिति, मृतक र प्रतिवादीबिचको पूर्वसम्बन्ध, रिसइवी, योजना तयारी, मनसाय इत्यादिको आधारबाट नै हुने गर्दछ।

११. यसै पृष्ठभूमिमा हेर्दा, प्रतिवादीको मृतकप्रति ज्यानै मार्नेसम्मको पूर्वरिसइवी पनि नदेखिएको, ज्यानै मार्ने गरी चोट छाडेको अवस्था पनि नदेखिनुका साथै जोखिमी हतियारसमेत प्रयोग भएको देखिँदैन भने प्रतिवादीको ज्यान मार्ने नियत र ज्यान मार्नेसम्मको कार्यसमेत भएको देखिँदैन । प्रतिवादीको मृतकलाई ज्यानै मार्नेसम्मको मनसाय Mens rea रहेभएको भन्ने देखिन आउँदैन । मार्ने मनसाय तत्त्वको अभावमा पूर्वरिसइवी वा इविलाग नै नभई कुनै साधनको प्रयोग नगरी मौकैमा केही कार्य हुन जाँदा त्यसैको कारणबाट मानिस मर्न गएको देखिन्छ। प्रतिवादीले मृतकलाई ज्यानै मार्ने नियतले जोखिमी हतियारले प्रहार गरेको अवस्था नभई प्रतिवादी र मृतकबिच सामान्य कुरामा विवाद भई मृतकको क्रियाबाट जोगिन प्रतिवादीले मृतकलाई धकेली दिएको देखिन्छ । मृतकले प्रतिवादीलाई नाम्लो चोरको आरोप लगाएको कुराबाट भएको झै-झगडाको क्रियाबाट आफू उन्मुक्त हुन मृतकलाई धकेलेको र सोही कारणबाट मृतकलाई पर्न गएको सोही चोटको कारणबाट मृत्यु भएको नभई मृतकको पोष्टमार्टम प्रतिवेदनबाट मृत्युको कारण निमोनिया रहेको भन्ने देखिएबाट निमोनियाको रोगबाट कमजोर भएको शरीरमा चोट लागेपछि मृतकको मृत्यु भएको भन्ने देखिन आउँछ। निमोनियाको रोगबाट बिरामी भएका मृतकलाई धकेलेर निजको टाउकोमा लाग्न गएको चोट भने मृतकको मृत्युको बहाना बन्न गएको छ। यस्तो अनिच्छित वा अन्जानमा भएको कार्यलाई घटनाको प्रकृतिअनुसार नै विश्लेषण गरी हेर्नुपर्ने हुन्छ। यस स्थितिमा प्रतिवादीले गरेको उल्लिखित कार्यको वारदातको पृष्ठभूमि र परिस्थितिअनुसार प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ र ६ नं. को भवितव्यको वारदातको दायराभित्र नै पर्ने देखिन आउँछ।

१२. यसै सन्दर्भमा यस अदालतबाट **ने.का.प. २०७६, अङ्क ४, नि. नं. १०२४८, अंकित ढकाल विरूद्ध नेपाल सरकार** भएको **कर्तव्य ज्यान** मुद्दामा *"प्रतिवादीको योजना, मनसाय र परिकल्पनाभन्दा बाहिरको अकल्पनीय अकस्मात घटना घट्न गएको अनिच्छित कार्यबाट भएको कसुरलाई गम्भीर कसुर मानी ठुलो दण्ड गरिनु न्यायसम्मत नहुने"* भनी सिद्धान्तसमेत प्रतिपादन भएको छ। प्रस्तुत वारदातमा पनि मृतकलाई मार्न यी प्रतिवादीको कुनै पूर्वयोजना, मनसाय, पूर्वतयारी

र पूर्वरिसइवी आदि केही नभएर अकस्मात घटना घट्न गएको देखिएको अवस्थामा प्रतिवादीको त्यस किसिमको अनिच्छित कार्यबाट घट्न गएको वारदातलाई गम्भीर कसुर मानी निज प्रतिवादीलाई गम्भीर कसुरमा बढी सजाय गरिनु न्यायसम्मत हुने देखिन आउँदैन।

१३. बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) मा **"चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ"** भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दाका प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA को उमेर वारदातका समयमा जम्मा १५ वर्ष २ महिना २० दिन भएको तथ्य मिसिल कागजहरूबाट देखिन आएको छ।

१४. जाहेरवालाको छोरा मृतक दुर्गाबहादुर बुढाथोकीले प्रतिवादीलाई बोलाई, तानी नाम्लोको विषयमा निहुँ खोजी यी प्रतिवादीलाई ठेली लडाई दिएको र पछि निज प्रतिवादी आवेशमा आई जाहेरवालाको छोरा दुर्गाबहादुर बुढाथोकीको गालामा एकपटक हान्दा निज सिमेन्टको ढलान गरेको ठाउँमा ढली सख्त घाइते भएका हुन् भनी मौकामा कागज गरेको देखिन आयो।

१५. यसरी प्रस्तुत मुद्दाका जाहेरवाला वारदातको प्रत्यक्षदर्शी रहेका छैनन् । प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा बयान गर्दासमेत मृतकलाई मार्ने भन्ने नियत राखेको नभई मृतकको नाम्लो हराएको विषयमा प्रतिवादीलाई मृतकले नाम्लो चोर भनेको कारणबाट मृतकले प्रतिवादीलाई समात्दा प्रतिवादी फुत्कन मृतकलाई धकेलेको अवस्थामा निज भुइँमा लड्न गई टाउकोसमेतमा चोट लागेको भन्ने देखिन्छ । प्रतिवादीले मृतकलाई धकेल्दा निज लडी चोट लागेको भन्ने प्रत्यक्षदर्शी भीमबहादुर तामाङ तथा घटना विवरण कागज गर्ने तोर्णबहादुर कार्कीको अदालतसमक्ष भएको बकपत्र एवं मृतकको मृत्यु हुनुपूर्वको घाउ जाँच केस फाराम तथा मृत्युपश्चात्को शव परीक्षण प्रतिवेदन, उक्त प्रतिवेदन दिने चिकित्सकले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट मृतक र प्रतिवादीका बिच ज्यान लिनेसम्मको कुनै पूर्वरिसइवी, मनसाय, योजना केही नरही मृतकको नाम्लो हराएको विषयमा प्रतिवादीलाई नाम्लो चोरको आरोप लगाई समाती तानी ल्याई झगडा हुँदा निजबाट फुत्कन यी प्रतिवादीले मृतकलाई धकेली दिँदा निज भुइँमा लडी टाउकोसमेतमा चोट लागी उपचारको क्रममा निजको मृत्यु भएको भन्ने वारदातको क्रिया मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५/६ नं. विपरीत भवितव्यको कसुरको दायराभित्र नै पर्न आउने देखियो।

१६. अतः उल्लिखित आधार एवम् कारणहरूबाट यी प्रतिवादी परिवर्तित नाम ०६ जि.प्र.का. CMA लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. को कसुरमा ऐ. ६(२) नं. बमोजिम २(दुई) वर्ष कैद सजाय हुनेमा निज प्रतिवादी वारदात हुँदाका बखत १६ वर्ष पूरा नभएको नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) अनुसार आधा सजायको अभियोग दाबी लिएको हुँदा निजलाई सो कैद सजायको आधा १(एक) वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७५।०३।०५ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको अभियोग दाबीबमोजिमको कैद सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न

सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.पुरूषोत्तम भण्डारी

इजलास अधिकृत : मिनबहादुर कुँवर
इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम्।

§ 📖 §

## निर्णय नं. १०६५०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
आदेश मिति : २०७७।४।२३
०७७-WH-०००६

विषयः बन्दीप्रत्यक्षीकरण

निवेदक : विष्णुप्रसाद उपाध्यायको छोरा रूपन्देही जिल्ला, रूद्रपुर गा.वि.स. वडा नं.६ हाल परिवर्तित कञ्चन गाउँपालिका वडा नं.४ घर भई हाल कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा लिखित सम्बन्धित मुद्दामा थुनामा रहेको ओमप्रकाश पौडेल भनिएको ओमप्रकाश उपाध्याय

विरूद्ध

विपक्षी : उच्च अदालत पाटनसमेत

- **जिल्ला अदालतले थुनामा राख्नका लागि ग्रहण गरेका आधार र प्रमाणहरू र सोलाई सदर गर्ने गरी उच्च अदालतबाट भएको आदेश त्रुटिपूर्ण र गैरकानूनी भनी असाधारण अधिकारक्षेत्र ग्रहण गरी बन्दीप्रत्यक्षीकरण जारी गर्नका लागि अदालतहरूले अधिकार क्षेत्रात्मक त्रुटि गरेको, लाग्नै नसक्ने कानूनको आधारमा दायर भएको मुद्दा ग्रहण गरी आदेश गरेको, मिसिलमा हुँदै नभएका प्रमाणहरूलाई ग्रहण गरी आदेश भएको हुनुपर्ने।**

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता मदन रेग्मी
विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री राधिका सुवाल
अवलम्बित नजिर :
सम्बद्ध कानून :
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

आदेश

**न्या.हरिकृष्ण कार्की** : नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम यस अदालतको अधिकार क्षेत्रअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

म रिट निवेदकलाई प्रतिवादी बनाई विपक्षी नेपाल सरकार वादी भई काठमाडौं जिल्ला अदालतमा दायर गरेको संवत् २०७५ सालको मुद्दा नं. ०७५-C१-१८४९ को लिखतसम्बन्धी कसुर

मुद्दामा म स्वयं सम्मानित अदालतमा उपस्थित भई सत्य तथ्य एवं यथार्थ बेहोराको बयान दिँदा पनि काठमाडौं जिल्ला अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) का आधारमा थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी मिति २०७६।९।६ मा आदेश भएबाट मेरो चित्त नबुझेको र बेरितको रहेकोले बदर गरी पाउन उच्च अदालत पाटनमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ का आधारमा निवेदन गर्दा काठमाडौं जिल्ला अदालतबाट भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहन परेन । कानूनबमोजिम गर्नु भन्नेसमेत मिति २०७६।११।८ मा आदेश भई उल्लिखित बेरितपूर्ण, गैरकानूनी आदेशहरूका कारणले म थुनामा रहनु परेको र ती आदेशहरू बदर गरी थुनामुक्त भई मुद्दामा तारेखमा रही पुर्पक्ष गर्न पाउने संविधान एवं कानूनद्वारा प्रदत्त हक, अधिकार प्रचलन गर्ने अन्य वैकल्पिक, प्रभावकारी बाटो नभएकोले सम्मानित अदालतको शरणमा आएको छु । म निवेदकलाई थुनामा राख्ने गरी आदेश भएको उल्लिखित लिखतसम्बन्धी कसुर मुद्दाका अर्का प्रतिवादी शंकर धिताल सञ्चालक रहेको झरना ह्युमन रिसोर्स प्रा.लि. (Jharana Human Resource Pvt. Ltd.) ले कृषी विकास बैंक लि., स्वयम्भु शाखाबाट लिएको कर्जा नवीकरण गर्न पेस गरेको आन्तरिक राजस्व कार्यालय, महाराजगन्जको च.नं. ७८४२ मिति २०७५।१०।२४ को कर चुक्ता प्रमाणपत्र किर्ते रहेको र सो किर्ते काम गर्नमा मेरो संलग्न रहेको भनी सहप्रतिवादी शंकर धिताल, अनिल अधिकारीले बोल गरेको भन्ने कथित आधारले मेराउपरमा मुद्दा चल्न सक्ने तथा अभियोग दायर भएको आधारले थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने हुँदै होइन, छैन । शंकर धिताल सञ्चालक रहेको झरना ह्युमन रिसोर्स प्रा.लि. को लेखापरीक्षक (Auditor) म नभए, नरहेको तथा मैले उक्त कम्पनीको लेखा परीक्षण गर्ने गरेको थिइन, छैन । लेखा परीक्षण गर्ने Auditor (लेखापरीक्षक) T Bhattarai & Associate का टेकराज भट्टराई रहे भएको भन्ने निजले पेस गरेको लेखा परीक्षण प्रतिवेदनबाट देखिई रहेको विद्यमान अवस्थामा मलाई लेखा परीक्षक भनी मबाट कर्जा नवीकरण गर्न कर चुक्ताको प्रमाणपत्र बनाउन लगाएको भन्ने निज सहप्रतिवादीहरूको बोल नै शंकास्पद रहेको र मेरा विरूद्धको प्रमाण हुन नै नसक्नेमा सहप्रतिवादीको बोलको आधार लिई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भनी भएको आदेश सहप्रतिवादीको बोलका आधारले कसैलाई कसुर ठहर गर्न मिल्दैन । सहप्रतिवादी शंकर धिताल सञ्चालक रहेको झरना ह्युमन रिसोर्स प्रा.लि.ले कृषि विकास बैंक, स्वयम्भु शाखामा पेस गरेको कर चुक्ता प्रमाणबारे मलाई कुनै प्रकारको जानकारी थिएन, छैन । मलाई जानकारी नभए, नरहेको विषयमा मेरो संलग्नता थियो भन्न कदापि मिल्दैन । उक्त कार्य मबाट भएको हुँदै होइन, छैन । सो कुरा मैले अदालतसमक्ष बयान गर्दा प्रस्टसँग खुलाएको छु । मबाट किर्ते गर्ने कार्य भएको हो भन्ने कुनै तथ्यगत, वस्तुनिष्ट, शंकारहित तवरको प्रमाण अभियोगसाथ पेस भएको तथा प्रमाणित गरिएको अवस्था छैन । केबल सहप्रतिवादी शंकर धिताल र अनिल अधिकारीले गरेको बयानलाई मात्र आधार लिइएको छ । सो बयान पनि अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गरिएको अवस्था छैन । किर्ते कर चुक्ता प्रमाणपत्र मबाट भएको भन्नलाई उक्त कार्य गर्न प्रयोग गरिएको कुनै चिजवस्तु मबाट बरामद भएको अवस्था छैन । सहप्रतिवादीहरूले मलाई पोल गर्दा मलाई रकम दिएको तथा फाइदा हुने कार्य गरेको भनी भन्न सकिएको अवस्था छैन । लिखतसम्बन्धी कसुर हुन आफूलाई फाइदा हुने कार्य गरेको हुनु पर्दछ । अन्यथा कसुर गरेको भन्न

मिल्दैन । किर्ते कर चुक्ता प्रमाणपत्र बनाउँदा मलाई फाइदा हुने कार्य भएको भनी भन्न नसकिएको अवस्थामा तत्काल प्राप्त प्रमाण भनिएका सहप्रतिवादीहरूको बयान तथा निजहरू संलग्न रहेको कम्पनीको लेखापरीक्षण गर्ने लेखा परीक्षक, फिडीयर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.का सञ्चालक विनोद रखालले गरिदिएको कागजलाई आधार मानी कसुर गर्दै नगरेको म निवेदकलाई तत्काल कसुरदार होइन भन्न नसकिने भनी मुद्दाको पुर्पक्ष गर्न थुनामा राख्ने गरेको आदेश त्रुटिपूर्ण छ । म निवेदकउपर लगाएको अभियोगको सजायको मागदाबीले थुनामा रही मुद्दाको पुर्पक्ष गर्नुपर्ने हुँदै होइन । मुलुकी अपराध संहिता, २०७४ को दफा २७६(३)(ग) ले लिखतसम्बन्धीको कसुर गर्ने कसुरदारलाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना हुने भनिए तापनि सो कानूनी व्यवस्थाको अभियोग लगाई सजायको माग गर्दैमा थुनामा राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने भन्न मिल्दैन । लिखतसम्बन्धी कसुर गरेको हो भन्ने शंकारहित तवरको तथ्यगत, वस्तुनिष्ठ प्रमाण अभियोगसाथ पेस नभएसम्म अदालतले कसैलाई कसुरदार हो कि भनी शंका गर्न तथा अनुमानसम्म गर्न मिल्दैन भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित रहेका छन् । अभियोजन कर्ताले अभियोग लगाउँदा लिएको सजायको मागदाबीको आधार लिई थुनामा नै रही मुद्दाको पुर्पक्ष गर्नुपर्ने भन्ने लिएको आधार ग्रहणले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७, ६८ को मर्म तथा व्याख्याको प्रतिकूल हुनुका साथै ऐ.दफा ६९ को प्रयोगमा बाधा पुग्न जाने देखिँदा बदरभागी छ । अतः उल्लिखित नेपाल सरकार वादी, म निवेदकसमेत प्रतिवादी भएको काठमाडौं जिल्ला अदालतमा विचाराधीन संवत् २०७५ सालको मुद्दा नं.०७५-C१-१८४९ को लिखतसम्बन्धी कसुर मुद्दामा म निवेदकलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।९।६ मा भएको आदेश र सो आदेशलाई परिवर्तन गर्न परेन भनी उच्च अदालत पाटनबाट मिति २०७६।११।८ मा भएको आदेश, सो आदेशहरूसँग सम्बन्धित थुनुवा पुर्जीलगायत अन्य काम, कारबाहीहरू अमान्य, निष्क्रिय तथा बदर गरी म निवेदक हाल थुनामा रहेकोले थुनाबाट छोडी दिनु र मलाई लगाएको अभियोगमा तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु, गराउनु भन्नेसमेत जो चाहिने बेहोराको बन्दीप्रत्यक्षीकरणलगायत उचित न्यायिक उपचार प्रदान गर्न जो चाहिने उपयुक्त आज्ञा, आदेश विपक्षीहरूका नाउँमा जारी गरी न्याय पाउँ भन्नेसमेत बेहोराको निवेदनपत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार, कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक ३(तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७७।४।७ को आदेश ।

विपक्षी रिट निवेदक ओमप्रकाश पौडेल भन्ने ओम उपाध्याय काठमाडौं जिल्ला अदालतको च.नं.३२८९ मिति २०७६।९।६ को पत्रानुसार लिखतसम्बन्धी कसुर मुद्दामा मिति २०७६।९।६ देखि यस कारागारमा थुनामा रही आएका छन् । अधिकारप्राप्त निकाय काठमाडौं जिल्ला अदालतको आदेशले कानूनबमोजिम थुनामा राखिएको हुँदा यस कार्यालयको हकमा उक्त रिट निवेदन खारेजयोग्य

भएकाले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कारागार कार्यालय, जगन्नाथदेवलले यस अदालतमा पेस गरेको लिखित जवाफ।

प्रस्तुत मुद्दाका सहप्रतिवादी शंकर धितालउपर आन्तरिक राजस्व कार्यालय, महाराजगन्ज लाजिम्पाटबाट श्री फिडियर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.को नाममा जारी भएको कर चुक्ता प्रमाणपत्रको कागजात किर्ते गरी श्री झरना ह्युमन रिसोर्स प्रा.लि.को कर चुक्ता प्रमाणपत्र बनाई कृषि विकास बैंक, स्वयम्भू शाखामा रहेको ऋण नवीकरण गर्ने प्रयोजनको लागि पेस गरेको भनी किटानी जाहेरी परी अनुसन्धान कार्य अघि बढाइएकोमा अनुसन्धानको क्रममा प्रतिवादीहरू शंकर धिताल र अनिल अधिकारीको पोलबाट निवेदक प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायसमेतको प्रस्तुत मुद्दामा संलग्न रहेको भनी खुल्न आई यस अदालतबाट पक्राउ अनुमति प्राप्त गरी खोजतलास कार्य गरिएकोमा अनुसन्धानको क्रममा निज प्रतिवादी फरार रही फरारी कायम गरी यस अदालतमा अभियोगपत्र दायर भएकोमा यस अदालतको आदेशानुसार निज प्रतिवादीको नाउँमा जारी भएको ३५ दिने पक्राउ पुर्जी निजको बुबा विष्णुप्रसाद उपाध्यायले बुझी रीतपूर्वक तामेल भएकोमा कानूनबमोजिम थाम्न पाउने १५ दिनको म्याद थमाई निज प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्याय निवेदनसाथ हाजिर भई निजको बयान सम्पन्न भई थुनछेक बहस भई तत्काल प्राप्त प्रमाणबाट निजहरूले आरोपित कसुर गरेका होइनन् भन्न सकिने मनासिब आधार नभएकोले कानूनबमोजिमको थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालय, जगन्नाथदेवल पठाइएकोले निज विपक्षी निवेदक ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायलाई बिना कसुर थुनामा नराखिएको, थुनामा राख्ने कानूनी अख्तियारी भई अख्तियारप्राप्त निकायबाट थुनामा राखिएको र यस काठमाडौं जिल्ला अदालतबाट विपक्षी निवेदक प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायको संविधान प्रदत्त मौलिक हकको हनन् गर्ने काम नभएको अवस्थामा विपक्षी निवेदक ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायको काठमाडौं जिल्ला अदालतसमेतले बेरितपूर्वक थुनामा राखेको भन्ने निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणसमेतको आदेश जारी हुनुपर्ने होइन। यस काठमाडौं जिल्ला अदालतको हकमा निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको तर्फबाट पेस भएको लिखित जवाफ।

यसमा सहअभियुक्त शंकर धितालले यी प्रतिवादीउपर पोल गरेको र सो पोल विनोद रखालको कागजबाट पुष्टि भइरहेकोमा अहिले नै यी निवेदक प्रतिवादी निर्दोष रहेछन् भनी भन्न मिल्ने अवस्था नदेखिँदा पछि थप प्रमाणहरू बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल काठमाडौं जिल्ला अदालतबाट यी निवेदक प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायलाई मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।९।६ मा भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन। कानूनबमोजिम गर्नु भनी मिति २०७६।११।८ गते यस अदालतको संयुक्त इजलासबाट आदेश भएको देखिन्छ। यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य प्रमाण र कानूनको आधारमा संयुक्त इजलासबाट आदेश भएको अवस्थामा यस अदालतको हकमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च

अदालत पाटनको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।

आदेश खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता मदन रेग्मीले सहप्रतिवादी शंकर धिताल सञ्चालक रहेको झरना ह्युमन रिसोर्स प्रा.लि.ले कृषि विकास बैंक, स्वयम्भु शाखामा पेस गरेको कर चुक्ता प्रमाण बारे रिट निवेदकलाई कुनै प्रकारको जानकारीसमेत नभएको हुनाले जानकारी नभए, नरहेको विषयमा निवेदकको संलग्नता थियो भन्न कदापि मिल्दैन। उक्त कार्य निवेदकबाट भएको हुँदै होइन। निवेदकबाट किर्ते गर्ने कार्य भएको हो भन्ने कुनै तथ्यगत, वस्तुनिष्ट, शंकारहित तवरको प्रमाण अभियोगसाथ पेस भएको तथा प्रमाणित गरिएको अवस्था छैन। केवल सहप्रतिवादी शंकर धिताल र अनिल अधिकारीले गरेको बयानलाई मात्र आधार लिइएको छ। सो बयान पनि अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गरिएको अवस्था छैन। किर्ते कर चुक्ता प्रमाणपत्र निवेदकबाट भएको भन्नलाई उक्त कार्य गर्न प्रयोग गरिएको कुनै चिजवस्तु मबाट बरामद भएको अवस्था छैन। सहप्रतिवादीहरूले निवेदकलाई बोल (पोल) गर्दा उनलाई रकम दिएको तथा फाइदा हुने कार्य गरेको भनी भन्न सकिएको अवस्थासमेत छैन। लिखतसम्बन्धी कसुर हुन आफूलाई फाइदा हुने कार्य गरेको हुनु पर्दछ। अन्यथा कसुर गरेको भन्न मिल्दैन। किर्ते कर चुक्ता प्रमाणपत्र बनाउँदा निवेदकलाई फाइदा हुने कार्य भएको भनी भन्न नसकिएको अवस्थामा तत्काल प्राप्त प्रमाण भनिएका सहप्रतिवादीहरूको बयान तथा निजहरू संलग्न रहेको कम्पनीको लेखापरीक्षण गर्ने लेखा परीक्षक, फिडियर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.का सञ्चालक विनोद रखालले गरिदिएको कागजलाई आधार मानी कसुर गर्दै नगरेको निवेदकलाई तत्काल कसुरदार हो भन्न सकिने आधारसमेत नभएकोले मुद्दाको पुर्पक्ष गर्न थुनामा राख्ने गरेको आदेश त्रुटिपूर्ण छ। अतः निवेदकसमेत प्रतिवादी भएको काठमाडौं जिल्ला अदालतमा विचाराधीन संवत् २०७५ सालको मुद्दा नं.०७५-C१-१८४९ को लिखतसम्बन्धी कसुर मुद्दामा निवेदकलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।९।६ मा भएको आदेश र सो आदेशलाई परिवर्तन गर्न परेन भनी उच्च अदालत पाटनबाट मिति २०७६।११।८ मा भएको आदेश, सो आदेशहरूसँग सम्बन्धित थुनुवा पुर्जीलगायत अन्य काम, कारबाहीहरू अमान्य, निष्क्रिय तथा बदर गरी रिट निवेदक हाल थुनामा रहेकोले थुनाबाट छोडी दिनु र निवेदकलाई लगाएको अभियोगमा तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु, गराउनु भन्नेसमेत जो चाहिने बेहोराको बन्दीप्रत्यक्षीकरणलगायत उचित न्यायिक उपचार प्रदान गर्न जो चाहिने उपयुक्त आज्ञा, आदेश विपक्षीहरूका नाउँमा जारी गरी न्याय इन्साफ गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री राधिका सुवालले काठमाडौं जिल्ला अदालतमा विचाराधीन संवत् २०७५ सालको मुद्दा नं.०७५-C१-१८४९ को लिखतसम्बन्धी कसुर मुद्दाका सहअभियुक्त शंकर धितालले यी प्रतिवादीउपर पोल गरेको र सो पोल फिडियर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.का सञ्चालक विनोद रखालको कागजसमेतले पुष्टि भइरहेकोमा अहिले नै यी निवेदक प्रतिवादी निर्दोष रहेछन् भनी भन्न मिल्ने अवस्था नदेखिँदा पछि थप प्रमाणहरू बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल काठमाडौं जिल्ला अदालतबाट यी निवेदक प्रतिवादी

ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायलाई मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) (ख) बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।९।६ मा भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन। कानूनबमोजिम गर्नु भनी मिति २०७६।११।८ गते उच्च अदालत पाटनको आदेश मिलेकै देखिँदा निवेदक ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायको बेरितपूर्वक थुनामा राखेको भन्ने निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणसमेतको आदेश जारी हुनुपर्ने होइन, प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट खारेजयोग्य भएकोले खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्त दुवै पक्षको बहस जिकिरसमेत सुनी प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा, निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, वादी नेपाल सरकार र यी निवेदकसमेत प्रतिवादी भएको काठमाडौं जिल्ला अदालतमा विचाराधीन संवत् २०७५ सालको मुद्दा नं.०७५-C१-१८४९ को लिखतसम्बन्धी कसुर मुद्दामा यी निवेदकलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।९।६ मा भएको आदेश र सो आदेशलाई परिवर्तन गर्न परेन भनी उच्च अदालत पाटनबाट मिति २०७६।११।८ मा भएको आदेश, सो आदेशहरूसँग सम्बन्धित थुनुवा पुर्जीलगायत अन्य काम, कारबाहीहरू अमान्य, निष्क्रिय तथा बदर गरी म निवेदक हाल थुनामा रहेकोले थुनाबाट छोडी दिनु र मलाई लगाएको अभियोगमा तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु, गराउनु भन्नेसमेत जो चाहिने बेहोराको बन्दीप्रत्यक्षीकरणलगायत उचित न्यायिक उपचार प्रदान गर्न जो चाहिने उपयुक्त आज्ञा, आदेश विपक्षीहरूका नाउँमा जारी गरी न्याय पाउँ भन्ने रिट निवेदनको बेहोरा रहेको देखिन्छ।

३. विपक्षी रिट निवेदक ओमप्रकाश पौडेल भन्ने ओम उपाध्याय अधिकारप्राप्त निकाय काठमाडौं जिल्ला अदालतको च.नं.३२८९ मिति २०७६।९।६ को पत्रानुसार लिखतसम्बन्धी कसुर मुद्दामा मिति २०७६।९।६ देखि यस कारागारमा थुनामा रही आएका हुँदा कानूनबमोजिम नै यी रिट निवेदकलाई थुनामा राखिएकोले यस कार्यालयको हकमा उक्त रिट निवेदन खारेजयोग्य भएकाले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कारागार कार्यालय, जगन्नाथदेवलको लिखित जवाफ परेको देखिन्छ।

४. त्यसैगरी, निवेदक ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायसमेतको कर चुक्ता प्रमाणपत्रको कागजात किर्ते गर्ने कार्यमा संलग्न रहेको भनी खुल्न आई तत्काल प्राप्त प्रमाणबाट निजले आरोपित कसुर गरेका होइनन् भन्न सकिने मनासिब आधार नभएकोले कानूनबमोजिमको थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालय, जगन्नाथदेवल पठाइएकोले निज विपक्षी निवेदक ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायलाई बिना कसुर थुनामा नराखिएको, थुनामा राख्ने कानूनी अख्तियारी भई अख्तियारप्राप्त निकायबाट थुनामा राखिएको र यस काठमाडौं जिल्ला अदालतबाट विपक्षी निवेदक प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायको संविधान प्रदत्त मौलिक हकको हनन गर्ने काम नभएको अवस्थामा विपक्षी निवेदक ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणसमेतको आदेश जारी हुनुपर्ने होइन, प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको तर्फबाट लिखित जवाफ पेस भएको देखिन्छ।

५. सहअभियुक्त शंकर धितालले यी प्रतिवादीउपर पोल गरेको र सो पोल विनोद रखालको कागजबाट पुष्टि भइरहेकोमा अहिले नै यी निवेदक प्रतिवादी निर्दोष रहेछन् भनी भन्न मिल्ने अवस्था नदेखिँदा पछि थप प्रमाणहरू बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल काठमाडौं जिल्ला अदालतबाट यी निवेदक प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायलाई मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।९।६ मा भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन। कानूनबमोजिम गर्नु भनी मिति २०७६।११।८ गते यस अदालतको संयुक्त इजलासबाट आदेश भएको देखिन आएकोले यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य प्रमाण र कानूनको आधारमा यस अदालतबाट आदेश भएको अवस्थामा यस अदालतको हकमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन, प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको लिखित जवाफ परेको देखिन्छ।

६. अब यस परिप्रेक्ष्यमा, निज निवेदकलाई गैरकानूनी थुनामा राखिएको छ छैन, भन्ने सम्बन्धमा विचार हुनुपर्ने देखियो। कुनै पनि बन्दीप्रत्यक्षीकरणको आदेश बन्दीलाई गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने मागको आधारमा चल्ने हो। यसमा थुनाको कानूनी वैधता मात्र परीक्षण गरिने हुँदा रिट निवेदकलाई थुनामा राखिएको कार्य गैरकानूनी हो वा होइन भन्ने विषयमा मात्र सीमित रही आदेश गर्नुपर्ने हुन्छ। सो सम्बन्धमा विचार गर्दा, निवेदकउपर चलेको लिखतसम्बन्धी कसुर मुद्दामाको तथ्यगत अवस्थाको संक्षिप्त उल्लेखन हुन सान्दर्भिक हुन्छ। प्रस्तुत मुद्दामा निवेदक प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायसमेत उपर अभियोगपत्र दायर भएकोमा प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्याय फरार रहेकोमा निजको नाउँमा अदालतबाट जारी ३५ दिने पक्राउ पुर्जी निजका एकाघरका बाबुले बुझी तामेल भएको मितिले कानूनले थाम्न पाउने १५ दिनको म्याद थमाई आफैँ निवेदनसाथ हाजिर हुन आएका निज प्रतिवादीको बयान कार्यसम्पन्न भई थुनछेक प्रयोजनका लागि इजलाससमक्ष पेस हुँदा झरना ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक शंकर धिताल र सोही कम्पनीका कर्मचारी अनिल अधिकारीले उक्त प्रा.लि.का सञ्चालक शंकर धितालले कृषि विकास बैंकबाट लिएको रू.४० लाख ऋणको नवीकरण गर्ने सम्बन्धमा आ.व.०७४/७५ मा उक्त कम्पनीको यी प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायले लेखा परीक्षण गरेकोमा निजबाट कर चुक्ता प्रमाणपत्र लिई बैंकमा पेस गर्न जाँदा उक्त कर चुक्ता प्रमाणपत्र किर्ते रहेको थाहा हुन आएको भनी मौकामा पोलयुक्त बयान गरेकामा उक्त कर चुक्ता प्रमाणपत्र फिडियर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.को रहेकाले उक्त प्रमाणपत्र किर्ते रहेकोले प्रतिवादीहरू शंकर धिताल र अनिल अधिकारीलाई कारबाही हुन किटानी जाहेरी परेको देखियो। निज प्रतिवादीहरू शंकर धिताल र अनिल अधिकारीले निज ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायले दिएको कर चुक्ता प्रमाणपत्र नै बैंकमा पेस गरेको हो। सो प्रमाणपत्र के कहाँ कसरी बनाए निज ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायलाई नै थाहा होला भन्नेसमेतको पोल गरी यस अदालतमा बयान गरेको, बैंकमा पेस गरेका कर चुक्ताको प्रमाणपत्र आन्तरिक राजस्व कार्यालय, महाराजगन्ज लाजिम्पाटबाट जारी नगरिएको फिडियर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि. को नाउँमा जारी पत्र देखिएको भन्ने उक्त कार्यालयको

मिति २०७५।११।२७ को पत्र मिसिल सामेल रही मौकामा बुझिएका फिडियर्स ट्राभल्स एण्ड टुर्स प्रा. लि.का सञ्चालक विनोद रखालले ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायले नै आफू सञ्चालक रहेको फिडियर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.को ३ वर्षको लेखापरीक्षण गरेको र निजले नै प्रतिवादी शंकर धितालसमेतसँग मिलेमतो गरी श्री झरना ह्युम्यान रिसोर्स प्रा.लि.को नाममा जारी भएको देखिने गरी मेरो कम्पनीको कर चुक्ता प्रमाणपत्रलाई किर्ते गरी बैंकमा पेस भएको हो भन्नेसमेतको बेहोराको कागज गरिदिएको, सहप्रतिवादीहरूले अदालतमा समेत यी प्रतिवादीलाई पोल गरी बयान गरेको, सहप्रतिवादी शंकर धितालले मौकामा यी प्रतिवादीसमेतको सहभागितामा उक्त किर्ते प्रमाणपत्र तयार गरी पेस गर्नु भनी अर्का प्रतिवादी अनिल अधिकारीलाई भनेको हुँ भन्नेसमेतको बेहोरा लेखाएकोसमेतका उल्लिखित तत्काल प्राप्त आधार प्रमाणबाट यी प्रतिवादी अभियोग मागदाबीबमोजिमका कसुरदार होइनन् भनी विश्वस्त हुन सकिने अवस्था देखिन नआएको र सहप्रतिवादीहरू थुनामै रहेको अवस्था तथा यी प्रतिवादीउपरको कसुर तथा निजलाई हुन सक्ने सजायसमेतलाई विचार गरी पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा यी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) का आधारमा थुनामा राखी मुद्दा पुर्पक्ष गर्न ऐ.को दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा पठाइदिनू भनी मिति २०७६।९।६ मा काठमाडौं जिल्ला अदालतबाट थुनछेक आदेश भएकोमा सो थुनछेक आदेश बेरितको हुँदा बदर गरिपाउँ प्रतिवादी ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम श्री उच्च अदालत पाटनमा निवेदन दिएकोमा उच्च अदालत पाटनबाट समेत मिति २०७६।९।६ गते भएको जिल्ला अदालतको आदेश सदर भएको देखिन्छ।

७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को देहाय (ख) मा "तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसुरको अभियोग लागेमा अभियुक्तलाई कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्ने छ।" भन्ने व्यवस्था भएको पाइन्छ। प्रस्तुत लिखतसम्बन्धी कसुर मुद्दामा झरना ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक शंकर धितालले कृषि विकास बैंकबाट लिएको रू.४० लाख ऋणको नवीकरण गर्ने प्रयोजनका लागि निज रिट निवेदक ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायले कर चुक्ता प्रमाणपत्र किर्ते गरी बैंकमा बुझाएको अभियोगमा ऐ. संहिताको दफा २७६(३)(ग) बमोजिम निजलाई सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना हुने अभियोग मागदाबी रहेको देखिन्छ। ऐ. संहिताको दफा २७६(३)(ग) अनुसूची -१ मा समावेश भएको कसुर भएको देखिन्छ। यसरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को देहाय (ख) बमोजिम निज रिट निवेदक ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्यायले अभियोग मागदाबीबमोजिमको कसुरमा निजलाई पुर्पक्षको लागि थुनामा राख्न कानूनी रूपमा मिल्ने नै देखिन्छ। अब निवेदकले आफूले लेखा परीक्षण नै नगरेको हुँदा सहअभियुक्तहरूले मैले लेखा परीक्षण गरेको भनी गरेको पोल खण्डित भइरहेको हुँदा सो सहअभियुक्तको पोललाई प्रमाणमा ग्रहण गरी पुर्पक्षको निम्ति थुनामा राख्ने गरी जिल्ला अदालतबाट भएको आदेश र सोही आदेशलाई सदर गर्ने गरी भएको उच्च अदालतको आदेश त्रुटिपूर्ण रही मेरो थुना गैरकानूनी छ भनी लिएको निवेदन

जिकिरतर्फ विचार गर्दा, जिल्ला अदालतले थुनामा राख्नका लागि ग्रहण गरेका आधार र प्रमाणहरू र सोलाई सदर गर्ने गरी उच्च अदालतबाट भएको आदेश त्रुटिपूर्ण र गैरकानूनी भनी असाधारण अधिकारक्षेत्र ग्रहण गरी बन्दीप्रत्यक्षीकरण जारी गर्नका लागि ती अदालतहरूले अधिकार क्षेत्रात्मक त्रुटि गरेको, लाग्नै नसक्ने कानूनको आधारमा दायर भएको मुद्दा ग्रहण गरी आदेश गरेको, मिसिलमा हुँदै नभएका प्रमाणहरूलाई ग्रहण गरी आदेश भएको हुनुपर्दछ । प्रस्तुत मुद्दामा किर्ते प्रमाणपत्र भएको तथ्यमा साबित भई सो प्रमाण निवेदकले उक्त किर्ते गरिएको भनेको कर चुक्ता प्रमाणपत्र लगाएको भनी पोल गरेको भन्ने तथ्यलाई हाल प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भनी असाधारण अधिकारक्षेत्रको माध्यमबाट हस्तक्षेप गर्दा जिल्ला अदालतले मुद्दा अन्तिम किनारा गर्दा अन्य प्रमाणहरूको विवेचनासमेत गरी सहअभियुक्तको पोल ग्रहणयोग्य छ वा छैन भनी निष्कर्षमा पुग्ने कार्यमा प्रतिकूल असर पुग्न जान्छ । यसरी जिल्ला अदालतले कानूनबमोजिम सम्पन्न गर्नुपर्ने काम कारबाहीमा असर पुग्ने गरी असाधारण अधिकारक्षेत्रको प्रयोग गर्न मिल्ने देखिँदैन।

८. यसर्थ, माथि विभिन्न खण्डमा गरिएको विश्लेषणको आधारमा पछि ठहरबमोजिम हुने नै हुँदा भनी निवेदकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) का आधारमा थुनामा राखी मुद्दा पुर्पक्ष गर्न ऐ.को दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंमा पठाइदिनु भनी मिति २०७६।९।६ मा काठमाडौं जिल्ला अदालतबाट भएको थुनछेक आदेशलाई मिति २०७६।११।०८ मा उच्च अदालत पाटनबाट सदर गर्ने गरी भएको आदेशलाई गैरकानूनी भन्न मिलेन । यसरी रिट निवेदक मुद्दा पुर्पक्षको क्रममा कानूनी रूपमा थुनामा रहेको देखिँदा सो कैद गैरकानूनी नभई कानूनबमोजिम नै भएको देखिन आयो।

९. अतः माथि उल्लिखित आधार र कारणबाट रिट निवेदक ओमप्रकाश पौडेल भन्ने ओमप्रकाश उपाध्याय गैरकानूनी रूपमा थुनामा रहेको नदेखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। साथै काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको संवत् २०७५ सालको मुद्दा नं. ०७५-C१-१८४९ को लिखतसम्बन्धी कसुर मुद्दाको सम्पूर्ण प्रक्रिया पुऱ्याई यथाशक्य चाँडो सुनुवाइ गरी मुद्दाको किनारा लगाउनु भनी काठमाडौं जिल्ला अदालतलाई लेखी पठाउनु र प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.प्रकाशमान सिंह राउत

इजलास अधिकृत: नवीनकुमार यादव
इति संवत् २०७७ साल साउन २३ गते रोज ६ शुभम्।

## निर्णय नं. १०६५१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री कुमार रेग्मी
आदेश मिति : २०७७।७।२४
०७७-WH-००९८

मुद्दाः- बन्दीप्रत्यक्षीकरण

निवेदक : हुम्ला जिल्ला, नाम्खा गाउँपालिका वडा नं. ६ स्थित स्थायी ठेगाना भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ६ बस्ने हाल कारागार कार्यालय, धुन्चे रसुवामा थुनामा राखी बन्दी बनाइएको कुन्जोक छिरिङ तामाङको हकमा कानून व्यवसायी अधिवक्ता डिलहरी शर्मा

विरूद्ध

विपक्षी : कारागार कार्यालय, धुन्चे, रसुवासमेत

- **बन्दीप्रत्यक्षीकरणको रिटबाट अदालत वा मुद्दा हेर्न कुनै निकायमा विचाराधीन मुद्दाको तथ्यभित्र प्रवेश गरी विवादित विषयमा प्रमाणसमेत बुझी केलाई ती अदालत वा निकायले गर्ने फैसलामा नै प्रभाव पार्ने गरी औचित्यताको खोजी गर्ने कार्य गरिँदैन । बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तरिकाबाट थुनामा राखिएको भएमा बन्दीलाई थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिने ।**
- **स्वच्छ सुनुवाइ गर्नुपर्ने दायित्त्व हरेक तहको अदालतमा रहन्छ । न्यायिक स्वायत्तता मर्ने गरी तल्लो तहमा विचाराधीन मुद्दामा हस्तक्षेप गर्नु उचित हुँदैन । त्यसो गर्दा न्यायिक निकायहरूको तहगत सोपान खलबलिन जान्छ । सबै तहका अदालतले सक्षमतापूर्वक सुनुवाइ गरी विवादहरूको निरूपण गर्छन् भन्ने विश्वास सर्वोच्च अदालतले राख्नुपर्छ । सर्वोच्च अदालत अन्तिम तहको न्यायकर्ता हुँदा सबै तहका अदालतले न्याय गर्छन् भन्ने कुरालाई यसले चनाखोपूर्वक हेर्ने हो, हरेक तहमा हस्तक्षेप गर्ने होइन ।**

(प्रकरण नं.११)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताद्वय श्री डिलहरी शर्मा र श्री चिरञ्जिवी कोइराला
विपक्षीका तर्फबाट : विद्वान् नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयय र विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई
अवलम्बित नजिर :
- ने.का.प. २०६८, अङ्क ८, नि.नं. ८६६५

सम्बद्ध कानून :
- *नेपालको संविधान*
- *मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४*
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

आदेश

**न्या.डा.आनन्दमोहन भट्टराई :** नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकारभित्र दायर भएको

प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य खण्ड एवं आदेश खण्ड यस प्रकार छ:

तथ्य खण्ड

रसुवा जिल्ला अदालतमा कारबाही चलिरहेको वादी नेपाल सरकार प्रतिवादी कुन्जोक लामासमेत भएको अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको ०७६-C२-०००५ नं. को मुद्दामा कुन्जोक छिरिङ तामाङलाई गैरसंवैधानिक र गैरकानूनी किसिमले थुनामा राखी बन्दी बनाइएको छ। उक्त ०७६-C२-०००५ नं. को मुद्दामा प्रतिवेदन, बरामदी तथा खानतलासी मुचुल्कासमेतका कागजपत्रहरूमा कुन्जोक छिरिङ तमाङको नाम उल्लेख छैन। उक्त कागजपत्रहरूमा कुन्जोक लामाको नाम उल्लेख छ। कुन्जोक लामा र कुन्जोक छिरिङ तामाङ एउटै व्यक्ति नभई फरक-फरक व्यक्ति हुन्। अभियोगपत्रमा समेत कुन्जोक छिरिङ तामाङको नाम उल्लेख भएको छैन। अदालतमा बयान गर्दा कुन्जोक छिरिङ तामाङले आफ्नो नाम कुन्जोक छिरिङ तामाङ लेखेको अवस्था छ। कुन्जोक लामा भन्ने मानिस कुन्जोक छिरिङ तमाङ होइन भन्ने कुरा नाम्खा गाउँपालिका वडा नं. ६ को कार्यालयको मिति २०७७।६।१९ को प्रमाणित कागजले पुष्टि गरेको छ। म कुन्जोक लामा नभएको पुष्टि कुन्जोक छिरिङ तामाङको नागरिकताको प्रमाणपत्र जिल्ला प्रशासन कार्यालय, हुम्लाबाट झिकाई हेरिएमा पनि स्पष्ट हुन्छ। उक्त आखेटोपहार मुद्दामा प्रतिवादी कुन्जोक लामाको वतन तिब्बत देखाइएको छ। म नेपाली नागरिक कुन्जोक छिरिङ तामाङलाई जबरजस्ती पक्राउ गरी अनुसन्धान ब्युरोले आफ्नो प्रहरी नियन्त्रणमा राखी म लेखपढ गर्न नजान्ने निरक्षर व्यक्तिलाई उनाउ व्यक्ति म नै हुँ भनी कागज गराई सहीछाप गराएकै भरमा अवैध आखेटोपहार ओसारपसार मुद्दाको प्रतिवादी हो भनी थुनछेक गरी थुनामा राख्ने कार्य त्रुटिपूर्ण रहेको छ। यसपूर्व ३ वर्षअघि पनि अनुसन्धान ब्युरोले मलाई प्रस्तुत मुद्दाका सम्बन्धमा सोधपुछको लागि बोलाई उक्त मुद्दाको प्रतिवादी नभएको भनी छोडिएको थियो।

मुद्दाका सहप्रतिवादीहरूमध्येका बलराम श्रेष्ठले मेरो मोबाइल नं. ९८५१०३८३३३ टिपाएकै आधारमा मलाई दोषी करार गर्न मिल्ने पनि होइन। मेरो व्यक्तिगत विवरणसम्बन्धी नागरिकतासमेतका प्रमाण हेरी व्यक्ति पहिचान गर्नुपर्ने हुन्छ। सहप्रतिवादीसँग अवैध सामान बरामद हुनु र नहुनुसँग मेरो कुनै सरोकार छैन। मबाट कुनै अवैध सामान बरामद भएको पनि छैन। जसले कुन्जोक लामालाई चिनेका छौं भनी हुलिया दिएका छन्। निजबाट म निवेदक कुन्जोक छिरिङ तामाङ नै कुन्जोक लामा हो भनी सनाखत गराइएको छैन। व्यक्तिको पहिचान नखुलेको अवस्थामा सफाइ पाउने भनी राजिव गुरुङ विरूद्ध नेपाल सरकारको मुद्दामा सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ। निवेदक कुन्जोक छिरिङ तामाङ रसुवा जिल्ला अदालतको ०७६-C२-०००५ को अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दाको प्रतिवादी कुन्जोक लामा नभई अर्कै व्यक्ति भएकोमा प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरी रसुवा जिल्ला अदालतले उक्त मुद्दामा मिति २०७७।३।१४ मा बेरितपूर्वक थुनछेक गरी कारागार कार्यालय धुन्चे रसुवामा थुनामा राखेको कार्य त्रुटिपूर्ण हुँदा वर्तमान समयमा कोरोना भाइरसको सङ्क्रमण फैलिएको अवस्थासमेतलाई मध्यनजर गरी रसुवा जिल्ला अदालतको मिति २०७७।३।१४ को आदेश बदर गरी निवेदक कुन्जोक छिरिङ तामाङलाई थुनामुक्त गर्नु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३ र ३५(क) बमोजिम बन्दीप्रत्यक्षीकरणको

आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको कुन्जोक छिरिङ तामाङको हकमा कानून व्यवसायी अधिवक्ता डिलहरी शर्माले यस अदालतमा मिति २०७७।७।२ मा पेस गरेको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक ३ (तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०७७।७।३ मा यस अदालतको आदेश।

रिट निवेदकले रिट निवेदनमा जुनसुकै बेहोरा उल्लेख गरेको भएपनि अधिकारप्राप्त अधिकारीको लिखित आदेश बिना यस कार्यालयलाई कुनैपनि व्यक्तिलाई थुनामा राख्ने र थुनामुक्त गर्ने अधिकार नभएको, सम्मानित रसुवा जिल्ला अदालतको च.नं. मिति २०७७।३।१४ गतेको थुनुवा पुर्जीसहित थुनामा राख्न पठाइएका निज निवेदक सोही दिनदेखि यस कारागार कार्यालयमा थुनामा रहेको हुँदा सम्मानित अदालतको आदेशबमोजिम थुनामा रहेको अवस्थालाई कानूनविपरीत थुनामा राखेको भन्ने रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कारागार कार्यालय, रसुवाको मिति २०७७।७।६ को लिखित जवाफ।

दुर्गाबक्स गणको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी निवेदक कुन्जोक लामा भन्ने कुन्जोक छिरिङ तामाङसमेत भएको ०७६-C२-०००५ नं. को अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दा लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालयको च.नं.६९८ मिति २०७७।३।१४ को पत्रले अभियोग पत्रसाथ उपस्थित गराइदिएका यी निवेदक प्रतिवादीको बयान कार्य सम्पन्न भई मिसिल संलग्न तत्काल प्राप्त कागज प्रमाणको मूल्याङ्कन गरी मुद्दा पुर्पक्षको लागि निवेदकलाई थुनामा राख्ने गरी मिति २०७७।३।१४ मा यस अदालतबाट भएको आदेशबमोजिम निवेदक थुनामा रहनु भएको हो। यसरी यस अदालतमा दायर हुन आएको उल्लिखित मुद्दाको पुर्पक्षको सिलसिलामा यस अदालतको आदेशानुसार यी निवेदक कानूनबमोजिम थुनामा रहनु भएको हुँदा उल्लिखित थुनालाई गैरकानूनी थुना भन्न मिल्ने नदेखिएको र निवेदकलाई थुनामा राख्ने कार्य कानूनसम्मत नै देखिँदा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७७।७।५ मा रसुवा जिल्ला अदालतको लिखित जवाफ।

वादी नेपाल सरकार प्रतिवादी मिङ्मार छिरिङ तामाङसमेत भएको अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको थुनामा फरार अभियुक्त कन्जोक लामालाई प्रकाउ गरी आवश्यक सहयोग गरिदिनु हुन भनी लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालयको च.नं. २३० मिति २०६९।३।२० गतेको पत्र यस ब्युरोमा प्राप्त हुन आएकोले पत्रसँग सम्बन्धित कागजपत्रमा तत्काल पक्राउ प्रतिवादी बलराम श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मुद्दामा संलग्न रहेको प्रतिवादीको नाम कुन्जोक लामा ठेगाना काठमाडौं बौद्ध र निजले प्रयोग गर्ने मोबाइल नं. ९८५१०३८३३३ भनी खुलाई दिएका छन्। यी निवेदकलाई पक्राउ गर्दा सोही नं. को मोबाइल लिएको, यी निवेदकको नागरिकतामा बाबुको थर लामा लेखेको, निज रिट निवेदकले आफूलाई गाउँघरमा कुन्जोक लामा भनी चिन्ने गरेको

र वास्तविक नाम कुन्जोक छिरिङ तामाङ भएको, ठेगाना हुम्ला जिल्ला साबिक लिमी गा.वि.स. वडा नं. ४ हाल नाम्खा गाउँपालिका वडा नं. ६ भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध बस्ने र मोबाइल नं. ९८५१०३८३३३ प्रयोग गर्दै आएको भनी खुलाएको हुँदा कुन्जोक लामा भनेर चिनिने कुन्जोक छिरिङ तामाङ फरक व्यक्ति नभई एउटै व्यक्ति भएको स्पष्ट हुन आएको छ। यी निवेदकको थरसम्म फरक परेको आधारमा निजले कसुर अपराधबाट बच्न सक्ने अवस्था हुँदा निजलाई पक्राउ गरी लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवामा दाखिल गरेको र रिट निवेदकलाई अधिकारप्राप्त निकाय वा अधिकारीको आदेशले कानूनबमोजिम थुनामा राखिएको हुनाले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो काठमाडौंको मिति २०७७।७।५ को लिखित जवाफ।

यस अदालतको आदेश

नियमबमोजिम पेसी सूचीमा चढी निर्णायार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री डिलहरी शर्मा र श्री चिरञ्जिवी कोइरालाले रसुवा जिल्ला अदालतमा विचाराधीन ०७६-C२-०००५ नं. को अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दाको प्रतिवादी कुन्जोक लामा र प्रस्तुत रिटका निवेदक कुन्जोक छिरिङ तामाङ एउटै व्यक्ति नभई फरक-फरक व्यक्ति हुन् । सोतर्फ रिट निवेदकको नागरिकताको प्रमाणपत्र र सम्बन्धित गाउँपालिका वडा कार्यालयको फरक व्यक्ति रहेको भन्ने पत्रबाट पुष्टि भएको छ। उक्त मुद्दामा कुन्जोक छिरिङ तामाङबाट कुनै अवैध आखेटोपहार बरामद भएको छैन । किटानी जाहेरी, प्रतिवेदन छैन। केवल सहप्रतिवादी बलराम श्रेष्ठले चाइना घर ठेगानाका कुन्जोक लामा भन्ने व्यक्तिलाई पोल गरेको आधारमा अर्कै व्यक्ति रिट निवेदक कुन्जोक छिरिङ तामाङलाई पक्राउ गरी प्रहरीमा जबरजस्ती कागज गराई अदालतमा पेस गरी रसुवा जिल्ला अदालतमा रिट निवेदकले आफू उक्त मुद्दाको प्रतिवादी कुन्जोक लामा भन्ने व्यक्ति होइन भन्दाभन्दै पनि रसुवा जिल्ला अदालतले थुनामा राख्ने आदेश गरेकोले अर्कै उनाउ व्यक्तिले गरेको कसुरका सम्बन्धमा निवेदकलाई थुनामा राख्ने कार्यले रिट निवेदकको वैयक्तिक स्वतन्त्राको अपहरण भई गैरकानूनी रूपमा बन्दी जीवन बिताउनु परेको हुनाले विपक्षीहरूका नाममा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी रिट निवेदक कुन्जोक छिरिङ तामाङलाई थुनामुक्त गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

रिट निवेदनका विपक्षी रसुवा जिल्ला अदालतसमेतको तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयय र विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले जिल्ला अदालतमा सामान्य अधिकारक्षेत्रअन्तर्गत थुनछेकको आदेशबाट पुर्पक्षको लागि थुनामा रहेका व्यक्तिको थुनाको वैद्यता सामान्य अधिकारक्षेत्रबाट नै विचार गरी हेर्ने विषय हुँदा त्यस्तो विषयमा असाधारण अधिकारक्षेत्र आकर्षित हुन सक्दैन । यी रिट निवेदकउपर रसुवा जिल्ला अदालतमा अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दा विचाराधीन रहेको छ। उक्त मुद्दामा प्रतिवादीको नाम कुन्जोक लामासम्म उल्लेख भएको हुँदा यी निवेदकको नाम नै फरक परेको होइन । नागरिकतामा तामाङ थर उल्लेख हुँदैमा नाम फरक रहेको भन्न मिल्दैन। यी निवेदकले अनुसन्धान अधिकारीसमक्ष गाउँघरमा कुन्जोक लामा भनी बोलाउछन् नागरिकताको नाम

कुन्जोक छिरिङ तामाङ हो भनी कागज गरेका छन् । सहप्रतिवादी बलराम श्रेष्ठले यी निवेदकलाई पोल गरी यी निवेदकले प्रयोग गर्ने मोबाइल नं. ९८५१०३८३३३ खुलाई बयान गरेका छन् । उक्त नं. को मोबाइल यिनै निवेदकले प्रयोग गरेको अवस्था छ । यी निवेदकको सवारी चालक अनुमति पत्रमा पिताको नाम कुन्चोक लामा उल्लेख भएबाट लामा र तामाङ एउटै जाति तथा थर भएको स्पष्ट छ । कुन्जोक लामा र कुन्जोक छिरिङ तामाङ भन्ने व्यक्ति एउटै भएको तथ्य रसुवा जिल्ला अदालतमा विचाराधीन अवैध रूपमा आखेटोपहार ओसारपसार मुद्दाको मिसिल संलग्न कागजबाट देखिई तत्काल प्राप्त प्रमाणबाट आरोपित कसुरका सम्बन्धमा पुर्पक्षको लागि थुनामा राख्नुपर्ने देखिई रसुवा जिल्ला अदालतले यी निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्न पठाएकोमा साधारण अधिकारक्षेत्रबाट क्रमिक उपचारको मार्ग अवलम्बन नगरी दायर भएको प्रस्तुत रिट निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

उल्लिखित दुवैतर्फको विद्वान्‌हरूको बहस सुनी मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनामुक्त गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा नै निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, रिट निवेदकले प्रस्तुत रिट निवेदनमा रसुवा जिल्ला अदालतमा विचाराधीन वादी नेपाल सरकार प्रतिवादी कुन्जोक लामासमेत भएको ०७६-C२-०००५ नं. को अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दामा असम्बन्धित व्यक्ति रिट निवेदक "कुन्जोक छिरिङ तामाङ" लाई "कुन्जोक लामा" भनी पक्राउ गरी प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोमा जबरजस्ती कागजसमेत गराई रसुवा जिल्ला अदालतमा पेस गरी रिट निवेदकलाई पुर्पक्षको लागि कारागार कार्यालय धुन्चे रसुवामा थुनामा राख्ने गरी रसुवा जिल्ला अदालतबाट मिति २०७७।३।१४ मा आदेश भई हाल गैरकानूनी रूपमा थुनामा राखिएको छ । रिट निवेदक "कुन्जोक छिरिङ तामाङ" र ०७६-C२-०००५ नं. को मुद्दाका प्रतिवादी "कुन्जोक लामा" फरक व्यक्ति रहेको तथा रिट निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम कुन्जोक छिरिङ तामाङ लेखिएबाट स्पष्ट भएको हुँदा निवेदकलाई थुनामा राख्ने गरी रसुवा जिल्ला अदालतबाट मिति २०७७।३।१४ मा भएको त्रुटिपूर्ण आदेश बदर गरी निवेदकलाई थुनामुक्त गर्नेगरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी माग गरेको देखिन्छ ।

३. विपक्षी प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोसमेतको लिखित जवाफ हेर्दा वादी नेपाल सरकार प्रतिवादी मिङमार छिरिङ तामाङसमेत भएको अवैध रूपमा आखेटोपहार ओसारपसार मुद्दामा फरार प्रतिवादी कुन्जोक लामाको कसुरमा संलग्नता भई निजको मोबाइल नं. ९८५१०८३३३ रहेको, रिट निवेदकले अनुसन्धान अधिकृतसमक्ष कागज गर्दा आफ्नो गाउँघरमा बोलाउने नाम कुन्जोक लामा र नागरिकताको नाम कुन्जोक छिरिङ तामाङ रहेको भनी उल्लेख गरेको, निजको सवारी चालक अनुमतिपत्रमा पिताको नाम कुन्चोक लामा भनी उल्लेख गरेको हुँदा तामाङ र लामा फरक लेखिएपनि कुन्जोक लामा र कुन्जोक छिरिङ तामाङ भन्ने व्यक्ति एउटै हुँदा निजलाई पक्राउ गरी अवैध रूपमा आखेटोपहार मुद्दामा रसुवा जिल्ला अदालतबाट तत्काल प्राप्त प्रमाणका आधारमा पुर्पक्षको लागि थुनामा राख्ने गरी मिति २०७७।३।१४ मा भएको आदेशानुसार कुन्जोक लामा भन्ने कुन्जोक छिरिङ

तामाङलाई कारागार कार्यालय धुन्चे रसुवामा थुनामा राखिएको हो । गैरकानूनी रूपमा थुनामा राख्ने कार्य नभएकोले रिट निवेदन खारेज गरिपाउँ भनी उल्लेख गरेको पाइयो ।

४. प्रस्तुत रिट निवेदनमा निवेदकको निवेदन बेहोरा, विपक्षीतर्फको लिखित जवाफको बेहोरा एवम् सो साथ पेस हुन आएको अन्य कागजातहरू हेर्दा श्री दुर्गाबक्स गणको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी कुन्जोक लामासमेत भएको अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दामा फरार प्रतिवादी कुन्जोक लामालाई पक्राउ गरिदिनु हुन भनी लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६९।३।२० गते भएको पत्राचारबमोजिम प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो महाराजगञ्जले फरार प्रतिवादी कुन्जोक लामा र यी रिट निवेदक कुन्जोक छिरिङ तामाङ एउटै व्यक्ति रहेको भनी यी रिट निवेदकलाई पक्राउ गरी लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०७७।३।१४ को पत्रले मुद्दा मुल्तबीबाट जगाई यी निवेदकको अदालतमा बयान गराई निजलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्न रसुवा जिल्ला अदालतबाट आदेश भएको देखिन्छ ।

५. कुन्जोक लामासमेत उपरको रसुवा जिल्ला अदालतमा दायर भएको ०७६-C२-०००५ को अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दाको अभियोग पत्र हेर्दा प्रतिवादीहरूको मिलेमतोमा संरक्षित वन्यजन्तु बाघ, चितुवा र ओत जस्ता लोपोन्मख वन्यजन्तु मारी मार्न लगाई तीनका अङ्ग आखेटोपहारहरू अवैध ओसारपसार गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क), १९(१), २०, २६(१) र हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को नियम ८(ख) को कसुर गरेको हुनाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम सजायको दाबी गरेको देखिन्छ । उक्त अभियोगका सम्बन्धमा यी निवेदक कुन्जोक छिरिङ तामाङ नै प्रतिवादी कुन्जोक लामा भएको भनी पक्राउ गरी पेस गरिएका यी निवेदकको बयानसमेत लिई रसुवा जिल्ला अदालतबाट मिति २०७७।३।१४ मा भएको थुनछेक आदेश हेर्दा, *"यी प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसुरमा आफ्नो कुनै संलग्नता नरहेको भनी सो कसुरउपर पूर्ण इन्कार रही बयान गरे तापनि पाटे बाघको छाला थान-५, बाघको हड्डी ११३ के.जी., चितुवाको छाला थान-३६ तथा ओतको छाला थान-२३८ समेत बरामद भएको देखिएको, सहप्रतिवादीहरू बलराम श्रेष्ठ, मिङमार छिरिङ तामाङ, रिसाङ लामा र निटुप लामाले अनुसन्धान अधिकारी एवम् मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादीसमेत कसुरमा संलग्न रहेको भनी पोल गरी बयान गरेको देखिएको, निज सहप्रतिवादीहरूले बयान गर्दा यी प्रतिवादीको हुलियासमेत खुलाई दिएको देखिएको, सहप्रतिवादी बलराम श्रेष्ठले अनुसन्धान अधिकारी एवं मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादीको मोबाइल नं. ९८५१०३८३३३ भनी खुलाई लेखाई दिएकोमा यी प्रतिवादीले अदालतमा बयान गर्दा उक्त मोबाइल नं. आफ्नो भएको भनी पुष्टि गरेको र सो मोबाइल हालसम्म पनि आफूले निरन्तर रूपमा प्रयोग गर्दै आएको भनी खुलाएको देखिएको, उक्त मोबाइल नं. यी प्रतिवादीको नाममा जारी भएको देखिएको, प्रतिवादीले मिति २०७७।३।११ मा केन्द्रीय अनुसन्धान ब्युरोमा गरेको घटनाविवरण कागजबाट कुन्जोक लामा र यी प्रतिवादी कुन्जोक छिरिङ तामाङ एकै व्यक्ति रहेको भन्ने बेहोरा खुल्न आएको देखिएबाट प्रतिवादीले अदालतमा बयानको क्रममा लिएको जिकिर विश्वसनीय नदेखिएको, सहप्रतिवादीहरू*

*बलराम श्रेष्ठ, मिङमार छिरिङ तामाङ, रिसाङ लामा र निटुप लामालाई आरोपित कसुरमा सजाय भई सर्वोच्च अदालतबाट अन्तिम फैसला भइसकेको देखिएकोसमेतका आधार प्रमाणबाट निज प्रतिवादी आरोपित कसुरका कसुरदार होइनन् भनी अहिले नै निक्यौंल गर्न सकिने अवस्था स्थितिको विद्यमानता नदेखिँदा प्रतिवादीले लिएको जिकिरसमेतको हकमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुद्दा पुर्पक्षको लागि प्रतिवादी कुन्जोक लामा भन्ने कुन्जोक छिरिङ तामाङलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ एवम् विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय खण्ड ङ बमोजिम थुनुवा पुर्जी दिई जिल्ला कारागार कार्यालय रसुवामा थुनामा पठाई दिनू"* भनी उल्लेख भएको पाइन्छ।

६. प्रस्तुत विवादमा रसुवा जिल्ला अदालतले आफ्नो साधारण क्षेत्राधिकारअन्तर्गत दायर हुन आएको अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दा आरोपित कसुरका कसुरदार भनी प्रतिवादी बनाई वादी नेपाल सरकारले पेस गरेका व्यक्ति यी निवेदक कुन्जोक छिरिङ तामाङको बयानसमेत लिई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को परिच्छेद ७ को दफा ६७ मा भएको थुनछेकसम्बन्धी कानूनी व्यवस्थाबमोजिम पुर्पक्षको लागि थुनामा पठाउने आधार कारणसमेत उल्लेख गरी पुर्पक्षको लागि यी निवेदकलाई कारागार कार्यालयमा थुनामा राखेको देखिन्छ। यी निवेदकले रसुवा जिल्ला अदालतले गरेको थुनछेकसम्बन्धी आदेशको प्रक्रिया त्रुटिपूर्ण रहेको भनी दाबी नगरी रसुवा जिल्ला अदालतमा बयान गर्दासमेत अवैध रूपमा आखेटोपहार ओसारपसार मुद्दाको प्रतिवादी बनाइएको कुन्जोक लामा भन्ने व्यक्ति आफू नभएको भनी जिकिर लिएको र प्रस्तुत रिटमा समेत आफू कुन्जोक लामा नभई अर्के व्यक्ति कुन्जोक छिरिङ तामाङ भएकोले उनाउ व्यक्तिको कसुरका सम्बन्धमा आफूलाई थुनामा राखेको कार्य त्रुटिपूर्ण रहेको भनी बन्दीप्रत्यक्षीकरणको आदेशको माग गरेको पाइन्छ।

७. रिट निवेदकले आफू लेखपढ गर्न नजान्ने निरक्षर व्यक्तिलाई उनाउ व्यक्ति भनी कागज गराई सहीछाप गराएकै भरमा अवैध आखेटोपहार ओसारपसार मुद्दाको प्रतिवादी हो भनी थुनछेक गरी थुनामा राख्ने कार्य त्रुटिपूर्ण रहेको भनी लिएको निवेदन जिकिरको सन्दर्भमा हेर्दा, यी रिट निवेदकले विभिन्न वाणिज्य बैंकहरू (नेपाल बंगलादेश बैंक लि. र नेपाल इन्भेष्टमेन्ट बैंक लि.) मा खाता खोल्ने फाराम तथा आफ्नो मोबाइल फोनको सिम कार्ड (NCELL) को मिसिल संलग्न फारम प्रतिलिपिबाट उक्त फारामहरू भर्ने क्रममा आफ्नै हस्तलिपीले आफ्नो व्यक्तिगत विवरण भरेको र ती फारामहरूमा दस्तखत गरेको देखिएबाट निज निरक्षर हो भनी मान्न मिल्ने देखिँदैन। त्यस्तै लामा तथा तामाङ एउटै हुँदैन भन्ने निवेदकको जिकिरलाई हेर्दा, निवेदकको NCELL को सिम कार्डको फाराममा निजले आफ्नो बुबाको नाम भर्ने महलमा "Kunchok Lama (कुन्चोक लामा)" भनी लेखेको देखिन्छ भने निजको सवारी चालक अनुमति पत्रमा समेत बुबाको नाम "Kunchok Lama (कुन्चोक लामा)" नै लेखाएको देखिन्छ। नेपालमा रहेको विभिन्न जातका समुदायभित्र एउटै जातको पनि विभिन्न थरहरू लेख्ने प्रचलन रहेको पाइन्छ। तामाङ जातिको पुरोहितको रूपमा काम गर्ने मानिसहरू जो तामाङ नै भएपनि लामा लेख्ने, त्यसैगरी बौद्धमार्गमा लागेकाहरूले लामा लेख्ने चलन पनि छ। त्यसैले कसैले लामा, कसैले लामा तामाङ र कसैले तामाङ भनी आफ्नो थर लेख्ने आमप्रचलन भएबाट लामा र तामाङ एउटै होइन भन्न मिल्ने अवस्था देखिएन।

८. अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दा नं.०७६-C२-०००५ को मुद्दाको सहप्रतिवादी बलराम श्रेष्ठले अनुसन्धान अधिकारी एवं मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादीको मोबाइल नं. ९८५१०३८३३३ भनी खुलाई लेखाई दिएकोमा यी रिट निवेदकले सुरू अदालतमा बयान गर्दा उक्त मोबाइल नं. आफ्नो भएको भनी पुष्टि गरेको र सो मोबाइल हालसम्म पनि आफूले निरन्तर रूपमा प्रयोग गर्दै आएको भनी खुलाएको देखिन्छ । यी निवेदकले नेपाल बंगलादेश बैंक लि. र नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा खाता खोल्ने फाराम, NCELL कम्पनीको सिम कार्डको फाराम र सवारी चालक अनुमति पत्रमा समेत आफ्नो नाममा जारी भएको नेपाल दुरसञ्चार कम्पनीको उक्त मोबाइल नं. ९८५१०३८३३३ नै प्रयोग गरेको देखिन्छ । यी रिट निवेदकले केन्द्रीय अनुसन्धान ब्युरोमा गरेको कागजमा *"...मलाई गाउँघरमा साथीभाइहरूले कुन्जोक लामा भनेर चिन्ने र बोलाउने गर्दछन्..."* भनी लेखाएको साथै उक्त अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दामा ठहर भएका सहप्रतिवादीहरू छेवाङ लामा, बलराम श्रेष्ठ र निटुप लामालाई चिन्दछु भनी आफ्नो बयानमा लेखाएको पाइन्छ ।

९. रसुवा जिल्ला अदालतले मिति २०७७।३।१४ को थुनछेक आदेशमा नै प्रतिवादीले लिएको जिकिरका सम्बन्धमा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरबमोजिम हुने गरी तत्काल प्राप्त प्रमाणका आधारमा पुर्पक्षको लागि थुनामा राख्ने भनी उल्लेख गरेको पाइन्छ । प्रस्तुत विवादमा जिल्ला अदालतमा साधारण अधिकार क्षेत्रअन्तर्गत दायर भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को कानूनी व्यवस्थाबमोजिम कानूनको उचित प्रक्रिया (due process of law) अवलम्बन गरी जिल्ला अदालतबाट पुर्पक्षसम्बन्धी आदेश भएको विषय सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रबाट हेरिने विषय हो वा होइन भन्ने सन्दर्भमा नेपालको संविधानको धारा १७ र धारा १३३(२) को रोहमा हेर्दा, "कानूनबमोजिम बाहेक कुनै व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने" र "संविधान प्रदत्त मौलिक हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि अनुचित र प्रभावहीन देखिएको अवस्थामा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत आदेश जारी गर्न सक्ने" भन्ने देखिन्छ । यसबाट कानूनको उचित प्रक्रिया (Due process of law) बिना कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुन नसक्ने देखिन्छ ।

१०. प्रस्तुत रिट निवेदनमा रिट निवेदकले रसुवा जिल्ला अदालतबाट भएको पुर्पक्षसम्बन्धी आदेशमा कानूनको उचित प्रक्रिया (Due process of law) को अभाव भएको भनी दाबी गरेको देखिँदैन। रसुवा जिल्ला अदालतले आफ्नो क्षेत्राधिकारअन्तर्गत दायर हुन आएको मुद्दामा प्रतिवादीको बयान लिई तत्काल प्राप्त प्रमाणको विवेचना गरी पुर्पक्षसम्बन्धी आदेश गरेको कार्य कानूनको उचित प्रक्रिया (Due process of law) अनुरूप नै भए गरेको देखिन्छ । सो आदेश मिलेको छैन भन्ने विषयमा यी निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अन्तर्गत दिएको निवेदन हाल उच्च अदालत पाटनमा विचाराधीन रहेको देखिन्छ । अदालतमा विचाराधीन रहेको मुद्दामा स्वच्छ सुनुवाइ गर्नु उक्त अदालतको कर्तव्यको विषय हो । सो सुनुवाइको क्रममा निवेदकको परिचय र पहिचान यकिन गर्ने र सो सम्बन्धमा अन्य आवश्यक प्रमाणहरूसमेत बुझी निर्णय गर्ने कार्य उक्त अदालतले आफ्नो साधारण क्षेत्राधिकारअन्तर्गत गर्ने नै हुन्छ । कानूनको उचित

प्रक्रियाअनुरूपको आदेशबाट निवेदक थुनामा रहेको, न्यायिक निकाय अदालतमा नै विचाराधीन विषयमा तत्काल प्राप्त प्रमाणको आधारमा परिचयको विषयसमेत निरूपण गरेको देखिन्छ । साथै थुनछेकसम्बन्धी आदेश गर्दा पनि अदालतले सो विषयमा पछि थप प्रमाण बुझ्ने कुरालाई अस्वीकार गरेको पनि देखिँदैन ।

**११. बन्दीप्रत्यक्षीकरणको रिटबाट अदालत वा मुद्दा हेर्न कुनै निकायमा विचाराधीन मुद्दाको तथ्यभित्र प्रवेश गरी विवादित विषयमा प्रमाणसमेत बुझी केलाई ती अदालत वा निकायले गर्ने फैसलामा नै प्रभाव पार्ने गरी औचित्यताको खोजी गर्ने कार्य गरिँदैन । बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तरिकाबाट थुनामा राखिएको भएमा बन्दीलाई थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिने हुन्छ** (ने.का.प. २०६८, अङ्क ८, नि.नं. ८६६५) । प्रस्तुत विवादमा निवेदकले मुलतः रसुवा जिल्ला अदालतमा विचाराधीन अवैध रूपमा आखेटोपहार ओसारपसार गरेको मुद्दाको प्रतिवादी कुन्जोक लामा भन्ने व्यक्ति र निवेदक कुन्जोक छिरिङ तामाङ भन्ने व्यक्ति एउटै नभई फरक रहेको हुँदा उनाउ व्यक्तिले गरेको कसुरका सम्बन्धमा निवेदकलाई पक्राउ गरी पुर्पक्षको लागि थुनामा राख्ने कार्य गैरकानूनी भनी दाबी गरी परिचयको कुरा उठाएको र सम्बन्धित मुद्दा सामान्य क्षेत्राधिकारमा विचाराधीन रहेको र निवेदकले उठाएका विवादित विषयमा विचार गरी निर्णय गर्ने सम्बन्धित अदालतको क्षेत्राधिकारमा हस्तक्षेप गर्नु उचित देखिँदैन । यी निवेदकले कुन्जोक लामा र कुन्जोक छिरिङ तामाङ भन्ने व्यक्ति एउटै नभई फरक व्यक्ति हुन् भनी उठाएको विवादबाट दुवै व्यक्ति अलग हुन् भनी निश्चयात्मक रूपमा भन्न सकिने र पुष्टि भइसकेको अवस्था छैन भने व्यक्तिको पहिचान गर्ने दायित्व साधिकार निकाय / अदालतलाई नै छाड्नु उचित हुन्छ । **स्वच्छ सुनुवाइ गर्नुपर्ने दायित्व हरेक तहको अदालतमा रहन्छ । उसले सो कार्य गर्छु भनेकै छ भने उसको न्यायिक स्वायत्तता मर्ने गरी तल्लो तहमा विचाराधीन मुद्दामा हस्तक्षेप गर्नु उचित हुँदैन । त्यसो गर्दा सर्वोच्च अदालतले आफू नै सबैथोक हुँ भनेको देखिनसमेत गई न्यायिक निकायहरूको तहगत स्वपान खलबलिन जान्छ । सबै तहका अदालतले सक्षमतापूर्वक सुनुवाइ गरी विवादहरूको निरूपण गर्छन् भन्ने विश्वास यस अदालतले राख्नुपर्छ । सर्वोच्च अदालत अन्तिम तहको न्यायकर्ता हुँदा सबै तहका अदालतले न्याय गर्छन् भन्ने कुरालाई यसले चनाखोपूर्वक हेर्ने हो, हरेक तहमा हस्तक्षेप गर्ने होइन ।**

१२. तसर्थ, माथि विवेचित आधार कारणहरूबाट रसुवा जिल्ला अदालतबाट अवैध रूपमा आखेटोपहार ओसारपसार मुद्दा नं. ०७६-C२-०००५ को मुद्दामा पक्राउ परी पेस गरिएका यी निवेदकको बयानसमेत लिई तत्काल प्राप्त प्रमाणको आधारमा परिचयको विषयमा सुनिश्चित भई निजले बयानको क्रममा लिएका जिकिरका सम्बन्धमा थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी मुद्दा पुर्पक्षको लागि कारागार कार्यालय धुन्चे रसुवामा थुनामा राख्ने गरी भएको आदेशानुसार निवेदक थुनामा रहेको देखिएको र उक्त थुना कानूनको उचित प्रक्रिया (Due process of law) अनुरूप भएको देखिँदा निवेदकको थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने हुँदा विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदकको निवेदन दाबीसँग सहमत हुन सकिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा अपलोड

गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.कुमार रेग्मी

इजलास अधिकृत: करूणा श्रेष्ठ
इति संवत् २०७७ साल कार्तिक २४ गते रोज २ शुभम्।

## निर्णय नं. १०६५२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७७।१२।३
०७५-WO-०२६२

विषयः- उत्प्रेषण

निवेदक : जिल्ला धनुषा क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ५ बस्ने लालजी साहको छोरा आकाश गुप्ता

विरूद्ध

विपक्षी : डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक, ललितपुरसमेत

- **नागरिकता बन्न नसकेको अवस्थामा नागरिकता पेस गर्न नसकेको कारणबाट उच्च शिक्षा अध्ययन गर्नबाट कोही पनि नेपाली नागरिक वञ्चित हुनु न्यायको दृष्टिमा उचित हुँदैन । शिक्षा प्राप्त गर्ने हकलाई संविधानले मौलिक हकको रूपमा समेत उल्लेख गरेको अवस्थामा नागरिकता नबनेकै कारण भर्ना हुन नपाउने अवस्थाको सिर्जना हुनु संविधानको मर्म र भावनासमेत विपरीत हुन जाने ।**

(प्रकरण नं.३)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री शैलेन्द्रप्रसाद हरिजन र श्री राजेन्द्र खनाल
विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- नेपालको संविधान

आदेश

**न्या.हरिप्रसाद फुयाल** : नेपालको संविधानको धारा ४६ एवं धारा १३३ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त विवरण यस प्रकार छः-

**रिट निवेदनको बेहोरा**

म निवेदक जिल्ला धनुषा क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ५ मा जन्म भई हाल १९ वर्ष पुगेका शिक्षित नेपाली नागरिक हुँ। म निवेदकको बुबा लालजी साहले जन्मको आधारमा धनुषा जिल्लाबाट नेपाली नागरिकता (ना.प्र.नं.१७३०९०-४८) प्राप्त गर्नु भएको छ भने आमा रिता देवी साहले वैवाहिक अङ्गीकृत नेपाली नागरिकता (ना.प्र.नं. १७१०९०-२०) प्राप्त गर्नु भएको छ । मेरो आमा र बुबा दुवै नेपाली नागरिक हुनुहन्छ । त्रिभुवन विश्वविद्यालय,

इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकमा इन्जिनियरिङ विषय अध्ययनको लागि शैक्षिक वर्ष ०७५/०७६ को स्नातक बी.ई. आर्क तहको विद्यार्थी भर्नाका लागि सञ्चालन गरिने प्रवेश परीक्षासम्बन्धी सूचनामा प्रवेश परीक्षाको फाराम भर्नका लागि कक्षा १२ को प्रवेश पत्र वा नागरिकताको प्रमाण पत्र पेस गर्नुपर्ने थियो । मैले नागरिकता नभएकोले कक्षा १२ को प्रवेश पत्र पेस गरेको थिएँ । मैले त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकमा इन्जिनियरिङ विषय अध्ययनको लागि प्रवेश परीक्षाको आवेदन दिई उत्तीर्ण भएकोले म भर्ना हुन जाँदा अनिवार्य नागरिकता पेस गर्नुपर्ने भनी नागरिकता बिना भर्ना नलिने भनी पुल्चोक क्याम्पसले मौखिक आदेश गरेको र मिति २०७५।५।२० मा बि.ई./बि.आर्क. तहमा भर्नाका लागि दोस्रो सूची प्रकाशन गरिएको भन्ने सूचनाअनुसार भर्नाको लागि थापाथली क्याम्पसमा मेरो नाम उल्लेख भएर आएकोले संस्थानको सूचनाअनुसार भर्ना हुन जाँदा त्यहाँ पनि नागरिकता अनिवार्य रूपमा चाहिने भनी क्याम्पस प्रशासनले भन्यो । डिनको मौखिक आदेश छ, उहाँको अनुमति बिना तपाईँको नागरिकता नभएकोले भर्ना लिन नमिल्ने भन्दै थापाथली क्याम्पस प्रशासनले मेरो भर्ना गर्न नमानेकाले म पढ्नबाट वञ्चित हुन पुगेको छु । मेरो जन्म नेपालमै भएको र निरन्तर रूपमा बसोबास गर्दै आएको भन्ने बेहोराको स्थानीय निकाय (वडा कार्यालय) र जिल्ला प्रशासन कार्यालय, धनुषाले दिएको सिफारिस पेस गरी क्पाम्पसमा भर्ना हुन जाँदासमेत भर्ना फाराम स्वीकृत नगरी नागरिकता नै अनिवार्य रूपमा माग गरी मलाई गैरकानूनी तरिकाले भर्ना हुनबाट वञ्चित गरिएबाट र जिल्ला प्रशासन कार्यालय, धनुषाले नागरिकता बनाउन कानूनी अड्चन देखाई आलटाल गरेबाट मेरो संविधान प्रदत्त मौलिक हकमा आघात पुग्नुका साथै कानूनबमोजिम नागरिकता प्राप्त गर्ने जन्मसिद्ध अधिकारमा समेत आघात पुगेको हुँदा सुनुवाइमा अग्राधिकार दिई नेपालको संविधान, प्रचलित कानून एवं सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतको आधारमा विपक्षीहरूका नाममा अन्तरिम आदेशसहित निम्नलिखित आदेश जारी गरिपाऊँ ।

(क) नेपालको संविधानको धारा ११ को उपधारा (१), (२) र (३) बमोजिम नागरिकता पाउन योग्य सक्षम नेपाली नागरिक रहेकोले त्रि. वि. इन्जिनियरिङ अध्ययन संस्थानले मेरो प्रवेश परीक्षाको फाराम स्वीकार गरी भर्ना सूचीमा समेत नाम प्रकाशन गरी नागरिकता बिना भर्ना नलिने भन्ने स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा पुल्चोक क्याम्पसको मिति २०७५।०५।०४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को ***"नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि"*** भनी उल्लिखित प्रावधानले नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको हकमा आघात परेकोले सो पुल्चोक क्याम्पसको मिति २०७५।५।४ को सूचनाको क्र.सं. ७ को खण्ड (ङ) उत्प्रेषणको आदेशले बदर गरी संस्थानको मिति २०७५।५।२० गतेको भर्ना सूचीबमोजिम म निवेदकलाई अध्ययनको लागि भर्ना गर्नु, गराउनु भनी अन्तरिम आदेशसहित विपक्षी नं. १, २, ३ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेश जारी गरिपाऊँ ।

(ख) नेपालको संविधानको धारा ११ उपधारा (१), (२) र (३) बमोजिम म नागरिकता

पाउन सक्षम नेपाली नागरिक रहेकोले नेपालको संविधानको धारा ११ को उपधारा (३) बमोजिम तत्काल नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्नु, गराउनु भनी विपक्षी नं. ४, ५ र ६ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशलगायत अन्य आवश्यक उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ भन्ने बेहोराको निवेदक आकाश गुप्ताको निवेदनपत्र।

**कारण देखाउ आदेश**

यसमा के कसो भएको हो ? निवेदन मागबमोजिम आदेश जारी गर्नु नपर्ने कुनै आधार, प्रमाण र कारण भए बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नुहोला भनी विपक्षी नं.४ र ५ लाई तथा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नुहोला भनी विपक्षी नं.१, २, ३, ६ लाई यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू। अन्तरिम आदेशको माग भएको सम्बन्धमा विचार गरी हेर्दा निवेदक आकाश गुप्ताका बाबु लालजी साह र आमा रीतादेवी साह नेपाली नागरिक रहेको मिसिल संलग्न निजहरूको नागरिकताको प्रतिलिपिबाट देखियो। निवेदक नेपाली नागरिकको सन्तान रहेको देखिएको अवस्थामा हाल नागरिकताको प्रमाण-पत्र पेस गर्न नसकेको भन्ने प्राविधिक कारणले मात्र निवेदकले चाहेको विषयमा पढ्न नपाउँदा नेपालको संविधानको मौलिक हक र कर्तव्यअन्तर्गतको शिक्षासम्बन्धी हकबाट वञ्चित हुन गई निवेदकलाई अपूरणीय क्षति हुने देखिएकाले निवेदकले इन्जिनियरिङ अध्ययन संस्थानद्वारा सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण भई भर्नाको अन्य सर्त पूरा गरेको अवस्था भए नागरिकताको प्रमाणपत्र पेस नगरेको भन्ने आधारमा इन्जिनियरिङतर्फको स्नातक तहको भर्ना नरोक्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ। यो आदेशको जानकारी विपक्षीहरूलाई दिनुहोला भन्ने बेहोराको यस अदालतबाट मिति २०७५।५।२४ मा भएको आदेश।

**नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ**

यस मन्त्रालयको के कुन आदेश वा निर्णयले रिट निवेदकको हक अधिकारमा हनन हुन गएको हो ? भन्ने कुरा निवेदनमा खुल्न सकेको छैन। संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्बर्द्धन गर्न प्रत्यर्थी मन्त्रालय सदा प्रतिबद्ध छ। कुनै पनि नागरिकलाई संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्रदान गरिँदै आएको छ। निवेदकको दाबीबमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन। संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नेपालको नागरिक वञ्चित हुनु नपर्ने गरी यस मन्त्रालयले संविधान एवं कानून तथा सम्मानित अदालतबाट भएको आदेश तथा तोकिदिएको अधिकार क्षेत्रभित्र रही कानूनबमोजिमको प्रक्रिया अपनाई आफ्ना काम, कारबाही सञ्चालन गरिरहेको छ। तसर्थ, यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी नेपाल

सरकार, गृह मन्त्रालयको तर्फबाट सचिव प्रेमकुमार राईको लिखित जवाफ।

**त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानको लिखित जवाफ**

त्रिभुवन विश्वविद्यालय स्वायत्त संस्था भएकोले यस संस्थाअन्तर्गतका क्याम्पसहरूमा भर्नाका लागि आवश्यक पर्ने शैक्षिक योग्यता निर्धारण गर्ने अधिकार विश्वविद्यालयलाई छ । यस अध्ययन संस्थानअन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा बि.ई / बि.आर्क विषयमा भर्नाका लागि सूचना प्रकाशित गर्दा भर्ना हुँदा अन्य योग्यताका शैक्षिक प्रमाण पत्रको अलावा नागरिकताको प्रमाणित प्रतिलिपिसमेत पेस गर्नुपर्ने भनी उल्लेख गरिएको थियो । १०+२ अध्ययन गरेका विद्यार्थीहरूबाट भर्नाका लागि नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेस गर्ने भनी निर्णय गर्नु र माग गर्नु कुनै ऐन नियमविपरीत हुन सक्दैन । निजले नागरिकता प्राप्त गर्न नसक्नु यस संस्थानसँग सम्बन्धित विषय होइन । सम्मानित अदालतबाट अन्तरिम आदेश भएपश्चात् नागरिकताको कारणले निवेदकलाई भर्ना गर्न नरोकिएको र भर्ना भइसकेपछि नियमित प्रक्रियामा जाने भएकोले यस अध्ययन संस्थान र यसअन्तर्गतका क्याम्पसहरूको हकमा कुनै आदेश जारी गर्न मिल्ने होइन। रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकका डिन त्रिरत्न बज्राचार्यको लिखित जवाफ।

**जिल्ला प्रशासन कार्यालय धनुषाको लिखित जवाफ**

प्रस्तुत रिट निवेदनमा जिल्ला धनुषा क्षिरेश्वरनाथ नगरपालिका वडा नं.५ बस्ने लालजी साहको छोरा आकाश गुप्ताले रिट निवेदनमा उल्लेख गरेको बेहोरामा निवेदकको बुबा लालजी साहले जन्मको आधारमा नेपाली नागरिकता (ना.प्र. नं.१७३०९०-४८) प्राप्त गर्नु भएको र आमा रिता देवीले वैवाहिक अङ्गीकृत नेपाली नागरिकता (ना.प्र.नं.१७१०९०-२०) प्राप्त गरेकोमा निज रिट निवेदकलाई नागरिकता प्रदान गर्न इन्कार गरेको भनी रिट निवेदनमा उल्लेख भएको देखिन्छ। नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ मा उल्लिखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा २ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ग) मिति २०७०।१२।१२ गतेदेखि निष्कृय हुने भएकोले सो व्यवस्थाबमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकारका उपप्रधानमन्त्री तथा गृह मन्त्रीस्तरबाट मिति २०७०।१२।११ मा निर्णय भएकोले उक्त निर्णयअनुसार अनुरोध छ भनी गृह मन्त्रालयको च.नं.४९१ मिति २०७०।१२।२० को परिपत्र प्राप्त हुन आएकोले सो परिपत्र प्राप्त भएदेखि २०६३ सालदेखि जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई यस कार्यालयबाट नागरिकता जारी नगरिएको हो। साथै सो सम्बन्धमा मौजुदा नेपाल नागरिकता ऐन, २०६३ मा समयानुकूल परिमार्जन एवं संशोधनका लागि मस्यौदा तयार भई संसद्मा पेस गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भएको अवस्था छ। यसलाई छिट्टै संसद्मा पठाउने प्रयत्न भइरहेको र संसद्बाट संशोधन विधेयक पारित भई ऐन बनेपश्चात् संघीय कानूनबमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिने बेहोरा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।४।२० को निर्णयानुसार अनुरोध

छ भनी गृह मन्त्रालय नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाको च.नं.१२६ मिति २०७५।४।२० को परिपत्र प्राप्त हुन आएकोले उक्त परिपत्रअनुसार यस कार्यालयबाट जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई नागरिकता जारी नगरिएको हो भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, धनुषाको तर्फबाट प्रमुख जिल्ला अधिकारी वेदप्रसाद अर्यालको लिखित जवाफ।

आदेश खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री शैलेन्द्रप्रसाद हरिजन र श्री राजेन्द्र खनालले निवेदकको बुबा लालजी साह जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र आमा रीतादेवीले अङ्गीकृत नागरिकता प्राप्त गरेको हुँदा दुवैजना नेपाली नागरिकता प्राप्त नेपाली नागरिक हुन्। बाबु वा आमामध्ये एकजना पनि नेपालको नागरिक रहेको वा बाबु र आमामध्ये बाबुले जन्मको आधारमा र आमाले अङ्गीकृत नागरिकता प्राप्त गरेकोमा त्यस्तो नागरिकको सन्तानलाई संविधानको धारा ११(१), (२), (३) बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्न संविधानले कुनै बन्देज नगरेकोमा कानून नभएको भन्ने आधारमा नागरिकताबाट वञ्चित गरिनु न्यायोचित हुँदैन। निवेदक नेपाली नागरिकता पाउन योग्य रहेकोले निजलाई नागरिकता प्रदान गर्न परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाऊँ। साथै हाल नागरिकताप्राप्त गरी नसकेको नेपाली नागरिक निवेदकले अध्ययन गर्न पाउने शिक्षासम्बन्धी मौलिक हकबाट नै वञ्चित हुने अवस्था सिर्जना हुने गरी पुल्चोक इन्जिनियरिङ क्याम्पसले भर्नाको लागि नागरिकता अनिवार्य हुने भनी जारी गरेको मिति २०७५।५।४ को सूचना उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

त्यसैगरी विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले नेपालको संविधान र प्रचलित कानूनबमोजिम नागरिकता प्राप्त गर्न योग्य सबै नागरिकले नागरिकता पाइरहेको अवस्था छ। यी निवेदकले पनि प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरेको अवस्थामा नेपाली नागरिकता प्राप्त गर्ने नै हुँदा परमादेश जारी हुनुपर्ने होइन भनी बहस गर्नुभयो।

अब निवेदन मागबमोजिमको उत्प्रेषणसमेतको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, रिट निवेदक नेपालको संविधानको धारा ११ को उपधारा (१), (२) र (३) बमोजिम नागरिकता पाउनसक्षम नेपाली नागरिक रहेकोले नेपाली नागरिकताको प्रमाण पत्र दिनु भनी विपक्षी नं. ४, ५ र ६ को नाउँमा परमादेशको आदेश जारी गरिपाउँ र त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थानले मेरो प्रवेश परीक्षाको फाराम स्वीकार गरी भर्ना सूचीमा समेत नाम प्रकाशन गरी नागरिकता बिना भर्ना नलिने भन्ने स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र. सं. ७ को खण्ड (ङ) को ***"नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि"*** भनी उल्लिखित प्रावधानले नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको हकमा आघात परेकोले सो पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) उत्प्रेषणको आदेशले बदर गरी संस्थानको मिति २०७५।५।२० गतेको भर्ना सूचीबमोजिम म निवेदकलाई अध्ययनको लागि भर्ना गर्नु गराउनु भनी अन्तरिम आदेशसहित विपक्षी नं. १, २, ३ को

नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशको आदेश जारी गरिपाउँ भन्ने बेहोराको निवेदन रहेकोमा त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानसमेतको तर्फबाट १०+२ अध्ययन गरेका विद्यार्थीहरूबाट भर्नाका लागि नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेस गर्ने भनी निर्णय गर्नु र माग गर्नु कुनै ऐन नियमविपरीत हुन सक्दैन। निजले नागरिकता प्राप्त गर्न नसक्नु यस संस्थानसँग सम्बन्धित विषय होइन भन्ने बेहोराको लिखित जवाफ परेको देखियो। त्यसैगरी निवेदकको दाबीबमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन भनी गृह मन्त्रालयको लिखित जवाफ देखिन्छ भने जिल्ला प्रशासन कार्यालय, धनुषाको लिखित जवाफ हेर्दा गृह मन्त्रालयको परिपत्रअनुसार यस कार्यालयबाट जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई नागरिकता जारी नगरिएको हो भन्ने बेहोरा उल्लेख भएको देखियो।

३. सर्वप्रथम नेपालको संविधानको धारा ११ को उपधारा (१), (२) र (३) बमोजिम नेपाली नागरिकता पाउन सक्षम नेपाली नागरिक रहेकोले त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थानले मेरो प्रवेश परीक्षाको फाराम स्वीकार गरी भर्ना सूचीमा समेत नाम प्रकाशन गरी नागरिकता बिना भर्ना नलिने भन्ने स्नातक तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्नासम्बन्धी जानकारी तथा पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को ***"नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि"*** भनी उल्लिखित प्रावधानले नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको हकमा आघात परेकोले सो पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) उत्प्रेषणको आदेशले बदर गरी संस्थानको मिति २०७५।५।२० गतेको भर्ना सूचीबमोजिम म निवेदकलाई अध्ययनको लागि भर्ना गर्नु गराउनु भनी अन्तरिम आदेशसहित विपक्षी नं. १, २, ३ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदकको पहिलो मागतर्फ विचार गर्दा, यी निवेदकले त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकले शैक्षिक वर्ष २०७५/७६ का लागि स्नातक (बि.ई/बी.आर्क) तहका लागि सञ्चालित प्रवेश परीक्षामा सामेल भई उक्त परीक्षामा उत्तिर्ण भएको मिसिल संलग्न प्रमाणित प्रतिलिपिबाट देखिन्छ । उक्त प्रवेश परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूको भर्नाको लागि पेस गर्नुपर्ने कागजात तथा शुल्क सम्बन्धमा प्रकाशित सूचनाको क्र.सं. ७ को खण्ड (ङ) मा "***नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि***" भनी उल्लेख भएको देखिन्छ। त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकसमेतको लिखित जवाफमा १०+२ अध्ययन गरेका विद्यार्थीहरूबाट स्नातक तहमा भर्नाका लागि नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेस गर्ने भनी निर्णय गर्नु र माग गर्नु कुनै ऐन नियमविपरीत हुन सक्दैन भनी उल्लेख गरेबाट भर्नाको लागि नेपाली नागरिकता हुनुपर्ने अनिवार्य गरिएको भन्ने देखिन आयो। त्रिभुवन विश्वविद्यालय एक स्वायत्त शैक्षिक संस्था भएकोले आफ्नो संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीहरूको भर्नाका लागि के कस्तो कागजात आवश्यक पर्ने हो सो कुराको निर्धारण स्वयं विश्वविद्यालयले निर्धारण गर्ने विषय हुन् । तदनुरूप भर्नाका लागि आवश्यक पर्ने अन्य कागजातको अतिरिक्त नागरिकताका प्रमाणपत्रसमेत पेस गर्नुपर्ने भनी गरिएको सूचना नेपालको संविधान तथा प्रचलित कुनै कानूनविपरीत भएको मान्न मिल्ने देखिएन । तथापि यी निवेदकको निवेदन

मागका सन्दर्भमा हेर्दा यी निवेदकका बाबु लालजी साहले जिल्ला प्रशासन कार्यालय, धनुषाबाट ना.प्र. नं.१७३०९०-४८ को जन्मको आधारमा र आमा रितादेवी साहले ना.प्र.नं. १७१०९०-२० को अङ्गीकृत नागरिकता प्राप्त गरी दुवैजना नेपाली नागरिक रहेको देखिन्छ । नेपालको संविधानको धारा ११ को उपधारा ३ मा ***"यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ"*** भन्ने उल्लेख भएको पाइन्छ । उक्त संवैधानिक व्यवस्थाअनुसार यी निवेदक नेपाली नागरिकता प्राप्तिको लागि योग्य नेपाली नागरिक रहेको देखिन्छ । स्थानीय पञ्जिकाधिकारीको कार्यालय, क्षिरेश्वरनाथ नगरपालिका धनुषाबाट मिति २०५३।११।१७ मा प्रमाणित जन्मदर्ताको प्रमाणपत्र हेर्दा बाबु लालजी साह र आमा रितादेवीको छोरा यी निवेदक आकास गुप्ता भएको र निजको जन्ममिति २०५५।१०।२७ मा भएको भनी उल्लेख भएको पाइन्छ । निजको जन्म नेपालमा नै भएको र निरन्तर रूपमा बसोबास गर्दै आएको भन्ने बेहोराको क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ५ वडा कार्यालयबाट मिति २०७५।५।३ मा र जिल्ला प्रशासन कार्यालय, धनुषाले मिति २०७५।५।७ मा सिफारिससमेत गरेको मिसिल संलग्न सोको छायाँप्रतिबाट देखिन्छ। हाल कानून नबनेको हुँदा र गृह मन्त्रालयको परिपत्रबमोजिम नागरिकता प्रदान गर्न नसकिएको भन्ने जिल्ला प्रशासन कार्यालय, धनुषाको लिखित जवाफ रहेबाट यी निवेदकले हालसम्म नागरिकता प्राप्त गर्न सकेको देखिएन। यस अवस्थामा यी निवेदक नेपाली नागरिकता प्राप्तिको लागि योग्य भए तापनि नागरिकता प्राप्त गरी नसकेको कारणले मात्र स्नातक तहको उच्च शिक्षाको अध्ययनका लागि अनिवार्य रूपमा पेस गर्नुपर्ने नागरिकता पेस गर्न नसकेको देखियो। अतः नागरिकता बन्न नसकेको अवस्थामा नागरिकता पेस गर्न नसकेको कारणबाट उच्च शिक्षा अध्ययन गर्नबाट कोही पनि नेपाली नागरिक वञ्चित हुनु न्यायको दृष्टिमा उचित हुँदैन । शिक्षा प्राप्त गर्ने हकलाई संविधानले मौलिक हकको रूपमा समेत उल्लेख गरेको अवस्थामा नागरिकता नबनेकै कारण भर्ना हुन नपाउने अवस्थाको सिर्जना हुनु संविधानको मर्म र भावनासमेत विपरीत हुन जान्छ।

४. पुल्चोक क्याम्पसको मिति २०७५।५।४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को ***"नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि"*** भन्ने प्रावधान उत्प्रेषणको आदेशले बदर गर्न गरेको मागतर्फ विचार गर्दा, विद्यार्थी भर्नाको लागि नेपाली नागरिकता पेस गर्नुपर्ने भन्ने प्रावधान रहेको पुल्चोक क्याम्पसको मिति २०७५/०५/०४ को सूचना नेपालको संविधान र प्रचलित कानूनविपरीतको भएको भनी पुष्टि हुने आधार कारण निवेदकले खुलाउन सकेको पाइँदैन । उक्त सूचनाले यी निवेदकलाई असर परेको हुँदासम्म प्रस्तुत निवेदनबाट सम्बोधन हुन जरूरी देखियो। यस अदालतबाट मिति २०७५।५।२४ मा अन्तरिम आदेश हुँदा निवेदकले इन्जिनियरिङ अध्ययन संस्थानद्वारा सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण भई भर्नाको अन्य सर्त पूरा गरेको अवस्था भए नागरिकताको प्रमाणपत्र पेस नगरेको भन्ने आधारमा इन्जिनियरिङतर्फको स्नातक तहको भर्ना नरोक्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी भएको मिसिलबाट देखिन्छ। उक्त आदेशानुसार यी निवेदक हाल भर्नासमेत भइसकेको भन्ने बहसका क्रममा

इजलासलाई जानकारी हुन आयो । यस अवस्थामा पुल्चोक क्याम्पसको मिति २०७५।०५।०४ गतेको सूचनाको क्र.सं. ७ को खण्ड (ङ) को "***नेपाली नागरिकताको प्रमाणपत्र र प्रमाणित प्रतिलिपि***" भन्ने प्रावधान उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन मागको सम्बन्धमा यस अदालतबाट मिति २०७५।५।२४ मा भएको अन्तरिम आदेशबाट सम्बोधन भइसकेको देखिँदा त्यसतर्फ केही बोलिरहनु परेन ।

५. निवेदकको दोस्रो मागतर्फ विचार गर्दा, नेपालको संविधानको धारा ११ उपधारा (१), (२) र (३) बमोजिम नागरिकता पाउन सक्षम नेपाली नागरिक रहेकोले नेपालको संविधानको धारा ११ को उपधारा (३) बमोजिम तत्काल नेपालको नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी विपक्षी नं. ४, ५ र ६ को नाउँमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेशलगायत अन्य आवश्यक उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ भनी निवेदन माग रहेकोमा सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, धनुषाको लिखित जवाफ हेर्दा, नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ मा उल्लिखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा २ को प्रतिबन्धात्मक वाक्यांशका खण्ड (ग) बमोजिम मिति २०७०।१२।१२ गतेदेखि निष्क्रिय हुने भएकोले सो व्यवस्थाबमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकारका उपप्रधानमन्त्री तथा गृह मन्त्रीस्तरबाट मिति २०७०।१२।११ मा निर्णय भएकोले निर्णयअनुसार अनुरोध छ भनी गृह मन्त्रालयको च.नं.४९१ मिति २०७०।१२।२० को परिपत्र प्राप्त हुन आएकोले परिपत्र प्राप्त भएदेखि २०६३ सालदेखि जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई यस कार्यालयबाट नागरिकता जारी नगरिएको हो । साथै सो सम्बन्धमा मौजुदा नेपाल नागरिकता ऐन, २०६३ मा समयानुकूल परिमार्जन एवं संशोधनका लागि मस्यौदा तयार भई संसद्मा पेस गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भएको अवस्था छ । यसलाई छिट्टै संसद्मा पठाउने प्रयत्न भइरहेको र संसद्बाट संशोधन विधेयक पारित भई ऐन बनेपश्चात् सङ्घीय कानूनबमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिने बेहोरा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।४।२० को निर्णयानुसार अनुरोध छ भनी गृह मन्त्रालय नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाको च.नं. १२६ मिति २०७५।४।२० को परिपत्र प्राप्त हुन आएकोले उक्त परिपत्रअनुसार यस कार्यालयबाट जन्मको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त गरेको व्यक्तिको सन्तानलाई नागरिकता जारी नगरिएको हो भन्ने बेहोरा उल्लेख गरी गृह मन्त्रालयबाट जारी परिपत्रको छायाँप्रतिसमेत मिसिल सामेल रहेको देखियो । सोतर्फ विचार गर्दा, यी निवेदकका बाबु लालजी साहले जिल्ला प्रशासन कार्यालय धनुषाबाट ना.प्र.नं.१७३०९०-४८ को जन्मको आधारमा र आमा रितादेवी साहले ना.प्र.नं. १७१०९०-२० को अङ्गीकृत नागरिकता प्राप्त गरी दुवैजना नेपाली नागरिक रहेको देखिन्छ । नेपालको संविधानको धारा ११ को उपधारा ३ मा ***"यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ"*** भन्ने उल्लेख भएको पाइन्छ । उक्त संवैधानिक व्यवस्थाअनुसार यी

निवेदक नेपाली नागरिकता प्राप्तिको लागि योग्य नेपाली नागरिक रहेको नै देखिन्छ । स्थानीय पञ्जिकाधिकारीको कार्यालय, क्षिरेश्वरनाथ नगरपालिका, धनुषाबाट मिति २०५३।११।१७ मा प्रमाणित जन्मदर्ताको प्रमाणपत्र हेर्दा बाबु लालजी साह र आमा रितादेवीको छोरा यी निवेदक आकास गुप्ता भएको र निजको जन्ममिति २०५५।१०।२७ मा भएको भनी उल्लेख भएको पाइन्छ । निजको जन्म नेपालमै भएको र निरन्तर रूपमा बसोबास गर्दै आएको भन्ने बेहोराको क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ५ वडा कार्यालयबाट मिति २०७५।५।३ मा र जिल्ला प्रशासन कार्यालय, धनुषाले मिति २०७५।५।७ मा गरेको सिफारिससमेत मिसिल संलग्न सोको छायाँप्रतिबाट देखिन्छ भने यी निवेदकका दाजु आनन्दकुमार गुप्ताले जिल्ला प्रशासन कार्यालय, धनुषाबाट मिति २०७०।१।२० मा ना.प्र.नं.१७०९०-१७०५ को वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको मिसिल संलग्न छायाँप्रतिबाट देखिन्छ । यसरी एउटै आमाबाबुबाट जन्मिएको दाजुले वंशजको आधारमा नागरिकता प्राप्त गरेकोमा यी निवेदकले पनि कानूनबमोजिमको प्रक्रिया पूरा गरेको अवस्थामा पनि नागरिकताबाट वञ्चित हुनु परेको अवस्था नेपालको संविधानको धारा १० को उपधारा १ मा उल्लिखित ***"कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन"*** भन्ने संवैधानिक व्यवस्थाको विपरीत रहेको देखियो ।

६. अतः उपर्युक्त उल्लिखित आधार कारणबाट इन्जिनियरिङ अध्ययन संस्थानद्वारा सञ्चालित प्रवेश परीक्षा उत्तीर्ण भई भर्नाको अन्य सर्त पूरा गरेको अवस्था भए नागरिकताको प्रमाणपत्र पेस नगरेको भन्ने आधारमा यी रिट निवेदकलाई इन्जिनियरिङतर्फको स्नातक तहको भर्ना नरोक्नु भनी विपक्षी डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक, ललितपुरको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । रिट निवेदक यस अदालतको अन्तरिम आदेशानुसार शैक्षिक वर्ष ०७५/०७६ को स्नातक बी.ई. आर्कमा भर्ना भइसकेको हुँदा सोतर्फ हाल केही गर्नु परेन । साथै यी निवेदक आकास गुप्ता नेपालको संविधानको धारा ११(३) बमोजिमको नेपाली नागरिकता पाउन योग्य नेपाली नागरिक रहेकोले संविधानको व्यवस्थाबमोजिम निवेदक आकास गुप्तालाई नेपाली नागरिकता प्रदान गर्नु गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, धनुषाको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.दीपककुमार कार्की

इजलास अधिकृत : नवराज जोशी
इति संवत् २०७७ साल चैत्र ३ गते रोज ३ शुभम् ।

## निर्णय नं. १०६५३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री नहकुल सुवेदी
आदेश मिति : २०७८।१।९
०६८-WO-०३०८

मुद्दा : परमादेश

निवेदक : श्री चित्तरञ्जन चौधरीको छोरा जिल्ला महोत्तरी जलेश्वर न.पा. वडा नं. ११ खैरा बस्ने वर्ष ५३ को इन्जिनियर, अधिवक्ता तथा छात्र दिनेश चौधरी

विरूद्ध

विपक्षी : श्री क्याम्पस प्रमुख तथा परीक्षा समितिका अध्यक्ष विश्व भाषा क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौंसमेत

- **परीक्षामा सहभागी सम्पूर्ण परीक्षार्थीहरूको उत्तरपुस्तिका हेर्न दिनु भनी परमादेशको माग गरेको अवस्थामा संविधानप्रदत्त सूचनाको हक आफ्नो वा सार्वजनिक सरोकारको कुनै विषयको सूचना माग्ने र पाउने हक हो । सार्वजनिक महत्त्वको नदेखिएको परीक्षाको उत्तरपुस्तिका जस्तो व्यक्ति सरोकारको विषयमा अन्य परीक्षार्थीको समेत उत्तरपुस्तिका हेर्न पाउनुपर्ने भन्ने माग सूचनाको हकको अवधारणा अनुकूल नदेखिने ।**

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री दिनेश चौधरी
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री लोकराज पराजुली
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- त्रिभुवन विश्वविद्यालय ऐन, २०४९
- अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५

आदेश

**न्या.दीपककुमार कार्की :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) अनुसार दर्ता भई नियम बमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ:-

### रिट निवेदनको बेहोरा

म रिट निवेदक Civil Engineering (B.E), L.L.B र Diploma in Computer Engineering शिक्षा हासिल गरी हाल विश्वभाषा क्याम्पसमा English Writing को Advanced Level को प्रथम सेमेष्टर उत्तीर्ण भई द्वितीय सेमेष्टरको नियमित विद्यार्थी हुँ । शिक्षाको क्रममा भगवान् बुद्धद्वारा उपदेशित शीलहरूको आधारमा अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित परियति शिक्षासमेत ग्रहण गरी यसको कोविद स्तरको विद्यार्थी पनि हुँ।

अङ्ग्रेजी अन्तर्राष्ट्रिय भाषा हो । यही भाषा सिक्ने क्रममा मैले थोरै भए पनि अङ्ग्रेजी शिक्षा सिकेँ। सत्यार्जन गर्नको लागि गुणस्तर शिक्षा अनिवार्य मानिन्छ । शिक्षाले व्यक्तिको नैतिकता, सदाचारको उत्थान गरिनुपर्छ र क्याम्पसले विषयवस्तुको ठिक

ढङ्गले अध्ययन गराउनु, परीक्षा दिलाउनु र सही तरिकाले विधिसम्मत रूपमा परीक्षाफल प्रकाशित गर्नुपर्छ । आफूले सही उत्तर नदिई उत्कृष्ट अङ्कको आश गर्नु पाप हो भने सही उत्तर लेखेर कम अङ्क प्राप्त गर्नु र चुपचाप बस्नु महापाप हो । यस्ता क्रियाकलापले परीक्षकको मनोबल बढी उत्कृष्ट र असल विद्यार्थीको लोप हुने सम्भावना हुन्छ ।

मैले अङ्ग्रेजी सिक्न, जान्न अथक प्रयास गरेँ । विभिन्न पुस्तक र गुरूवर्गको direction लाई अनुशरण गरी प्रथम Semester राम्रो अङ्क प्राप्त गरी उत्तीर्ण गरेँ ।

जब दोस्रो (अन्तिम) Semester को कक्षा लिन पहिलो दिन क्याम्पस जाँदा अरू सबै भाषाका कक्षाहरू भइरहेको थियो तर हाम्रो कक्षा नभएकाले सोको पर्खाइमा बसेँ । धेरै समय पर्खंदा पनि कक्षा सञ्चालन नभएपछि हामीहरू Department Head (Mr. Bamdev Sharma) सँग भेट गऱ्यौं । आफ्नो समस्या भनेपछि वहाँले Class Teacher (Mr. Ganesh Baral) सँग भेट गराइदिनु भयो । Class Teacher ले Next Monday देखि कक्षा हुने जवाफ दिए पनि तोकिएको समयमा भएन । भोलिपल्ट बिहानै Campus Chief (Mr. Yadav Pant) सरसँग गुनासो गरेपछि Class Teacher लाई बोलाएर तनाब र सङ्घर्षका बिच कक्षा सुचारू भयो ।

February 22, Tuesday, 2011 मा Class Teacher Mr. Ganesh Baral सरले class लिनुभयो वहाँले conjunction बारेमा पढाउनु भयो । Conjunction दुई प्रकार छन् - Co-ordinating and sub-ordinating. Co-ordinating Conjunction मा जम्मा पाँचवटा words- And, but, or, nor, yet यी पाँच वटा word बाहेक अरू शब्दहरू Sub-ordinating conjunction हुन् । म घर आएँ । मैले J.C. Nesfield English Grammar पढे त्यसमा conjunction दुई प्रकारका हुन्छ । Co-ordinating and sub-ordinating, coordinating conjunction चार किसिमका हुन्छन् ।

1. Cumulative: and, both... and, also, too, as well as, no less than, not te only...but also, now, well.
2. Alternative: Either.... or, neither.... nor, otherwise, else, or
3. Adversative: But, still, yet, nevertheless, however, whereas, while, only.
4. Illative: Therefore, then, so, so then, for

सरद्वारा पढाएको coordinating conjunction पाँच वटा words मात्रै थियो । तर J.C. Nesfield तथा अन्य Grammar समेतमा पाँच वटाभन्दा बढी words हरू coordinating conjunction को रूपमा रहेको थियो । अर्को दिन मैले class teacher Mr. Ganesh Baral सरसँग अनुरोध गरेँ, Coordinating conjunction हरू धेरै हुँदो रहेछ तर सरले पाँचवटा मात्र भन्नुभो के हो भन्दा रिसाएर भन्नुभो J.C. Nesfield पुरानो किताब हो । म पनि किताब देखाउन सक्छु । मलाई यस्तो बेइज्जत आजसम्म कसैले गरेन भन्दै कक्षा छाडेर जान थाल्नुभयो । केही साथीहरूले बोलाएर बसाल्नुभयो । म अचम्मित थिएँ । मैले सोधेको प्रश्नले कक्षालाई disturb भएको हो भने अबदेखि म कहिले पनि प्रश्न गर्दिन । म चुपचाप भएर नै बस्ने छु भनेपछि बल्ल बल्ल कक्षा सुरू भयो । मलाई धेरै असजिलो भयो । मेरो मनमा विभिन्न किसिमका प्रश्नहरू हुन्थे म एउटा विद्यार्थी त थिएँ तर प्रश्न सोध्न पाउँदैन थिएँ । मौन भएर बस्नु पर्दथ्यो । मैले आफ्नो पीडालाई

Departmental Head Mr. Bamdev Sharma सरमार्फत आफ्नो सबै घटना उल्लेख गरी Campus Chief कहाँ निवेदन मिति February 28, 2011 मा दिए। त्यस निवेदनको प्रतिलिपि यसैसाथ संलग्न छ। वहाँले आफूले खुद कक्षामा आएका समस्याहरूलाई केही समय दिएर Deal, गर्न खोज्नुभयो। मैले पनि विभिन्न लेखकका किताबलाई नै गुरू मान्दै, कक्षामा पनि गुरूले भने जति सुन्ने मात्र गरेँ। त्यसैक्रममा केही विद्यार्थी त्यसमा खास गरी महिला जसलाई बेलुकी ५:३० देखि कक्षा गर्न गाह्रो भएर बिहानको कक्षा सञ्चालन गर्न माग गरेका थिए। तर class teacher को बिहानीमा कतै Busy भएकोले नभ्याउने भएर धेरै विद्यार्थीहरूले कक्षा छोड्न बाध्य भए। कक्षामा भएको वादविवादले कक्षा दुई समूहमा विभक्त थियो। मैले बिहान कक्षाको समर्थन गरे पनि आफू मौन भएर नै समय बिताए। कक्षा गुरूबाट आफ्नो पक्षमा विद्यार्थीहरू ल्याउने निकै प्रयास थियो। पछि बिहानको कक्षा नै हुन सकेन।

दोस्रो semester को परीक्षा आयो। सरबाट पुराना प्रश्नहरू उपलब्ध हुन सकेन र पछि म आफैँ पुराना Model आएका प्रश्नहरू खोजे। प्रश्नहरू syllabus भित्रबाटै किताबमा आधारित थिए। म त्यहीअनुरूप तयारी गरी जाँचमा उपस्थित भए। परीक्षा हलमा seat plan नगरिएकाले सबैभन्दा अगाडि बेन्चमा बसी शान्त र स्वच्छ भावनाले परीक्षाको नियमलाई ख्याल राखी कसैको कुरासमेत नसुनी चार दिनको परीक्षा दिएँ। परीक्षार्थी संख्या ११ जना थिए। परीक्षामा सोधिएका प्रश्नहरूको Model बाट म अचम्मित भए जुन निम्न प्रकार थिए:-

१. पहिलो दिनको Paper grammar को थियो। पहिलो प्रश्न Voice, Narration र sentence बाट थियो। यी प्रश्नहरू 1st semester level का थिए। पहिलेका परीक्षामा त्यस्ता प्रश्नहरू सोधिएका थिएनन्। प्रश्न सरल भए पनि Voice, Narration जस्ता out of syllabus का प्रश्नहरू भएकोले, त्यसतर्फ तयारी नभए पनि जवाफ दिएँ। प्रश्न नं. ५ मा Synonyms and antonyms थियो जो 1st semester level का थिए, प्रश्न नं. 6 General word meaning थियो, त्यो पनि 1st semester level का नै थिए। 2nd semester मा sense Generative type context based word meaning तथा synonyms हरू सोधिन्छ। whole dictionary रट्नै सक्दैनौं र त्यसको कुनै तात्पर्य पनि हुँदैन। First semester को जाँचमा syllabus भित्रबाटै प्रश्नहरू सोधिएको थियो। तर अहिले out of syllabus बाट सोधिएको प्रश्नको जवाफ स्वयम् प्रश्न निर्माणकर्ताले जाँच दिएमा दिन सक्ने अवस्थाका थिएनन्। यसरी प्रश्न नं. १-१०, ५-१० नं. र ६-१० गरी ३० नं. को प्रश्न out of level र out of syllabus का थिए। अर्को कुरो प्र.नं.१-१०, २-२०, ३-१०, ४-२०, ५-१०, ६-१०, ७-१० गरी ९० अङ्कको जो वास्तवमा ८० नं. को हुनुपर्ने। कुन प्रश्नको १० नं. अङ्क घटाइयो मलाई केही थाहा छैन। ३० र १० गरी ४० नं. को अङ्कले घोटाला भएको छ। यति हुँदा पनि मैले ६० नं. माथिको प्रश्नहरू मिलाएको थिएँ। तर धेरै न्यून ३२ नं. दिई मलाई फेल गराइयो।
२. दोस्रो दिनको Paper General writing को थियो जसमा प्रश्न नं. १ मा Passage सोधियो, २० अङ्कको र प्रश्न नं. २

summary 10 अङ्क, यी ३० अङ्कको प्रश्न out of related subject को थियो यो bad parallelism को सूचकका रूप थियो । प्रश्न दिनेले कसरी यस्ता प्रश्नहरू दिए म अचम्मित छु । ३० नं. को प्रश्नहरू गलत subject को भए तापनि मैले ठिक जवाफ दिएको थिएँ । मलाई ६५ भन्दा माथि आउनुपर्नेमा ५० मात्र दिई हत्तोत्साही गर्ने प्रयास गरेको पाइन्छ ।

३. तेस्रो दिन specific writing का प्रश्नहरू syllabus बाटै भएकाले मैले सतप्रतिशत ठिक उत्तर लेखे पनि नम्बर थोरै दिएका थिए । मलाई ७० भन्दा बढी नं. आउनुपर्नेमा ५२ अङ्क दिई हत्तोत्साही गर्ने प्रयास गरिएको छ ।

४. चौथो दिनको Paper writing through reading को थियो । जसमा एउटा Good parallelism को passage थियो र त्यसको आधारमा parallelism का बारेमा प्रश्नहरू थिए । Passage good parallelism आधारमा भएकोले, bad र good parallelism सिकाउन जमर्को गर्न सकेन खाली एउटा parallelism को नामको बोध गर्न लगाएको छ । यी सबै प्रश्नहरू out of book र syllabus बाट २५ अङ्कका सोधिएका थिए । मैले प्रश्नको उत्तर सतप्रतिशत ठिक दिएको थिएँ । मेरो ६५ भन्दा माथि अङ्क आउनैपर्नेमा ३९ नं. दिई फेल र हतोत्साही तुल्याएको छ । यसपालि र गत सालको प्रश्नहरूको फोटोकपी यसैसाथ राखेको छु र तुलनार्थ 1st semester को प्रश्नहरूको फोटोकपीसमेत यसैसाथ छ ।

मिति २०६८/३/२७ को दिन मेरो 2nd semester को परीक्षाफल प्रकाशित भयो । म अनुत्तीर्ण थिएँ, मार्कसिटको लागि पर्खें । केही दिनपछि प्राप्ताङ्क हेर्दा दुईवटा विषयमा अनुत्तीर्ण र दुईवटा विषयमा पास भए तापनि न्यून नं. थियो । म धेरै दुःखी र अचम्मित थिएँ ।

मलाई पछाडिका घटनाहरूको याद आयो । मैले campus प्रमुखसँग समयमा class को लागि अनुरोधरूपी झगडा गरेको थिएँ, मैले class teacher का इच्छाविरूद्ध समयमै class को सुरूवात गराएको थिएँ । मैले class teacher सँग conjunction को प्रश्न गर्दा class teacher ले मलाई बेइज्जती गरेको हो ठानी class छाडेर भाग्नै खोज्नु भएको थियो । Grammar पहिलो दिनको paper मा पहिलो प्रश्नको बारे र प्रश्न नं. ५ र ६ का बारेमा खुब चर्चा चलेको थियो र पछि हामी सबैले सरलाई भेटी भन्नै पर्ने हो, हैन भने फेल हुने डरले मबाहेक धेरै विद्यार्थीहरू class teacher सँग भेट्न गएका थिए । शिक्षकलाई भेट्न नगएकै कारण यो आफूलाई ठुलो ठान्यो, यही मौका हो यस्तो विद्यार्थीलाई फेल गरिदिनुपर्छ भनी ठानी मलाई पक्कै सरले फेल गरी दिनुभएको छ । मसँग सबै प्रश्नका प्रश्न अङ्क र आफूले अनुमान गरिसकेको अङ्क नं. केही प्रश्नमा नै आफूले दिएको उत्तरका सङ्केतहरू छन् । जसले मलाई यति पिरलियो म शान्त भएर बस्नै सकिन ।

उत्तरपुस्तिका हेर्न दिनु मूल शिर्षकअन्तर्गत परीक्षकले दिएको अङ्कमा विद्यार्थीले चित्त नबुझाएमा उसलाई उत्तरपुस्तिका हेर्न दिनु भनी सर्वोच्च अदालतले त्रिभुवन विश्वविद्यालयलाई आदेश दिएको छ । न्यायाधीश बलराम के.सी. र अवधेशकुमार यादवको संयुक्त इजलासले यस्तो आदेश दिएको हो । त्रि.वि.ले अहिलेसम्म

रिटोटलिङका सुविधा मात्रै दिएकोमा अब परीक्षार्थीले चाहेमा आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि पनि राख्न पाउने भएका छन् । अब विद्यार्थीले परीक्षाफल निस्केको ६ महिनाभित्र उत्तरपुस्तिकाको प्रतिलिपि हेर्न पाउने छन् । तर त्यसमा परीक्षकको नाम राख्न पाउने छैनन् । विद्यार्थीले उत्तरपुस्तिकाको प्रतिलिपि बाहिर शिक्षकबाट जँचाएर मेरो त यति अङ्क आउने रहेछ भनी गल्ती फेला परेमा सच्चाउन त्रि.वि. मै निवेदन दिन सक्ने भन्ने कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाको मिति २०६८ साल जेष्ठ ५ गते प्रकाशित समाचारले अब हाम्रो देशमा थोरै मात्रामा भए पनि मर्मरूपी प्राकृतिक कानूनको विकासको सङ्केत दियो । मैले कानून पढ्दा भारतमा भएका Chief Justice P.N. Bhagwati को आदेशको बारे बताइएको थियो, जसमा एउटा medical engineering का छात्रले ragging बाट तङ भएर आफ्नो बुबालाई पढ्न असजिलो भयो भन्ने पत्र लेखे । विद्यार्थीका बुबाले आफ्नो मित्र Chief Justice P.N. Bhagwati लाई आफ्नो छोराको घटनाबारे पत्र लेखे । Chief Justice P.N. Bhagwati बाट सोही personal letter लाई रिट निवेदनको रूपमा मानी ragging विरूद्ध कार्यबाही गर्न आदेश दिएका थिए । यस प्रमाणको फोटोकपी यसैसाथ छ ।

मिति २०६८/०४/१० मा मैले क्याम्पस प्रमुख तथा परीक्षा कमिटीका अध्यक्षज्यूलाई समयमै परीक्षाका त्रुटि र मैले कम अङ्क र अनुत्तीर्णबारे जानकारी दिँदै, मिति २०६८/०२/०५ गते सर्वोच्च अदालतको आदेशको फोटोकपी संलग्न राखी निवेदन दिई उत्तरपुस्तिकाको फोटोकपी माग गरेको थिएँ । १५ दिनको प्रयासपछि तोक नलगाए म खाली निवेदनलाई आधार मानी अदालतमा पेस गर्ने छु भनेपछि कार्यान्वयन गरी सकिएको तोकको आदेश पाएँ । यो निवेदनको प्रमाणको फोटोकपी यसैसाथ छ ।

कक्षाको वातावरणलाई हेर्दा १ घण्टा ३० मिनेटको class मा १५ मिनेट ढिलो आउनु, १५ मिनेट चाँडै जानु, ३० मिनेट शिक्षकले आफ्नैबारे कुरा गर्ने बाँकी ३० मिनेट केही विषयका अधुरो कुरा गरी कक्षा सकिने अवस्था रहेको छ । शिक्षक विनासूचना कक्षामा नआउने यो गाई खाने भाषा हो, मजबुरीले पढ्नुपर्छ भन्ने जस्ता मनोबलहीन कुराहरू प्रायः Teacher बाट गरेको पाइन्छ । आजसम्म कहिले पनि न क्याम्पस प्रमुख, न त्रिभुवन विश्वविद्यालय, न शिक्षा मन्त्रालय, न अन्य कुनै निकायबाट, शिक्षकले कक्षामा कस्तो पढायो के गरिरहेका छन् भनी खोजीनीति गरिएको देखिएन । म सधैँ नियमित कक्षा लिने छात्र हुँ ।

मभन्दा पहिलेका समूहमा जम्मा २ जना विद्यार्थी थिए । class नै भएन । दुई जनाले जाँच दिए । पास भए र मेरो समूहमा मात्र सबैभन्दा बढी ११ जनाले जाँच दिएका थिए । जसमा तोडफोडको नीति अपनाएर मन परेका ७ जनालाई उत्तीर्ण गराई ४ जनालाई अनुत्तीर्ण गराइएको छ । यसपाली जम्मा ६ जनाले Admission लिएका छन् । ठिक ढङ्गले कुनै दिन पनि कक्षा भएको छैन । यसपाली Class teacher द्वारा नै प्रश्नको चयन गरिएको थियो र Class teacher द्वारा नै copy को चेक गर्ने काम भएको थियो ।

शिक्षा ऐन, २०२८ को प्रस्तावनामा, सर्वसाधारण जनताको सदाचार, शिष्टाचार, नैतिकता कायम राख्न गुणस्तरयुक्त शिक्षाको विकास गर्न र त्यसैगरी त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को प्रस्तावनामा, नेपालको सर्वाङ्गीण विकासको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न, स्तरयुक्त उच्च शिक्षा प्रदान गर्न, विभिन्न प्रकारका अनुसन्धान गर्ने राष्ट्रिय संस्कृति र परम्पराको संरक्षण र विकास गर्ने

मूल उद्देश्य रहेको छ भनी उल्लेख गरिएको छ।

class हुनको लागि विद्यार्थीले क्याम्पस प्रमुख र class teacher सँग सङ्घर्ष गर्नु, शंका लागेको प्रश्न सोध्दा सर रिसाउनु, कक्षामा तोकिएको समयभन्दा थोरै दिनु र समय पास गर्ने खालले पढाई गर्नु, Out of level र out of syllabus प्रश्नहरू सोध्नु, class teacher ले नै प्रश्न चयन गर्नु, नम्बर दिनु, Class मा कस्तो वातावरण छ, जिम्मेवार निकायले निरीक्षणमा ध्यान नदिनु, परीक्षार्थीको कापी नदेखाउनु र प्रतिलिपि नदिनु जस्ता कार्यले के शिक्षा ऐन, २०२८ र त्रि.वि. ऐन, २०४९ ले प्रस्तावनामा राखेको गुणस्तरयुक्त शिक्षाको मापदण्डभित्र पर्दछ ? सोचनीय अवस्था छ।

यो विश्वभाषाको मात्र case हैन नेपालमा प्रायः सबै सरकारी क्याम्पसहरू यस्तै छन् । यसै गुणस्तरहीन वातावरण र सरद्वारा विद्यार्थीको गलत प्रयोगको कारणले नेपालको उच्चस्तरले सुसज्जित सिंहदरबारको प्राङ्गणमा आधुनिक जगतका लागि आवश्यक शिक्षा राष्ट्रिय कम्प्युटर केन्द्र बन्द भयो। म राष्ट्रिय कम्प्युटर केन्द्रको अन्तिम समूहको विद्यार्थी थिएँ। विश्वभाषाको Advance English को पनि हालत उस्तै, २nd semester मा त प्रायः विद्यार्थी न्यून छन् र प्रायः बन्द हुने अवस्थामा छन्।

म सम्पूर्ण शिक्षा तन्त्रलाई अनुरोध गर्न चाहन्छु कि महङ्गो Private school दिन प्रतिदिन विकास भइरहेको जसले एकातर्फ सम्पूर्ण जेहन्दार जो पैसाविना अध्ययन गर्न पाएका छैनन् र अर्कोतर्फ धनी बुबाका छोराछोरीलाई धनी विद्यार्थीको रूपमा प्रवेश गर्न सफल भएको छ तर गुणस्तरयुक्त दिमागको विकास गर्न असफल रहेको छ। जसले गर्दा ९४ प्रतिशत प्रायः Distinction ल्याउने विद्यार्थीले पनि देशलाई कुनै पनि योग्य वैज्ञानिक, विद्वान् जन्माउन असफल रहेको छ। कम रकमले पढ्न पाउने सरकारी स्कुल, क्याम्पसहरू गुणस्तरयुक्त वातावरणको अभावले र निजी स्वार्थ teacher र controlling गर्ने निकायहरूको गलत सोच र क्रियाकलापहरूले गर्दा गरिब र जेहन्दार विद्यार्थीहरूलाई रोक लगाई देशमा वैज्ञानिक र विद्वान्हरूलाई जन्माउन असफल भएका छन्। शिक्षालाई धनद्वारा किनमेल भइरहेको अवस्था छ।

गुणस्तरयुक्त शिक्षाको अभावले शिक्षा ऐन, २०२८ र त्रि.वि. ऐन, २०४९ विरूद्ध कार्य गरेको र जसले गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १७, २७ र २९ द्वारा प्रदत्त मेरा मौलिक हकहरू हनन भएकाले उक्त हकहरूको स्थापनार्थ उत्प्रेषण तथा परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ -

१. मेरो सम्पूर्ण कापीको प्रमाणित फोटोकपी उपलब्ध गराइपाउँ र गल्ती रहेको खण्डमा सच्चाउन पाउँ। Out of syllabus, out of level प्रश्नहरूको पूरा नम्बर पाऊँ।
२. सम्पूर्ण अन्य परीक्षार्थी साथीहरूको पनि कापी हेर्न र फोटोकपी लिने आदेश गरिपाउँ जसले गर्दा वहाँहरूले कस्तो ढङ्गले र कसरी नम्बर पाउनु हुँदो रहेछ सो बोध हुन सजिलो होस्।
३. आउँदो कक्षाको पढाइमा कक्षाको वातावरण, शिक्षकद्वारा कस्तो किसिम कसरी पढाइ रहेको छ विद्यार्थीहरूले नचाँहिदो वातावरणको सिर्जना गरिरहेका छन् वा छैनन् निरीक्षण र अनुसन्धान समिति बनाई त्यसको प्रतिवेदन मासिक रूपमा दिने व्यवस्था होस्। जसले गर्दा गुणस्तर शिक्षाको विकास गर्न मद्दत होस्।
४. परीक्षामा syllabus भन्दा बाहिर सोध्न

पाउने व्यवस्थाको अन्त होस् र सोधेमा विद्यार्थीलाई पूरै अङ्क दिनैपर्ने र त्यस्तो सोध्नेलाई कार्यबाही गर्ने व्यवस्था होस्।

५. परीक्षा शान्त र स्वच्छ वातावरणमा होस्। कसैले पनि चिट चोर्ने काम नगरोस्।

६. class teacher बाट प्रश्न सोधिने र उत्तर पुस्तिका जाँच्ने कार्य नहोस्।

७. मेरो सम्पूर्ण साथीहरूको सम्पूर्ण कापीहरू, एउटा विज्ञ अनुसन्धान टोलीबाट जाँची गल्तीलाई सच्चाई पाऊँ।

८. कक्षा बन्द हुनेमा कानूनत: सूचना दिई मात्र बन्दको व्यवस्था होस्।

९. सम्पूर्ण आधुनिक साधनले युक्त कक्षाको वातावरणको सिर्जना होस्।

सरकारी क्याम्पसहरूको हालत दिन प्रतिदिन खराब हुँदै गरेको र राष्ट्रिय कम्प्युटर केन्द्र जस्ता संस्थाहरू गलत नीतिले टुटिरहेकोले र विश्व भाषामा International language को रूपमा रहेको English भाषा पढ्ने २ जना, ६ जना विद्यार्थी हुने गरेकोले यो पनि टुट्ने सम्भावना देखिएकाले विश्व भाषा क्याम्पसलाई एउटा Model Campus को रूपमा विकास होस् जसले सम्पूर्ण सरकारी तथा गैरसरकारी college, school लाई गुणस्तर शिक्षाको ज्ञान दिन सफल होस् भन्ने बेहोराको निवेदक दिनेश चौधरीको यस अदालतमा पेस भएको निवेदन पत्र।

**कारण देखाउ आदेश**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिलसाथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउन भनी रिट निवेदनको १ प्रति नक्कल साथै राखी विपक्षी शिक्षा मन्त्रालयलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू। निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित हुनु भनी रिट निवेदनको १ प्रति नक्कल साथै राखी विपक्षी नं. १ र २ लाई सम्बन्धित जिल्ला अदालतमार्फत म्याद सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०६८।६।३० मा भएको आदेश।

**त्रिभुवन विश्वविद्यालय विश्वभाषा क्याम्पसका क्याम्पस प्रमुखको लिखित जवाफ**

क्याम्पसमा विद्यार्थीहरूको पठन-पाठन भइसकेपछि सेमेष्टर प्रणालीमा परीक्षा लिने हुँदा विद्यार्थीहरूले पहिलो सेमेष्टर पास नभई दोस्रो सेमेष्टरमा जान नपाइने भनी विद्यार्थी भर्ना गर्दाको सूचनामा स्पष्टरूपमा उल्लेख गरिएको हुन्छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको दोस्रो सेमेष्टर परीक्षाफल मिति ०६८।३।२७ मा प्रकाशित भइसकेपछि यदि सो नतिजामा चित्त नबुझेमा त्रि. वि. नियमानुसार ३५ दिनभित्रमा पुनर्योगको लागि निवेदन दिनुपर्नेमा यी निवेदकले वैकल्पिक उपचारको मार्गसमेत अवलम्बन गरेको पाइँदैन।

त्रिभुवन विश्वविद्यालयका कुनै पनि निकायबाट लिने परीक्षाको उत्तरपुस्तिकाहरूको सम्बन्धित विषयका विशेषज्ञहरूबाट मूल्याङ्कन गराई सम्बन्धित विषयका विशेषज्ञहरूले नियमले तोकेको प्रक्रिया पूरा गरी उत्तरपुस्तिका बुझाएपछि परीक्षा सञ्चालक समितिबाट परीक्षाफल प्रकाशन गर्ने गरिन्छ । उत्तरपुस्तिका सम्बन्धित विषयका

विशेषज्ञले मूल्याङ्कन गरेपछि परीक्षार्थीले यो वा त्यो भएन भनी परीक्षार्थी स्वयं विशेषज्ञ बन्न मिल्दैन।

निवेदक पहिलो सेमेष्टर पास भइसकेपछि दोस्रो सेमेष्टर भर्ना भई उक्त परीक्षामा फेल भएपछि क्याम्पसको नियमानुसार निवेदक दोस्रो सेमेष्टरमा मिति ०६८।४।१० मा पुनः भर्ना भएपछि निवेदकले रिट निवेदन दायर गरेको देखिएकोले रिट निवेदन स्वतः औचित्यहीन हुन पुगेको छ । साथै उत्तरपुस्तिकाको प्रतिलिपिको सम्बन्धमा त्रि. वि.ले कार्यविधि निर्धारण गर्ने प्रक्रियामा रहेकोले रिट निवेदनको औचित्य नभएको हुनाले खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी त्रिभुवन विश्वविद्यालय विश्वभाषा क्याम्पसका क्याम्पस प्रमुख यादवराज पन्तको लिखित जवाफ।

**शिक्षा मन्त्रालय, केशर महल, काठमाडौंको लिखित जवाफ**

विपक्षी रिट-निवेदकलाई मर्का पर्ने गरी यस मन्त्रालयबाट कुनै काम कारबाही र निर्णय नभएको र सो देखाउन पनि निजले आफ्नो निवेदन-पत्रमा नसकेको अवस्थामा शिक्षा मन्त्रालयलाई विपक्षी बनाइरहन आवश्यक नरहेको हुँदा विपक्षी दाबीबाट फुर्सद पाउन सादर अनुरोध छ भन्ने बेहोराको विपक्षी शिक्षा मन्त्रालय केशरमहल काठमाडौंका तर्फबाट सचिव किशोर थापाको लिखित जवाफ।

**यस अदालतको आदेश**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो।

निवेदक विद्वान् अधिवक्ता श्री दिनेश चौधरीले म निवेदक त्रिभुवन विश्वविद्यालयअन्तर्गत विश्वभाषा क्याम्पसमा Advanced Level को English Language को प्रथम semester उत्तीर्ण गरी 2nd semester को नियमित विद्यार्थी हुँ। उक्त क्याम्पसले लिएको Advanced Level को English Language को 2nd semester को परीक्षामा मैले सबै प्रश्नको उत्तर राम्रोसँग लेखेको भए तापनि मलाई नियतवश, पक्षपातपूर्ण र पूर्वाग्रह तवरले कुनै विषयमा अत्यन्त कम अङ्क दिई उत्तीर्ण गराएकोमा र कुनैमा अनुत्तीर्ण गराइएको छ। कक्षाको सुरूवाती दिनदेखि नै मलाई क्याम्पसले पक्षपातपूर्ण व्यवहार गरेको थियो। परीक्षामा out of syllabus र out of Level का प्रश्नहरू सोधिएको छ । क्याम्पसले सञ्चालन गरेको सो परीक्षाको वातावरण निष्पक्ष र मर्यादितसमेत छैन । मैले राम्रो जवाफ लेखे तापनि कम अङ्क दिएकाले सम्पूर्ण परीक्षाको मेरो र परीक्षामा सामेल भएका अन्य सम्पूर्ण साथीहरूको उत्तरपुस्तिकाको प्रतिलिपि प्राप्त गर्न र परीक्षालाई मर्यादित र निष्पक्ष बनाई विश्वभाषा क्याम्पसलाई शैक्षिक क्षेत्रमा Role Model को रूपमा स्थापना गरी गुणस्तरीय शिक्षा प्रदान गर्नसमेत मागबमोजिम आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

विपक्षीमध्ये शिक्षा मन्त्रालयका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम त्रिभुवन विश्वविद्यालय एक स्वशासित र सङ्गठित संस्था हो। यसले विभिन्न नियमहरू बनाई विभिन्न निकायहरू र सङ्गठनको स्थापना गरेको छ । जसमध्ये विश्वभाषा क्याम्पस पनि यसैको सम्बन्धन प्राप्त क्याम्पस हो । निवेदकले जिकिर लिएजस्तो तरिकाबाट *पूर्वाग्रही तवरले* नियतवश उत्तरपुस्तिका परीक्षणको कल्पनासमेत गर्न सकिँदैन। परीक्षार्थीले आफूले लेखेकै आधारमा अङ्क प्राप्त गर्ने हो । त्रिभुवन विश्वविद्यालय, सङ्गठन तथा शैक्षिक

प्रशासन नियम, २०५० को नियम २३५ बमोजिम परीक्षा सञ्चालन भएका उत्तरपुस्तिकाहरू ६ महिना (हाल ४ महिना) भित्र धुल्याउन सकिने भन्ने व्यवस्थाबमोजिम उत्तरपुस्तिकासमेत धुल्याइसकेको देखिन्छ। परीक्षा सञ्चालन भएको १० वर्षभन्दा बढी समयसमेत भएको देखिएकोले प्रस्तुत रिट निवेदनको औचित्य नभएकोले खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा, रिट निवेदन बेहोरा हेर्दा निवेदकले म निवेदक त्रिभुवन विश्वविद्यालय विश्वभाषा क्याम्पसको English writing को Advanced Level को प्रथम सेमेष्टर परीक्षा उत्तीर्ण गरी 2nd semester को नियमित विद्यार्थी हुँ। क्याम्पसमा कक्षाका सुरूवाती दिनदेखि राम्रोसँग पढ्ने पढाउने वातावरण नभएकोले मैले सो विषयमा पटकपटक विषय शिक्षक तथा क्याम्पस प्रमुखसँग प्रश्न उठाउने गरेकाले क्याम्पसले मलाई सुरूवातदेखि नै नराम्रो व्यवहार गरेको थियो। जसले गर्दा मैले कक्षामा आफूलाई सोध्न मन लागेका प्रश्नहरूसमेत सोध्न नपाउने, सोधेमा कक्षा शिक्षक कक्षा छोडेर जाने अवस्थाको सम्म सिर्जना भएको थियो। दोस्रो सेमेष्टरको अन्तिम परीक्षामा out of syllabus र out of Level बाट प्रश्नहरू सोधिएको भए तापनि मैले सबै प्रश्नहरूको उत्तर राम्रो लेखेको थिएँ। परीक्षाको वातावरण स्वच्छ र मर्यादित थिएन। विद्यार्थीहरूमा उत्तीर्ण हुन आफ्नो क्षमता, दक्षताभन्दा पनि चिट चोर्ने प्रवृत्तिको हावी भयो। अन्तिम परीक्षामा क्याम्पसले मलाई पक्षपातपूर्ण व्यवहार गरी नियतवश कम अङ्क दिई अनुत्तीर्ण गराएको हो। तसर्थ, नियतवश कम अङ्क दिने कार्यलाई हतोत्साही गर्दै परीक्षा प्रणाली मर्यादित, स्वच्छ र शान्त वातावरणमा सञ्चालन होस्। out of syllabus र out of Level बाट सोधिएका प्रश्नहरूको पूरै अङ्क दिने व्यवस्थाका साथै अन्य परीक्षार्थी साथीहरूले के कसरी प्रश्नहरूको उत्तर लेख्दा उत्कृष्ट अङ्क प्राप्त गरी उत्तीर्ण हुँदा रहेछन्, सो कुराको जानकारीका लागि परीक्षामा सामेल भएका सोही तहका सम्पूर्ण परीक्षार्थी साथीहरूको उत्तरपुस्तिका हेर्न, प्रतिलिपि उपलब्ध गराउन र विश्वभाषा क्याम्पसलाई स्तरीय पठनपाठनको नमुना महाविद्यालय (model campus) बनाउने र शैक्षिक क्षेत्रमा Role Model को रूपमा विकास गर्नसमेत सम्बन्धित निकायमा परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको मुख्य मागदाबी लिएको देखिन्छ भने क्याम्पसले मिति २०६८।०३।२७ मा 2nd semester को परीक्षाफल प्रकाशित गरेकोमा यदि निवेदकलाई सो नतिजामा चित्त नबुझेको भएमा त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २९६ अनुसार ३५ दिनभित्रमा पुनर्योगको लागि निवेदन दिनुपर्नेमा यी निवेदकले सो नदिई वैकल्पिक उपचारको मार्ग अवलम्बन गरेका छैनन्। त्रिभुवन विश्वविद्यालयले सम्बन्धित विषयका दक्षविज्ञबाट परीक्षाको उत्तरपुस्तिका परीक्षण गराई नियमले तोकेको प्रक्रिया पूरा गरी परीक्षाफल प्रकाशित गर्ने हुँदा यस प्रश्नको उत्तर यो वा त्यो हो भनी नियतवश अनुत्तीर्ण गराइयो भनेर परीक्षार्थी आफैंले विशेषज्ञ बन्न र कपोलकल्पित आरोप लगाउन मिल्दैन। निवेदकले उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराई पाउँ भन्नेसमेत दाबी लिएकोमा हाल त्रिभुवन विश्वविद्यालयले सोसम्बन्धी कार्यविधि निर्धारण गर्ने प्रक्रियामा रहेकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ बेहोरा देखिन्छ।

उपर्युक्तबमोजिमको निवेदन दाबी तथा लिखित जवाफ बेहोरा भएको प्रस्तुत रिट निवेदनमा निवेदक विद्वान् अधिवक्ता तथा विद्वान्

सहन्यायाधिवक्ताले गर्नुभएको तर्कपूर्ण बहस जिकिरसमेत सुनी निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२. अब निर्णयतर्फ विचार गर्दा, रिट निवेदक दिनेश चौधरी त्रिभुवन विश्वविद्यालयअन्तर्गत विश्वभाषा क्याम्पसमा अङ्ग्रेजी भाषा अध्ययनको Advanced Level मा अध्ययन गरी पहिलो सेमेष्टर उत्तीर्ण गरेको र दोस्रो सेमेष्टरका केही विषयमा उत्तीर्ण हुन आवश्यक अङ्क प्राप्त नगरी अनुत्तीर्ण भएको तथ्यमा विवाद भएन । निजले आफू क्याम्पसमा भर्ना भएपछि सुरूवातदेखि नै राम्रो पठनपाठनको वातावरण नभएकाले पढाइलाई स्तरीय बनाउन पटकपटक विषय शिक्षक र क्याम्पस प्रमुखसँग अनुरोध गर्दै आएको, सोही कारण निजहरूले मउपर पूर्वाग्रही भई परीक्षामा राम्रो उत्तर लेखेको भए तापनि न्यून अङ्क दिई अनुत्तीर्ण गराएको भनी आफ्नो र अन्य सबै परीक्षार्थीको उत्तरपुस्तिका हेर्न दिनु र विश्वभाषा क्याम्पसलाई स्तरीय पठनपाठनको नमुना महाविद्यालय (model campus) बनाउनु भनी परमादेश जारी गरी पाउन माग गरेको देखिन्छ।

३. विपक्षीमध्येको विश्वभाषा क्याम्पस त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २(ड) बमोजिम सो विश्वविद्यालयको आङ्गिक क्याम्पस भन्ने देखिन आउँछ । देशको सर्वाङ्गीण विकासको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न स्तरयुक्त उच्च शिक्षा प्रदान गर्नेलगायतका विषयमा त्रिभुवन विश्वविद्यालयलाई बढी सक्षम बनाउन त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ जारी भएको देखिन्छ भने सो ऐनअन्तर्गत बनाई जारी गरिएको त्रिभुवन विश्वविद्यालय, सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० ले त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूको परीक्षालाई स्तरीय व्यवस्थित र मर्यादित बनाउन विविध व्यवस्थाहरू गरेको देखिन आउँछ । उक्त नियमको परिच्छेद-६१ ले परीक्षाका उत्तरपुस्तिकाको मूल्याङ्कनसम्बन्धी व्यवस्था गरी नियम २२८ ले सो विश्वविद्यालयअन्तर्गतका तहगत शैक्षिक कार्यक्रमका विषयगत उत्तरपुस्तिकाहरू विश्वविद्यालयका आङ्गिक क्याम्पस वा सम्बन्धन प्राप्त क्याम्पसका विशेषज्ञ वा अन्य स्वदेशी वा विदेशी विशेषज्ञहरूबाट परीक्षण, सम्परीक्षण र मूल्याङ्कन गराउने व्यवस्था गरेको, नियम २३४(क) मा विश्वविद्यालय सेवामा स्थायी वा करारको रूपमा कम्तीमा ५ वर्षसम्म सम्बन्धित विषय पढाएको शिक्षकलाई उत्तरपुस्तिका मूल्याङ्कनका लागि परीक्षक नियुक्ति गरिने र ऐ. नियम २३४ ग मा उत्तरपुस्तिकाको मूल्याङ्कन वा परीक्षण गर्ने शिक्षकले जानी जानी वा गलत रूपमा वा लापरवाही ढङ्गले मूल्याङ्कन गरेको देखिएमा त्यस्तो शिक्षकलाई विभागीय कारबाही गरिने भन्नेसमेतका व्यवस्था गरेको देखिन्छ । यस अतिरिक्त, उत्तरपुस्तिका परीक्षण कार्यलाई व्यवस्थित र मर्यादित बनाउन उत्तरपुस्तिकाहरूमा सङ्केताङ्क (coding/decoding) राखी परीक्षण गर्ने गराउने प्रणाली सामान्य समझको विषय हो । Coding प्रणालीबाट उत्तरपुस्तिका परीक्षण गर्दा कुनै पनि परीक्षार्थीको उत्तरपुस्तिका पहिचान हुन सक्ने स्थिति देखिँदैन।

४. नेपालको संविधानको धारा ३१ ले शिक्षाको हकलाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। संविधान प्रद्धत्त यो हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा नि:शुल्क

शिक्षासम्बन्धी ऐन, २०७५ समेत जारी भएको देखिन्छ । उक्त ऐनले प्रत्येक नागरिकलाई विना भेदभाव विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन अनुसन्धान गर्ने, परीक्षामा सहभागी हुने र शैक्षिक प्रमाणपत्र प्राप्त गर्नेलगायत कानूनबमोजिमको सर्त तथा मापदण्ड पूरा गरी आफ्नो योग्यता क्षमता तथा रूचिअनुसार उच्च शिक्षा प्राप्त गर्ने अधिकारहरूको सुनिश्चितता दिलाएको देखिन्छ । यसैगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र (universal Declaration of Human Rights, 1948) को धारा २६, आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Economic, Social and Cultural Rights, 1966, ICESCR) को धारा १३ तथा शिक्षामा हुने भेदभावविरूद्धको युनेस्को अनुबन्ध (UNESCO Convention Against Discrimination in Education, 1960) लगायतका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी अभिसन्धिहरूले पनि शिक्षालाई व्यक्तिको आधारभूत मानव अधिकारको रूपमा परिभाषित गरी मानिसको पूर्ण व्यक्तित्व विकास र गुणस्तरीय जीवनयापनका लागि गुणस्तरयुक्त शिक्षामा समान र विनाभेदभाव पहुँच हुनुपर्ने प्रावधानहरू राखेको देखिन्छ । यसप्रकार अन्तर्राष्ट्रिय कानून एवम् नेपालको संवैधानिक एवम् कानूनी व्यवस्थासमेतले नागरिकको शिक्षाको हकलाई सुनिश्चित गरेको हुनाले सो हकको व्यवहारमा कार्यान्वयन गर्नु गराउनु विश्वविद्यालय, महाविद्यालयलगायत राज्यका सबै संयन्त्र (state instrumentalities) हरूको जिम्मेवारी हुन आउँछ।

५. समाजमा सदाचार र उच्च नैतिकता कायम गर्दै देशको सर्वाङ्गीण विकासका लागि शिक्षाको ठुलो महत्त्व रहेको हुन्छ । विकसित मुलुकहरूले समाजमा आइपर्ने जुनसुकै चुनौतीको सामना गर्नका लागि शिक्षा क्षेत्रको गुणस्तर सुधारलाई प्रमुख प्राथमिकतामा राखेको पाइन्छ । शैक्षिक संस्थाहरूले पनि शैक्षिक गुणस्तर सुधारका क्रममा परम्परागत प्रवचन विधिमा गरिने अध्ययन अध्यापन शैलीमा परिमार्जन गरी विद्यार्थी, प्रशिक्षकहरूमा जिज्ञासा र रूचि पैदा गर्ने सहभागितामूलक तथा अन्तरक्रियात्मक शिक्षण शैली अवलम्बन गरेको पाइन्छ । यसैगरी परम्परागत रूपमा प्रयोग भएका पाठ्य सामग्रीको सट्टा सूचना प्रविधिमा आधारित श्रव्यदृश्य माध्यमबाट पठनपाठन गराउने अभ्यास आमरूपमा प्रचलनमा आएको अवस्था छ । निवेदकले अध्ययन अध्यापनको उपयुक्त वातावरण नरहेको भन्ने जिकिर लिएको सन्दर्भमा शैक्षिक संस्थाहरूको व्यवस्थापकीय सक्षमता अभिवृद्धि गरी शैक्षिक वातावरणको प्रभावकारी अनुगमन मूल्याङ्कन गर्न सकिने र यसका लागि कक्षाकोठामा CCTV लगायतका उपकरण जडान गर्न सकिने विषयसमेत अब सामान्य बनिसकेको छ । यस अतिरिक्त शिक्षक, विद्यार्थीबिच नियमित अन्तरक्रिया र आवधिक सिकाई मूल्याङ्कन एवम् पठनपाठन एवम् शैक्षिक व्यवस्थापनका विषयमा विद्यार्थी/ प्रशिक्षार्थीहरूसमेतबाट समय समयमा पृष्ठपोषण लिई त्यसमा देखिएका सुझावहरूलाई कार्यान्वयन गर्दै जाँदा सोबाट शैक्षिक संस्थाको अध्ययन अध्यापन वातावरण सुधार भई शैक्षिक गुणस्तरमा अभिवृद्धि हुने देखिन्छ। यस सम्बन्धमा निवेदकले निर्धारित शैक्षिक समयतालिकाअनुसार क्याम्पसका पठनपाठन हुनुपर्ने भनी उठाएको विषयलाई अन्यथा लिनुपर्ने देखिँदैन । जहाँसम्म सोही कारण निवेदकप्रति पूर्वाग्रह राखी निवेदकको परीक्षाको उत्तरपुस्तिकामा भेदभावपूर्ण तरिकाले कम अङ्क दिई अनुत्तीर्ण गराएको भन्ने निवेदन जिकिर छ सोतर्फ हेर्दा नेपाली समाजमा शिक्षक वा गुरूलाई चेतनाको पर्याय र

समाजको नैतिक आदर्शको मानक (Role model) का रूपमा समेत लिने गरिन्छ । प्राचीन गुरूकुल प्रणालीबाट विकसित हुँदै आएको पूर्वीय शिक्षा (ज्ञान आर्जन) प्रथामा शिक्षक र विद्यार्थीको वा गुरूचेलाको सम्बन्धलाई पितापुत्रको जस्तै आत्मीय सम्बन्धका रूपमा लिने गरिन्छ । शिक्षक विद्यार्थीबिचको सौहार्द्रपूर्ण सम्बन्धबाट मात्र अध्ययन अध्यापन कार्यमा अपेक्षित नतिजा हासिल गर्न सकिने हो । अपितु शिक्षा वा ज्ञान आर्जनको कुनै सीमा हुँदैन । समाज विज्ञान एवम् कलाशास्त्र (Arts) का कतिपय जिज्ञासाहरू यान्त्रिक (Mechanical) वा सूत्रबद्ध (Formula) रूपमा सम्बोधन गर्न सकिने हुँदैनन् । सम्बन्धित विषयको ज्ञान वा बुझाइलाई परिष्कृत गराउन यस्ता विषयमा निरन्तर शोध, अनुसन्धान र बहस आवश्यक हुन्छ । यस्ता विषयमा विद्यालय वा कक्षाकोठामा हुने शैक्षिक / बौद्धिक वा प्राज्ञिक छलफल र सवाल जवाफलाई अध्ययन अध्यापनकै आयामका रूपमा हेर्नुपर्ने हुन्छ । यसैका आधारमा कुनै पनि शिक्षक वा उत्तरपुस्तिका परीक्षकका लागि विद्यार्थीप्रति पूर्वाग्रह वा द्वेषभाव राख्नुपर्नेसम्मको अवस्था रहन्छ भनी सामान्य समझको व्यक्तिले स्वीकार गर्न सकिने विषय देखिएन । वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि नभएसम्म कुनै पनि परीक्षकबाट कुनै परीक्षार्थीप्रति पूर्वाग्रही भई निजको भविष्यमाथि खेलबाड हुने गरी लापरवाही वा बदनियतसाथ उत्तरपुस्तिका परीक्षण गर्नुपर्ने कुनै कारण देखिँदैन । त्रिभुवन विश्वविद्यालय नियमानुसार विषयविज्ञबाट रीतपूर्वक परीक्षण भई आएको यी निवेदकको उत्तरपुस्तिकामा निवेदकले दाबी लिएजस्तो जानी जानी लापरवाही साथै निवेदकप्रति पूर्वाग्रह राखी निवेदकलाई कम अङ्क दिएको भन्ने निवेदन दाबी यथार्थमा आधारित देखिन आएन । निवेदकले आशङ्काको भरमा मात्र प्रस्तुत जिकिर लिएको देखिन आयो ।

६. त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को परिच्छेद-७२, नियम २९६ मा परीक्षाको नतिजामा चित्त नबुझाउने परीक्षार्थीले त्यस्तो परीक्षाफल प्रकाशित भएको ३५ दिनभित्र तोकिएको प्रक्रिया अवलम्बन गरी पुनर्योगको लागि निवेदन गर्न सक्ने र पुनर्योगपछिको प्राप्ताङ्कमा चित्त नबुझेमा नियम २५२ बमोजिम आफ्नो उत्तरपुस्तिका हेर्न र प्रतिलिपि लिन सकिने व्यवस्थासमेत देखियो । यद्यपि उक्त नियमको परिच्छेद ६५, नियम २५२ को उत्तरपुस्तिका देखाउने र प्रतिलिपि दिनेसम्बन्धी व्यवस्था मिति २०७०।०५।२४ को संशोधनबाट थप भएको र प्रस्तुत निवेदन सो अगाडि नै मिति २०६८।०६।२९ मा दायर भएको देखिए तापनि परीक्षार्थीलाई उत्तरपुस्तिका हेर्न र प्रतिलिपि दिनेसम्बन्धी यस अदालतबाट प्रा.डा. भीमराज अधिकारी विरूद्ध विजय अर्यालसमेत भएको ०६६-WO-०३६९ को उत्प्रेषण परमादेश मुद्दामा मिति २०६८।०२।०४ मा आदेश भइसकेको देखिँदा यी निवेदकले सोही आदेशमा उल्लिखित प्रक्रियाबाट उत्तरपुस्तिका हेर्न र प्रतिलिपि लिन सम्बन्धित निकायमा निवेदन गर्न सक्ने अवस्था रहेकोमा निवेदकले नियमबमोजिम पुनर्योगको लागि सम्बन्धित निकायमा निवेदन दिएको वा फैसलामा तोकिएको कार्यविधि अवलम्बन गरी उत्तरपुस्तिका हेर्न र प्रतिलिपि माग गरेकोसमेत देखिन नआई उक्त उत्तरपुस्तिका हेर्न र प्रतिलिपि माग गर्न यस अदालतमा रिट दायर गरेको देखियो । यस अदालतले व्यक्तिको संविधान प्रदत्त मौलिक हकको उल्लङ्घन भएको वा अन्य कुनै कानूनी हकको उल्लङ्घन भएकोमा उपचारको व्यवस्था नभएको वा त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन भएको अवस्थामा मात्र त्यस्तो मौलिक

वा कानूनी हकको प्रचलनको लागि असाधारण अधिकारक्षेत्रको प्रयोग गरी उपयुक्त आदेश जारी गरी उपचार प्रदान गर्ने हो । त्यस्तो आदेश जारी हुनका लागि निवेदकले विपक्षीहरूद्वारा कानून प्रतिकूल कामकारबाही वा निर्णय गरेको वा कानूनबमोजिम सम्पादन गर्नुपर्ने जिम्मेवारी वा कर्तव्य पूरा नगरेबाट आफ्नो यस्तो अधिकारको हनन भयो भनी स्थापित गराउन सक्नुपर्छ तर प्रस्तुत रिट निवेदनमा निवेदकले विपक्षीहरूले यो यसरी कानून प्रतिकूल निर्णय वा कामकारबाही गरेका वा कानूनबमोजिम सम्पादन गर्नुपर्ने यो यस्तो कार्य नगरेको र यसबाट आफ्नो यो यस्तो मौलिक वा कानूनी हकको उल्लङ्घन भएको भनी ठोसरूपमा देखाउन नसकी अमूर्त र अस्पष्ट दाबी लिएको देखियो । निवेदकले परीक्षाको नतिजामा चित्त नबुझेको भए पुनर्योग गर्न वा उत्तरपुस्तिकाको प्रतिलिपि लिनका लागि निर्धारित उपचारको मार्ग अवलम्बन गर्न सक्नेमा त्यस्तो नगरी सिधै रिट क्षेत्रमार्फत यस अदालतमा प्रवेश गरेको देखिन्छ । निवेदकले परीक्षाको प्राप्ताङ्क पुनर्योग गर्ने वा प्रतिलिपि प्राप्त गर्ने सम्बन्धमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धित नियम वा यस अदालतबाट निर्धारित कार्यविधि अवलम्बन नगरी सिधै यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग गरेको देखिँदा सो हदसम्म यस अदालतले निवेदकलाई सहयोग गर्न सक्ने अवस्था रहेन ।

७. निवेदकले रिट निवेदनमा उक्त परीक्षामा सहभागी सम्पूर्ण परीक्षार्थीहरूको उत्तरपुस्तिका हेर्न दिनु भनी परमादेशको माग गरेको भए तापनि संविधानप्रदत्त सूचनाको हक आफ्नो वा सार्वजनिक सरोकारको कुनै विषयको सूचना माग्ने र पाउने हक हो । सार्वजनिक महत्त्वको नदेखिएको परीक्षाको उत्तरपुस्तिका जस्तो व्यक्ति सरोकारको विषयमा अन्य परीक्षार्थीको समेत उत्तरपुस्तिका हेर्न पाउनुपर्ने भन्ने निवेदकको माग सूचनाको हकको अवधारणा अनुकूल देखिएन । निवेदकले यस अदालतको मिति २०६८।०२।०४ को आदेश, त्रिभुवन विश्वविद्यालय, सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २५२ तथा सूचनाको हकसम्बन्धी कानूनी व्यवस्थासमेतका आधारमा आफ्नो परीक्षाको उत्तरपुस्तिका हेर्न र प्रतिलिपि माग गर्नसम्म सक्ने भए तापनि सबै परीक्षार्थीको उत्तरपुस्तिका हेर्न पाउँ भनी गरेको माग कानूनसम्मत देखिन आएन । निजको आफ्नो उत्तरपुस्तिका हेर्ने सम्बन्धमा पनि निजले माग गरेको English Writing Advanced Level को दोस्रो सेमेष्टरको परीक्षाफल मिति २०६८।०३।२७ मा प्रकाशन भएको भन्ने देखिन्छ । त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २३५ ले कुनै परीक्षाको परीक्षाफल प्रकाशित भएको मितिले ४(चार) महिनासम्म (तत्काल कायम रहेको नियमको व्यवस्थानुसार ६ महिना) मात्र त्यस्तो उत्तरपुस्तिका सुरक्षित राख्नुपर्ने र सो अवधिपश्चात् उत्तरपुस्तिका धुल्याउन सकिने भन्ने व्यवस्था देखिएको एवम् यस अदालतबाट मिति २०७४।०१।१२ मा भएको आदेशबमोजिम मिति २०७४।१२।२९ मा विपक्षी विश्वभाषा क्याम्पसबाट प्राप्त च.नं. २४९/०७४।०७५ को पत्रमा उक्त उत्तरपुस्तिका सोही नियमबमोजिम धुल्याई सकिएको भन्ने देखिन आएकोले परीक्षाफल प्रकाशित भएको दश वर्षपछि हाल यी निवेदकलाई उत्तरपुस्तिका देखाउन कानूनी तथा व्यावहारिक दृष्टिमा सम्भव देखिँदैन । निवेदकले सोसम्बन्धी अन्तरिम आदेश माग गरेको एवम् यस अदालतबाट अन्तरिम आदेश जारी भएकोसमेत नदेखिएको अवस्थामा नियमबमोजिम उत्तरपुस्तिका धुल्याएको कार्यबाट यी निवेदकको कुनै हक अधिकारमा

आघात पुगेको भनी मान्न मिल्ने अवस्था नभएको र हाल उत्तरपुस्तिका नै धुल्याइसकेको अवस्था हुँदा उत्तरपुस्तिका हेर्न र प्रतिलिपि लिन पाउँ भनी निवेदकले गरेको मागदाबीको कुनै औचित्यतासमेत नहुँदा निवेदन मागदाबीबमोजिम परमादेशको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

८. तथापि निवेदकले रिट निवेदनमा उठाएको विश्वभाषा क्याम्पसको पठनपाठन र परीक्षा प्रणालीसमेत अव्यवस्थित रहेको भनी उठाएको विषयमा यस इजलासको गम्भीर ध्यानाकर्षण भएको हुँदा क्याम्पसको शैक्षिक प्रशासनिक एवम् व्यवस्थापकीय सुधारसमेतका लागि देहायबमोजिमको निर्देशनात्मक आदेश जारी गरिएको छ:-

१. विश्वभाषा क्याम्पसमा केवल देशभित्रका विद्यार्थीहरूले मात्र नभई अन्य विभिन्न मुलुकका विद्यार्थीहरूले समेत विभिन्न भाषाभाषीको अध्ययन गर्ने र उक्त क्याम्पसको शैक्षिक प्रशासनिक, व्यवस्थापकीय एवम् अध्ययन अध्यापनको शैली, प्रक्रिया एवम् गुणस्तरीयताले विश्व समुदायमा नै नेपालको शैक्षिक गुणस्तरका बारेमा प्रभाव एवम् सन्देश दिने भएकाले माथिका विभिन्न प्रकरणमा विवेचना भएअनुरूप क्याम्पसको शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय क्रियाकलापमा भएका कमीकमजोरी सुधार र शैक्षिक गुणस्तरमा स्तरोन्नति गरी उक्त क्याम्पसलाई नमुना क्याम्पसको रूपमा विकास गर्न एक अध्ययन कार्यदल बनाई उक्त कार्यदलबाट प्राप्त सुझाव कार्यान्वयन गरी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु भनी विश्वभाषा क्याम्पसका नाउँमा निर्देशनात्मक आदेश जारी हुने,

२. परीक्षार्थीले उत्तरपुस्तिका हेर्न र प्रतिलिपि लिन पाउने व्यवस्थाले उत्तरपुस्तिका परीक्षण प्रणालीलाई पारदर्शी र जिम्मेवार बनाएको हुन्छ । कुनै पनि प्रश्नमा उत्तरपुस्तिकामा आफूले लेखेको जवाफ ठिक बेठिक के रहेको छ भन्ने विषय केवल प्राप्ताङ्कसँग मात्र सम्बन्धित नभई उत्तरपुस्तिकामा भएको परीक्षकको मूल्याङ्कन (Evaluation) पृष्ठपोषणले परीक्षार्थीले आफ्नो बुझाई वा लेखन शैलीमा परिमार्जन र सुधार गर्ने अवसर प्राप्त गर्ने र यसबाट शैक्षिक गुणस्तरमा सकारात्मक प्रभाव पर्ने भएकाले यस अदालतबाट संवत् २०६६ सालको रिट नं. ०६६-WO-०३६९ उत्प्रेषणयुक्त प्रतिषेधसमेत मुद्दामा भएको उत्तरपुस्तिका हेर्न तथा प्रतिलिपि लिने कार्यविधिसम्बन्धी आदेश तथा त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० परिच्छेद ६५ मा भएको व्यवस्थालाई सहज र प्रभावकारी बनाई कार्यान्वयन गर्नु भनी विपक्षीमध्येको त्रिभुवन विश्वविद्यालयको नाउँमा समेत निर्देशनात्मक आदेश जारी हुने ।

९. यो आदेशको जानकारी विपक्षीहरूलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.नहकुल सुवेदी

इजलास अधिकृत:-प्रकाश सुवेदी
इति संवत् २०७८ साल वैशाख ९ गते रोज ५ शुभम् ।

## निर्णय नं. १०६५४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री नहकुल सुवेदी
आदेश मिति : २०७८।१।९
०७४-WO-०९८१

मुद्दा : उत्प्रेषण

निवेदक : विरेन्द्रप्रसाद गुप्ताको छोरी जिल्ला बाँके नेपालगन्ज उपमहानगरपालिका वडा नं.१९ बस्ने वर्ष २३ को शुष्माकुमारी गुप्तासमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **संविधान र कानूनबमोजिम नागरिकता पाउन योग्य नेपाली नागरिकले कानूनले तोकेको ढाँचामा नागरिकताको प्रमाणपत्र पाउनु सम्बन्धित नागरिकको संवैधानिक एवम् कानूनी अधिकार तथा वैधानिक अपेक्षा र आत्मसम्मानको विषयसमेत हुने।**

(प्रकरण नं.६)

- **कैफियत टिप्पणी लेखेकै आधारमा त्यस्ता नागरिकहरूलाई राज्यले प्रदान गर्ने सेवा सुविधा वा अवसर आदिमा विभेद गरेको भन्ने देखिन नआए तापनि आत्मसम्मान वा मर्यादाको विषयलाई केवल सेवा, सुविधा वा अवसरको वितरणमा मात्र सीमित गर्न मिल्दैन। यो सम्बन्धित व्यक्ति वा सो समूहका व्यक्तिहरूले महसुस गर्ने भावनात्मक विषय हुने।**

(प्रकरण नं.८)

- **समानताको हकअन्तर्गत व्यवस्थापिकाले कानून बनाई कुनै खास उद्देश्य पूर्तिका लागि कुनै खास वर्ग वा समूहका बिच फरक व्यवहार गर्न सक्ने मान्यता स्वीकार गरिएको भए तापनि कानूनमा त्यसरी वर्गीकरणका आधारहरू स्पष्ट हुनुपर्ने र त्यस्तो व्यवहार वा वर्गीकरण न्यायोचित र औचित्यपूर्ण हुनुपर्ने।**

(प्रकरण नं.९)

- **जारी गरिने नागरिकताको प्रमाणपत्रमा नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचाबाहेक अन्य कुनै बेहोरा कैफियत खण्डमा उल्लेख नगर्नु नगराउनु भनी मातहतका सबै जिल्ला प्रशासन कार्यालयहरू तथा इलाका प्रशासन कार्यालयहरूमा परिपत्र गर्ने।**

(प्रकरण नं.१०(क))

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री सुषमा गौतम, श्री मीरा ढुङ्गाना र श्री पुष्पा पौडेल
विपक्षीका तर्फबाट : विद्वान् नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- नेपालको संविधान
- नेपाल नागरिकता ऐन, २०६३

आदेश

**न्या.नहकुल सुवेदी :** नेपालको संविधान, २०७२ को धारा ४६ र १३३ अनुसार दर्ता भई

पेस हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

**निवेदनको बेहोरा**

हामी निवेदकहरू नेपाली नागरिक भई नेपालको विभिन्न प्रदेश र जिल्लामा बसोबास गर्ने स्थानीय बासिन्दा हौँ। हामी निवेदक नं. १, २ र ३ प्रभावित व्यक्तिहरू हौँ भने हामी निवेदक नं. ४ र ५ कानून व्यवसायीको हैसियतले र मानव अधिकारको क्षेत्रमा लामो समयदेखि कार्य गर्दै आएका व्यक्तिहरू हौँ। हामी निवेदकहरू व्यक्तिगत व्यवसायको साथसाथै विभिन्न पेसागत, सामाजिक तथा मानव अधिकारवादी सङ्घसंस्थाहरूमा समेत आबद्ध रही कानूनको शासन, मानव अधिकार, सुशासन, वातावरणीय अधिकारसमेतका सार्वजनिक सरोकारका विषयमा समेत वकालत गर्दै आइरहेका छौँ। नेपालको संविधानको भाग २ धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भनी व्यवस्था गरिएको पाइन्छ भने धारा ११ मा नेपालको नागरिकता प्राप्तिका आधारहरूको व्यवस्था गरिएको पाइन्छ । त्यसैगरी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३, ४, ५ र ६ मा नेपाली नागरिकता प्राप्तिका आधारहरूको व्यवस्था गरिएको पाइन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३, ४, ५ र ७ मा नेपालको नागरिकता जारी गर्ने विषयमा कार्यविधिसम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरी नेपाल सरकारले जारी गरेको नागरिकताको प्रमाण पत्र वितरण कार्यविधि, २०६३ मा समेत नेपाली नागरिकता वितरणसम्बन्धी कार्यविधि निर्धारण गरिएको पाइन्छ । उपर्युक्त संवैधानिक, कानूनी तथा कार्यविधिगत व्यवस्थाअनुसार नेपाली नागरिकता प्राप्त गर्ने अधिकार सबै नेपाली नागरिकमा रहेको कुरामा कुनै विवाद हुन सक्दैन। त्यस्ता संवैधानिक तथा कानूनी अधिकार आम नेपाली नागरिक सेवाग्राहीले सहज र सर्वसुलभ ढङ्गबाट उपभोग गर्न पाउने हकसम्बन्धी विषय र विवाद सार्वजनिक हित र सरोकारको विषय भएको र सो विषयमा हामी निवेदकको सार्थक सम्बन्ध रहेकोले नेपालको संविधानको धारा १३३ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको १० नं. बमोजिम विपक्षीहरूका उपर प्रस्तुत रिट दायर गर्न हामी निवेदकको हकदैया रहेको छ।

हामी निवेदक नं. १, २ र ३ सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालतहरूबाट भएको आदेशानुसार नेपालको नागरिकता प्राप्त गरेका नेपाली नागरिक हौँ । सम्मानित अदालतहरूबाट हामी निवेदकहरूका साथै यस रिट निवेदनको संलग्न कागजातहरूको प्रकरणमा उल्लिखित नागरिकता प्रमाणपत्रधारी व्यक्तिहरूसमेतको हकमा विपक्षी निकायहरूको नाउँमा विभिन्न फरकफरक मुद्दामा फरकफरक मितिमा भएको उत्प्रेषण परमादेशसमेतको फैसला आदेशानुसार नागरिकता प्राप्त गरेका हौँ। नागरिकता प्रमाणपत्र प्राप्तिका लागि कानूनबमोजिमको प्रक्रियाअनुसार सम्पूर्ण कागजात संलग्न गरी नागरिकता प्रमाणपत्र प्राप्तिका लागि विपक्षी निकायहरूमा जाँदा विपक्षी निकायहरूबाट हामीहरूलाई नेपाली नागरिकता दिन इन्कार गरेको कारण अदालतको शरणमा आई अदालतबाट आदेश भएपछि नेपाली नागरिकता प्राप्त गरेका हौँ।

हामी निवेदक नं.१, २ र ३ तथा यस रिट निवेदनको संलग्न कागजातहरूको प्रकरणमा संलग्न नागरिकता प्रमाणपत्रधारी व्यक्तिहरूले नेपालको विभिन्न जिल्ला प्रशासन कार्यालयहरूबाट अदालतको आदेशानुसार वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेका छौँ । वंशजको आधारमा नेपाली नागरिकता जारी गर्ने क्षेत्राधिकार नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता

नियमावली, २०६३ बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालयको रहन्छ । तदअनुरूप जारी गर्ने नेपाली नागरिकताको तोकिएको ढाँचाको प्रमाणपत्रमा जिल्ला प्रशासन कार्यालयलाई कैफियत वा टिप्पणी लेख्ने अधिकार नेपालको संविधान तथा नागरिकतासम्बन्धी कुनै पनि प्रचलित कानूनले प्रदान गरेको पाइँदैन । तर पनि नेपालको संविधान र नेपाल नागरिकता ऐन, २०६३ बमोजिम हामीहरूको नाउँमा जारी गरिएका नागरिकता प्रमाणपत्रहरूमा विपक्षी जिल्ला प्रशासन कार्यालयहरूबाट उक्त नेपाली नागरिकता प्रमाणपत्रहरूमा कैफियत टिप्पणी जनाई केहीमा फलानो अदालतबाट फलानो मुद्दामा भएको फलानो मितिको आदेशअनुसार जारी भन्ने उल्लेख गरी तथा केहीमा मिति जनाई प्र.जि.अ./स.प्र.जि.अ. को निर्णयानुसार जारी भनी नागरिकता प्रमाणपत्रमा थप टिप्पणी तथा कैफियत जनाई नागरिकता प्रमाण पत्र जारी गरिएको छ ।

नेपालको संविधानको धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भनी नागरिकता पाउने प्रत्येक नागरिकको हकलाई संवैधानिक रूपमा संरक्षण गरेको छ भने धारा ११ र १२ मा नेपाली नागरिकता प्राप्त गर्ने आधार र मापदण्ड उल्लेख गरिएको छ ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा २(क) मा १६ वर्ष उमेर पूरा भएको व्यक्तिले नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था छ । सो ऐनको दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता पाउन सक्ने आधार, दफा ४ मा जन्मको आधारमा र अङ्गीकृत नेपाली नागरिकता पाउन सक्ने आधार र अवस्थाको कानूनी व्यवस्था गरिएको छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ मा नेपाली नागरिकता प्राप्तिको लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया र संलग्न गर्नुपर्ने कागजातहरूसम्बन्धी व्यवस्था गरिएको छ । सोही ऐनको दफा ९ मा नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार विपक्षी निकाय / कार्यालयहरूलाई प्रदान गरिएको छ ।

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ८(७) मा नागरिकता जारी गर्ने अधिकारीले कुन नागरिकता कस्तो ढाँचामा जारी गर्ने भन्ने व्यवस्था गरेको छ । जसअनुसार अनुसूची २ मा जिल्ला प्रशासन कार्यालयहरूबाट जारी गरिने जन्म वा वंशजको नेपाली नागरिकता प्रमाणपत्रको ढाँचा र अनुसूची ८ मा गृह मन्त्रालयबाट जारी गरिने अङ्गीकृत नेपाली नागरिकता प्रमाणपत्रको ढाँचा तोकिएको छ । विपक्षी निकायहरूबाट नागरिकता प्रमाणपत्र जारी गर्दा नियमावलीले तोकेको सोही ढाँचामा जारी गर्नुपर्ने कुरा निर्विवाद छ ।

गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयहरूलाई सम्बोधन गरी जारी गरेको च.नं. १९१ प.सं. ०६६/०६७ को मिति २०६६।८।७ को "नागरिकता प्रमाणपत्रमा अन्य सङ्केत राख्न नहुने सम्बन्धमा" विषयको परिपत्रमा समेत राष्ट्रिय पहिचानको रूपमा रहेको नागरिकता प्रमाणपत्रमा उल्लेख गरिएका विवरणबाहेक थप विवरणहरू उक्त नागरिकता प्रमाणपत्रमा उल्लेख नगर्न नगराउन स्पष्ट निर्देशन भएको छ । उल्लिखित परिपत्रको निर्देशनका बाबजुद विपक्षी कार्यालयहरूले थप विवरण उल्लेख गरी नागरिकता जारी गर्नुले विपक्षी गृह मन्त्रालयको परिपत्रअनुसार कार्य नगरेको प्रस्ट छ ।

नेपालको संविधानको भाग २ धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको पाइन्छ भने धारा ११ मा नेपालको नागरिकता प्राप्तिका आधारहरूको व्यवस्था गरिएको पाइन्छ । त्यसैगरी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३, ४, ५ र ६ मा नेपाली नागरिकता प्राप्तिका आधारहरूको व्यवस्था गरिएको पाइन्छ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम

३, ४, ५ र ७ मा नेपालको नागरिकता जारी गर्ने विषयमा कार्यविधिसम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरी नेपाल सरकार, गृह मन्त्रालयले जारी गरेको नागरिकता प्रमाण पत्र वितरण कार्यविधि निर्देशिका, २०६३ मा समेत नेपाली नागरिकता वितरणसम्बन्धी कार्यविधि निर्धारण गरिएको छ । नेपाली नागरिकता जारी गर्दा नागरिकता प्रमाणपत्रमा अतिरिक्त कैफियत वा टिप्पणी उल्लेख गर्ने अधिकार कुनै पनि विपक्षीहरूलाई नभएको र त्यसरी नागरिकता प्रमाणपत्रमा कैफियत टिप्पणी उल्लेख गर्दा नागरिकताको किसिम नै फरक हो कि भन्ने देखिने साथै राष्ट्रिय पहिचानको दस्ताबेजको रूपमा रहेको नेपाली नागरिकताको प्रमाणपत्रको एकरूपता तथा विदेशी मुलुकको भ्रमणमा जाँदा नेपाली पहिचान पत्रको रूपमा प्रस्तुत गर्नुपर्ने उक्त प्रमाणपत्रको आधिकारिकतामाथि नै शंका उत्पन्न हुन सक्ने हुन्छ ।

नेपाली नागरिकता नेपालको संविधान तथा नेपाल नागरिकता ऐन, २०६३ बमोजिम जारी गरिने विषय हो । अदालतबाट सो कानूनबमोजिम नेपाली नागरिकता प्राप्त गर्ने अधिकार भएको नेपाली नागरिकलाई नेपालको नागरिकता नेपालको प्रचलित कानूनअनुसार प्रदान गर्नु भनी आदेश भएको हो । अदालतको आदेशानुसार नागरिकता जारी हुने नभई नेपालको प्रचलित कानूनबमोजिम नै नेपाली नागरिकता जारी गरी प्रदान गर्नुपर्ने हुन्छ । हामीहरूले सम्मानित अदालतमा दायर गरेको मुद्दामा पनि सम्मानित अदालतबाट नेपालको प्रचलित कानूनअनुसार हामीले नेपाली नागरिकता प्राप्त गर्ने अधिकार हुँदाहुँदै पनि हामीलाई नेपाली नागरिकता प्रदान नगरेको भन्ने आधारबाट विपक्षीहरूको नाउँमा परमादेशसमेतको आदेश जारी भएको हो । तसर्थ निम्नबमोजिम आदेश जारी गरिपाऊँ ।

विपक्षी जिल्ला प्रशासन कार्यालयहरूबाट उपर्युक्त प्रकरणहरूमा उल्लेख गरिएबमोजिम हामी निवेदक नं. १, २ र ३, का साथै रिट निवेदनको प्रकरण नं. ६ को संलग्न कागजातहरूको शिर्षकमा उल्लिखित गरिएका नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिहरू र हामीहरू जस्तै सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालतको आदेशपश्चात् नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका अन्य व्यक्तिहरूको नेपाली नागरिकता प्रमाण पत्रमा उल्लेख भएको थप कैफियत टिप्पणी उत्प्रेषणको आदेशद्वारा बदर गरी हामी निवेदकलगायतका व्यक्तिहरूको साथमा भएको नागरिकता प्रमाणपत्रबाट उक्त थप कैफियत टिप्पणी हटाई पाऊँ ।

अब उप्रान्त सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालतहरूबाट उत्प्रेषण तथा परमादेशलगायतका रिट निवेदनहरूमा जारी भएको आदेशानुसार जारी गरिने नेपाली नागरिकताको प्रमाण पत्रमा कुनै पनि किसिमको थप कैफियत टिप्पणी नलेख्नु लेख्न नलगाउनु भनी सबै ७७ वटै जिल्लाका जिल्ला / इलाका प्रशासन कार्यालयहरूका नाममा परिपत्रसमेत जारी गर्न भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाऊँ ।

प्रस्तुत विषय राष्ट्रियतासँग सम्बन्धित अत्यन्तै संवेदनशिल सार्वजनिक सरोकारको विषयको मुद्दा भएको र यथाशीघ्र निर्णयमा पुग्नुपर्ने भएको हुनाले प्रस्तुत रिट निवेदनलाई पेसी प्राथमिकता अग्राधिकारमा राखी सुनुवाइ गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन पत्र ।

**कारण देखाउ आदेश**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षीहरूको नाउँमा महान्यायाधिवक्ताको

कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको मिति २०७५।३।२२ मा यस अदालतबाट भएको आदेश।

**नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ**

संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्वर्द्धन गर्न प्रत्यर्थी मन्त्रालय सदा प्रतिबद्ध छ । कुनै पनि नागरिकलाई संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्रदान गरिँदै आएको छ। निवेदकको दाबीबमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन। संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुनु नपर्ने गरी प्रत्यर्थी मन्त्रालयले संविधान एवं कानून तथा सम्मानित अदालतबाट भएको आदेश तथा तोकिदिएको अधिकार क्षेत्रभित्र रही कानूनबमोजिमको प्रक्रिया अपनाई आफ्ना काम, कारबाही सञ्चालन गरिरहेको छ। यस मन्त्रालयले आफू एवं मातहतका निकायबाट नागरिकका संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारको उल्लङ्घन हुने गरी कुनै कार्य गरेको छैन । सम्मानित अदालतबाट भएको आदेश तथा फैसलालाई कार्यान्वयन गरी नेपाली नागरिकको प्रमाणपत्र प्रदान गरिँदै आएको विषय हो। तसर्थ, नेपाल सरकारबाट वितरण गरिएको राष्ट्रिय पहिचानको दस्ताबेजको रूपमा रहेको नागरिकताको आधिकारिकतामा प्रश्न चिह्न उठ्न सक्ने अनुमानको आधारमा दायर भएको रिट निवेदनको औचित्य नभएको हुँदा मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट सचिव प्रेमकुमार राईको लिखित जवाफ।

**जिल्ला प्रशासन कार्यालय काठमाडौंको लिखित जवाफ**

निवेदकले यस कार्यालयलाई विपक्षी कायम गर्दा यस कार्यालयबाट जारी हुने नेपाली नागरिकताको प्रमाणपत्रमा ऐन, कानून, परिपत्रविपरीत कैफियत टिप्पणी जनाई जारी गरिने गरिएको भन्ने देखिन्छ । यस कार्यालयबाट जारी गरिने नेपाली नागरिकताको प्रमाणपत्रमा ऐन, नियमावलीमा प्रस्ट व्यवस्था भएको बाहेक अन्यको हकमा जारी गर्ने अधिकारीभन्दा एक तहमाथिका अधिकारीबाट निर्णय भएअनुसारको थप विवरण राखी जारी गर्ने गरिएको छ । उक्त प्रक्रियाअनुसार जारी नागरिकताबाट रिट निवेदकहरूले दाबी गरेअनुसार आधिकारिकतामाथि नै शंका उत्पन्न हुनसक्ने कुनै अवस्था नरहने हुँदा प्रस्तुत रिट निवेदन यस कार्यालयको हकमा खारेजभागी भएकोले खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्यको लिखित जवाफ।

**जिल्ला प्रशासन कार्यालय बर्दियाको लिखित जवाफ**

निवेदकमध्येकी श्वेता श्रीवास्तवले वंशजको आधारमा नेपाली नागरकिता माग गरेकीमा निजको बाबु नेपाली नागरिक भएको पुष्टि हुने प्रमाण नभएको र आमा, दिदी दाजुहरूको नागरिकता जन्मको आधारका रहेको कुनै नागरिक जन्म हुँदाको बखत निजका बाबु आमा नेपालको नागरिक रहेछन् भने

निजका सन्तान वंशजका नाताले नेपाली नागरिक हुने छ भन्ने नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) व्यवस्था भएको । निवेदक श्वेता श्रीवास्तवको जन्म हुँदाको बखत निजका बाबु / आमा 'नेपालको नागरिक नभएका र बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रकाको नेपाली नागरिकता प्रमाण पत्र पेस गर्नुपर्ने भन्ने नेपाल नागरिकता नियमावली, २०६३ को दफा ३ मा व्यवस्था भएअनुरूपका कागज प्रमाणसमेत पेस गर्न नसकेकाले निजलाई वंशजको आधारमा नागरिकता प्रदान नगरिएकोमा सम्मानित सर्वोच्च अदालतको मिति २०७४।६।२३ को फैसलाबमोजिम निजलाई २०७५।१।२३ मा वंशजको नागरिकता प्रदान गरिएको हुँदा सोही बेहोरा उल्लेख गरी नागरिकता प्रदान गरिएको हो । निज श्वेता श्रीवास्तवको मान मर्दनमा आघात पर्न जाने, कुनै व्यापर व्यवसाय रोजगारी गर्नमा कुनै असर पर्ने गरी कुनै टिप्पणी लेखिएको होइन लेखिने गरिएको पनि छैन । उक्त टिप्पणी लेखेकै आधारमा अन्य नेपाल नागरिकले पाउने सेवा सुविधा पाउनबाट वञ्चित नहुने हुँदा विपक्षीहरूले यस कार्यालयलाई विपक्षी बनाई दिएको निवेदन खारेजभागी छ खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, बर्दिया गुलरियाका तर्फबाट प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्वाङको लिखित जवाफ ।

**जिल्ला प्रशासन कार्यालय ललितपुरको लिखित जवाफ**

पुरानो नागरिकता प्रमाण पत्रको कार्यालय अभिलेख फेला नपरेका व्यक्तिहरूलाई नयाँ प्रक्रियाद्वारा पुनः नागरिकता जारी गर्नुपर्ने व्यवस्था भएकाले त्यस्ता व्यक्तिहरूको साबिक नागरिकता नम्बर, मिति, लाल पुर्जालगायतका अन्य सरकारी कागजातहरूमा उल्लेख भएको हुँदा प्रचलित ऐन नियमले निर्दिष्ट गरेको नमूनाबमोजिम प्रमाण पत्र जारी गरी त्यसमा लेखिएको कुनै विवरणमा फरक नपर्ने गरी नोटमा साबिक नम्बर र मिति उल्लेख गरिदिने जस्ता कार्य मात्र गर्ने गरिएको छ । सो नखुलाई दिँदा धेरै व्यक्तिहरूले दुःख बेहोर्नुपर्ने हुन्छ । तसर्थ, कानूनविपरीत कुनै काम कारबाही नगरिएकोले विपक्षी रिट निवेदकको निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमराज जोशीको लिखित जवाफ ।

**यस अदालतको आदेश**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री सुषमा गौतम, श्री मीरा ढुङ्गाना र श्री पुष्पा पौडेलले नागरिकताको प्रमाणपत्र राष्ट्रिय परिचयपत्र हो । नागरिकतामा के उल्लेख गर्ने, के नगर्ने र ढाँचा कस्तो हुने भन्ने कुरा नागरिकता ऐन, नियमावली र नागरिकता वितरण कार्यविधिमा प्रस्ट छ । गृह मन्त्रालयले मिति २०६६।८।७ मा नागरिकता प्रमाणपत्रमा अन्य सङ्केत राख्न नहुने भनी सबै जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा परिपत्रसमेत गरेको छ । प्रचलित ऐन, नियमावलीले तोकेभन्दा फरक तथा उक्त परिपत्रको समेत विपरीत हुने गरी विपक्षी जिल्ला प्रशासन कार्यालयहरूले आवश्यक नै नपर्ने थप विवरण उल्लेख गरी नागरिकता वितरण गर्दा राज्यले नागरिकमाथि भेदभाव गरेको र यसले व्यक्तिको आत्मसम्मानमा समेत प्रतिकूल असर परेको अवस्था छ । निवेदकहरू तथा समान अवस्थाको अन्य व्यक्तिहरूको नागरिकतामा कैफियत टिप्पणी उल्लेख प्रचलित कानूनविपरीत हुनुका साथै यसबाट समानताको हकको समेत उल्लङ्घन भएकाले निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्छ भनी

बहस गर्नुभयो।

विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयले रिट निवेदकहरूको नागरिकतामा कैफियत टिप्पणी उल्लेख गरी नागरिकता जारी गरिएकोमा सोबाट असर परेको भए सच्याउनका लागि सम्बन्धित निकायमा जानुपर्छ । त्यस्तो विवरण उल्लेख गर्दैमा निवेदकहरूको आत्मसम्मानमा असर पर्ने वा निजहरूको कुनै संवैधानिक र कानूनी हक अधिकारको उल्लङ्घन भएको वा यसबाट राज्यले निजहरूमाथि भेदभाव वा असमान व्यवहार गरेको मान्न नमिल्ने भएकाले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

यसमा, हामी निवेदकहरूले सर्वोच्च अदालत तथा विभिन्न उच्च अदालतको आदेशबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकोमा उक्त प्रमाणपत्र जारी गर्ने विभिन्न जिल्ला प्रशासन कार्यालयहरूले हामीहरूले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रमा नागरिकतासम्बन्धी ऐन, नियम तथा कार्यविधिमा उल्लेख भएको विवरण र नागरिकता प्रमाणपत्रमा तोकिएको ढाँचाबाहेक अन्य सङ्केत राख्न नहुने भन्ने गृह मन्त्रालयबाट जारी परिपत्रसमेतको विपरीत सर्वोच्च अदालत तथा उच्च अदालतको फैसलाबमोजिम भनी नागरिकताको प्रमाणपत्रमा टिप्पणी लेखिएको र यसबाट निवेदकहरूको समानताको हकको उल्लङ्घन भएको, आत्मसम्मानमा आघात पुगेको र राज्यबाट भेदभाव भएका कारण नागरिकताको प्रमाणपत्रमा लेखिएका उक्त टिप्पणीहरू उत्प्रेषणको आदेशले बदर गरी अब उप्रान्त कुनै किसिमको थप कैफियत टिप्पणी नलेख्नु, लेख्न नलगाउनु भनी ७७ वटै जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयमा परिपत्र जारी गर्नु भनी परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने बेहोराको निवेदन दाबी तथा कुनै पनि नागरिकलाई संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको आधारमा तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्रदान गरिँदै आएको छ। ऐन, नियमावलीमा प्रस्ट व्यवस्था भएकोबाहेक अन्यको नेपाली नागरिकताको प्रमाणपत्रमा हकमा जारी गर्ने अधिकारीभन्दा एक तहमाथिका अधिकारीबाट निर्णय भएअनुसारको थप विवरण राखी जारी गर्ने गरिएको छ। यसबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन भएको वा नागरिकतामा कैफियत टिप्पणी लेखेकै आधारमा अन्य नागरिकले पाउने सेवा सुविधा पाउनबाट निवेदकहरू वञ्चित भएको वा निजहरूको आत्मसम्मानमा आघात पुगेको अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको लिखित जवाफ जिकिर रहेको पाइन्छ।

उपर्युक्तानुसारको निवेदन दाबी तथा लिखित जवाफ जिकिर भएको प्रस्तुत मुद्दामा दुवै पक्षबाट उपस्थित विद्वान् अधिवक्ताहरूको तर्कपूर्ण बहस जिकिरसमेत सुनी देहायको प्रश्नहरूको निरूपण हुनुपर्ने देखिन आयो;

१. यी निवेदिकाहरूमा प्रस्तुत रिट दायर गर्ने हकदैया छ, छैन ?
२. नेपाली नागरिकताको प्रमाणपत्रको ढाँचा र सोमा उल्लेख गर्नुपर्ने विवरणका सम्बन्धमा प्रचलित कानूनमा के कस्तो व्यवस्था रहेको छ ?
३. नागरिकताको प्रमाणपत्रमा उल्लेख गरिएको कैफियत टिप्पणीबाट त्यस्तो नागरिकता प्राप्त गर्ने व्यक्तिको कुनै हक अधिकार उल्लङ्घन हुन्छ, हुँदैन ?
४. निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने हो, होइन ?

२. अब पहिलो अर्थात् यी निवेदिकाहरूमा प्रस्तुत रिट दायर गर्ने हकदैया छ छैन भन्ने प्रश्नतर्फ विचार गर्दा, निवेदिकाहरूमध्ये क्र.सं.१ देखि ३ सम्मका व्यक्तिहरू सर्वोच्च अदालत तथा विभिन्न पुनरावेदन तथा उच्च अदालतहरूबाट विभिन्न मितिमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भन्ने परमादेश भई प्रत्यर्थी जिल्ला प्रशासन कार्ययालयहरूबाट सो प्रमाणपत्र प्राप्त गरेको व्यक्ति रहेको देखियो। अन्य निवेदिकाहरू अधिवक्ता हुनुका साथै न्याय कानून र महिला हक हितका क्षेत्रमा कार्यरत संस्थामा आबद्ध भई कार्य गरिरहेको भन्ने देखिन्छ। निवेदनमा उठाइएको विषयवस्तु सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसकी अदालतमा मुद्दा दायर गरी अदालतको आदेशले नागरिकता प्राप्त गर्ने ठहरी सोबमोजिम नागरिकता प्राप्त गरेका व्यक्तिहरूको हक अधिकार र आत्मसम्मानसँग सम्बन्धित देखिएको र निवेदिकाहरूमध्ये केही स्वयं त्यसरी नागरिकता प्राप्त गरेका व्यक्तिहरू रहेका तथा अन्य निवेदिकाहरू पनि मानव अधिकार र लैङ्गिक न्यायको क्षेत्रमा कार्यरत रहेको भन्ने देखिन आएकाले निवेदनमा उठाइएको विषयवस्तुसँग यी निवेदिकाहरूको तात्विक सरोकार एवम् सार्थक सम्बन्ध रहेको देखियो। निवेदिकाहरूले अदालतको आदेशबमोजिम नागरिकता प्राप्त गरेका समग्र व्यक्तिहरूको हक हित र स्वार्थको विषय निवेदनमा उठाएको देखिँदा प्रस्तुत रिट निवेदन दायर गर्ने हकदैया यी निवेदिकाहरूमा रहे भएकै देखियो। नागरिकताको प्रमाणपत्रमा उल्लेख गरिएको बेहोरा बदर गरिमाग्न सम्बन्धित नागरिकले रिट निवेदन दायर गर्नुपर्ने र यी निवेदिकाहरूको सो विषयमा रिट दायर गर्ने हकदैया नै नरहेको भन्ने विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

३. अब दोस्रो अर्थात् नेपाली नागरिकताको प्रमाणपत्रको ढाँचा र सोमा उल्लेख गर्नुपर्ने विवरणका सम्बन्धमा प्रचलित कानूनमा के कस्तो व्यवस्था रहेको छ भन्ने प्रश्नतर्फ विचार गर्दा यी निवेदिका र निवेदनमा उल्लेख गरिएका अन्य व्यक्तिहरूसमेतले नेपालको संविधान एवम् प्रचलित कानूनबमोजिम नेपालको नागरिक ठहरी नेपालको नागरिकता प्राप्त गर्ने हक स्थापित भई कानूनबमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथ्यमा विवाद छैन। निवेदन लेख तथा मिसिल संलग्न विभिन्न अदालतहरूको फैसलाको प्रतिलिपि एवम् नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा निवेदिकाहरू नेपालको संविधानको धारा ११(४)(५) तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२)(३) बमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गरेको भन्ने देखिन्छ। नेपालको संविधानको धारा १२ मा यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने प्रावधान रहेको र नागरिकतासम्बन्धी अन्य व्यवस्था सङ्घीय कानूनबमोजिम हुने भन्ने देखिन आउँछ। नेपालको अन्तरिम संविधान, २०६३ मा समेत नागरिकताको प्रमाणपत्र वितरणसमेतका विषयमा सोही प्रावधानसँग मिल्दोजुल्दो व्यवस्था रहेको देखिन्छ।

४. नागरिकतासम्बन्धी अन्य व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ मा भएको र गृह मन्त्रालयद्वारा जारी नागरिकताको प्रमाणपत्र वितरणसम्बन्धी कार्यविधि निर्देशिका, २०६३ ले नेपाली नागरिकताको प्रमाणपत्र वितरणसम्बन्धी कार्यविधि निर्धारण गरेको देखिन्छ। उक्त नियमावलीको नियम ८(१) मा वंशजको आधारमा नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई भएको देखिन्छ भने त्यस्तो

नागरिकताको प्रमाणपत्रमा उल्लेख गर्नुपर्ने विवरण सोही नियमावलीको अनुसूची २ को ढाँचामा तोकेको देखियो । उक्त ढाँचा हेर्दा नागरिकताको प्रमाणपत्रको दोस्रो पृष्ठको अन्त्यमा कैफियत खण्डमा यो प्रमाणपत्र कसैले फेला पार्नु भएमा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालयमा बुझाइदिनुहोला भन्ने बेहोरा लेखिएको देखियो । नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ तथा नागरिकताको प्रमाणपत्र वितरणसम्बन्धी कार्यविधि निर्देशिका, २०६३ मा समेत नागरिकताको प्रमाणपत्र जारी गर्न पाउने अधिकारीले उक्त प्रमाणपत्रमा निर्धारित ढाँचामा उल्लेख भएको विवरणबाहेक आफूखुसी कुनै पनि अन्य विवरणहरू उल्लेख गर्न पाउने वा गर्न सक्ने भन्ने देखिएन । यस अतिरिक्त नेपाल सरकार, गृह मन्त्रालयले समेत मिति २०६६।८।७ मा प.सं. ०६६।६७ च.नं. १९१ को परिपत्र गरी नागरिकताको प्रमाणपत्रको ढाँचामा उल्लेख गरेको विवरणबाहेक थप विवरण उल्लेख गर्न नहुने भनी नागरिकताको प्रमाणपत्रमा अन्य विवरण उल्लेख गर्न निषेध गरेको देखियो। यसप्रकार कानूनले नै नागरिकताको प्रमाणपत्रको ढाँचा तोकिदिएको र त्यस्तो ढाँचामा कुनै पनि विवरण थपघट गर्न पाउने वा सक्ने कानूनी व्यवस्था नदेखिएको एवम् नागरिकताको प्रमाणपत्र जस्तो राष्ट्रिय परिचयपत्रको कानूनी हैसियतयुक्त लिखतमा तोकिएको ढाँचामा उल्लेख भएका विवरणबाहेक अन्य विवरण उल्लेख हुनु शोभनीयसमेत नहुने हुँदा नेपाली नागरिकताको प्रमाणपत्रमा रहनुपर्ने भनी कानूनले निर्धारण गरेका विवरणबाहेक अन्य विवरण उल्लेख गर्न मिल्ने देखिएन।

५. अपितु, नेपाल नागरिकता ऐन, २०६३ को दफा १५ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम १३ मा नेपाली नागरिकताको प्रमाणपत्रको अभिलेख राख्ने व्यवस्था भएको र नियमावलीको अनुसूचीहरूमा समेत त्यसरी राख्ने अभिलेखको ढाँचा तोकिएको नदेखिँदा त्यसरी राख्ने अभिलेखमा नागरिकता प्रदान गर्ने सम्बन्धमा भएको अदालतको निर्णयसम्बन्धी विवरणलगायत अन्य आवश्यक विवरण राख्न भने बाधा देखिँदैन । नागरिकतासम्बन्धी विवरण दीर्घकालीन महत्त्वको र राष्ट्रिय रूपमा संवेदनशील अभिलेखसमेत भएकाले कार्यालयको अभिलेख पुस्तिकामा अदालतबाट भएको आदेशबमोजिम नागरिकताको प्रमाणपत्र जारी गरेकोलगायत सोसम्बन्धी सम्पूर्ण विवरणहरू अभिलेखित गर्न आवश्यक र उपयुक्त देखियो।

६. अब तेस्रो अर्थात् नागरिकताको प्रमाणपत्रमा उल्लेख गरिएको कैफियत टिप्पणीबाट त्यस्तो नागरिकता प्राप्त गर्ने व्यक्तिको कुनै हक अधिकार उल्लङ्घन हुन्छ हुँदैन भन्ने प्रश्नतर्फ विचार गर्दा रिट निवेदिकामध्येकी सुष्माकुमारी गुप्तालगायतले विभिन्न जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचामा थप कैफियत टिप्पणीसमेत उल्लेख भएको तथ्यमा विवाद भएन । मिसिल संलग्न यस्ता प्रकृतिका नागरिकताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा शुष्माकुमारी गुप्ताको प्रमाणपत्रको पृष्ठभागको अन्त्यमा **श्री उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासको मिति २०७४।०७।२२ को परमादेश आदेशबमोजिम जारी भएको भनिएको यस्तै नेहा गुरूङ, निकिता गुरूङको नागरिकताको प्रमाणपत्रमा मिति २०७४।८।१३ को प्र.जि.अ. स्तरीय निर्णयानुसार र सम्मानित सर्वोच्च अदालतको मिति २०७४।०२।०८ को फैसलानुसार जारी एवम् शान्ति नगरकोटी, भोला नगरकोटीको प्रमाणपत्रमा सर्वोच्च अदालतको मिति २०७०।१२।१० को परमादेशको आदेश र यस कार्यालय (जिल्ला प्रशासन कार्यालय,**

**काठमाडौं) को मिति २०७१।१०।०५ को निर्णयानुसार जारी** भन्ने जस्ता नागरिकताको प्रमाणपत्रको ढाँचामा उल्लिखित बेहोराभन्दा फरक वाक्य राखी कैफियत लेखिएको देखिन्छ । नागरिकताको प्रमाणपत्रमा कानूनले तोकेको निर्धारित ढाँचाबाहेक अन्य कुरा उल्लेख गर्न नमिल्ने सम्बन्धमा माथिको प्रकरणमा विश्लेषण भइसकेको छ । यसबाट आफूहरूउपर विभेद भएको र आफ्नो पहिचान र आत्मसम्मानमा आघात पुगेको भन्ने निवेदिकाहरूको मुख्य जिकिर रहेको छ । सो सम्बन्धमा हेर्दा संविधान र कानूनबमोजिम नागरिकता पाउन योग्य नेपाली नागरिकले कानूनले तोकेको ढाँचामा नागरिकताको प्रमाणपत्र पाउनु सम्बन्धित नागरिकको संवैधानिक एवम् कानूनी अधिकार तथा वैधानिक अपेक्षा र आत्मसम्मानको विषयसमेत हो । आत्मसम्मान वा व्यक्तिगत मर्यादाको सम्मानले व्यक्तिको व्यक्तित्व विकासमा टेवा पुऱ्याउनुका साथै कमजोर वर्गको सशक्तीकरणमा समेत भूमिका निर्वाह गरेको हुन्छ (Human dignity is to be treated as empowerment of people) । मानव अधिकारको दृष्टिले हेर्दा संयुक्त राष्ट्र सङ्घको विधान (Charter of the United Nations) तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UN Declaration Human Rights, 1948) को मुख्य सार नै मानव मर्यादाको सम्मान गर्नु रहेको देखिन्छ । मानव अधिकारसम्बन्धी अन्य महत्त्वपूर्ण दस्ताबेजहरूमा पनि व्यक्तिगत मर्यादाको सम्मान गर्नुपर्नेसम्बन्धी व्यवस्थाहरू रहेको पाइन्छ । उदाहरणको लागि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights), 1966 को Article ७ को व्यवस्थाको व्याख्यात्मक टिप्पणी (General Comment No.20/1992) मा उक्त अनुबन्धको धारा ७ को उद्देश्य व्यक्तिको मर्यादा तथा शारीरिक एवम् मानसिक अक्षुण्णताको संरक्षण गर्नु रहेको छ भनी (The aim of the provisions of article ७ of the International Covenant on Civil and Political Rights is to protect both the dignity and the physical and mental integrity of the individual) उल्लेख गरेको देखिन्छ ।

७. नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यस धारामा उल्लेख भएको बाँच्न पाउने हकको विशेषणका रूपमा प्रयुक्त **सम्मानपूर्वक** शब्दको ज्यादै महत्त्व रहेको छ । यसले केवल मानव जीवनको जैविक अस्तित्वलाई मात्र इङ्गित गरेको नभई उसको समग्र सामाजिक पक्षलाई समेत समेटेको हुन्छ । संविधान प्रदत्त सबै हक अधिकारको उद्देश्य व्यक्तिको जीवनलाई मर्यादित र सम्मानित तुल्याउनु हो । संविधानको धारा १८ ले प्रत्याभूत गरेको समानताको हक सम्मानपूर्वक बाँच्न पाउने हकसँग अन्तरसम्बन्धित छ । धारा १८(१) मा प्रयुक्त **सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्** भन्नुको अर्थ कानूनका अगाडि प्रत्येक व्यक्ति व्यक्तिगत मर्यादा र सम्मानका दृष्टिले समान (Equal in dignity and enjoyment of private reputation) हुन्छन् भन्नु नै हो । कुनै पनि किसिमको अनुचित भेदभाव (Unfair and Unreasonable discrimination) बाट केवल समानताको हकको मात्र उल्लङ्घन हुँदैन यसबाट व्यक्तिगत मर्यादा र सम्मानमा समेत चोट पुग्न जान्छ । समानताको हक, भेदभाव विरूद्धको हक, स्वतन्त्रताको हक, गोपनीयताको हकलगायतका कैयौं व्यक्तिगत हक अधिकार र स्वतन्त्रताको सुनिश्चितताबाट मात्र व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकको कदर (respect of dignity of human beings) हुन सक्छ । व्यक्तिका व्यक्तिगत मर्यादा, प्रतिष्ठा र आत्मसम्मानमा आँच पुऱ्याउने कुनै पनि कार्यले

संविधानप्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हकलाई कुण्ठित बनाउँछ ।

८. प्रस्तुत निवेदनमा यी निवेदिकालगायतका व्यक्तिहरू संविधान र कानूनबमोजिम नागरिकता प्राप्त गर्न योग्य भए तापनि सम्बन्धित अधिकारीले सुरूमा नागरिकताको प्रमाणपत्र जारी गर्न इन्कार गरेको र मुद्दाको रोहबाट मात्र नागरिकता प्राप्त गरेको अवस्था छ । त्यसरी प्राप्त नागरिकताको प्रमाणपत्रमा कानूनले निर्धारण गरेको ढाँचामा फरक पर्ने गरी मुद्दाको प्रक्रिया वा न्यायिक ठहरबाट मात्र नागरिकता प्राप्त गरेको हो भन्ने अर्थ इङ्गित हुने गरी विभिन्न बेहोराको कैफियत टिप्पणी लेखिएको देखिन्छ । यस्तो कैफियत टिप्पणी लेखेकै आधारमा त्यस्ता नागरिकहरूलाई राज्यले प्रदान गर्ने सेवा सुविधा वा अवसर आदिमा विभेद गरेको भन्ने देखिन नआए तापनि आत्मसम्मान वा मर्यादाको विषयलाई केवल सेवा, सुविधा वा अवसरको वितरणमा मात्र सीमित गर्न मिल्दैन । यो सम्बन्धित व्यक्ति वा सो समूहका व्यक्तिहरूले महसुस गर्ने भावनात्मक विषय हो । यो वञ्चितीकरणमा परेको व्यक्ति, समूह वा वर्गको सशक्तीकरणको विषय र न्यायमा पहुँचको अनुभूतिको विषयसमेत हो । कानूनको प्रयोगमा राज्यका निकायले गरेको यस किसिमको कार्यले आफूहरूउपर विभेद भएको र यसबाट आफ्नो सम्मान र मर्यादामा आँच पुगेको भनी सम्बन्धित नागरिक यस अदालतमा प्रवेश गरेको अवस्थामा व्यक्तिको वैयक्तिक स्वतन्त्रता, मानवीय मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण र सम्बर्धन गर्नुपर्ने संवैधानिक दायित्वलाई यस अदालतले इन्कार गर्न मिल्दैन ।

९. यी निवेदिकाहरू र अदालतको आदेशबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेका निवेदिकासरहका अन्य व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र जारी गर्दा त्यस्तो प्रमाणपत्रमा कैफियत टिप्पणी उल्लेख गरेको देखिएबाट राज्यले यी निवेदिकाहरू र सोही किसिमको नागरिकता प्राप्त गर्ने अन्य नागरिकहरूका बिच फरक व्यवहार गरेको स्पष्ट देखिन आयो । समानताको हकअन्तर्गत व्यवस्थापिकाले कानून बनाई कुनै खास उद्देश्यपूर्तिका लागि कुनै खास वर्ग वा समूहका बिच फरक व्यवहार गर्न सक्ने मान्यता (doctrine of reasonable classification) स्वीकार गरिएको भए तापनि कानूनमा त्यसरी वर्गीकरणका आधारहरू स्पष्ट हुनुपर्ने (intelligible differentia) र त्यस्तो व्यवहार वा वर्गीकरण न्यायोचित र औचित्यपूर्ण हुनुपर्ने (just, fair and reasonable) हुन्छ । तर प्रस्तुत मुद्दामा राज्यले कानून बनाई फरक व्यवहार गरेको अवस्थासमेत नभई विद्यमान नागरिकतासम्बन्धी कानूनको प्रयोगमा नागरिकता प्राप्त गर्ने हकका दृष्टिले समान अवस्थाका व्यक्तिहरूबिच प्रचलित कानूनको प्रावधानसमेतको उल्लङ्घन गरी स्वेच्छाचारी ढङ्गले फरक व्यवहार गरेको अवस्था हो । यस स्थितिमा विपक्षी जिल्ला प्रशासन कार्यालयहरूले जारी गरेको अदालतको आदेशबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिहरूको नागरिकताको प्रमाणपत्रमा सम्बन्धित नियमावलीले तोकेको ढाँचामा समेत फरक पारी अदालतको आदेशले नागरिकताको प्रमाणपत्र जारी गरेको भनी लेखेको कैफियत बेहोरा न्यायोचित, औचित्यपूर्ण र कानूनसम्मत नदेखिनुका साथै यसबाट निवेदिकाहरूको संविधानप्रदत्त समानताको हक, स्वतन्त्रताको हक एवम् मानवीय मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने हकमा समेत आघात पुगेको देखिन आयो ।

१०. अब अन्तिम अर्थात् निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने प्रश्नतर्फ विचार गर्दा माथिका प्रकरणहरूमा विवेचित आधार, प्रमाण र कारणसमेतबाट अदालतको आदेशबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिहरूको नाउँमा जारी गरिने

नेपाली नागरिकताको प्रमाणपत्रमा अदालतको आदेशले जारी गरिएको भनी लेखिएको कैफियत बेहोरा न्यायोचित, औचित्यपूर्ण र कानूनसम्मत नदेखिनुका साथै यसबाट त्यसरी नागरिकता प्राप्त गर्ने व्यक्तिको संविधानप्रदत्त समानताको हक, स्वतन्त्रताको हक एवम् सम्मानपूर्वक बाँच्न पाउने हकमा समेत आघात पुगेकोले त्यस्तो नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको कैफियत खण्डको नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचामा उल्लिखित बेहोरासम्म मात्र यथावत् रहने गरी सोबाहेकको अन्य भाग उत्प्रेषणको आदेशले बदर हुने र देहायका विपक्षीहरूका नाउँमा देहायबमोजिमको परमादेशसमेत जारी हुने ठहर्छ :

१. अदालतको आदेशले नागरिकता प्राप्त गरेका व्यक्तिले आफ्नो नागरिकताको प्रमाणपत्रमा रहेको नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचाबाहेकको अन्य कैफियत बेहोरा हटाई पाउँ भनी रीतपूर्वकको निवेदन दिएमा तोकेको प्रक्रिया अवलम्बन गरी सोसम्बन्धी अभिलेख राखी तोकेको ढाँचाबाहेकको अन्य कैफियत बेहोरा हटाइदिनु र अब आयन्दा त्यसरी जारी गरिने नागरिकताको प्रमाणपत्रमा नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचाबाहेक अन्य कुनै बेहोरा कैफियत खण्डमा उल्लेख नगर्नु नगराउनु भनी मातहतका सबै जिल्ला प्रशासन कार्यालयहरू तथा इलाका प्रशासन कार्यालयहरूमा परिपत्र गर्नु भनी विपक्षीमध्येको गृह मन्त्रालयको नाउँमा परमादेश जारी हुने, र
२. रिट निवेदिकाहरूले आफ्नो नागरिकताको प्रमाणपत्रमा रहेको नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेको ढाँचाबाहेकको अन्य कैफियत बेहोरा हटाई पाउँ भनी रीतपूर्वकको निवेदन दिएमा तोकेको प्रक्रिया अवलम्बन गरी आवश्यक विवरणको अभिलेख राखी तोकेको ढाँचाबाहेकको अन्य कैफियत बेहोरा हटाइदिनु भनी विपक्षीमध्येका जिल्ला प्रशासन कार्यालयहरूका नाउँमा परमादेश जारी हुने ।

११. यो आदेशको प्रतिलिपिसहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी सरकारी निकायहरूलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.दीपककुमार कार्की

इजलास अधिकृत:- प्रकाश सुवेदी
इति संवत् २०७८ साल वैशाख ९ गते रोज ५ शुभम् ।

## निर्णय नं. १०६५५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री नहकुल सुवेदी
आदेश मिति : २०७८।१।३०
०७७-WH-०३२०

मुद्दाः बन्दीप्रत्यक्षीकरण

निवेदक : जिल्ला मोरङ, रंगेली नगरपालिका वडा नं.६ घर भई चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं.५ बसोबास गरी हाल कारागार कार्यालय, नख्खुमा थुनामा रहेको सुरज भुषालको तर्फबाट काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं.१० बस्ने अधिवक्ता रामचन्द्र पौडेल

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत

- **कसुरको गम्भीरताका दृष्टिले मुद्दा पुर्पक्षका लागि धरौट माग गरिएको मुद्दामा कसुर वा कसुरमा अभियुक्तको संलग्नता कम गम्भीर प्रकृतिको हुने हुँदा त्यस्ता मुद्दामा माग भएको धरौटी तिर्न नसकी थुनामा रहेका व्यक्तिका मुद्दा प्राथमिकतासाथ शीघ्र सुनुवाइ गरिनु आवश्यक हुने।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री रामचन्द्र पौडेल
विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री विदुरकुमार कार्की
अवलम्बित नजिर :
सम्बद्ध कानून :
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

आदेश

**न्या.नहकुल सुवेदी :** नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

म निवेदक सुरज भुषालको तर्फबाट सम्मानित काठमाडौं जिल्ला अदालतमा दायर भई विचाराधीन रहेको ०७६-C१-१०१८ चोरी मुद्दामा कानून व्यवसायी नियुक्त भई बहस पैरवी गरेको छु। थुनुवा सुरज भुषाल उक्त चोरी मुद्दामा २०७६।०९।२५ गतेको आदेशले रू.७५,०००।- धरौट माग भएकोमा उक्त धरौट तिर्न नसकी हालसम्म थुनामा रहेका छन्। उक्त थुनापूर्व सम्मानित ललितपुर जिल्ला अदालतमा निज सुरज भुषालका विरूद्धमा चोरी मुद्दा दर्ता भई उक्त मुद्दामा २०७६।०५।०२ मा थुनामा राख्ने गरी आदेश भएको र हाल मिति २०७७।११।२६ मा उक्त मुद्दा र लगाउमा रहेको चोरी मुद्दामा निज सुरज भुषाललाई सफाइ हुने र उक्त मुद्दाका सहअभियुक्त धनबहादुर योञ्जनलाई सजाय गरी फैसला भएको छ। थुनुवा सुरज भुषाल मिति २०७६।०५।०२ देखि हालसम्म निरन्तर थुनामा रहेका छन्।

निवेदकले नेपालको संविधानको धारा १७, १८, २०, ४६ समेतमा उल्लिखित मौलिक हक तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

को परिच्छेद ७ को दफा ७७ मा उल्लिखित कानूनी हक तथा अन्य प्रचलित कानूनी हकको उपभोग गर्न पाउँदछन् । काठमाडौं जिल्ला अदालतको मिति २०७६।०९।२५ को आदेशमा “प्रतिवादी चुक्ता भइसकेको र प्रतिवादीले साक्षी राखेको नदेखिँदा वादी नेपाल सरकारका साक्षी जाहेरवाला मौकामा कागज गर्ने मानिसहरूलाई जिल्ला सरकारी वकिल कार्यालयमार्फत झिकाई बुझ्ने” गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम आदेश भए तापनि हालसम्म कुनै साक्षी प्रमाणसमेत बुझ्ने काम भएको छैन । हाल थप प्रमाण बुझ्न सक्ने अवस्था कोरोना महामारीको कारणले गर्दा नभएको र मेरो पक्ष थुनाबाट मुक्त हुन सक्ने अन्य वैकल्पिक बाटो नभएको हुँदा सम्मानित अदालतसमक्ष असाधारण अधिकारअन्तर्गत प्रस्तुत निवेदनसाथ न्यायको शरणमा आएको छु ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ मा “यस परिच्छेदबमोजिम पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारेख तोकिएको मितिले १ वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारबाही वा किनारा गर्न सकिने छ” भन्ने व्यवस्था भएको तर थुनुवा सुरज भुषाल मुद्दा पुर्पक्षको लागि थुनामा नरही धरौटमा रहेको अवस्थामा यति लामो समयसम्म मुद्दाको कारबाही अगाडि बढ्न नसकेको र तत्काल अगाडि बढ्ने अवस्था पनि नरहेको उक्त मुद्दामा मलाई हदैसम्मको सजाय हुने अवस्थासमेत नरहेकोले हाल बन्दीप्रत्यक्षीकरणलगायत अन्य उपयुक्त आदेशले थुनाबाट मुक्त गरी उक्त मुद्दामा साधारण तारेखमा रही मुद्दाको पुर्पक्ष गर्न दिनु भनी उपयुक्त आदेश जारी गरिपाऊँ ।

ललितपुर जिल्ला अदालतको मिति २०७६।०५।०२ को आदेशले निरन्तर थुनामा रही रहेको अवस्थामा काठमाडौं जिल्ला अदालतको मिति २०७६।०९।२५ को आदेशले रू.७५,०००।- तिर्न नसकी थुनामा रहिरहेको अवस्थामा ललितपुर जिल्ला अदालतको मुद्दामा मिति २०७७।११।२६ मा मेरो पक्षलाई सफाइ हुने गरी फैसला भएको र काठमाडौं जिल्ला अदालतको मुद्दामा हालसम्म कुनै पनि प्रमाण बुझ्ने काम नभएको र निरन्तर थुनामा नै रहेको र हाल बाँकी मुद्दाको प्रक्रियासमेत अगाडि बढ्ने अवस्था नरहेकोले नेपालको संविधानको धारा १७, १८, २०, ४६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ मा उल्लिखित मौलिक तथा कानूनी हकमा गम्भीर आघात परेकोले पछि मुद्दामा ठहरेबमोजिम हुने गरी हाल मलाई थुनाबाट मुक्त गरी मुद्दामा पुर्पक्ष गर्न दिनु भनी बन्दीप्रत्यक्षीकरणलगायत अन्य उपयुक्त आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक-एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि काठमाडौं जिल्ला अदालतबाट ०७६-C१-१०१८ नं. को मिसिलसमेत झिकाई आएपछि नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०७८।०१।२० मा भएको आदेश ।

जिल्ला मोरङ, रंगेली न.पा. वडा नं. ६ घर भई चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं.५ बसोबास गरी हाल कारागारमा डाँका चोरी / चोरी मुद्दामा थुनामा रहेका सुरज भुषाललाई ललितपुर

जिल्ला अदालतको च.नं. ९७३ र ९७४ मिति २०७६/०५/०२ को थुनुवा पत्रबाट चोरी / डाँका चोरी (०७६-C१-००३४ र ००३५) मुद्दामा, काठमाडौं जिल्ला अदालतको च.नं. १६०७१ मिति २०७६/०९/१५ र ऐ.अदालतको च.नं. ५११२ मिति २०७६/०९/२५ समेतको पत्रबाट चोरी (०७६-C१-०९५६ र ०७६-C१-१०१८) मुद्दाहरूमा थुनामा राख्न पठाइएकोमा काठमाडौं जिल्ला अदालतको च.नं. १४८१३ मिति २०७७/११/०४ को पत्रबाट चोरी (०७६-C१-०९५६) मुद्दामा कैद र जरिवानाबापतको कैदसमेत भुक्तान भएकोले थुनामुक्त गरिदिन लेखी आएको र ललितपुर जिल्ला अदालतको च.नं. ५८९३ र २९९४ को पत्रानुसार चोरी (०७६-C१-००३४ र ००३५) मुद्दामा सफाइ पाएको भनी लेखी आएको र काठमाडौं जिल्ला अदालतको चोरी (०७६-C१-१०१८) मुद्दामा हालसम्म थुनामा रहेको हुँदा सो रिट निवेदन खारेज गरी पाउन उक्त थुनुवा पत्रहरूको प्रतिलिपि यसैसाथ संलग्न गरी पठाएको बेहोरा अनुरोध छ। उल्लिखित तथ्य तथा विवरणबाट निवेदकको मागबमोजिम यस कार्यालयको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेजसमेत गरिपाउँ भनी कारागार कार्यालय, नख्खु ललितपुरको तर्फबाट पेस भएको लिखित जवाफ।

विपक्षी रिट निवेदक प्रतिवादीसमेत उपर यस अदालतमा वादी नेपाल सरकार भएको चोरी मुद्दा मिति २०७६।८।२५ मा दायर भई रिट निवेदक प्रतिवादी सुरज भुषालको हकमा थुनछेकको आदेश हुँदा मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी कसुरदार होइनन् भन्न सकिने अवस्था विद्यमान देखिन नआएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी सुरज भुषालबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(१) तथा ७२(१) को आधारसमेतलाई मध्यनजर राखी रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) नगद, जेथा जमानी वा बैंक ग्यारेन्टी माग गरी दिए लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू। माग गरिएको धरौटी दाखिल गर्न नसके सोही संहिताको दफा ८० बमोजिम कैदी पुर्जी दिई कारागारमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी मिति २०७६।०९।२५ मा थुनछेक आदेश भएकोमा निज प्रतिवादीले धरौटी राख्न नसकी पुर्पक्षको लागि कारागार चलान भएकोमा यस अदालतबाट मिति २०७७।०६।१२ गते अभियोगपत्रमा प्रतिवादी सुरज भुषालसमेत उपर ललितपुर जिल्ला अदालतमा किरण भुजेलको जाहेरीले चोरी मुद्दा ०७६-C१-००३४ र जीवन पोखरेलको जाहेरीले डाँका चोरी र लिखतसम्बन्धी कसुर ०७६- C१-००३५ मुद्दा दायर भएको भनी उल्लेख भएको देखिँदा उल्लिखित मुद्दाहरू ललितपुर जिल्ला अदालतबाट फैसला भएको छ वा छैन ? फैसला भएको भए फैसलाको प्रमाणित प्रतिलिपिहरू उपलब्ध गराइदिनु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई लेखी पठाइदिनु भनी आदेश भई पटक-पटक ताकेता गर्दासमेत सोको जवाफ हालसम्म पनि प्राप्त हुन नसकेको देखिँदा विपक्षीले यस अदालतबाट मुद्दाको पुर्पक्षको रोहमा भएको थुनछेक आदेशमा बन्दीप्रत्यक्षीकरणको रिट जारी गरिपाउँ भनी लिएको निवेदन जिकिर खारेजभागी भएको र कानूनको प्रक्रिया पूरा गरी मुद्दाको पुर्पक्षको क्रममा धरौट माग गरी भएको आदेश बेरितबाट नभएकोले बन्दीप्रत्यक्षीकरणको रिट निवेदन यस अदालतको हकमा खारेज गरिपाउँ भनी काठमाडौं जिल्ला अदालतको तर्फबाट पेस भएको लिखित जवाफ।

आदेश खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदनसहितका मिसिल संलग्न कागजात अध्ययन गरी निवेदकको

तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामचन्द्र पौडेलले निवेदकउपर काठमाडौं जिल्ला अदालतमा दायर भएको चोरी मुद्दामा मिति २०७६।०९।२५ को आदेशले रू.७५,०००।- धरौट माग भएकोमा उक्त धरौट तिर्न नसकी हालसम्म थुनामा रहेका छन् । थुनापूर्व ललितपुर जिल्ला अदालतमा निवेदक सुरज भुषालका विरूद्धमा चोरी मुद्दा दर्ता भई उक्त मुद्दामा २०७६।०५।०२ मा थुनामा राख्ने गरी आदेश भएकोमा मिति २०७७।११।२६ मा उक्त मुद्दा र लगाउमा रहेको चोरी मुद्दामा निज सुरज भुषाललाई सफाइ हुने गरी फैसला भएको छ । निवेदक मिति २०७६।०५।०२ देखि हालसम्म निरन्तर थुनामा रहेका छन् । काठमाडौं जिल्ला अदालतको मिति २०७६।०९।२५ को आदेशमा प्रतिवादी चुक्ता भइसकेको र प्रतिवादीले साक्षी राखेको नदेखिँदा वादी नेपाल सरकारका साक्षीलाई जिल्ला सरकारी वकिल कार्यालयमार्फत झिकाई बुझ्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम आदेश भएकोमा हालसम्म कुनै साक्षी प्रमाणसमेत बुझ्ने कार्य भएको छैन । लामो समयसम्म मुद्दाको कारबाही अगाडि नबढ्दा मेरो पक्ष थुनाबाट मुक्त हुनसक्ने अन्य वैकल्पिक बाटो नभएकोले रिट क्षेत्राधिकारबाट उपचार माग गरेको हो । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ मा "पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारेख तोकिएको मितिले १ वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारबाही वा किनारा गर्न सकिने छ" भन्ने स्पष्ट कानूनी व्यवस्था भएको र मेरो पक्षलाई धरौट माग गरेको भए पनि धरौटी रकम तिर्न नसकी मुद्दा पुर्पक्षको लागि थुनामा रहेको हुँदा उल्लिखित कानूनी व्यवस्थाको आधारमा बन्दीप्रत्यक्षीकरण आदेश जारी गरी निवेदकलाई थुनामुक्त गरिपाउँ भनी बहस गर्नुभयो ।

विपक्षीका तर्फबाट उपस्थित महान्यायाधिवक्ता कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री विदुरकुमार कार्कीले यी रिट निवेदकउपर काठमाडौं जिल्ला अदालतमा दायर भएका चोरी मुद्दा कारबाहीयुक्त अवस्थामा छ । सो चोरी मुद्दामा उक्त अदालतबाट यी निवेदकसँग मिति २०७६।०९।२५ को आदेशानुसार रू.७५,०००।- धरौटी माग भएकोमा सो आदेशमा चित्त बुझाएका तर उक्त रकम दाखिला नगरी पुर्पक्षका लागि थुनामा रहेको देखिन्छ । निवेदकसँग धरौटी माग भएको अवस्था हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ आकर्षित हुने होइन । अदालतबाट नियमित प्रक्रियाअनुसार भएको आदेशलाई नै स्वीकार गरी बसेको देखिँदा निवेदकको थुना गैरकानूनी नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो ।

यसमा निवेदकउपर काठमाडौं जिल्ला अदालतमा दायर भएको चोरी मुद्दामा मिति २०७६।०९।२५ को आदेशले रू.७५,०००।- धरौट माग भएकोमा उक्त धरौट तिर्न नसकी निवेदक हालसम्म निरन्तर थुनमा रहेका छन् । उक्त आदेशमा प्रतिवादी चुक्ता भइसकेको र साक्षी बुझ्ने गरी आदेश भए तापनि हालसम्म कुनै साक्षी प्रमाण बुझ्ने काम भएको छैन । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ मा "पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारेख तोकिएको मितिले १ वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारबाही वा किनारा गर्न सकिने छ" भन्ने व्यवस्था भएकोमा निवेदक हाल माग भएको धरौटी रकम दाखिला गर्न नसकी थुनामा रहेको र निवेदकलाई

उक्त मुद्दामा हदैसम्मको सजाय हुने अवस्थासमेत नरहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनामुक्त गरिपाउँ भन्ने मुख्य निवेदन दाबी तथा रिट निवेदकसँग धरौटी माग भएको र निजले अदालतबाट भएको आदेशबमोजिम माग भएको धरौटी रकम दाखिला नगरेबाट पुर्पक्षको लागि थुनामा राख्न पठाएको हुँदा निजको थुना गैरकानूनी नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ।

उपर्युक्तानुसार निवेदन दाबी तथा लिखित जवाफ जिकिर भएको प्रस्तुत मुद्दामा दुवै पक्षबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको तर्कपूर्ण बहस जिकिर सुनी निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२. अब, निर्णयतर्फ विचार गर्दा यी रिट निवेदकउपर मुलुकी अपराध संहिता, २०७४ को दफा २४१ तथा २४२ को उपदफा (१) को देहाय (क) को कसुरमा ऐ. २४२ को उपदफा (१) बमोजिम सजाय हुन र सोही संहिताको दफा ४४(१) बमोजिम थप सजाय हुन तथा ऐ. दफा २४७(१) बमोजिम रू.१,७०,७०७।९६ सम्बन्धित धनीलाई उपलब्ध गराउन काठमाडौं जिल्ला अदालतमा मिति २०७६।८।२५मा चोरी मुद्दा दायर भएको तथ्यमा विवाद भएन । उक्त मुद्दा हालसम्म सो अदालतमा विचाराधीन अवस्थामा रहेको तथ्य निवेदन दाबी, लिखित जवाफ र प्रमाणको रूपमा पेस भएको काठमाडौं जिल्ला अदालतको उक्त मिसिलबाट देखिन्छ। निवेदकउपर लागेको अभियोग दाबीबमोजिमको कसुर ठहर हुने नहुने वा कसुर ठहर भएको अवस्थामा के कति सजाय हुने भन्ने सम्बन्धमा सोही अदालतबाट फैसला हुँदाको अवस्थामा निर्णय हुने विषय भएकोले प्रस्तुत निवेदनको रोहबाट सोतर्फ विवेचना गर्नुपर्ने देखिएन।

३. निवेदकले प्रस्तुत निवेदनमा मुख्य गरी आफू ललितपुर जिल्ला अदालतको मिति २०७६।५।२ को आदेशबाट सोही मितिदेखि नै निरन्तर थुनामा रहेको र काठमाडौं जिल्ला अदालतको मिति २०७६।९।२५ को आदेशले रू.७५,०००।– धरौटी माग गरेको भए तापनि उक्त रकम तिर्न नसकी लामो समयदेखि निरन्तर थुनामा रहेकाले मुलुकी अपराध संहिता, २०७४ को दफा ७७ को कानूनी व्यवस्थाबमोजिम थुनामुक्त गरिपाउँ भनी यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गतको बन्दीप्रत्यक्षीकरणको रिटबाट उपचारको माग गरेको अवस्था छ । सामान्यतयाः बन्दीलाई बदनियतसाथ वा कपटपूर्ण तवरले थुनामा राखेको वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी गैरकानूनी रूपमा थुनामा राखेको वा अन्य तवरले कानूनविपरीत थुनामा राखेको अवस्थामा व्यक्तिका संविधान प्रदत्त मौलिक हकको संरक्षणको लागि वा अन्य उपचारको पर्याप्त व्यवस्था नभएको वा भए पनि प्रभावकारी उपचारको प्रबन्ध नभएको अवस्थामा वैयक्तिक स्वतन्त्रताको हकको संरक्षणको लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरिन्छ। अदालत वा न्यायिक निकायले आफ्नो अधिकारक्षेत्रभित्रको विषयमा कानूनले निर्धारित प्रक्रिया अवलम्बन गरी जारी गरेका आदेशबाट थुनामा रहेको अवस्थामा सामान्यतः बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने पूर्वावस्थाको विद्यमानता हुँदैन।

४. जहाँसम्म यी निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ बमोजिम थुनाबाट मुक्त गर्ने आदेश जारी गरी पाउन लिएको जिकिर छ, सोतर्फ हेर्दा उक्त दफा ७७ मा **"यस परिच्छेदबमोजिम पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारेख तोकिएको मितिले १ वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाई**

**थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारबाही वा किनारा गर्न सकिने छ"** भन्ने कानूनी व्यवस्था देखिन आयो । उक्त कानूनी व्यवस्था हेर्दा पुर्पक्षका लागि थुनामा राखिएको कुनै अभियुक्तको हकमा सम्म प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एक वर्षभित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तबाट धरौटी वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्न सकिने व्यवस्था देखियो । निवेदकले आफूउपर ललितपुर जिल्ला अदालतमा दायर भएका चोरीसमेतका मुद्दामा मिति २०७६।०५।०२ देखि हालसम्म निरन्तर थुनामा रहेको भनी जिकिर लिएको देखिए तापनि निजउपर ललितपुर जिल्ला अदालतमा चलेका मुद्दामा सो अदालतको मिति २०७७।११।२६ को फैसलाबाट सफाइ पाएको भन्ने निवेदन बेहोराबाट नै देखिन आएकोले उक्त मुद्दा र काठमाडौं जिल्ला अदालतमा दायर भई विचाराधीन चोरी मुद्दा अलगअलग रहेको तथ्य स्पष्ट हुन्छ । तथापि, काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।९।२५ मा निवेदकसँग रू.७५,०००।– धरौट माग गर्ने आदेश भएको र सो आदेशमा प्रमाण बुझ्ने बेहोरासमेत उल्लेख भएको देखिँदा सो आदेश भएको एक वर्षभित्र मुद्दा किनारा नभएकोले उक्त दफा ७७ को व्यवस्था आकर्षित हुने हो कि भन्नलाई पनि सो दफामा स्पष्टतः थुनामा राखिएको अभियुक्तलाई धरौटी वा जमानत लिई छाड्न सकिने व्यवस्था देखिएको तर यी निवेदकका हकमा काठमाडौं जिल्ला अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्ने आदेश भएको नभई दफा ६८ बमोजिम धरौट माग भएको र निजले मागबमोजिमको धरौट वा जमानत दाखेल गरेमा जुनसुकै बखत तारेखमा छुट्न सक्ने अवस्था देखिँदा यी निवेदकको हकमा धरौट वा जमानत लिई छाड्न सकिने भन्ने दफा ७७ को व्यवस्था आकर्षित हुनसक्ने अवस्था देखिएन । साथै, यी निवेदकले काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।९।२५ मा निजसँग धरौट माग गर्ने गरी भएको आदेशमा चित्त बुझाई सोउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन गरेकोसमेत नदेखिएको र उक्त संहिताको दफा ७८ मा कुनै पनि अभियुक्तलाई निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैदको सजायभन्दा बढी अवधि थुनामा नराखिने प्रावधान रहेकोमा मिसिलबाट यी निवेदकउपर अभियोग दाबी लिइएको कसुर ठहर भएमा निजलाई हुनसक्ने अधिकतम सजायभन्दा बढी अवधि थुनामा राखेको अवस्थासमेत देखिन आएन ।

५. यस स्थितिमा यी निवेदकसक्षम अदालतले कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी गरेको आदेशबमोजिम थुनामा रहेको र कानूनले तोकेको अवधिभन्दा बढी थुनामा बसेको भन्नेसमेत देखिन नआएको अवस्थामा यी निवेदकको थुनालाई गैरकानूनी थुना भनी मान्न मिल्ने नभएकोले निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

६. तथापि, यी निवेदकउपर काठमाडौं जिल्ला अदालतमा मिति २०७६।८।२५ मा दायर भएको चोरी मुद्दा हालसम्म किनारा हुनसकेको अवस्था छैन । नेपालको संविधानको धारा ५०(ट)(१) ले न्याय व्यवस्थालाई छिटो छरितो र प्रभावकारी बनाउने नीति अवलम्बन गरेको छ । मुद्दाको छिटो छरितो कारबाही र किनारा हुनु संविधानको धारा २० द्वारा प्रत्याभूत स्वच्छ सुनुवाइको हकको एक अवयवसमेत हो । फौजदारी कसुरको अभियोग लागेका व्यक्तिको अनुचित विलम्ब नगरी सुनुवाइ हुनुपर्ने (to be tried without undue delay) व्यवस्था नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध,

१९६६ (Covenant on Civil and Political Rights, 1966, ICCPR) को धारा १४(३)(ग) लगायतका अन्तर्राष्ट्रिय मानव अधिकार कानूनका दस्तावेजहरूमा समेत उल्लेख भएको देखिन्छ। ढिलो न्याय दिनु न्याय दिन इन्कारी गर्नुसरह हो (justice delay justice denied) । मुद्दा पुर्पक्षका क्रममा थुनामा रहेका अभियुक्तको हकमा त यो सिद्धान्त अझै टड्कारोरूपमा आकर्षित हुन्छ। त्यस्ता मुद्दाको किनारा कुनै ढिलाई नगरी प्राथमिकतासाथ गरिनुपर्ने हुन्छ। यसै कारण मुद्दाको सुनुवाइको क्रममा थुनुवाका मुद्दालाई प्राथमिकता क्रममा अग्रस्थानमा राखिएको तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ र ७८ लगायतको व्यवस्था गरिएको पाइन्छ । तथापि कसुरको गम्भीरताका दृष्टिले मुद्दा पुर्पक्षका लागि धरौट माग गरिएको मुद्दामा कसुर वा कसुरमा अभियुक्तको संलग्नता कम गम्भीर प्रकृतिको हुने हुँदा त्यस्ता मुद्दामा माग भएको धरौटी तिर्न नसकी थुनामा रहेका व्यक्तिका मुद्दा अझ प्राथमिकतासाथ शीघ्र सुनुवाइ गरिनु आवश्यक हुन्छ। मुद्दा पुर्पक्षका क्रममा धरौट माग भएकोमा त्यस्तो रकम दाखेल गर्न नसकी थुनामा रहनुपर्ने अवस्था न्यायमा पहुँचका दृष्टिले समेत संवेदनशील विषय हो । समान प्रकृतिको मुद्दामा आर्थिक हैसियतका आधारमा थुनामा बस्नुपर्ने वा नपर्ने अवस्थाको निर्धारण हुन नदिन पुर्पक्षका लागि माग गरिने धरौट वा जमानतको रकम तोक्दा अभियुक्तलाई हुनसक्ने सजाय, बेहोर्नुपर्ने बिगो र क्षतिपूर्तिका अतिरिक्त निजको आर्थिक तथा पारिवारिक अवस्थालाई समेत विचार गर्नुपर्ने हुन्छ।

७. प्रस्तुत निवेदनका सन्दर्भमा हेर्दा यी निवेदकउपर काठमाडौं जिल्ला अदालतमा चलेको चोरी मुद्दामा निजसँग मिति २०७६।९।२५ मा रू.७५,०००।– धरौटी माग गर्ने आदेश भएको देखिन्छ । तथापि निजले उक्त रकम दाखेल गर्न नसकी सोही मितिदेखि हालसम्म थुनामा रहेको र उक्त मुद्दा हालसम्म पनि फैसला नभएका कारण लामो समयसम्म पुर्पक्षका लागि थुनामा बसेको देखियो । न्यायिक प्रक्रियाको विलम्बकै कारण यी निवेदक लामो समयसम्म पुर्पक्षका लागि थुनामा बस्नु परेको देखिएकोले उक्त मुद्दा अविलम्ब कारबाही र किनारा गर्नु भनी काठमाडौं जिल्ला अदालतका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ। साथै न्यायिक प्रक्रियालाई छिटोछरितो बनाउन प्रतिवादीले धरौट तिर्न नसकी थुनामा रहेका मुद्दाहरूलाई सुनुवाइमा प्राथमिकता दिन आवश्यक देखिएकाले तद्नुरूप सम्बन्धित कानूनमा संशोधन गर्ने व्यवस्था मिलाउन एवम् सर्वोच्च अदालतले प्रकाशन गर्ने वार्षिक प्रतिवेदनमा समेत धरौट तिर्न नसकी थुनामा रहेका अभियुक्त तथा मुद्दा संख्या, त्यस्ता मुद्दाको प्रकृति एवम् धरौट रकमको परिमाण र त्यसरी थुनामा बस्नु परेको अवधिसमेतका विवरणहरू समावेश गर्नेलगायतका नीतिगत सुधारको लागि अनुसन्धानात्मक कार्य गर्ने गरी यस अदालतको प्रशासन महाशाखाको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृतः नारायण सापकोटा
इति संवत् २०७८ साल वैशाख ३० गते रोज ५ शुभम्।